मानव अधिकार

# संवाहक

अङ्क ८

Human Rights

# SAMBAHAK

Vol. 8

जि.प्र.का.ल.पु.द.नं. ३२८ / D.A.O. Lalitpur: R.N. 328

# संवाहक
# Sambahak

## मानव अधिकार पत्रिका
## Human Rights Journal


| वर्ष ३ | जेठ २०७५ | अङ्क ८ |
|---|---|---|
| **Year 3** | **June 2018** | **Vol. 8** |



**आयोगका पदाधिकारीहरू**
**अध्यक्ष**, माननीय अनूप राज शर्मा
**सदस्य**, माननीय प्रकाश वस्ती
**सदस्य**, माननीय सुदिप पाठक
**सदस्य**, माननीय मोहना अन्सारी
**सदस्य**, माननीय गोविन्द शर्मा पौड्याल
**सचिव**, वेदप्रसाद भट्टराई



**प्रकाशक :**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, पुल्चोक, ललितपुर, नेपाल



**Commissioners of NHRC**
**Chairperson,** Hon. Anup Raj Sharma
**Commissioner,** Hon. Prakash Osti
**Commissioner,** Hon. Sudip Pathak
**Commissioner,** Hon. Mohna Ansari
**Commissioner,** Hon. Govinda Sharma Paudyal
**Secretary,** Bed Prasad Bhattarai



**Publisher:**
National Human Rights Commission, Nepal
Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

**Email**: nhrc@nhrcnepal.org, **Web**: www.nhrcnepal.org
**Facebook**: www.facebook.com/NepalNHRC, **Twitter**: @NepalNHRC

**सर्वाधिकार © राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन, पुल्चोक, ललितपुर, नेपाल

**Copyright ® National Human Rights Commission**
Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

**उल्लेखन विधि :**
यस पत्रिकालाई उल्लेख गर्नु परेमा
संवाहक, जेठ २०७५
राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

**Citation Method:**
This publication is to be cited as
Sambahak, June 2018
National Human Rights Commission, Nepal

लेआउट तथा डिजाइन
पवन भण्डारी

Leyout and Design
Pawan Bhandari

प्रकाशन मिति : जेठ, २०७५
प्रति : १०००

Publication Date: June 2018
Copies: 1000

आयोगको पूर्व स्वीकृतिबिना यस प्रकाशनका लेख र सामग्रीलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण तथा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन ।
बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिने छ ।

The articles and matter of this journal can not be reprinted and republished for the commercial purposes, and can not be used without the prior consent of the Commission except for intellectual and academic purposes.
For intellectual and academic purposes, necessary portions can be used with proper citation.

**मुद्रण :** स्काई प्रेस (०१-४७८४२८३)
बिजुलीबजार, काठमाडौं, नेपाल

**Printing:** Sky Press (01-4784283)
Bijulibazar, Kathmandu, Nepal

## सम्पादन समिति

अध्यक्ष : प्रकाश वस्ती
सदस्य : वेदप्रसाद भट्टराई
सदस्य : गीताकुमारी दाहाल
सदस्य : रिदिप खनाल
सदस्य सचिव : खिमानन्द बस्याल

## Editorial Board

Chair: Prakash Osti
Member: Bed Prasad Bhattarai
Member: Gita Kumari Dahal
Member: Ridip Khanal
Member Secretary: Khimananda Bashyal

# विषय सूची / Contents


| | | |
|---|---|---|
| १. नेपालमा वादी समुदायको मानव अधिकारको अवस्था: एक समीक्षा | १ | – महेश शर्मा पौडेल |
| २. मानव अधिकार र स्वच्छ सुनुवाईको हक: एक अध्ययन | ४० | – संजीवराज रेग्मी |
| ३. मानव अधिकारको प्रचलनमा दण्डहीनताका असरहरू : एक चर्चा | ९७ | – लोकेन्द्र पनेरु |
| ४. नेपालमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध र पीडितको न्यायमा पहुँच | १३१ | – टेकनारायण कुँवर |
| ५. ऐतिहासिक विकासक्रममा नेपालको मानव अधिकारको अवस्था: एक अवलोकन | १६५ | – प्रा. डा. श्रीरामप्रसाद उपाध्याय |
| 6. **Reflections on the Right to Development in the scenario of Nepal** | **182** | - **Navaraj Sapkota**<br>- **Kailash Kumar Siwakoti** |


---


यस पत्रिकामा प्रकाशित लेखहरूमा व्यक्त विचार लेखकका निजी हुन् । ती विचारले लेखकको पदीय हैसियत तथा राष्ट्रिय मानव अधिकार आयोग, नेपालको प्रतिनिधित्व गर्दैनन् ।

The views expressed in the articles of this publication are solely those of the authors. The views do not represent the status of author and the views of NHRC.

**राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्राज्ञिक अनुसन्धानस्वरूप गराइएको अध्ययन प्रतिवेदनमा आधारित**

# नेपालमा वादी समुदायको मानव अधिकारको अवस्था : एक समीक्षा

**– महेश शर्मा पौडेल**


## सार संक्षेप

*वादी समुदायका व्यक्तिहरू सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक आदि विभिन्न रुपमा कमजोर अवस्थामा रहेका छन् । वादी जातिको सन्दर्भमा धेरैजसो मानिसहरू यस समुदायमा महिलाहरू बाध्यतावश संलग्न हुने गरेको यौन व्यापारसँग जोडी यही मात्र समस्या हो कि भन्ने ठान्दछन् । राज्य तहबाट पनि यही सोचाइ छ । राज्यले समस्या नै पहिचान गरेको छैन भन्ने वादी समुदायका अभियन्ताहरूको आरोप पनि रहेको छ। वादी जातिको समस्याको बारेमा राज्य, समाज र वादी समुदाय बीचको बुझाईमा ठूलो भिन्नता रहेको छ। यस जातिमा प्रचलित यौन व्यवसाय असर हो । तर, यसको कारण र यस समुदायको समस्या भनेको आर्थिक विपन्नता र अस्पष्ट कानूनी व्यवस्था, शिक्षा, शक्ति र सम्पत्तिवाट बञ्चितीकरण हो भन्ने यस समुदायका व्यक्तिहरूको ठम्याई रहेको छ ।*


## १. विषय प्रवेश

नेपालमा विभिन्न समुदायका व्यक्तिको बसोवास रहेको छ। त्यसमध्ये वादी पनि एक समुदाय हो। यो समुदाय दलित समुदायको रुपमा रहेको र दलितभित्र पनि अझ दलित समुदायको रुपमा हेरिन्छ भन्ने मानिन्छ। यो समुदाय अल्पसंख्यक भए पनि यस समुदायको उपस्थिति उल्लेख्य रहेको पाइन्छ। यो वर्ग सीमान्तकृत र कमजोर वर्गको रुपमा रहेको छ। प्रस्तुत अनुसन्धानमूलक लेखमा वादी समुदायको उत्पत्ति र बसोवास, यिनीहरूको संवैधानिक र कानूनी हैसियत तथा खासगरी व्यवहारमा मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका वादी समुदायको मानव अधिकारको अवस्थाका सम्बन्धमा विभिन्न जिल्लामा स्थलगत अध्ययन र लिखित प्रश्नावलीका माध्यमबाट लिइएको जानकारीबाट प्राप्त तथ्यहरू एवं यस सम्बन्धमा प्राप्त अन्य अध्ययन, प्रकाशन र सूचनाका आधारमा जानकारी दिने एवं वादीहरूका समस्या पहिचान गर्ने र समाधानका लागि सुझाव प्रस्तुत गर्ने प्रयास समेत गरिएको छ।

## २. वादी समुदायको अर्थ

वादी शब्दका सम्बन्धमा विभिन्न शब्दकोशहरमा उल्लेख गरिएको पाइन्छ। यी शब्दकोशमा यो जातिलाई नाचगान गर्ने र देह व्यापारमा संलग्न जातिको रुपमा चित्रित गरिएको पाइन्छ। वादी शब्द संस्कृत भाषाबाट लिइएको र यसको तत्कालीन अवस्थाको अर्थ 'वाद्यवादक' भन्ने बुझिन्छ।[1] वादी समुदाय उत्कृष्ट बाद्यबादक र बाद्यबादनका सामग्री निमार्ण गर्ने समुदाय हो। परम्परागत रुपमा आफ्नै छोरी बहिनीद्वारा नाचगान र वेश्यावृत्ति गराई जीविका चलाउने छोइछिटो हाल्नु पर्ने एक जाति भनी अर्थ दिइएको पनि पाइन्छ।[2] सुदूर पश्चिमाञ्चल भेकमा रहेका नाचगान र शरीर बेचबिखनलाई नै मुख्यतः जीविकोपार्जनको व्यवसाय बनाएको एक वर्गका रुपमा वादीको अर्थ पनि गरिएको पाइन्छ।[3] यी शब्दकोशहरमा महिलाहरू वेश्यावृत्तिमा संलग्न हुने भनी चित्रण गरिएको देखिन्छ। विगतमा महिलाहरू वेश्यावृत्तिमा संलग्न हुने गरेको भए पनि हाल यो समुदायका महिलाहरूको परम्परागत रुपमा जस्तै वेश्यावृत्तिमा संलग्नता छैन। वादी शब्दको उत्पत्ति वाद्यवादनसँग सम्बन्धित भएको पाइन्छ। वादी जातिले जीवनयापनका लागि प्रारम्भमा नाचगान गर्ने गरेको र सो नाचगानका लागि वाद्यवादनका सामग्रीहरू प्रयोग गरिने भएकाले यस जातिलाई वादी भनिने गरेको भन्ने पनि यस जातिसँग सम्बन्धित व्यक्तिहरूको भनाई रहेको पाइन्छ।

वादी शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न स्रोतका आ-आफनै भनाई पाइन्छ। जसमध्ये वादी जाति बाद्यवादनसँग सम्बन्धित भएकोले वादी जातिको जीवनयापनको आरम्भ नाचगानबाट भएको र सोको लागि प्रयोग गरिने विभिन्न किसिमका वाद्यवादनका सामग्रीहरू प्रयोग गर्ने र बनाउने जाति हो। विभिन्न वाइसे चौवीसे भुरेटाउके राजा रजौटाहरूद्वारा आफनो दरवारमा शुभकार्य, पूजा ब्रतवन्ध, विवाह आदि कार्यमा नाचगान तथा मनोरञ्जनका लागि यिनीहरूलाई नेपाल तथा भारतका विभिन्न ठाउँहरूबाट ल्याइएको हुन सक्दछ। शुरुवातमा वाद्यवादन गर्नेलाई वादक र नृत्य वा अभिनय गर्नेलाई पात्र वा पात्री भनिन्थ्यो जुन शब्द पछि अपभ्रंश भएर वादी र पातरको रुपमा रुपान्तरित भएको मानिन्छ। यद्यपि यो अध्ययन र अनुसन्धानको विषय बनेको छ।[4] वादी भनेको खासगरी पश्चिम नेपालको उच्च पहाडी भूभागदेखि तराइसम्म फैलिएका, काठ र छालाबाट वाद्यबादनका साधन (जस्तो मादल, बाउँ, ढोल, डमरु, सारङ्गी तबला) आदि बनाउने, बजाउने, विक्री गर्ने, माटाका सामग्री बनाउने, साट्ने, माछा मार्ने, टडिया (थारु महिलाले लगाउने माटाको साचोमा चाँदी वा गिलेटद्वारा निर्मित) बनाउने, लोकगीत, लोकसङ्गीत लोकनृत्यद्वारा राजादेखि रैतिसम्मलाई मनोरञ्जन प्रदान गर्ने र सामाजिक रुपमा मागेर जीविका चलाउने अधिकार पाएको शिल्पी तथा कलाकार जाति पनि भनिन्छ।[5]

वादी समुदाय भारतको राजस्थान उद्गम रहेको फिरन्ते विडी जातिकै एउटा हांगा मानिन्छ।

१ नेपाली वृहत शब्दकोश, नेपा प्रज्ञा प्रतिष्ठान

२ आर.डि. चटौत, डोट्याली बृहत शब्दकोश, बेलु विश्व स्मृति प्रतिष्ठान, काठमाडौं, २०५८, पृ ५५५

३ बसन्त कुमार शर्मा, नेपाली शब्दसागर, भाषा पुस्तक भण्डार, काठमाडौ, २०६२ , पृ ९५५

४ यस अनुसन्धानात्मक लेखका लागि बाँके र बर्दिया जिल्लाका सन्दर्भमा स्थलगत अध्ययनका क्रममा वादी अभियन्ता सुकलाल नेपाली (वादी) ले दिनु भएको जानकारी।

५ प्रा.डा.प्रेम खत्री (सम्पादक) नेपालका जातीय संस्कार पुस्तकमा वादी जातिका सामाजिक संस्कार शीर्षकमा प्रकाश खड्का, निर्मल वादी, लक्ष्मण ढुङ्गाना र प्रकाश आचार्यवाट लिखित लेख, नेपाल प्रतिष्ठान,काठमाडौ, २०७२, पृ १९०

चौधौं शताब्दिमा हिन्दू मुस्लिम बीच धार्मिक दंगा फैलिएपछि धर्म जोगाउन भारतका विड जातिहरू भारतकै उत्तरप्रदेशतर्फ लागे । उत्तरप्रदेशमा उनीहरू विडिया भनिन थाले । भाग्दाभाग्दै नेपाल छिरेर सल्यान आई पुगेको समूह बिडबाट अपभ्रंश भई वादी भन्न थालिएको मानिन्छ भन्ने पनि भनाई रहेको छ ।[६] वादी समुदाय अल्पसंख्यक[७] र सीमान्तकृत[८] समुदाय हो । वादी समुदाय हिन्दू धर्म मान्ने दलित समुदायभित्रको मानिन्छ ।[९] दलित समुदायमा पनि पछाडि पारिएको समुदायको रुपमा वादीलाई लिने गरिन्छ । वादी समुदायको छुट्टै भाषा र संस्कृति स्थापित र पहिचान कायम हुन सकेको पाइदैन । नेपालमा वादी समुदायभित्र पनि विभिन्न थरहरू छन् । १.दास २.राना ३.वादी ४. भाँड ५. हुँड्के धिताल ६.लेकाली ७. पहाडी ८. कश्यप ९. चन्द १०. छिलेल ११. जोगी राजयोग १२. छिलाल १३. शिह १४. वैश्य १५. नगर्ची १६. खाती १७. छिन्वयाल १८. वसेल १९. गौतम २०. नेपाल २१. लेकाली २२. मगर २३. वध्यकार २४. बाठा २५. नेपाली २६. छिनाल २७. वाहय २८. कालीयान २९. बैकार ३०. पौडेल ३१. दुमार्की ३२. पोखरेल ३३. सिमाल ३४. जुम्लेली ३५. हरिथंगा ३६. केसरी ३७. खनौटे ३८. बोरेसाहाँ

## ३. वादी समुदायको उत्पत्ति

वादी जातिको उत्पत्तिका सम्बन्धमा विभिन्न भनाईहरू रहेका छन् । यसको उत्पत्ति धार्मिकग्रन्थ वा धार्मिक कार्यकालसँग पनि जोड्ने गरिन्छ । ऋग्वेद र सामवेदको सम्मिश्रणबाट गुन्जन वा ध्वनि र एउटा वाद आउँछ जसलाई वाद्यवादन भनिएको र पछि अपभ्रष्ट हुदै वादी जाति भनिन थालेको पनि भनाई रहेको छ । यसै गरी राजा इन्द्रले बह्मा, विष्णु महेश्वरले राजदरवारमा गरेको निम्तालुहरूको स्वागतमा ब्राम्हणहरूले भोजन बनाइरहेका र चित्रगुप्त गन्धर्वले परिहरूको नाँचको व्यवस्थापन गरेकोमा खाना बनाइरहेका ब्राम्हणहरूले परीहरूको नाच लुकिछिपी हेर्दा खाना नै जलेको र त्यसको जानकारी इन्द्रलाई गराउँदा उनले ब्राम्हणहरूलाई मर्त्यलोकमा गई संगीत व्यवसाय गरे भनी श्राप दिएको र उनीहरू नै अहिलेका वादी हुन भन्ने भनाई रहेको पाइन्छ । अर्को एउटा भनाई पनि छ, बेदव्यासले शिकार खेल्दै जाँदा मृग मारेर मासु खाएपछि त्यसको छाला काढी भित्र राखेको र त्यसलाई हान्दा ध्वनि आएकोले त्यसबाट बाद्यबादनको सामग्री बनाए । टुप्पाको गन्धर्व र फेदको मादल बनाए भन्ने भनाई पनि पाइन्छ ।[१०] यसरी वादीहरूको उत्पत्तिलाई धार्मिक युगसँग पनि जोड्ने गरेको पाइन्छ ।

## ४. नेपालमा वादी समुदायको बसोवास र जनसंख्या

नेपालमा वादी जातिको बसोवास कहिलेदेखि भयो र यिनीहरूको मूलथलो कहाँ भन्ने सम्बन्धमा यकीन र आधिकारिक अभिलेख भेटिदैन । यो यद्यपि अनुसन्धानको विषयको रुपमा रहेको छ । वादीहरू नेपालको लिच्छवी वंशकालमा (100BC-880AD बीचमा) भारतको विहारबाट आएको भन्ने एक

६ जनक नेपाल, २०७३ भदौ २५ गते शनिबार कान्तिपुर राष्ट्रिय दैनिकको शनिवारीय कोशेली

७ https://ne.wikipedia.org/wiki/वादी समुदाय हेरिएको २०७४।११।७

८ http://tulsipuronline.com/blog/others/30885 हेरिएको २०७४।११।७

९ http://digitalcommons.macalester.edu/cgi/viewcontent.cgi?article=1701&context=himalaya हेरिएको २०७४।११।७

१० दाङ्गका वादी जातिकै र वादी जातिका हक हितका लागि कक्षा ६ मा अध्ययन गर्दाकै अवस्थादेखि संघर्ष गरिरहेका अधिकारकर्मी निर्मल नेपालीले वादी जातिका सम्बन्धमा लेखकसँग अध्ययनका क्रममा यी विभिन्न भनाईहरू रहेको बताउनु भएको ।

अनुसन्धानमा उल्लेख छ ।[११] केहीले वादी र पातरलाई नेपालका विभिन्न मन्दिरमा रहेका देउकी वा देउचेली (देवदासी), कुमारी र झुमा जस्तै नेपाली समाजका मौलिक संस्करण हुन् भनेका छन् भने केहीले यिनीहरूलाई भारतको बैशाली क्षेत्रबाट नेपाल आएको अनुमान गरेका छन् । तत्कालीन समयमा बैशालीमा बेश्यावृत्ति एक मर्यादित तथा समाज स्वीकृत पेशा थियो । राणा सामन्त र राणा परिवारका उच्च व्यक्तिहरूको मनोरञ्जनको लागि विभिन्न गणिकाहरू रहन्थे, जसले विभिन्न गायन, नृत्य तथा कामकलाद्वारा तिनीहरूको मनोरञ्जन गर्नु पर्दथ्यो । तिनीहरू जीवनपर्यन्त अविवाहित रहन्थे । लिच्छवीहरू भागेर नेपाल आउने क्रममा ती गणिकामध्ये संभवतः केही नेपाल आए । तिनका बंशज नै वादी हुन सक्दछन् ।[१२] कसैले आठौं, कसैले चौधौं र कसैले अठारौं शताब्दि ताका भारतको उत्तराञ्चल क्षेत्र कुमाउँ गढवालतिरबाट नेपाल सरहदमा प्रवेश गरी पहिलो बस्तीका रुपमा सल्यान, जाजरकोट र मुसिकोटमा बसोबास गरेको  विश्वास मानिन्छ ।[१३] कसैको बिचारमा वादी नट जातिका भएका र भारतको लखनउको वरिपरि (उत्तर-पश्चिम) को क्षेत्रबाट मध्यकालको अन्त्यतिर पश्चिमी नेपालभित्र प्रवेश गरेका हुन् । विभिन्न भुरे टाकुरे राजाहरूद्वारा आफ्नो महलमा नाचगान तथा मनोरञ्जनका लागि यिनीहरूलाई भारतको विभिन्न ठाउँबाट आयात गरिएको हुनसक्दछ । वादी समुदाय भारतको बैशाली राज्यबाट नेपाल आई पहिले सल्यान र पछि रोल्पा, जाजरकोट रुकुम र सुर्खेत  बस्न थाले । त्यसका अतिरिक्त यात्राका कारण पूर्बतिर बाग्लुङ्ग, पोखरा, गोरखा र बन्दिपुरसम्म पनि पुग्न थाले ।[१४] ई.स १९५० भन्दा पहिले वादी समुदायलाई तीन वटा स-साना राज्यहरू जाजरकोट, सल्यान र मुसिकोटद्वारा समर्थन तथा सहयोग प्राप्त थियो । पछि यी राज्यको पतनसँगै वादी समुदाय घरबारबिहीन हुन पुगे । उनीहरूको अन्य बर्ग सरह बैकल्पिक जीवनयापनको व्यबस्था भएन जसका कारण घुमन्ते मगन्ते जीवनयापन गर्न थाले । यसैक्रममा ई.स.१९६० को दशकमा तराईमा ब्याप्त मलेरियाको उन्मूलन भएपछि तुल्सीपुर, घोराही, राजापुर, सत्ती नेपालगञ्ज एवं अन्य क्षेत्रहरूमा बसोबास गर्न थालेको समेत मानिन्छ ।[१५]

ऐतिहासिक कथन अनुसार भारतीय राजपुत्र र राजा रजौटाहरूले आफ्ना छोरी ज्वाइँको मनोरञ्जनका लागि वाध्यवादक र नर्तकीका रुपम सल्यान, जाजरकोट, रुकुम र मुसिकोटमा पठाएका व्यक्तिहरू नै आजका वादी जातिका पूर्वज हुन । यसरी भारतबाट आएका वाध्यवादक नर्तकीले राजारजौटालाई नाचगानका माध्यमबाट मनोरञ्जन दिलाउने गर्दथे । यिनीहरूका सन्तानले पनि परम्पराका रुपमा यस

११ Thomas Cox, 1992 " Badi – Prostitution as a Social Norms Among an untouchable caste of West Nepal", Contribution to Nepalese Studies http://www.thlib.org/static/reprints/contributions/CNAS_19_01_04.pdf हेरिएको मिति २०७४।११।५

१२ वादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन http://www.peace.gov np/downloadfile/Badi_1354165536.pdf हेरिएको मिति २०७४।११।५

१३ नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा प्रस्तुत वादी समुदायका महिलाका लागि लक्षित घरविकास कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन, २०७४ महेन्द्रकुमार थापा २८ मार्ग २०७४

१४ The Badi originally came to west Nepal from India back in the fourteenth century, first settling in Salyan, and later in Rolpa, Rukum and Jajarkot. From the time of their settlement in Nepal, until the 1950s, the Badi made their living as entertainers, travelling- in groups consisting of three or more families-from one community to the next, staging song and dance petformances and telling stories from the great Hindu epics of the Mahabharat and Ramayana. Their travels often took them out of their home districts and as far east as Palpa, Baglung, Pokhara, Gorkha and Bandipur
Gurung, Ganesh Man, 1982. Prostitution as a Way of Life: A Note on Badis. Kathmandu Review 2 (7): 5-8.

१५ वादी जाति उत्थान समितिबाट प्राप्त स्रोत सामग्रीका आधारमा

कार्यलाई जीवन्तता दिंदै गए । स्थानीय बासिन्दाले वाध्यवादन गर्ने भएकाले यिनीहरूलाई वादी भनेर वोलाउन थालेकाले नै यिनीहरूको जातिलाई वादी भनिएको कुरा खोजका क्रममा भेटिन्छ ।[१६] वादी समुदाय विक्रम सम्बतको चौधौं शताव्दिमा भारतको कुमाउ, गढवाल र अवध क्षेत्रवाट नेपाल प्रवेश गरी सल्यान मुसिकोट, जाजरकोट समेतमा मूल रुपमा नाचगान र मनोरञ्जन प्रदान गरी बसोवास तथा जीविकोपार्जन गर्ने जाति हो ।[१६]

शुरुमा घुमन्ते फिरन्ते वर्गका रुपमा प्रवेश गरेको र आफ्नो जग्गा जमीन स्थायी बसोबास नभएकाले यी समुदायका मानिसहरू महाभारत रामायणका कथा भन्दै, मादल तवला सारङ्गी बजाउँदै नाचगान गर्दै राजा रजौटाका दरवारमा, उच्च वर्ग सामन्तहरूका घरमा विहे भोजमा व्रतबन्ध तथा अन्य खुशीयालीमा उपस्थित सबैलाई मनोरञ्जन दिँदै एक ठाउँबाट अर्को ठाउँ पुगी जीवन निर्वाह गर्ने समुदायका रुपमा परिचित थिए । जग्गा जमीन नभएको, घरवार नभएको, धेरैको नागरिकता पनि नभएको र खानबस्न जीविका चलाउन दिगो आर्थिक अवस्था व्यवसाय पनि नभएकाले शुरुदेखि आजसम्म कठिन जीवन बिताउन बाध्य समूह र समुदायका रुपमा छन् यी वादीहरू ।[१७] वादीहरू १४ औं शताब्दितिर भारतबाट सल्यान हुँदै रुकुम, रोल्पा र जाजरकोटमा बसोबास गर्न आइपुगेको बताइन्छ जतिबेला उनीहरूको मुख्य पेशा थियो- चाडपर्व, विवाह-ब्रतबन्ध, भोज-भतेर आदि अवसरमा राजामहाराजा र सामन्तहरूको दरबारमा नाचगान गर्नु र त्यसबापत बक्सिमा प्राप्त हुने जग्गा-जमीन, घर अनि नगद-जिन्सीबाट उनीहरूको गुजारा चल्थ्यो । राणाशासनको अन्त्यपछि भएको रेडियो, टेपरेकर्डर, सिनेमा आदिको लहरले उनीहरूको त्यो परम्परागत पेशा खोसिन थाल्यो । त्यो अवस्थामा गाउँका सामन्त-धनाढ्यहरूलाई वादी महिलाको अस्मितामा खेल्न सजिलो भयो र अन्ततः उनीहरूमध्ये केही जीविकाको लागि यौन पेशा अँगाल्न बाध्य भए । त्यसै क्रममा उनीहरू नेपालगञ्ज, घोराही, तुलसीपुर जस्ता तराईका घनाबस्तीमा बसाइँ सर्न थाल्दा नयाँ परिवेशमा विभिन्न पेशामा लाग्न थाले ।[१८]

नेपालमा १२५ जातजाति समुदाय सीमान्तकृत, पिछडिएको, विभिन्न रुपमा उत्पीडित, बहुविपन्न र वर्षौंदेखि पाखा परेका जाति समुदायका रुपमा रहेका छन् । वादी समुदाय यस्तै एक समूह हो । वादी समुदायको बसोबास नेपालको प्रायः सबै जिल्लाहरूमा भए पनि पश्चिम नेपाल अर्थात् दाङ्ग, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, कञ्चनपुर र दार्चुला जिल्लामा बढी देखिन्छ । वादी समुदाय नेपालको सामाजिक नक्सामा/संरचनामा (Social Landscape) हरेक दृष्टिकोणबाट उत्पीडित, सीमान्तकृत र सामाजिक विकासको मूलधारबाट धेरै टाढा वा पर किनारामा रहेको समुदायका रुपमा रहेको पाइन्छ ।[१९] वादी समुदाय नेपालको पछाडिएको समुदाय हो । अल्पसंख्यकरुपमा रहेको यो समुदाय आर्थिकसामाजिक रुपमा निकै उत्पीडनमा छ । वर्गीय र जातीय उत्पीडनसँगै यो समुदायका महिलाहरूले लैंगिक उत्पीडन भोग्दै आएका छन् । [२०]

---

१६ http://jhilko.com/news

१७ वादी जाति उत्थान समितिबाट प्राप्त स्रोत सामग्रीका आधारमा

१८ https://ne.wikipedia.org/wiki/ हेरिएको २०७४।११।७

१९ Thomas Cox, 1992 " Badi – Prostitution as a Social Norms Among an untouchable caste of West Nepal", Contribution to Nepalese Studies http://www.thlib.org/static/reprints/contributions/CNAS हेरिएको २०७४।११।५

२० राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन

वादी समुदायको आधिकारिक र प्रमाणित रुपमा कुनै ठोस इतिहास पत्ता लगाउन सकिएको छैन । यो अनुसन्धानको विषय नै बनेको छ । तर पनि विभिन्न लेख अध्ययन र अनुसन्धानले यो समुदाय भारतबाट नेपाल ल्याइएको कुरालाई बढी जोड दिएको देखिन्छ। वादीहरू भारतका केही भाग कुमाऔं, गढवाल, वैशाली र अवध क्षेत्रमा रहेका विभिन्न व्यावसायिक समूहहरू अन्तर्गत पर्दथे भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । ईसापूर्व चौधौं शताब्दिको पूर्वतिर र पश्चिम नेपालका खासगरी कर्णाली क्षेत्र र राप्तिको सल्यान जिल्लामा वादी समुदायको प्रवेश गरेको अनुमान गरिएको छ । नाचगानबाट जीविकोपार्जन गर्दै घुमन्ते जीवन बिताउने वादीहरूको जनसंख्या वृद्धिसँगै विस्तारै जीविकोपार्जनको लागि अन्य कार्यहरू (माग्ने, मादल, सुल्पा, चिलम, टरिया, पाला हुक्का माटाका भाडा बनाउने माछा मार्ने काम गर्न थालेता पनि बहुसंख्यक वादी जातिको बाँच्ने आधार भनेको नाचगान नै थियो ।[२१]

वादी समुदायको जातीय इतिहास हालसम्म निश्चित हुन सकिरहेको छैन् । हालसम्म वादी समुदायमा आधारित भएर तीन जना विदेशी नागरिक डा. थमस कक्स अमेरिका, डा. लिनेट पाईक अष्ट्रेलिया डा. यासुको फजिकरा जापान र दुई जना नेपाली नागरिक स्व. डा. घनश्याम डागी दांङ र स्व. डा, डिल्लीबहादुर ओली दाङ्गले विद्यावारिधि गरिसकेका छन् । यसका साथै थुप्रै विदेशी तथा नेपाली नागरिकहरूले वादी समुदायको विषयमा शोधपत्रहरू तयार गरिसकेका छन् । वादी जातिको विषयमा केही पुस्तकहरू समेत प्रकाशन हुनुका साथै थुप्रै लेखहरू प्रकाशित भएका छन् । माथि उल्लिखित सन्दर्भ सामग्रीहरूले वादी समुदायको इतिहासलाई विभिन्न आधारमा फरक फरक विश्लेषण गरेका छन् । यसका कारण वादी समुदायको जातीय इतिहासको विषयमा अन्यौल रहेको छ । सबै सन्दर्भ सामग्रीहरूलाई विश्लेषण गर्ने हो भने वादी जातिको उद्धगमस्थल भारतको उत्तराखण्ड नै भएको मान्यता नजिक रहेको छ । वादी समुदायको खानपीन, रहन सहन, खर्च पद्धतिका आधारमा केही व्यक्तिहरू वादी समुदायको पुर्खाहरू मुस्लिम नश्लका हुन भन्ने भनाईहरू समेत राख्छन् ।[२२]

२०५८ सालको जनगणनामा वादी समुदायको कुल संख्या ४८९३ मात्र थियो । जुन संख्या नेपालको कूल जनसंख्याको ०.०२ प्रतिशत मात्र हो । २०६८ सालको जनगणनाअनुसार वादी जातिको संख्या ३८६०३ रहेको छ । यो संख्या नेपालको कुल जनसंख्याको ०.१५ प्रतिशत देखिन्छ । वादीहरूले २०५८ को जनगणनामा वादी समुदायको भन्न अनिच्छुक र हिचकिचाहट गरेका कारण सो संख्या कम देखिएको भन्ने अनुमान गर्ने गरिन्छ । २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालको सबै जिल्लामा धेरथोर बसोबास रहेको पाइन्छ । यद्यपि, कास्की (४०४६), डोटी (२९५८), कैलाली (२८२२), सुर्खेत १८५५), दाङ्ग (१७१८), जाजरकोट (१२१७), काठमाडौं (२०१३), कञ्चनपुर (१२५८) र बाजुरा (१८७८) जिल्लामा वादी समुदायको धेरै जनसंख्या रहेको देखिन्छ।[२३] २०६८ सालको जनगणनामा देखिएको यो संख्या पनि कम देखिएको छ र वास्तबमा वादीहरूको संख्या नेपालमा करीब एकलाखको

२१ यस अनुसन्धानात्मक लेखका लागि बाँके र बर्दिया जिल्लाका सन्दर्भमा स्थलगत अध्ययनका क्रममा वादी अभियन्ता सुकलाल नेपाली (वादी) ले दिनु भएको जानकारी ।

२२ उही

२३ राष्ट्रिय जनगणना, २०५८ र २०६८, केन्द्रीय तथ्याङ्क विभाग

हाराहारीमा छ भन्ने स्थलगत अध्ययनका क्रममा वादी समुदायका व्यक्तिहरूको भनाई रहेको छ ।

वादी समुदायको बसोबास कष्टकर नै देखिएको छ । यिनीहरू खासगरी  खोलाको किनार, भीरको छेउ, जंगलको छेउ, सदरमुकामको छेउछाऊमा रहने गरेको पाइएको छ । भीरका छेउमा बसोबासका केही उदाहरणीय वादी बस्तीहरू जस्तै दैलेख नमूना बस्ती, सल्यान जिल्लाको खलङ्गा बस्ती, वडा गाउँ बस्ती, धादिङ्गको रानीबारी आदि रहेका छन् भने नदी र खोला छेउमा बसोबासका केही उदाहरणीय वादी बस्तीहरू दार्चुलाको गोकुलेश्वर बजारको वादी बस्ती, बैतडीको पाटनको भटाँड वादी बस्ती, डोटीको दिपायलको पिपल्ला बजार वादी बस्ती, कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकाको मटेनाको वादी बस्ती, पिलाडीको गर्जमनी वादी बस्ती, कृष्णपुरको गौन्याल फाँट, कैलालीको धनसिँहपुरको बिष्णु कान्तिपुर, दोधाराको मुढा ,बर्दियाको राजापुर पत्थर बोझी, बाँकेको अघैया सुर्खेतको झुप्रा खोला, सीमता राकम, रुकुम जिल्लाको घारी गाउँ , स्याल खोला जाजरकोटको धैंया कपिलबस्तुको बर्कलपुर छन् । रुपन्देहीको बुटवलको खोलाको छेउ, धादिङ्गको महादेवबेसी वादी बस्ती आदि रहेका छन् ।  साथै वादी समुदाय छुट्टा छुट्टै बस्नुभन्दा एक ठाउँमा दुई चार घरदेखि लिएर बीस तीस घरसम्म वादी समुदायकै परिवारहरू मिलेर बसेको पाइन्छ ।[२४]

## ५. वादीसँग सम्बन्धित संवैधानिक तथा कानूनी व्यवस्था

### ५.१ अन्तर्राष्ट्रिय मानव अधिकार कानून

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा रहेका व्यवस्थाहरूमा वादी जाति भन्ने उल्लेख नभए पनि विभिन्न जातिपातिका बीच हुने समानता र राज्यले विभेद गर्न नहुने बरु कमजोर वर्गका लागि सकारात्मक व्यवस्था गर्नसक्ने व्यवस्थाहरू वादीहरूका हकमा पनि आकर्षित हुने देखिन्छ ।

#### ५.१.१ संयुक्त राष्ट्रसंघको बडापत्र

संयुक्त राष्ट्रसंघको स्थापनाकै क्रममा बिना भेदभाव मानव अधिकार र स्वतन्त्रताप्रति सम्मान गर्ने गरी बडापत्रमा उल्लेख गरिएको छ । यसमा भनिएको छ  आर्थिक, सामाजिक,सांस्कृतिक वा मानवीय प्रकृतिका अन्तर्राष्ट्रिय समस्याको समाधान गर्न तथा जाति, लिंग,भाषा वा धार्मिक भेदभाव नराखी सवैको लागि मानव अधिकार एर्व मौलिक स्वतन्त्रताहरू प्रति सम्मानको भाव प्रोत्साहित र विकसित गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने उद्देश्य राखिएको छ ।[२५]

#### ५.१.२ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

यस घोषणापत्रमा मानव जातिलाई जन्मजात स्वतन्त्र तथा अधिकार र मर्यादामा समान रहेको कुरा सुनिश्चित गर्दै सबै मानिस जन्मजात स्वतन्त्र र मर्यादा एवं अधिकारमा समान छन् । उनीहरूमा चेतना, विवेक र सद्बिचार भएकोले एकआपसमा भ्रातृत्वभावले व्यवहार गर्नुपर्दछ भन्ने[२६] र  जाति, वा लिङ्ग, भाषा, धर्म राजनीतिक वा अरू बिचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अरू कुनै हैसियतको भेदभाव

२४ वादी जाति उत्थान समितिबाट प्राप्त स्रोत सामग्रीका आधारमा

२५ संयुक्त राष्ट्रसंघका बडापत्रको धारा ३

२६ धारा १

नराखी प्रत्येक व्यक्ति यस धोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताका हकदार छन् भन्ने व्यवस्था छ।[२७] हरेक व्यक्तिलाई सो घोषणापत्रमा उल्लिखित हक हुने भएकाले वादी जातिका समुदायले पनि मानव अधिकारको घोषणपत्रमा उल्लेख भएका सबै अधिकारहरू उपयोग गर्न पाउने हक रहेको हुन्छ।

## ५.१.३ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

यस प्रतिज्ञापत्रमा मानव परिवारका सम्पूर्ण सदस्यको अन्तर्निहित मर्यादा र समान तथा अहरणीय अधिकार हरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार हो भन्ने कुरा बिचार गर्दै, मानिसको अन्तर्निहित मर्यादाबाट यी अधिकारहरू निःसृत भएको कुरालाई मान्यता दिँदै, मानव अधिकारका विश्ववयापी घोषणा पत्रबमोजिम हरेक मानिसले आफ्ना नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उपभोग गर्नसक्ने गरी परिस्थितिको सिर्जना भएमा मात्र नागरिक तथा राजनीतिक स्वतन्त्रता उपभोग गर्दै त्रास तथा खाँचोबाट मुक्त रहेको स्वतन्त्र मानवको परिकल्पना साकार हुने कुरालाई मान्यता दिँदै यो प्रतिज्ञापत्रमा सहमत भएको उल्लेख छ।[२८]

सबै व्यक्तिहरू कानूनका दृष्टिमा समान हुने, बिना भेदभाव कानूनको समान संरक्षण प्राप्त हुने, कानूनले सबै प्रकारका भेदभावलाई निषेध गर्ने, सबै व्यक्तिलाई जाति, वर्ण जन्मलगायतका आधारमा हुने भेदभावविरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति प्रदान गरिने व्यवस्था पनि यस प्रतिज्ञापत्रमा रहेको छ।[२९] यसका साथै यस अनुबन्धका हरेक राज्यपक्ष आफ्ना भूभाग तथा क्षेत्राधिकारभित्रका सबै व्यक्तिलाई जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक अथवा अन्य बिचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य हैसियत जस्ता कुनै पनि किसिमका अन्तर नराखी यस अनुबन्धमा मान्यताप्राप्त अधिकारहरूको आदर गर्ने एवं सुनिश्चित पार्ने अभिभारा लिन्छन् भन्ने व्यवस्था यसमा रहेको छ।[३०]

## ५.१.४ जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि, १९४८

यस महासन्धिमा जाति हत्या भन्नाले पूर्ण वा आंशिक रूपमा राष्ट्रिय, सम्प्रदाय विशेष, जातीय वा धार्मिक समूहलाई नाश गर्ने उद्देश्यले गरिएका समूहका सदस्यको हत्या गर्ने, समूहका सदस्यको भौतिक विनाश गर्ने, शारीरिक वा मानसिक क्षति पुऱ्याउने, समूहको जन्ममा नै रोक लगाउने, समूहको बालबालिका अर्को समूहलाई जिम्मा लगाउने लगायतका कार्यलाई सम्झनु पर्दछ भनी परिभाषित गर्दै यस प्रतिकूलका कार्यलाई निषेध गरेको छ।

## ५.१.५ सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि

यस महासन्धिले जातीय सर्वोच्चताको सिद्धान्तमा आधारित जातीय भेदभाव वैज्ञानिक दृष्टिले गलत, नैतिक दृष्टिले भर्त्सनीय र सामाजिक दृष्टिले खतरनाक र अन्यायपूर्ण भनेको छ, सवै मानव जाति स्वतन्त्र रुपले जन्मन्छन् र प्रतिष्ठा एवं अधिकारमा समान छन् भन्ने आत्मसात् गरेको छ र जाति, रंग वा जनजातिगत उत्पत्तिको आधारमा गरिने भेदभाव राष्ट्रहरूबीच मैत्रीपूर्ण र शान्तिपूर्ण मार्गमा बाधक

२७ धारा २
२८ प्रस्तावना

२९ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २६
३० धारा २

मानेको छ ।[३१] राष्ट्रहरूबीचको शान्ति तथा सुरक्षा तथा एउटै राष्ट्रभित्र एकसाथ बस्ने व्यक्तिहरूको सामन्जस्यतामा समेत खलल पुऱ्याउन समर्थ भएको कुरा पुनः निश्चित गर्दै, जातीय तगारोको विद्यमानता कुनै पनि मानव समाजको आदर्श विपरीत भएको कुरामा विश्वस्त भएर विश्वका केही स्थानहरूमा जातीय विभेद अझै पनि प्रमाणको रूपमा देखिई रहेको तथा जातीय सर्वोच्चता वा घृणामा आधारित सरकारी नीतिहरू जस्तै रंगभेद, विखण्डन वा विभाजनवादी नीतिहरूबाट भयभीत भएर, जातीय भेदभाव र यसका सम्पूर्ण तथा प्रकट रूपलाई शीघ्र रूपमा उन्मूलन गर्न तथा जातिहरूबीच समझदारी प्रवर्द्धन गर्ने तथा सबै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभावबाट मुक्त एक अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्ने कुरा पनि यस महासन्धिको प्रस्तावनामा उल्लेख छ ।

यसरी नै राजनीतिक, आर्थिक, सामाजिक साँस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई जातीय भेदभावको रुपमा परिभाषित गर्दै राज्यपक्षलाई आफ्नो क्षेत्राधिकारको इलाकामा यस्ता सबै प्रकारका व्यवहारको रोकथाम, निषेध तथा उन्मूलन गर्ने जिम्मेवारी सुम्पिएको छ । त्यस्तै जातीय विभेद जनाउने सबै प्रकारका कसूरहरूलाई दण्डनीय बनाउन कानून बनाउने, जातीय विभेदलाई प्रवर्द्धन वा प्रोत्साहन गर्ने क्रियाकलापहरूलाई रोकथाम र दण्डनीय बनाउने लगायतका राज्यपक्षलाई विभिन्न दायित्वहरूको समेत व्यवस्था गरेको छ ।[३२]

### ५.१.६ बाल अधिकारसम्बन्धी महासन्धि

यस महासन्धिमा प्रत्येक बालबालिकालाई निजको वा निजका बाबुआमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, राजनीतिक वा अन्य बिचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जे सुकै भए पनि कुनै भेदभाव नगरी सो महासन्धिमा उल्लिखित अधिकार सुनिश्चित गर्न पक्ष राष्ट्रलाई दायित्व बहन गराउने व्यबस्था रहेको छ ।[३३]

### ५.१.७ आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रमा प्रत्येक व्यक्तिलाई आफ्नो जीवन धान्न सक्ने उचित कामको अधिकार प्रदान गरेको र राज्यले आफ्ना नागरिकलाई भोकबाट मुक्ति दिनु पर्ने प्रत्याभूति दिँदै गांस बास र कपास जस्ता आधारभूत आवश्यकता प्राप्त गर्ने अधिकार उपभोग गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने दायित्व सुम्पेको छ । [३४]

### ५.१.८ जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९ ४९

वेश्यावृत्ति तथा वेश्यावृत्तिको उद्देश्यको लागि जीउ मास्ने, बेच्ने कार्यमा सन्निहित खराबी मानव व्यक्तिको प्रतिष्ठा तथा मूल्यसँग मेल नखाने भएको र त्यसले व्यक्ति, परिवार तथा समुदायको कल्याणलाई

३१ सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धिको प्रस्तावना
३२ उही विभिन्न धारा
३३ बाल अधिकारसम्बन्धी महासन्धिको धारा २
३४ उही

खतरामा पार्ने भएकोले, संविदाकारी पक्षहरू यस महासन्धिको व्यवस्था गर्न सहमत भएको उल्लेख छ।[३५] यस महासन्धिका पक्षहरूले यस महासन्धिका पक्षहरू अरूको कामवासनाको तृप्तिको लागि वेश्यावृत्तिको उद्देश्यले अर्को व्यक्तिलाई निजको सहमति लिएरै भए पनि, कुटुनीको कार्य गर्ने वा फकाउने वा अगुवाई गर्ने वा अर्को व्यक्तिको निजको सहमति लिएरै भए पनि, वेश्यावृत्तिको शोषण गर्छ भने त्यस्तो कुनै पनि व्यक्तिलाई सजाय गर्न मञ्जुर गर्छन् भन्ने व्यवस्था छ । [३६] वेश्यावृत्तिको रोकथाम वेश्यावृति तथा यस महासन्धिमा उल्लिखित कसूरहरूबाट पीडितहरूको पुनर्स्थापना तथा सामाजिक समायोजनका लागि उपायहरू अपनाउने वा आफ्ना सार्वजनिक तथा निजी शैक्षिक, स्वास्थ्य, सामाजिक, आर्थिक तथा अन्य सम्बन्धित सेवाहहरू मार्फत उपायहरू अपनाउन प्रोत्साहन दिने कुराहरू व्यवस्था गरिएको छ ।[३७]

## ५.२ संवैधानिक व्यवस्था

### ५.२.१ मौलिक हक

नेपालको वर्तमान संविधानले भाग ३ मा विभिन्न मौलिकहकको व्यवस्था गरेको छ । ती सबै मौलिकहकहरू वादी समुदायले पनि निर्वाध रुपमा प्रयोग गर्ने अधिकार राख्दछन् र राज्यले संविधान प्रदत्तत त्यस्ता हकको प्रचलन गराउनु पर्ने दायित्व रहन्छ । यी मौलिकहरू सबै व्यक्तिका हकका छन् भने कतिपय मौलिक हकहरू कमजोर वर्गका लागि विशेष रुपमा व्यवस्था भएको पनि पाइन्छ । प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने र कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन भन्ने व्यवस्था गरेको छ ।[३८] सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने र सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने व्यवस्था छ । यसरी नै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने सुनिश्चितता पनि गरेको छ । यसका अतिरिक्त सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने गरी संरक्षणात्मक तथा सकारात्मक विभेदको व्यवस्था पनि गरेको छ ।[३९]

वादी जातिलाई दलित समुदायभित्रको मानिने छुवाछुत र भेदभावजन्य कार्य व्यवहारतः हटिनसकेको हुँदा

३५ प्रस्तावना

३६ धारा १

३७ धारा १६

३८ धारा १६

३९ धारा १८

संविधानमा व्यवस्थित छुवाछुत तथा भेदभावविरुद्धको हक वादी समुदायका हकमा पनि विशेष रुपमा आकर्षित हुन्छ । संविधानले कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने व्यवस्था गरेको छ । यसरी नै कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने  तथा उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित बिचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने व्यवस्था पनि गरिएको छ ।  जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने समेत मौलिक हकको रुपमा व्यवस्था छ । यी व्यवस्थाहरूको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ[४०] भनी छुवाछुत र भेदभावजन्य कार्यलाई कसूर कायम गर्न दिशा निर्देश गरेको देखिन्छ ।

वादी समुदायका महिलाहरू बिगतमा लामो समयसम्म वेश्यावृत्ति वा देहव्यापारमा संलग्नता रहेका थिए । यौन व्यवसाय वाध्यतापूर्वक संलग्नता रहनु पर्ने यस समुदायको महिलाहरूको यसै कारण संविधानले गरेको शोषणविरुद्धको हक वादी समुदायका हकमा पनि विशेष रुपमा आकर्षित हुने दखिन्छ । संविधानले प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुने,  धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने, कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने, कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने र यी व्यवस्थाहरू विपरीतको कार्य कानूनबमोजिम दण्डनीय हुने तथा पीडितलाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ ।[४१] महिलाविरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुने पनि संविधानमा व्यवस्था छ ।[४२] यी व्यवस्थाहरूले समाजमा लामो समयदेखि विगतमा व्यापक रुपमा अभ्यास भएको वादी महिलाहरूको यौन शोषण र पेशालाई यस व्यवस्थाले पूर्ण रुपमा निषेध गर्दछ ।

वादी जाति दलित समुदायभित्र पर्ने भएकाले दलितका सम्बन्धमा संविधानले विशेष मौलिक हकको व्यवस्था गरेको छ जुन वादीहरूका हकमा पनि विशेष रुपमा आकर्षित हुन्छ । राज्यका सबै निकायमा

४० धारा २४

४१ धारा २९

४२ धारा ३८(३)

दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने, प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने, दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनबमोजिम विशेष व्यवस्था गरिने, दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने, राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने, राज्यले भूमिहीन दलितलाई कानूनबमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्ने, राज्यले आवासविहीन दलितलाई कानूनबमोजिम बसोबासको व्यवस्था गर्ने र दलित समुदायलाई मौलिक हकको रुपमा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्ने व्यवस्था वर्तमान संविधानले गरेको छ ।[४३]

वादी समुदाय विगतमा बञ्चितीमा परेको वर्ग भएको र कमजोर वर्ग पनि भएका सामाजिक न्यायको हकका हकदार हुन् । संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ । यसरी नै आर्थिक रूपले विपन्न तथा लोपोन्मूख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था समेत गरिएको छ ।

### ५.२.३ राज्यका निर्देशक सिद्धान्त र नीति

राज्यका निर्देशक सिद्धान्तले राज्यको शासन संचालनका लागि मार्गदर्शन गरेको हुन्छ । धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने, राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुने भनी संविधानमा निर्देशक सिद्धान्तको व्यवस्था रहेको छ ।[४४] यो निर्देशक सिद्धान्तले वादी महिलाहरू प्रथा परम्पराका आधारमा यौन व्यवसायमा संलग्न हुनु परी भएको शोषण र वादी समुदायले व्यवहोर्नु परेको भेदभावलाई पनि निषेध गर्दछ ।

संविधानले राज्यका नीतिका रुपमा गरेका कतिपय व्यवस्थाहरू विशेष रुपमा वादी समुदायसँग पनि

४३ धारा ४०
४४ धारा ५०(२)

सम्बन्धित देखिन्छन् । अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने र उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने गरी व्यवस्थित सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति[४५] वादीहरूका हकमा पनि विशेष रुपमा कार्यान्वयन हुनुपर्ने व्यवस्था हो ।

## ६. कानूनी व्यवस्था

जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८, मुलुकी ऐन, २०२०, सुशासन कार्य व्यवस्था ऐन, २०६४, नागरिक अधिकार ऐन, २०१२, गरीवी निवारण कोष ऐन, २०६३, भूमिसम्बन्धी ऐन, २०२१, निजामती सेवा ऐन, २०२१, समाज कल्याण ऐन, २०४९, मानव वेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४, मुलुकी ऐन, २०२० का विभिन्न प्रावधान वादी वर्गका हक हितमा आकर्षित हुन सक्दछन् ।

## ७. सर्वोच्च अदालतका आदेशहरू

नेपालको सर्वोच्च अदालतबाट आर्थिक रुपमा कमजोर वर्गको तथा विभिन्न किसिमका भेदभाव र असमानता बिरुध्द विभिन्न आदेशहर जारी गरेको छ । वादीहरूका सन्दर्भमा विशेष आदेश नै जारी गरेको अवस्था छ भने दलित वा अन्य कमजोर वर्गका हकमा जारी आदेश पनि वादीहरूका सन्दर्भमा आकर्षित हुने हुन्छ ।

### ७.१.१ कमजोर वर्गका पक्षमा भएका र वादीहरूका हकमा समेत आकर्षित हुने आदेशहरू

संविधानको धारा ११(३) ले प्रतिबन्धात्मक वाक्यांशले व्यवस्था गरेबमोजिम महिला, बालक वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेकोमा संविधान लागू भएको यति लामो अवधि बितिसक्दा पनि कानून निर्माणतर्फ सरकारको दृष्टि पुगी समयमै कानून निर्माण भएको अवस्था नदेखिएको पिछडिएको संरक्षण आवश्यक वर्ग वा समुदायका महिलालाई उठाउन राज्यबाट विशेष व्यवस्था हुन नितान्त आवश्यक भएको कुरामाथि विस्तृत विवेचना गरिसकिएकै हुँदा यसै आर्थिक वर्षभित्रमा यथाशक्य चाँडो आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिबाट पिछडिएको र अशक्त भन्ने कुरा निरुपणका स्पष्ट आधार तोकी कानून निर्माण गरी पिछडिएका, संरक्षण आवश्यक भएका वर्ग र महिलाको संरक्षण र सन्तुलित विकासको कार्यक्रम सञ्चालन गर्नु भनी श्री ५ को सरकार मन्त्रिपरिषद्को नाममा निर्देशनात्मक परमादेश जारी गरिएको छ ।[४६]

### ७.१.२ वादीहरूका सम्बन्धमा गरिएको आदेश

बाबुको ठेगान नलागेका नाबालकहरूको जन्म दर्ता गर्ने प्रयोजनका लागि परिवारको मुख्य व्यक्तिले वा निजको अनुपस्थितिमा परिवारको उमेर पुगेका सबैभन्दा जेठो व्यक्तिले दिएको सूचनाको आधारमा त्यस्ता व्यक्तिहरूको जन्मदर्ता हुन सक्ने भएकोले पितृत्वको ठेगान नभएको भन्ने मात्र कारणले त्यस्ता

४५ धारा ५१(ञ)
४६ प्रदेश क्षेत्रीसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत

नाबालकहरूको जन्मदर्ता हुन नसक्ने अवस्था देखिएन । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेको, "जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको पुरुषहरूमध्ये सबैभन्दा जेठो व्यक्तिले" भन्ने व्यवस्थामा रहेको "पुरुषहरूमध्ये" भन्ने वाक्यांश संविधानको धारा १३१ अनुसार निष्क्रिय हुने ठहर्छ ।

बाबुको ठेगान नभएको भन्ने मात्र कारणले वादी महिलाहरूवाट जन्मिएका बालबालिकाको जन्मदर्ता गर्न पाउने कानूनी तथा नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक तथा कानूनी हकवाट वन्चित नगरी त्यस्ता व्यक्तिले कानूनबमोजिमको प्रक्रिया पूरा गरी जन्मदर्ता तथा नागरिकताको लागि निवेदन गर्न आएमा कानूनबमोजिम जन्मदर्ता गर्न तथा नागरिकता प्रदान गर्न नमिल्ने देखिँदैन । वादी समुदायका बालबालिकाहरूलगायत बाबुको ठेगान नलागेको सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्म दर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा (४) बमोजिम नेपालको नागरिकता प्रदान गर्न अविलम्व आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरूलाई नेपालको नागरिकता प्रदान गर्न बिपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ ।

निवेदकहरूले वादी समुदायमा बाध्यात्मक देह व्यापारको ठूलो समस्या रहेकोले त्यसवाट उनीहरूलाई मुक्त गरी सम्मानपूर्वक तथा मानवोचित जीवन जीउन सक्षम बनाउन बैकल्पिक रोजगारी एवं सामाजिक सुरक्षा, सिपमूलक, तालिम पूर्वाधारसहितको आवासलगायतका विषयहरूमा आवश्यक व्यवस्था गरिनु पर्दछ भन्ने सम्बन्धमा प्रकाश पार्नु भएको छ । यस अदालतको आदेशअनुसार तयार गरिएको वादी समुदायका वारेमा तयार गरिएको अध्ययन प्रतिवेदनले पनि वादी समुदायमा गरीवी तथा अशिक्षा व्याप्त रहेको, स्वास्थ्य, यौनस्वास्थ्य, जन्मदर्ता तथा नागरिकतासम्वन्धी समस्या रहेको, छुवाछुत, जातिगत भेदभाव, बेरोजगारी, बसोबाससम्बन्धी समस्या समाधान हुन नसकेको, मानव अधिकारको प्रत्याभूति तथा उपभोग हुन नसकेको लगायत सशस्त्र द्वन्द्व तथा राजनीतिक समस्या रहेको र त्यसको लागि श्री ५ को सरकारले अपनाउनु पर्ने उपायका बारेमा समेत विस्तृत रुपमा सुझाव पेश गरेको उक्त प्रतिवेदन अध्ययन गर्दा स्पष्ट हुन्छ । सो प्रतिवेदनमा उल्लेख गरिएअनुरुपका उपायहरूलाई प्राथमिकताको आधारमा क्रमशः लागू गर्दै जानु र त्यसको जानकारी यस अदालतलाई समेत दिनु भनी बिपक्षी श्री ५ को सरकारको नाममा निर्देशनात्मक आदेश समेत जारी गरिदिएको छ ।[४७]

सर्वोच्च अदालतबाट वादी समुदायको महिलाबाट जन्मेका बच्चाको नागरिकता प्रदान गर्ने सम्बन्धमा आमाको नामबाट नागरिकता पाउने संवैधानिक व्यवस्था भएकाले नागरिकता सम्बन्धमा भएको आदेश कार्यान्वयन भएको देखिन्छ । तर, शिक्षालगायतका वादी अध्ययन समितिको प्रतिवेदनका कुरा कार्यान्वयन हुन सकेको छैन । देह व्यापार वादीको आत्मसम्मानमा ठेस पुग्ने गरी पुनर्स्थापना गर्ने कुनै कार्यमा पनि खासै परिणा कार्य नगरिएको, यसका लागि पटक पटक वादी समुदायले आन्दोलन गर्ने

४७ ने. का.प. २०६२, अङ्क ६, निर्णय नं ७५५०

गरेको भए पनि वादी समुदायले शिक्षा रोजगार पेशा व्यवसायको सुनिश्चितता र जीवनयापन तथा राज्यका निकायमा यथोचित प्रतिनिधित्व जस्ता ब्यवस्था नगरेको भन्ने वादी समुदाय राज्यप्रति गम्भीर गुनासो रहेको पाइन्छ ।

## ८. राज्यबाट वादीहरूको उत्थानका लागि भएका मुख्य कार्यहरू

संविधान, कानून र आवधिक योजनामा उल्लेख भएका कुराहरूलाई कार्यान्वय गर्नका लागि राज्य तहबाट वादी समुदायले अपेक्षा गरेअनुरुप कार्यहरू हुन नसके पनि मुख्य प्रयास हरू देहायबमोजिम छन् :-

- २०६४ सालमा वादी समस्या सामाधान कार्यदलको गठन भई नेपाल सरकारसमक्ष अध्ययन प्रतिवेदन पेश भएको । सो कार्यदलमा वादी समुदायबाट समेत प्रतिनिधित्व भएको ।
- बाध्यात्मक यौन पेशाका सम्बन्धमा मन्त्री परिषदको वैठकले २०६५ सालमा वादी समुदायमा रहेको यौन शोषणको मुक्तिको घोषणा गरेको ।
- कञ्चनपुर जिल्लाको कृष्णपुर गा.बि.स गौन्याल फाँटामा र कैलालीको दोदोधारा ६ मुढा र टीकापुरमा गरी ६०० वटा वादी परिचयपत्र बितरण भएको ।
- २०६९ सालमा वादी समुदाय उत्थान बिकास समिति गठन भएको र यस समितिमा । ९ जना वादी रहेका छन् भने दलित आयोग र दलित वर्ग उत्थान बिकास समितिमा एक/ एक जना वादी समुदायका ब्यक्तिहरू रहेका ।
- जनता आवास कार्यक्रमबाट वादीहरूलाई आवास निर्माण कार्य भइरहेको ।
- यी वादी समुदायका महिलाहरूलाई आर्थिक सशक्तीकरणको माध्यमबाट आत्मनिर्भर बनाउँदै आयआर्जन हुने पेशा व्यवसायमा संलग्न गराई राष्ट्रिय मूलधारमा ल्याउन नेपाल सरकारबाट आ.व. २०६१।६२ देखि वादी समुदायका महिला लक्षित कार्यक्रमहरू (व्यवसाय संचालन तालिम, समूह समिति र संस्था गठन मार्फत बचत गर्ने ऋण लिने बानी व्यवहारका साथै सचेतना एवं नेतृत्व विकास गर्ने र घरविकास योजना कार्यक्रम) संचालन भएको ।
- सर्वोच्च अदालतबाट संविधानसँग बाझिने कानून निष्क्रिय हुने ठहर गर्नुका साथै वादीहरूको नागरिकतालगायतका विषयमा परमादेश र निर्देशनात्मक आदेश २०६२ । ५। ३० मा जारी भएको ।
- वादी जातिका विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान हुँदै आएको ।

## ९. वादी समुदायको मानव अधिकारको अवस्था

### ९.१ शैक्षिक अवस्था

मानव अधिकारको विश्व्यापी घोषणापत्र, १९४८ ले प्रत्येक मानिसलाई शिक्षाको अधिकार छ, प्रारम्भिक र आधारभूत तहमा शिक्षा निःशुल्क हुनेछ, प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ, प्राविधिक र व्यावसायिक शिक्षा सामान्यतया सुलभ हुनेछ र उच्च शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ, शिक्षा मानव व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानको सुदृढीकरणका लागि निर्दिष्ट हुनेछ । यसले सबै राष्ट्र, जातीय तथा धार्मिक समूहमा सुझबुझ, सहिष्णुता

र मैत्रीको प्रवर्द्धन गर्नेछ र शान्ति कायम गर्नमा संयुक्त राष्ट्रसंघका क्रियाकलापलाई विस्तार गर्नेछ र आफ्ना बालबलिकालाई दिइने शिक्षा रोज्ने पहिलो अधिकार आमाबाबुलाई छ भन्ने व्यवस्था गरेको छ ।[४८]

वर्तमान संविधानले पनि  प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरेको छ ।[४९] चौधौँ योजनाले आर्थिक रूपले विपन्न, लोपोन्मूख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने रणनीति लिएको छ। यसरी नै उत्कृष्ट शैक्षिक व्यवस्थापन तथा सेवाप्रवाहमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, अत्यन्त पिछडिएको समुदाय, लोपोन्मूख, गरीव परिवारबाट आउने जेहेन्दार विद्यार्थी, अल्पसङ्ख्यक समुदायका बालबालिकाको शिक्षाको लागि देशका विभिन्न स्थानमा ठूला, आवासीय तथा नमूना विद्यालय सञ्चालनमा ल्याइने,  मानव विकास सूचकाङ्कका आधारमा पछि परेका क्षेत्र तथा गरीवी व्याप्त रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिने, दलित, छात्रा, जनजाति, लोपोन्मूख जातजाति, गरीव तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिने र भिन्न सिकाइ आवश्यकता भएका, जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्नका लागि खुल्ला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिने गरी कार्यनीति पनि व्यवस्था यस चौधौँ योजनामा गरिएको छ। करीव दश वर्षअघि वादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदनअनुसार वादी समुदायको शैक्षिक अवस्था औसत राष्ट्रिय अवस्थाभन्दा न्यून देखिएको थियो ।  करीव ५४ प्रतिशत परिवार निरक्षर रहेको, विद्यालय तहसम्म अध्ययन गर्ने कूल विद्यार्थीमध्ये करीव २५ प्रतिशतले बीचैमा कक्षा छाड्ने गरेको र यसरी बीचैमा कक्षा छाड्ने कारणमा गरीवी नै प्रमुख कारण रहेको छ । यस परिवारमा करीब १५ प्रतिशत बालमजदूर रहेका, यिनीहरू विशेषगरी ज्यालामजदूरी र घरायसी कार्यमा भारत तथा स्वदेशका विभिन्न शहरमा काम गर्ने गरेको देखिन्छ।[५०] वादीहरू समुदायका बालबालिका गरीबी र सामाजिक भेदभाव तथा सामाजिक रुपमा गरिने अपहेलित व्यवहारका कारण राष्ट्रिय रुपको शैक्षिक अवस्थाभन्दा तल्लो अवस्थामा छन् ।[५१]

अहिले पनि वादी समुदायको शैक्षिक अवस्थामा खासै सुधार हुन सकेको देखिँदैन । अहिले पनि वादी समुदायको शैक्षिक अवस्था कमजोर नै रहेको देखिन्छ। वादी समुदायका पाँच प्रतिशत एस. एल. सी. उत्तीर्ण, दुई प्रतिशत प्रमाणपत्र तह, ०.६६ प्रतिशत स्नातक र स्नातकोत्तर उत्तीर्णको संख्या न्यून रहेको देखिन्छ । ८०.३४ प्रतिशत सरकारी विद्यालयमा र १४.९६ प्रतिशत निजी विद्यालयमा अध्ययन गर्ने र

४८ धारा २६
४९ नेपालको संविधानको धारा ३१
५० http://www.peace.gov.np/downloadfile/Badi_1354165536 हेरिएको  २०७४।११।१२
५१ https://www.ecoi.net/en/file/local/1282438/1226_1357136650_field-bulletin-the-badi community-of-nepal-issue-50 हेरिएको २०७४।११।१२

३७ प्रतिशतले शुल्क तिर्न नसकेकाले छाड्ने गरेको अवस्था देखिन्छ ।[५२]

वादीका वालबालिका उच्च शिक्षा कम रहेको, उच्च शिक्षामा पढने प्रवृत्ति एकदम कम छ, वादी समुदायका विद्यार्थीले पाउने गरेको उच्च शिक्षाको छात्रवृत्ति नाम मात्रको छ । आर्थिक तथा चेतनाका अभावका कारण केही जिल्लामा विद्यालय जान नसकेको अवस्था छ, उदाहरणको लागि दैलेखकको नमूना बस्ती, अर्घाखाँचीको चोल्सा बस्ती तथा बझाङ्गको चैनपुर आदि । जातीयताका कारण विद्यार्थीले डेरा नपाउने अवस्था पनि छ । वादी समुदायमा विद्यालय छाड्ने प्रवृत्ती वढी छ र उत्तीर्ण गरेका विद्यार्थी पनि उत्कृष्ट हुनुपर्नेमा गुणस्तरीय शिक्षा हाशिल गर्ने वातावरण छैन । वादी समुदायले अध्ययनरत् विद्यालयमा सरकारी रकमको अपर्याप्तताका कारण शैक्षिक सामग्रीको समस्या रहेकोले गुणात्मक शिक्षाका लागि समस्या रहेको छ । माध्यामिक तहसम्म निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था भए पनि विभिन्न नाममा विद्यालयले रकम र शुल्क लिने गरेका कारण वादी समुदायका विद्यार्थीको अध्ययनका लागि समस्या रहेको छ ।[५३] वादी अभियन्ताहरूको भनाईअनुसार समग्रमा वादी समुदायको शैक्षिक अवस्था ज्यादै नै चिन्ताजनक रहेको छ । त्यसमा पनि वादी समुदायका छोरीहरूको शैक्षिक स्थिति ज्यादै नै दयनीय रहेको छ । आजको युगमा पनि वादी समुदायमा स्नातकोत्तर उतीर्ण दुई जनाभन्दा बढी छैनन् । स्नातक गर्नेको संख्या पनि औँलामा गन्न सकिने छ । आर्थिक विपन्नताका कारण प्राथमिक स्तरमा नै आफ्ना छोरा छोरीहरूलाई पढाई बञ्चित गर्न वाध्य छन् । अझै ५० प्रतिशतभन्दा बढी वादी समुदाय निरक्षर रहेको एक प्रतिवेदनले देखाएको छ । सरकारले विद्यालय स्तरको शिक्षालाई निःशुल्क घोषणा गरे पनि अझै सयौं वादी वालवालिका विद्यालय शुल्क तिर्न नसकेर विद्यालय जानवाट बञ्चित भएका छन् । विभिन्न छात्रवृत्ति कार्यक्रमहरूले पनि वादी वालवालिकालाई छुन नसकेको यथार्थता देखिन्छ ।

स्थलगत अध्ययनबाट जाजरकोट जिल्लाका वादी समुदायमा शिक्षा लिनुपर्दछ भन्ने बिचार प्रारम्भ भएको तर खासै अध्ययन वातावरण (गाँस, बास, कपास, आर्थिक हैसियतलगायत), नभएकाले अझै धरै पछाडि रहेका । शिक्षामा सरकारले कक्षा १२ सम्मको शिक्षा निःशुल्क गरे पनि विद्यालयले विभिन्न शीर्षकमा पैसा माग्ने गरेका । करीव २५ प्रतिशत वादी समुदायका मानिस साक्षर छन् । करीव १०० जना एस.एल.सी. उत्तीर्ण छन् भने ६ जनाले उच्च शिक्षा हासिल गरेको देखिन्छ । बालबालिकाहरू करीव ७५ प्रतिशत विद्यालय जाने गरेका भए पनि धेरैले आर्थिक अवस्थाका कारण बीचैमा पढाइ छोड्ने गरेको पाइयो । सल्यान जिल्लामा प्राय सबै बालवालिका विद्यालय जाने गरेका र सरकारी तथा निजी विद्यालयमा बालवालिकाहरू पढ्न जाने गरेको पाइन्छ ।

सुर्खेत जिल्लामा ३० वर्षमाथिका प्राय सबै असाक्षर रहेका, अहिलेको नयाँ पुस्ताको लागि सुर्खेतको झुप्रा किनारामा नवजीवन प्रा वि शान्तिपुर स्थापना भई ५ कक्षासम्म पढाई हुने गरेको, जहाँ जम्मा ५६ जना अध्ययनरत् रहेका जसमा ३२ छात्रा र २४ जना छात्र रहेका छन् । १,२ जना उच्च शिक्षामा ११ कक्षामा अध्ययनरत् रहेका । तर, खोला किनारामा काम गर्न जानुपर्दा पढाइमा बालबालिकाको नियमितता हुन

५२ गोपाल नेपाली वादी, वादी महिलाको पुनर्स्थापना आजको आवश्यकता, गणतन्त्र राष्ट्रिय दैनिक, २०७४।११।९

५३ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनका सहभागीहरूसँग गरिएको अन्तर्क्रियामा प्राप्त जानकारी

नसकेको देखिन्छ । रुकुम जिल्लामा जम्मा ८४० मध्ये २२ जनाले एस.एल.सी र १८ जनाले उच्च शिक्षा अध्ययन गरेको देखिन्छ । दाङ्ग जिल्लामा विद्यालय स्तरको बालबालिका विद्यालय जाने अवस्था अहिले पहिलेभन्दा राम्रो रहेको र धेरैजसो बालबालिका विद्यालयमा भर्ना भएका तर आर्थिक अवस्था र सचेतनाको कारणले बीचमा छाड्ने संख्या धेरै रहेको छ । उच्च शिक्षा अध्ययन गर्ने कम रहेका छन् । एम. ए. गरेको ३ जना र वि.ए. गरेको १४ । १५ जना जति रहेको जानकारी प्राप्त भएको छ। प्राविधिक शिक्षामा पनि केहीले अध्ययन गरेका छन् ।

बांके र बर्दिया जिल्लामा वादी समुदायको शैक्षिक अवस्था दयनीय छ । निरक्षर ५७ प्रतिशत छन् भने साक्षर ४३ प्रतिशत छन् । विद्यालय स्तर ५६ प्रतिशत (स्कूल जाने उमेर समूहमात्र), उच्च शिक्षा १० प्रतिशत, ८ कक्षापछि स्कूल छोड्ने ३४ प्रतिशत रहेको भन्ने देखियो । कैलाली जिल्लामा वादी समुदाय पूर्णरुपमा साक्षर बन्न सकेका छैनन् । साथै हाल वादी जातिमा जनचेतनामा केही मात्रामा सुधार आई बालबालिकाहरूलाई विद्यालय पठाउने गरेको पाइन्छ ।

## ९.२ वादीहरूको आर्थिक अवस्था

वादी समुदाय नेपालको पछाडि परेको समुदाय हो । अल्पसंख्यकरुपमा रहेको यो समुदाय आर्थिक-सामाजिक रुपमा निकै उत्पीडनमा छ ।[५४] विगतमा रहेको यौन पेशा छोडी मजदूरी र व्यक्तिगत कमाईले जीवन धान्ने गरेका छन् । विगतमा यस समुदायमा खेतीबाट १ देखि ३ महिनासम्म खान पुग्ने परिवारमा २५ प्रतिशत, ४ देखि ६ महिनासम्म पुग्नेमा ७ प्रतिशत र ७ देखि १२ महिना पुग्नेमा करीब १ प्रतिशत मात्र रहेका छन् । यसरी नपुग अवधिको लागि जीवन निर्वाह गर्न करीब ४८ प्रतिशत भारतमा र २६ प्रतिशत स्वदेशमै ज्यालामजदूरी गर्न बाध्य छन् करीब ६ प्रतिशत परिवार यौन पेशामा र बाँकी परिवार परम्परागत पेशा र जागीरमा संलग्न भएको देखिन्छ ।[५५] अहिले पनि वादीहरूको आर्थिक अवस्था खासै सुधार भएको देखिँदैन । वादी समुदाय व्यापक रुपमा गरीवीको चपेटामा परेको र सीमान्तकृत वर्गको रुपमा रहेको छ ।[५६] वादीहरूको प्रमुख आयको स्रोत ज्याला मजदूरी हो ।[५७]

वादीहरूको समग्रमा जीविकोपार्जनको गतिलो विकल्प छैन । यिनीहरू एकदम बहिष्करण, वञ्चितीकरण, सिद्धान्तकृत तथा अल्पसंख्यक जातिहरूको सूचीमा छन् । यिनीहरूको आफ्नो परम्परागत पेशा अरुले गर्न थालेका छन् । उत्पादनका साधनमा वादीको पहुँच छैन । जनता आवास कार्यक्रममा घर बनाउँदा लागेको खर्चका कारण ऋण लागेको छ । वादीहरूको आर्थिक अवस्था हेर्ने हो भने नियमित आयस्रोत भएका न्यून रूपमा छन् । [५८]

---

५४ https://ne.wikipedia.org/wiki वादी समुदाय

५५ http://www.peace.gov.np/downloadfile/Badi_1354165536 हेरिएको २०७४।११।१२

५६ https://www.ecoi.net/en/file/local/1282438/1226_1357136650_field-bulletin-the-badi-community-of-nepal-issue-50 हेरिएको २०७४।११।१२

५७ गोपाल नेपाली वादी, वादी महिलाको पुनर्स्थापना आजको आवश्यकता, गणतन्त्र राष्ट्रिय दैनिक, २०७४।११।९

५८ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनका सहभागीहरूसंग गरिएको अन्तरक्रियामा प्राप्त जानकारी

स्थलगत अध्ययनबाट जाजरकोट जिलामा परम्परागत रुपमा नाँचगानमै रम्ने, बक्सिसबाट गुजारा चलाउने गरेकाले पुर्ख्यौली सम्पत्ति नरहेको, धेरै वादीहरू सँग आफ्नो नाममा जग्गा जमीन नरहेको, केहीले त्यस्तो ऋण लिई खुद्रा पसललगायत व्यवसाय शुरु गरेको देखिन्छ । सुर्खेत, सल्यान र दाङ्ग जिल्लाका वादीहरूको आर्थिक अवस्था पनि कमजोर नै देखियो । रुकुममा ५४ घरधुरीलाई ३ महिना, ३४ घरधुरीलाई ६ महिना र ५९ घरधुरीलाई १२ महिना खान पुग्ने देखिन्छ ।[५९]

वाके र वर्दियाको स्थलगत अध्ययनका क्रममा वादी समुदायको आयको मुख्य स्रोत भनेको ज्याला मजदूरी, यौन पेशा, मादल सुल्पा चिलीम हुक्का, जाल बल्छी, वनाउनु, ठूलाबडाहरूलाई मनोरञ्जन प्रदान गर्नु र त्यसबाट आएको केही रकमबाट उनीहरूको जीबन टरेको छ । यही आर्थिक विपत्तिका कारण नै केही वादी महिलाहरू वाध्यात्मक यौन पेशामा संलग्न रहेको विभिन्न अनुसन्धानले देखाएको छ । साथै भूमिहीन समस्याका कारण स्थायी बसोवास नहुनाले घुमन्ते जीवनका कारण उनीहरूका वालवालिका अझै पनि शिक्षा स्वस्थ्यलगायतका अवसरवाट वञ्चित रहेका छन् । साथै जल जमीन र जंगलमा समुदायको स्वमित्व नहुनु समस्या रहेको भन्ने जानकारी प्राप्त भएको छ । कैलाली जिल्लामा वादी समुदाय अधिकांश भूमिहीन सुकुम्वासी रहेका छन् । उनीहरूको खाने जग्गा जमीनलगायत आयस्रोतका कुनै माध्यम नभएको हुनाले आर्थिक अवस्था कमजोर रहेको छ ।

## ९.३ वादीहरूको भूमिको अवस्था

वैज्ञानिक भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक-सामाजिक रूपले पछाडि परेका गरीव भूमिहीन वर्गको भूमिमा पहुँच बढाउने चौधौं योजनाको रणनीति भए पनि वादीहरूको भूमिमाथिको स्वामित्वको अवस्था कमजोर रहेको छ । वदिनीहरूले टेकेको माटोमा केही फल्दैन भन्ने गलत भनाई पनि विगतमा भन्ने गरिँदो रहेछ ।

विगतमा भएको अध्ययनअनुसार करीब ६५ प्रतिशत परिवारको ऐलानी, पर्ति, सरकारी र आफ्नै स्वामित्वको जग्गामा घरबास रहेको छ भने ३५ प्रतिशत परिवार घरबारबिहीन छन् । करीब २० प्रतिशत परिवारसँग खेती गर्ने न्यून क्षेत्रफल जग्गा रहेको देखिन्छ । यो समुदायले घरबासको निमित्त उपभोग गरेको जग्गामध्ये २० प्रतिशत आफ्नै स्वामित्वको जग्गाधनी प्रमाणपूर्जा भएको जग्गा छ भने ८० प्रतिशत सरकारी, पर्ति, ऐलानी, नदी किनार आदिमा बसोबास गरेको देखिएको थियो ।[६०] आय आर्जनका हिसावले भूमि महत्त्वपूर्ण स्रोत भए पनि अधिकांस वादीहरू भूमिहीन छन् ।[६१]

नेपालका अधिकांश वादी समुदायहरू भूमिहीन रहेका छन्, यसको वास्तविक तथ्याङ्क उपलव्ध छैन, नेपालका पहाडी दलितहरूमा १५ प्रतिशत भूमिहीन देखिएको छ। अतः त्यसमध्ये अधिकांशवादी समुदायको जमीन छैन, जहां बसोवास गरेका छन् त्यहां पनि उनीहरूको आफ्नो नाममा जमीन छैन । सुर्खेत जिल्लाको लाटिकोइली गाविसको कोहलपुर सुर्खेत राजमार्गको छेवैको भेरी नदी नजिकैको झुप्रा खोलामा बस्ने वादी

५९ जिल्ला विकास समिति वादी उत्थान जिल्ला समन्वय समिति रुकुम, वादी पार्श्वचित्र रुकुम, २०७३ पृष्ठ २७

६० http://www.peace.gov.np/downloadfile/Badi_1354165536 हेरिएको २०७४।११।१२

६१ https://www.ecoi.net/en/file/local/1282438/1226_1357136650_field-bulletin-the-badi-community-of-nepal-issue-50 हेरिएको २०७४।११।१२

समुदाय त्यसको उदाहरण हो । अहिले नेपाल सरकारले जनता आवास कार्यक्रम संचालन गरेको छ। तर, सो कार्यक्रमवाट आफ्नै नाउँमा जमीन नभएका वादी समुदायहरू सो सुविधा पाउनबाट वंचित छन् । अर्घाखांची जिल्लाको सदरमुकाम सन्धीखर्कको नजिकै भद्री खोलाका किनारमा पनि उनीहरूको बसोवास देखिन्छ तर उनीहरूको पनि जमीन आफ्नो छैन। जमीन नभएपछि घर हुदैँन्, खेति हुदैँन्, अन्य काम गर्नको लागि धितो राख्न सकिँदैन र जीविकोपार्जनको राम्रो स्रोत उपलब्ध नभएर गरीबीमा बाँच्नु पर्ने वाध्यता हुन्छ।[६२]

स्थलगत अध्ययनबाट मध्य र सुदूरपश्चिमका अधिकांस वादीहरू ऐलानी जग्गामा बस्ने गरेका र आफ्नो स्वामित्वमा छुट्टै भूमि नभएको देखिन्छ। सुर्खेत जिल्लामा शहरी बिकासले वादि आवास कार्यक्रम अन्तर्गत १६ वटा घर बनाई बिनपा ११ धुलायपिटको सल्लाघारीमा बस्ती बसाएको र अन्य सबै सुर्खेतको झुप्रा किनारामा बस्ने गरेको देखियो । जाजरकोट जिल्लामा जनता आवासबाट आएको पैसा जमीन किन्दा नै धेरै खर्च हुने गरेकाले घर बनाउन अपुग भएको र अन्य जग्गा जमीन जोड्ने अवस्था हैसियत नभएको भन्ने वादीहरूको भनाई रहेको छ। दाङ्गमा भूमी भएका एकदम कम अर्थात करीव दुई प्रतिशत जति रहेको, अधिकांशको भूमि आफ्नो स्वामित्वमा नभएको पाइयो । वाके र वर्दियाका सन्दर्भमा वादी अभियन्ताका अनुसार ८६ प्रतिशत वादी समुदायका व्यक्तिहरू गरीबीको रेखामुनी रहेका छन् । वादी समुदायको आर्थिक रुपमा ज्यादै पछाडि पारिएको जाति हो । अझै ४० प्रतिशत वादी परिवार घरवारवीहिन छन् ६० प्रतिशत वादी परिवार ऐलानी, प्रति र सरकारी जमीनमा बसोवास गर्दछन भन्ने जानकारी प्राप्त भएको छ। कैलाली जिल्लामा थोरै मात्रामा वादी समुदायमा जग्गा जमीन भए पनि अधिकांस वादी समुदाय भूमिहीन रहेका छन् ।

## ९.४ वादीहरूको रोजगारको अवस्था

वादी समुदाय नेपालका बाइसे चौवीसे राज्यका शासनकालमा सल्यान, जाजरकोट र मुसिकोट क्षेत्रमा बसोबास गर्ने गरेका राजाका दरवार, सामन्तहरूका घरमा तथा धनी व्यक्ति र उच्च घरानियाका घरमा नाच्ने, गाउने गर्दथे भने कोही माछा मार्ने जाली, वाद्यवादनका (मादल, तवला, सारङ्गी) साधन बनाउने समेतको काम गरी जीविका चलाउँदथे ।[६३] वादी समुदायले विभिन्न तरिकाले माछा मार्ने तथा मादल, ढोलक, सारङ्गी, डमरु, बाउँ र तबला जस्ता बाद्यबादनका सामग्री बनाउने काम गर्दै आई रहेका छन् । यी परम्परागत पेशा ठाऊँअनुसार फरक फरक तरिकाले निर्माण गर्ने गरेको पाइन्छ । पहाडी भेगमा वादी समुदायले बर्षौदेखि आफ्नो बिष्टहरूको मादल, सुल्पा, चिलम र माटाका भाँडा बनाए र माछा दिए बापत आफ्नो गच्छेअनुसार प्रत्येक घरबाट दिइने अन्न बालीलाई खलो माग्ने भनिन्छ । तराईमा यस्तै किसिमको कामबाट पाउने ज्यालालाई तिहाई भन्ने गरिन्छ। तर तिहाईमा दुबै पक्षको सहमति अनुसार ज्याला निश्चित तोकेको हुन्छ । बिष्टको कुनै काम नगरेर पनि गाउँ मागी खाने चलन रहेको छ ।[६४]

वादी समुदायका व्यक्तिहरूले माटाको साँचा बनाई गिलेट वा चाँदीलाई गलाएर साँचामा ढाल्ने गरिन्छ ।

६२ दाङमा २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यान्वयनको अवस्था बिषयक कार्यपत्र(अप्रकाशित)

६३ नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा प्रस्तुत वादी समुदायका महिलाका लागि लक्षित घरविकास कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन, २०७४ महेन्द्रकुमार थापा, २८ मार्ग २०७४

६४ वादी जाति उत्थान समितिबाट प्राप्त स्रोत सामग्रीका आधारमा

साँचो तयार भई सकेपछि यसमा बुट्टा हाल्ने काम गरिन्छ । यो काम रुकुम, सल्यान र जाजरकोटका केही वादीहरूले बनाएर तराईका थारु समुदायमा बेचेर जीविकोपार्जन गरेको पाइन्छ। केही जाजरकोट र अन्य छिमेकी जिल्लाका वादी समुदाय फलामका सामग्रीहरू निर्माण गर्ने गरेको पाइन्छ। आँसी, बन्चरो आदि समेत बनाउने प्रचलन रहेको छ ।[६५]

बाईसे चौवीसे राजाको पालादेखि जिम्मेवाल आदिका पालासम्म विभिन्न शुभसमारोहमा वादी समुदायका नर्तकी र बाद्यबादकहरू उनकै घरमा गई नाँचगान गरी मनोरञ्जन प्रदान गर्नु पर्दथ्यो। वादी समुदायका महिलाहरूले आठ नौ वर्षको उमेरमै नाच सिक्न घरदेखि लिएर भारतको गौँडा र गोरखपुरका ठूला ठूला उस्ताद -गुरुनृत्य र गायन) हरूसँग नाच र गान सिक्न जाने गर्दथे । र वर्षौको रियाज (अभ्यास) पछि मात्र उनीहरू बिडा लगनमा नाँच्ने लायकका हुन्थे । उनीहरूले अर्काको फरमाईस (उत्सुकता र चाहना)का आधारमा गजल, ठुम्री, कवाली र गीतहरू गाउनु पर्दथ्यो । गीत सुहाउँदो नृत्य पनि प्रस्तुत गर्नु पर्दथ्यो । र, त्यस बापत उनीहरूलाई अन्न, बाली, रकम दिइने गरिन्थ्यो ।[६६]

छिमेकी मुलुक भारतको सामाजिक जीवनबाट अधिकाधिक प्राभावित हुने गरेको नेपालको सामाजिक परम्परामा शुरुशुरुमा नेपालका तत्कालीन दरबारहरूमा गायन वादन र नृत्य प्रदर्शन गरी ती दरबारिया र भाइभारदहरूलाई मनोरञ्जन दिलाउने र त्यसबापत दरबारियाहरूबाट प्राप्त हुने इनाम बक्सिस पुरष्कार आदिबाट आफ्नो जीविका निर्वाह गर्ने वादी समुदायको परम्परागत वृत्ति थियो । यसरी वादीहरूको परम्परागत पहिचानमा ब्यावसायिक कलाकार वर्ग भए पनि वादी चेलीहरूद्वारा सम्पन्न हुने नृत्य गायन र अभिनय आदिको प्रदर्शनबाट पैदा हुने श्रृङगार भावबाट वासनापिपासु बनेका केही दरबारियाहरूलाई ती चेलीहरूले रति आनन्द पनि दिलाउनु पर्ने भएको भए तापनि यस जातिको उत्पत्तिको मूल प्रयोजन भने कलाकारिता प्रदर्शन नै थियो ।[६७]

वादी समुदायको परम्परागत रुपमा अपनाउँदै आएको पेशा समयको प्रवाहसँगै विस्थापित हुँदै गएको छ। त्यसमा संलग्न व्यक्तिहरू क्रमशः अन्य पेशामा रुपान्तरण भएका छन्। विकास, प्रविधि र समयका क्रममा वादी समुदायले परम्परागत पेशाको रुपमा अपनाउदैँ आएको मादल तथा बाद्यवादन सामग्री निर्माण, जाल बुन्ने, सुल्पा, चिलिम र टरिया बनाउनेलगायतका पेशा व्यवसायहरू अहिले जोखिममा परेको देखिन्छ। पश्चिम नेपालमा बसोबास गर्ने वादी समुदायले चाडपर्व र सामाजिक अवसरहरूमा गर्ने गरेको नाचगान पेशा संकटमा परेको छ।[६८] राजनीतिक परिवर्तन र जनचेतनाको वृद्धिले विगतमा वादी समुदायका केही महिलाहरूबाट अपनाइएको यौन पेशामा कमी आएको छ ।[६९]

वादी समुदायमा अहिलेसम्म निजामती सेवामा एक जना पनि नभएको अवस्था छ। अध्ययनबाट

६५ उही
६६ उही
६७ डा. राजेन्द्रकुमार आचार्यको उपन्यासमा वादी जातिका सम्बन्धमा विद्यावारिधि गर्नुभएका डा. घनश्याम डांगीको वादी उपन्यास र मेरा अनुभूति
६८ http://www.bbc.com/nepali/41521571 हेरिएको २०७४।११।१७
६९ वादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन http://www.peace.gov.np/downloadfile/Badi_1354165536 हेरिएको २०७४।११।५

सल्यानका वादी समुदायका व्यक्तिहरू वालुवा गिट्टी बोक्नेलगायत व्यापार होटेल आदिमा काम गर्ने गरेको पाइन्छ । सुर्खेतमा पहिले मुख्य पेशा मादल, सुल्पा बनाउने र वेश्यावृतिमा समेत संलग्न थिए । हाल, सुर्खेतको झुप्रा खोलाको किनारामा वालुवा, ढुंगा निकालेर सो बेची जीविका चलाउने गरेका छन् । सुर्खेतको गुर्भाकोटमा पहिले वादी समुदायका व्यक्तिलाई मादल बनाउन भ्याई नभ्याई हुन्थ्यो । तर, अहिले आधुनिक प्रविधिको प्रयोगसँगै यहाँका वादी समुदायको मादल बनाउने पेश ओझेलमा परेको छ । यसरी परम्परागत पेशा ओझेलमा परेपछि स्थानीय वादी समुदायका व्यक्तिलाई साझ विहानको छाक जोहो गर्न मुस्किल परेको छ । उनीहरू वैकल्पिक कामको खोजीमा छन् । यस समुदायका पुरुषहरू भारतमा जाने गर्दछन् भने महिलाहरू गिट्टी कुट्ने र बालुवा चाल्ने काम गरी गुजारा गर्दै आएका छन् ।[७०] दाङमा पनि रोजगारको अवस्था सन्तोषजनक छैन । सरकारी जागिरमा वादीहरूको खास उपस्थिति छैन र यहाँका वादीहरूको रोजगारीमा स्थायित्व पनि छैन । माछा मार्ने, मादल बनाउने कार्यका अतिरिक्त अहिले  खुद्रा ब्यापार, फलफूल व्यापार, लेवर, ठेला रिक्सा चलाउने काम गरी आत्मसम्मानका आधारमा आफ्नो पेशामा सञ्चालन गर्न थालेको पाइएको छ ।

जाजरकोटमा गाउँघरतिर  आरन चलाउने आँसी (हसिँया), चुपी आदि बनाउने उधाउने, माछा मार्ने, बेच्ने र खलंगा सदरमुकाम वरपर मादल बनाउने, बेच्ने कार्य गर्ने गरेको पाइन्छ।  पशुपालन, खुद्रा पसल, हेयर कटिङ, मादल निर्माण, जाल निर्माण, होटल आदि व्यवसाय र रोगगारहरू गरेको पाइन्छ । बाँके र बर्दिया जिल्लामा वादी जातिहरूको जातीय पेशा मादल बनाउने, माछा मार्ने, सृङ्गारका सामग्री बनाउने, माटोको सुल्पा, चिलिम बनाउने आदि हुन । तर वादी जातिको जातीय पेशा आधुनिकीकरणको अभावमा ह्रास भैरहेका छन् । बिगत केही दशक केही स्थानका वादी परिवारहरूले यौन व्यवसायलाई आफ्नो पारिवारिक जीविकोपार्जनको माध्यम समेत बनाएकोमा हाल आएर वादी समुदायका परिवारहरूले जातीय पेशा तथा यौन व्यवसाय त्यागी अन्य पेशा (कृषि, व्यवसाय, रोजगारी आदि) तर्फ उन्मूख भैरहेका छन् । निजामती तथा सरकारी सेवामा बाँके र बर्दिया र कैलाली जिल्लाबाट समेत नरहेको जानकारी प्राप्त भएको छ ।

कञ्चनपुर जिल्लामा वादी समुदायले परम्परागत सीपको प्रयोग गरी बनाउँदै आएको वाद्य सामग्रीका रुपमा रहेको मादल, तबला, ढोलक, थारु समुदायका महिलाका लागि बनाइने चाँदीका गहना टडिया र माटाका सुल्पा, चिलिम जस्ता वस्तुले बजारमा प्रतिस्पर्धा गर्न नसक्दा पुर्ख्यौली पेशा ओझेलमा परेका छन् । [७१] रुकुम जिल्लाको त्रिवेणी गाउँपालिकामा भने बालीघरे प्रथा छाडेर यहाँका वादी समुदायका युवाहरूले सामूहिक मादल उद्योग सञ्चालन गरेका छन् । बालीघरे प्रथाबाट जीविकोपार्जन गर्न समस्या भएपछि वादी युवाहरू मिलेर त्रिवेणी गाउँपालिका-२, सिमरुतु बजारमा आधुनिक मादल उद्योग सञ्चालन गरेका छन् ।[७२]

## ९.५ वादीहरूको राजनीतिमा सहभागिता

वादी समुदाय सामाजिक आर्थिक रुपमा पछाडि परेको सीमान्तकृत वर्ग भएकाले राजनीतिक तथा नीति निर्माण तह र प्रक्रियामा प्रतिनिधित्व र भूमिका नरहेको वर्गको रुपमा रहँदै आएको छ । वादी समुदाय

७० हाम्रो अखवार दैनिक, २०७४।६। २९
७१ http://shikharnews.com/2017/11/24/29579/
७२ http://indrenionline.com/2017/05/30327

लामो समयदेखि बहिष्करण र बञ्चितिको अवस्थामा रहेकोले विगतमा राजनीतिक क्षेत्रमा संलग्नता शून्य प्राय रहेकोमा हालका दिनहरूमा न्यून रुपमा संलग्नता रहेको पाइन्छ । राज्यका नागरिक हुन भन्ने नै अनुभूति गर्न नसकेको भन्ने यो समुदायका व्यक्तिहरूके गुनासो रहेको छ । यो समुदायको राजनीतिक, प्रशासनिक लगायतका नीति निर्माण गर्ने तहमा यद्यपि उल्लेख्य रुपमा पहुँच हुन सकेको छैन । हालका दिनहरूमा क्रमिक रुपमा विद्यालय, स्थानीय सामुदायिक संस्था, स्वास्थ्य चौकी, वन उपभोक्ता समूहमा न्यून संख्यामा सहभागिता हुन थालेको छ ।

स्थलगत अध्ययनबाट सल्यान जिल्लामा कुनै पनि तहमा सहभागिता नरहेको पाइयो । सुर्खेत जिल्लामा अहिलेसम्म स्थानीय तहअन्तर्गत वीरेन्द्रनगर नगरपालिकाको सदस्यमा विष्णुबहादुर वादी मनोनीत भएको पाइयो भने अन्य तहमा सहभागिता हुन नसकेको देखियो । जाजरकोट जिल्लामा स्थानीय तहको निर्वाचनमा वादी समूहबाट छेडागाड नगरपालिकाअन्तर्गतको पजारु वडा अध्यक्षमा निर्वाचित, भेरी नगरपालिका र त्रिवेणी नलगाड नगरपालिका मा नगरकार्यपालिका सदस्यको रुपमा १ र १ जना निर्वाचित गरी जम्मा तीन जना स्थानीय निकायमा निर्वाचित भएको पाइयो । कैलालीमा स्थानीयलगायत प्रदेश र केन्द्रको चुनावको तथ्याङ्क हेर्दा पनि वादी समुदाय राजनीतिक कार्यमा सहभागिता न्यून मात्रामा मात्रै छन् । यस जिल्लामा प्रदेश सभा सदस्यमा वादी महिला निर्वाचित भएको पाइयो ।एक समय थियो, वादी समुदायलाई ‘दोस्रो दर्जाको नागरिकका रूपमा हेरिन्थ्यो । समाजले भिराइदिएको यही ‘दोस्रो दर्जा’ बाट पहिचान बदल्दै‘माननीय’ बनेकी छन् उमाकुमारी वादी । उनी कैलालीबाट  नेपाली कांग्रेसको समानुपातिक सांसद बनेकी छन् ।[७३]

## ९.६ वादीहरूको स्वास्थ्यको अवस्था

वादी समुदायको स्वास्थ्य अवस्था पनि कमजोर रहेको छ । आर्थिक अवस्था कमजोर रहेको, शिक्षा र स्वास्थ्य सेवामा पहुँच समेत नरहेको, जनचेतनाको कमी रहेको र कतिपय महिलाले यौन पेशाका कारण समेत स्वास्थ्यको अवस्था कमजोर देखिएको छ ।  एक दशक अघि भएको एक अध्ययनअनुसार वादी एक प्रतिशत एडस (HIV/AIDS) बाट पीडित रहेका स्वास्थ्य जाँच गराएका परिवारमा क्रमशः टाइफाइड, झाडापखालाबाट अधिकांश पीडित देखिन्छन् भने त्यसपछि जन्डिस, रुघाखोकी, टि.वी., कुष्ठरोगलगायतका रोगहरू लागेको, परिवार नियोजनका साधनहरू (कण्डम) को प्रयोग गर्नेको संख्या ज्यादै न्यून अर्थात् १० प्रतिशत मात्र रहेको पाइएको थियो ।[७४] वादी समुदायका महिलाहरू वेश्यावृत्तिमा संलग्नता रहेका कारण स्वास्थ्यका सन्दर्भमा अन्य तल्लो वर्गका समुदायको तुलनामा झन बढी समस्या खासगरी एडस (HIV/AIDS) र कमजोर अवस्थामा छन् ।[७५]

अहिले पनि वादीहरूको स्वास्थ्य स्थिति पनि सन्तोषजनक देखिँदैन । ५० प्रतिशतभन्दा बढि वादी समुदाय वार्षिकरुपमा कुनै न कुनै रोगबाट ग्रसित भएका हुन्छन् भने २६ प्रतिशत संक्रमित रोग (Infectious disease) बाट प्रभावित छन् । त्यसै गरी २२ प्रतिशत दीर्घरोग (Chronic disease) वाट प्रभावित भएको देखिन्छ । अझै २५ प्रतिशत वादीहरूले परम्परागत उपचार शैली अपनाएको देखिन्छ । ३२

७३ https://setopati.com/politics/125232

७४ वादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन http://www.peace.gov.np/downloadfile/Badi_1354165536

७५ National estimates of HIV/AIDS infections, 2009. National centre for AIDS and STD Control, 2010

प्रतिशत वादीहरूले खोला र इनारको पानी पिउछन् भने ४७ प्रतिशत वादीहरू अहिले पनि खुल्ला ठाउँमा दिशा पिसाव गर्ने गर्दछन । केही वादीहरूमा एचआइभी देखिएको भए पनि यसले भयावह रुप नलिएको देखिन्छ ।[७६]

स्थलगत अध्ययनबाट सल्यान जिल्लामा पहिले देहव्यापारमा लागेकाको पेट दुख्ने, पाठेघरको क्यान्सर हुने जस्ता स्वास्थ्य समस्या देखिएको पाइएको छ । सुर्खेत जिल्लामा स्वास्थ्यको बारेमा त्यति जानकारी राखेको नपाइएको र आपतकालीन अवस्थामा मात्र स्वास्थ्य संस्थामा जाने गरेको देखियो । जाजरकोट जिल्लामा पर्याप्त आयस्रोत नहुँदा बालबच्चामा पोषणको कमीले कुपोषण र बयष्कहरूमा दमलगायतका रोगहरू देखा परेको अवस्था छ । आर्थिक अवस्था न्यून भएकाले खाद्य पोषणको कमीले लाग्ने रोग व्याधीले सताउने गरेको तथा सरकारले अल्पसंख्यक वर्गको निम्ति ल्याएको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमबाट हालसम्म न्यून रुपमा मात्र वादी परिवार लाभान्वित भएको पाइयो । दाङ्गमा पनि स्वास्थ्य अवस्था सन्तोषजन छैन । बढीभन्दा बढी सन्तान जन्माउने गरेका कारण कमजोरी तथा स्वास्थ्यमा समस्या रहेको, आङखस्ने, यौन रोग, सानै उमेरमा बाझोपन जस्ता समस्याहरू रहेको छ ।

वाके र वर्दिया जिल्लाबाट प्राप्त जानकारीअनुसार वादी समुदायको आर्थिक अवस्था अत्यन्त दयनीय भएकोले शिक्षा र स्वास्थ्य सेवाको पहुँच नहुनु, जनचेतनाको कमी, बेरोजगार, भूमिहीन अवस्था जीविकोपार्जनको लागि स्वदेश तथा विदेश (विशेषगरी भारत) जानुपर्ने र केही महिलाहरू वाध्य भएर यौन पेशामा संलग्न रहेको अवस्था छ । वादी जातिमा एचआईभी एड्स समेत देखिएको अवस्था छ । स्वास्थ्य जाँच गराउने जनचेतनाको अभाव देखिएको छ । गरीवीका कारण वालवालीकाहरूलाई वालकुपोषणको अवस्था ज्यादै दयनीय रहेको छ । परिवार नियोजनका साधनको जानकारीको अभावका कारण जनसंख्या वृद्धि हुन र त्यसको सही व्यवस्थापन नहुँदा अकालमै मृत्यु हुने र मृत्युदर वढ्दो देखिन्छ। साथै धेरै महिलाहरूमा आङ्ग खस्ने रोगलगायतका रोगहरूको शिकार बनिरहेका छन् । कैलाली जिल्लामा जनचेतनाको अभाव, कमजोर आर्थिक अवस्था, समाजको दृष्टिकोण, राज्यको मूल प्रवाहीकरणमा ल्याउन नखोज्नु लगायतका विभिन्न कारणहरूबाट स्वास्थ्य अवस्था कमजोर रहेको छ ।

## ९.७ वादीहरूको घरबस्ती, सरसफाइ र शौचालयको अवस्था

स्थलगतका क्रममा सल्यानमा वादीहरूको घरमा पक्की शौचालय समेत रहेको र सरसफाई रहेको पाइयो । सुर्खेत जिल्लामा शहरी बिकासले वादी आवास कार्यक्रमअन्तर्गत १६ वटा घर बनाई बीनपा ११ धुलायापिटको सल्लाघारीमा बस्ती बसाएको र अन्य सबै सुर्खेतको झुप्रा किनारामा झुपडीमा बस्ने गरेका छन् । बीनपा ११ धुलायापिटको सल्लाघारीमा सरसफाई र शौचालयको अवस्था सामान्य रहेको देखियो भने सुर्खेतको झुप्रा किनारामा सरसफाई र शौचालयको अवस्था दयनीय रहेको देखियो । जाजरकोट जिल्लामा भएको सरसफाई कार्यक्रमबाट सरसफाईको महत्त्व बुझ्दै गएको, सरसफाइमा ध्यान दिन थालेको पाइयो । नगरपालिका आसपासका बस्तीहरूमा शौचालयको व्यवस्था भएको र

७६ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यन्वयनको अवस्था बिषयक कार्यपत्र(अप्रकाशित)

गाउँतिर आफ्नै कतिपय बस्तीमा शौचालयको अभाव रहेको छ। शिक्षामा भएको सुधारले सरफाइमा पनि क्रमिक सुधार हुदैँ गएको देखिन्छ। दाङ्ग जिल्लामा सरसफाई राम्रो तर शौचालयको प्रयोग न्यून रहेको भन्ने जानकारी प्राप्त भएको छ। बाके र बर्दिया जिल्लामा सरसफाइ ठीकै तथा शौचालयका हकमा सेफ्टी ट्याकीसहित २ प्रतिशत, रिङ्गसहित २० प्रतिशत र खाल्डे ६० प्रतिशत र खुल्ला शौच १८ प्रतिशत रहेको देखियो। कैलाली जिल्लामा वादी समुदाय भूमिहीन रहेका कारण बसोवास गर्न पनि अप्ठेरो भई अस्थाई प्रकृतिका घरहरू निर्माण गरी बसोवास गर्दै आइरहेका कारण सरसफाईलगायत शौचालयको व्यवस्था गर्न नसकेको तीतो सत्य समाजमा व्याप्त छ।

## ९.८ खानेपानीको अवस्था

वादी समुदायका ३२ प्रतिशत वादीहरूले खोला र इनारको पानी पिउँछन।[७७] स्थलगत अध्ययनबाट सल्यान जिल्लामा अध्ययन गरिएका ३२ घरमध्ये पाँच घरमा निजी धारा रहेको र एक सामुदायिक धारा समेत रहेको पाइयो भने सुर्खेत जिल्लामा बीरेन्द्रनगर पालिका वडा नं.११ धुलायपिटको सल्लाघारीमा एउटा मात्र खानेपानीको धारो रहेको पाइयो। वादी समुदायका १६ वटा घरधुरी र अन्य समुदायका मानिसहरूको लागि त्यही एउटा धारो मात्र प्रयोग गरिएको पाइन्छ। दाङ्ग जिल्लामा खानेपानी राम्रो नभएको घरमा धाराहरू नभएको अर्काको घरको धारा कुवा खोल्साको मूल पानी खाने गरेको पछिल्लो समयमा केहीको धारा भएको र गाउँमा खानेपानीको विषयमा छुवाछुतको विवाद पनि आउने गरेको पाइएको छ। जाजरकोट जिल्लामा जिल्लास्तरका खानेपानीको आयोजनाहरूबाट वादी बस्ती पनि लाभान्वित हुँदै गएको तर बस्तीको सदस्य संख्याको हिसाबले अपर्याप्त रहेको पाइएको छ। वाके बर्दियावाट प्राप्त जानकारीअनुसार वादी समुदायको प्राय बस्तीहरू शहर बजारदेखि टाढा खोला र जंगलको किनारमा हुने भएकोले स्वच्छ खानेपानी प्रयोगबाट प्राय वादी समुदाय बञ्चित रहेको छ।

बर्षौंदेखि बझाङको सदरमुकाम चैनपुरमा बस्दै आएका वादी समुदाय खोलाको धमिलो पानी पिउन बाध्य छन्। घरमा खाने पानीको धारा तीन वर्षअगाडि थियो। अहिले सडक पीच गर्दा वादी समुदायको धारा काटी दिइको रमेश वादीले बताए। उनले भने केही दिनसम्म छिमेकी सुनार समुदाय र नेवार समुदायको धाराबाट पानी खादैँ गरेका थियौँ। अहिले उनीहरूले तल्लो जातिका भनी धारा पनि छुन नदिँदा हामी वादी समुदायका २३ परिवार सेती नदी र बाउली खोलाको धमिलो पानी खान बाध्य भएको दुखेसो पोखे।[७८]

## ९.९ गरीवीको अवस्था

गरीवी वादी समुदायको सवैभन्दा ठूलो समस्या हो, यस कारणले गर्दा बाँच्नकै लागि विभिन्न ठाउँहरूमा भौतारिनु पर्ने र देह व्यापारमा समेत लाग्नु पर्ने अवस्थाको सिर्जना राज्य व्यवस्था तथा सामाजिक कुरीतिहरूले सिर्जना भएको हो। यसवाट उन्मुक्ति पाउनका लागि उत्पादनका साधनहरूमा पहुँच हुनु अनिवार्य हुन्छ।[७९] वादी समुदाय, नेपालका १२५ जातजाति समुदायमध्ये सीमान्तकृत, पिछडिएको, <u>विभिन्न रुपमा उत्</u>पीडित, बहुविपन्न र वर्षौदेखि पाखा परेका जाति समुदायका रुपमा चिनिएको समुदाय

७७ उही

७८ http://topnepalnews.com/main-news/4676

७९ दाङमा २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यन्वयनको अवस्था बिषयक कार्यपत्र(अप्रकाशित)

हो । यी वादी समुदायका मानिसहरू पिछडिएको, उत्पीडनमा परेका र जीविकोपार्जनको दिगो र भरपर्दो स्रोत नभएकोले विकासको मूलधारभन्दा पर रहेका छन् ।[८०] स्थलगत अध्ययनमा जानकारी लिने क्रममा गरीवीका सन्दर्भमा बाँके जिल्लाका अभियन्ता सुकलाल नेपाली वादीले वादी समुदायका व्यक्तिहरू तीन किसिमको गरीबीमा रहेका छन् भन्नुहुन्छ :-

## ९.९.१.आर्थिक गरीवी

वादी समुदायका ८६ प्रतिशत व्यक्तिहरू चरम गरीवीमा रहेका छन् । विभिन्न कारणले वादी समुदायको जातीय पेशामा आएको ह्रास,  वादी समुदायका ८३ प्रतिशत व्यक्तिहरूको नियमित आमदानीका स्रोत नभएको, राज्यद्वारा प्रदान गरिने रोजगारीमा न्यून व्यक्तिहरूको सहभागिता, १० प्रतिशत व्यक्तिहरूको आफ्नो जमीन भएको र आर्थिक अभावका कारण वादी समुदायका कुनै पनि व्यक्तिले उद्योग व्यवसाय संचालन गर्न नसकेका कारण वादी समुदायको समग्र आर्थिक अवस्था निकै दयनीय रहेको छ ।

## ९.९.२. मनोवैज्ञानिक (मानसिक) गरीबी

शताब्दियौँदेखि समाज र राज्यको उत्पीडनका कारण वादी समुदायका व्यक्तिहरू मनौवैज्ञानिक रुपमा नै कमजोर हुन पुगेका छ । वादी समुदायका अधिकांश व्यक्तिहरूमा राज्य र समाज हाम्रो पक्षमा छैन र हामी अब केही पनि गर्न सक्दैनौ भन्ने मानिसकता रहेको छन् ।

## ९.९.३. संरचनागत गरीबी

वादी समुदाय यस्तो समुदाय हो जहाका ९० प्रतिशतभन्दा धेरै मानिसहरू सामाजिक, राजनीतिक तथा राज्यको संरचनाबाट वहिष्करणमा छन् । उनीहरूको सहभागिता तथा प्रतिनिधित्व न त समाजले गराउँछ, न त राज्यले नै गराउँछ, न राजनीतिक दलहरूले आबश्यक ठान्दछन् । वादी समुदायको कुनै पनि तह तथा क्षेत्रमा प्रतिनिधित्व छैन् ।

स्थलगत अध्ययनबाट सल्यानमा वादी समुदायमा गरीवी रहेको र कुनै घर परिवारका सदस्य बिरामी हुँदा प्रत्येक घरबाट सहयोग उठाएर उपचार गर्ने । ठूलो रोग लाग्दा उपचार गराउन सक्ने अवस्था नरहेको समेत पाइयो । सुर्खेतमा पनि वादी समुदाय गरीबीको रेखामुनि रहेको पाइयो । जाजरकोटमा पनि करीव ९० प्रतिशत वादी समुदाय निरपेक्ष गरीबीको रेखामुनि रहेका बाँकी १० प्रतिशत पनि गरीवीकै अवस्थामा रहेको पाइयो । दाङ्गमा पनि ज्यादै गरीवी रहेको र अधिकांस  गरीवीको रेखमुनि नै रहेको तथा एकाध मात्र सम्पन्न रहेको भन्ने जानकारी प्राप्त भएको छ ।[८१] कैलाली जिल्लामा वादी समुदायमा गरीबी व्याप्त रहेको छ ।

## ९.१० वादीहरूप्रतिको समाज र राज्यको व्यवहार

समाज र राज्यबाट वादीहरूले न्याय प्राप्त नभएको र उनीहरूप्रति राज्य र समाजको दृष्टिकोण सकारात्मक हुन नसकेको भन्ने नै गुनासो रहेको देखिन्छ । यो समुदाय राज्यवाट पछाडि पारिएको वर्गको

८० http://www.peace.gov.np/downloadfile/Badi_1354165536

८१ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यन्वयनको अवस्था बिषयक कार्यपत्र(अप्रकाशित)

रुपमा रहेको भन्ने नै वादी समुदायको गुनासो रहेको छ । यो समुदाय विगतमा राज्यवाट बञ्चिति, बहिष्करण र विभेदको चपेटामा परेको देखिन्छ भने अहिले पनि वादी समुदायले सामाजिक न्याय प्राप्त गर्न नसकेको नै देखिन्छ । यो समुदायप्रति समाजको दृष्टिकोण हिजोको तुलनामा केही सकारात्मक हुँदै गएपनि व्यवहारतः अपेक्षाकृत अझै सकारात्मक नभएको अवस्था छ ।

केही समय अगाडिसम्म वाध्यात्मक देह व्यापारको अवस्था थियो, अहिले त्यसलाई छोडेर वैकल्पिक पेशामा जाँदा पनि समाजले राम्रो दृष्टिकोणबाट हेर्दैन । वादी समुदायलाई सम्मानीत जीवनयापन गर्न कठिनाई परेको छ । नेपाल सरकारको वादी समुदायको उत्थान र विकासमा अत्यन्त कम लगानी रहेको छ । वादी समुदायको दिगो आर्थिक तथा सामाजिक विकासवाट वञ्चित रहेका छन् । [८२]

बाके र बर्दिया जिल्लाका सन्दर्भमा प्राप्त जानकारीअनुसार राज्य र समाजले सधै वादी समुदायलाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिरहेको छ। संविधान तथा कानूनमा हरेक नागरिक कानूनको नजरमा समान छन् भनेता पनि व्यवहारमा वादी समुदायले कानूनी रुपमा नागरिकको रुपमा रहेको महसूस गर्न पाएको छैन । समाजले वादी समुदायलाई सामाजिक तथा सांस्कृतिक रुपमा विभेदपूर्ण व्यवहार गरिरहेको छ भन्ने जानकारी प्राप्त भएको छ । कैलाली जिल्लामा यो समुदायप्रति समाजको दृष्टिकोण र व्यवहार अझै पनि अपहेलित किसिमको छ । तर राज्यले चाही केही हदसम्म विभिन्न कार्यक्रम संचालन गरी व्यवहार परिवर्तनमा कियाशील रहेको छन । वादी लक्षित विकास योजना चालु छ ।

मुलुकमा जातीय  छुवाछुत कानूनी रुपमा निषेध भए पनि व्यवहारमा अझै विभेद हुने गरेको वादी अगुवा पुष्प वादीले बताउनु भयो । राज्यले छुवाछुतलाई कानूनी निषेध गरे पनि व्यावहारिक रुपमा अझै विभेद गरेको उहाँले आरोप लगाउनु भयो । उहाँले भन्नुभयो, 'राज्यले समानुपाति, समावेशिताको र सहभागिताको सिद्धान्त अनिवार्य रुपमा लागू गरेको छ । तर, दलितहरूले त्यसको अनुभूति गर्न पाउदैनौं ।' उहाँले आर्थिक, सामाजिक र राजनीतिक पहुँच विमुख रहेकाले दलित समुदाय अझै भन्ने हो भने वादी जातिलाई राज्यले कुनै तहमा माथि उठाउन नसकेको उहाँको भनाई थियो । शताब्दियौँदेखि जातीय विभेदको शिकार बन्दै आइरहेका दलित र दलितभित्रका वादीहरू आज पनि उही र उनै पीडामा बाँचिरहनु परेका उहाँले दुखेसो गर्नुभयो । उहाँले भन्नुभयो 'समृद्धिका कुरा उठ्छन् । तर दलित समुदायको शिक्षा दिक्षा र रोजगारीको प्रश्न कहिले उठ्दैनन् ।' अझै पनि दलितहरू खोलाको किनार, वनको छेउ , ऐलानी जग्गा बसेका छौं ।[८३]

## ९.११. वादीहरूको खाद्यान्नको अवस्था

वादीहरूको जमीन नभएको कारण वर्ष दिनभरि खान पुग्ने वादीको संख्या जम्मा २५ प्रशित मात्र रहेको छ । वाँकी ७५ प्रतिशत वादीहरू भोकको चपेटामा परेको देखिन्छ ।[८४] स्थलगत अध्ययनबाट सल्यानमा प्रशस्त जग्गा जमीन नरहेकाले मजदूरी गरी कमाएको आमदानीबाट सबै किनेर खाने गरिएको देखियो । सुर्खेतमा झुप्रा खोला किनारामा वालुवा, ढुंगा निकालेर बेची जीविका चलाउने गरेका छन् । जाजरकोटमा

८२ उही
८३ https://saighalikhabar.com/breaking-news/21264/
८४ उही

न्यून आर्थिक अवस्थाको कारण पोषणयुक्त खानेकुराबाट वादी समुदायका मानिसहरूको पहुँच टाढा रहेको, आफ्नो जग्गा जमीन नभएकाले खेती पाती उब्जनी नभएको, परम्परागत रुपमा समाजबाट मागी काम चलाउने हाल बन्द भएकोले न्यून् ज्यालादारीबाट कमाएको रुपैया पैसाले घरपरिवारको आवश्यकता पूरा गर्नुपर्ने अवस्था रहेको देखिन्छ। दाङ्गमा खाद्य सुरक्षाका बारे ज्ञान र चेतना नभएको र यस विषयमा अज्ञानता व्याप्त छ खाद्य सुरक्षाको अवस्था असुरक्षित छ। करीव ८० प्रतिशत काम गरी खाद्यान्नको जोहो गर्नुपर्ने अवस्था रहेको छ। बाके र बर्दिया जिल्लामा वादी समुदायका ९० प्रतिशत व्यक्तिहरूसँग खेती गर्ने जमीन छैन्। वादी समुदायका १० प्रतिशत व्यक्तिहरूसँग वर्षभरि खाने, ३० प्रतिशत व्यक्तिहरूसँग ६ महिना खाने र ६० प्रतिशत व्यक्तिहरूसँग ३ महिनासम्म खाना पुग्ने खाद्यान्न हुन्छ। कैलाली जिल्लामा वादी समुदाय अरुको खेतीमा गएर काममा सहयोग गरी पारिश्रमिकको सट्टा खाद्यान्न लिई जीविकोपार्जन गर्दछन्।

## ९.१२ छुवाछुत र भेदभावको अवस्था

नेपालमा जातीय विभेद ऐतिहासिक रूपमै विद्यमान रहँदै आएको छ। जातजातिका आधारमा विभिन्न जातिबीच विभेद, प्रतिबन्ध, छुवाछुत र अस्वीकार जस्ता मानव सम्मान प्रतिकूलका अवस्था नेपाली समाजमा अद्यापि कायम रहेका छन्। नेपालमा जातीय भेदभावलाई जयस्थिति मल्लले निर्माण गरेको मानिन्छ। पुरानो मुलुकी ऐनमा तागाधारी, मतवाली पानी नचल्ने, पानी चल्ने आदि विभेद खडा गरी जातीय आधारमा सजाय गर्ने कानूनी व्यवस्थाले कानूनन् जातीय भेदभावलाई मान्यता दियो। फलतः छुवाछुत र जातीय विभेद नेपाली समाजमा नराम्रोसँग विकास र विस्तार भयो। दलित र गैरदलित जातिमा विभक्त भई दलितलाई छुवाछूत गरिने कार्य नेपाली समाजमा व्यवहारमा विद्यमान रहेको जातीय आधारमा हुने भेदभाव हो।

दलितहरूलाई गैरदलितद्वारा २०५ वटा क्षेत्रमा भेदभाव गरेको तथ्याङ्कहरू पाइन्छ।[८५] त्यस्ता भेदभावमा प्रवेशमा वञ्चित, सेवामा वञ्चित, साझा सम्पदा र वस्तुको प्रयोग पहुँचमा वञ्चित, सामाजिक सम्बन्ध विस्तारमा वञ्चित, सहभागिताबाट वञ्चित, जबर्जस्ती काममा लगाउनु, सामाजिक बहिष्करण, छुवाछूत गरिनु, होच्याउनु आदि रहेका छन्। जातीय आधारमा हुने छुवाछुत तथा भेदभावलाई गैरकानूनी तथा दण्डनीय एवम् आपराधिक कार्य मानिए पनि व्यवहारमा पूर्णतः लागू हुन सकेन। उपल्लो जाति भनिएका कतिपय व्यक्तिहरूबाट हुने भेदभावजन्य घटनाहरूको निरन्तरताबाट यो प्रथा व्यवहारतः अहिले पनि जीवितै रहेको पाइन्छ। राज्यबाट विभेद सम्बन्धमा विभिन्न कदमहरू चालिएका छन्। यद्यपि ती प्रयासहरू कतिपय अवस्थामा प्रभावकारी बन्न सकेका छैनन्। सार्वजनिक इनार तथा कुवामा पानी झिकेको, होटलमा चियानास्ता खाएको, अन्तर्जातीय विवाह गरेकोलगायतका आधारमा जातीय भेदभाव हुने गरेको पाइन्छ।[८६] यसरी संविधानमा नै छुवाछुतसम्बन्धी गतिविधि दण्डनीय भनी उल्लेख गरे पनि पूर्णरूपमा अझै नियन्त्रण हुन सकेको छैन।

वादी समुदाय हालसम्म पनि सामाजिक र सांस्कृतिक विभेदबाट मुक्त हुन सकेको छैन। सरकारले

८५ Bhttachan et. al *Existing Practices of Caste-Based Untochability in Nepal: and Strategy for a Campaign for its Elimination. Action Aid Nepal, 2003, Kathmandu.*

८६ राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०६५/०६६, पृ. १६

छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधको दर्जा दिई छुवाछुतमुक्त राष्ट्रको रुपमा घोषणा गरेतापनि पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन । अझै पनि यो समुदाय सार्वजनिक स्थान, मठ-मन्दिर, पाठशाला, धारा, कुवालगायतका ठाउँमा जान कथित तल्लो जातिको आरोपमा निर्वाध रुपमा प्रवेश गर्नबाट बञ्चित हुनु परेको छ । अन्तर्जातीय विवाह गर्दा समाजबाट बहिष्कार हुनुपर्ने, शारीरिक तथा मानसिक यातना, सामाजिक हिंसा भोग्नुपर्ने अवस्था छ । समाजमा जातीय विभेद निर्मूल हुन सकेको छैन ।[८७] विगतमा भन्दा भेदभावको अवस्था कम भए पनि अझै पनि जातीय आधारमा हुने भेदभाव कायमै रहेको छ । वादीहरूलाई छुन नहुने जातिका रुपमा व्यवहार गरिन्छ । शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी रुपमा छुवाछुत रहेको छ । वादीसँग उपल्लो जातकाले विवाह गर्न पाइदैन तर वादी महिलासँग शारीरिक सम्बन्ध राख्न भने निषेध छैन ।[८८]

स्थलगत अध्ययनबाट छुवाछुत र भेदभावको अवस्था पहिले भन्दा धेरै नै घटेको छ । तर, निर्मूल भने हुन नसकेको देखिन्छ । जातीयता र भेदभाव रहेको तथा दलितभित्र पनि यसलाई झन विभेद गरिने र वादी समुदाय दलितभित्र पनि दलितको रुपमा रहेको छ भन्ने पनि वादी समुदायका व्यक्तिहरूको अनुभूति छ ।[८९]

वादी समुदाय हालसम्म पनि सामाजिक सास्कृतिक विभेदबाट मुक्त हुन सकेको छैन । सरकारले विभिन्न समयमा छुवाछुत र जातीय विभेदलाई समाजिक अपराधको रुपमा लिई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेता पनि दलित र दलितभित्रको पनि दलित वादी समुदायमाथि विभेद कम भएको महसूस गर्न सकिएको छैन । अझै पनि यो जाति सार्वजनिक स्थलहरूमा वञ्चित छन् । अन्तर र आन्तरिक (दलित भित्र नै) जातीय विवाह समाजवाट स्वीकार्य छैन । शारीरिक तथा मानसिक यातना, समाजिक हिंसा भोग्नु पर्ने अवस्था छ । एक अध्ययनले के देखाएको छ भने ५६ प्रतिशत वादी समुदायले आन्तरिक विभेद सहनु परेको छ त्यसैगरी २४ प्रतिशत वादी समुदायले सार्वजनिक स्थानमा विभेद गरिएको छ । यसरी हेर्दा वादी समुदाय दलित भित्रको पनि दलित भएकै कारण दलित समुदायभन्दा पनि झन पीडामा रहेको प्रष्ट देखिन्छ । वादी समुदायले सास्कृतिक र धार्मिक रुपमा हिन्दू धर्म र सोसँग सम्वन्धित सस्कृति अपनाउने र नेपाली भाषा बोल्ने गर्दछन् । वादी समुदायमा पितृसत्तात्मक समाजिक संरचना भएको हुँदा वादी महिलाको अवस्था झन दयनीय रहेको छ ।[९०]

जाजरकोटमा पहिले जस्तो छुवाछुत भेदभावको अवस्था पनि केही परम्परागत सोचाइका मानिस सँग यदाकदा मनमुटाव हुने गरेको देखिन्छ । दाङ्गमा पनि यो घटेको त देखिन्छ तर हटेको भने पाइदैन । सल्यान र सुर्खेतमा छुवाछुत धेरै नै हटेको भन्ने जानकारी प्राप्त भएको छ ।

## ९.१३ यौन व्यवसायमा संलग्नताको वर्तमान अवस्था

भूरेटाकुरे राज्य व्यवस्था रहँदासम्म वादीहरू सामाजिक पहिचानमा कलाकार वर्ग नै रहे तापनि राजा रजौटा प्रथाको समाप्तिपश्चात भने कलाकारको रुपमा त्यो दरबारिया र संभ्रान्त संस्कृतिका

८७ http://www.peace.gov.np/downloadfile/Badi_1354165536
८८ Cox, Thomas (1990) the Badi: Prostitution as a Social Norm among an Untouchable Caste of West Nepal.
८९ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनका सहभागीहरूसँग गरिएको अन्तरक्रियामा प्राप्त जानकारी
९० स्थलगत अध्ययनका क्रममा शुकलाल नेपाली, निर्मल वादीलगायतका वादी अभियन्ताहरुको भनाई ।

अभिन्न अङ्गको रुपमा संरक्षित र सम्मानीत ती वादी चेलिबेटीहरू कालान्तरमा आफ्नो भरणपोषणकै लागि वेश्यावृत्तितर्फ उन्मूख भएको देखिन्छ । जमीनदारी प्रथा रहँदासम्म वादी चेलीबेटीहरू ठूलाठूला समान्तीहरूको रखौटीको रुपमा रही नियन्त्रित मात्रामा वेश्यावृत्ति गर्ने गरेको भए तापनि तत्पश्चातको आर्थिक तथा सामाजिक उथुलपुथुलबाट उनीहरू पनि प्रभावित भए, मनग्य भरणपोषण दिनसक्ने सामन्त र संभ्रान्तहरू प्रायः समाप्त भएपश्चत भने वादी चेलिबेटीहरू सर्वसुलभ वेश्याको रुपमा सार्वजनिक हुन विवश भएका हुन र वेश्यावृत्ति नै उनीहरूको एकमात्र वृत्तिको रुपमा चल्दै गरेको हो भन्ने गरिन्छ । वादी समुदायका महिलाहरूलाई विगतमा पारिवारिक रूपमा नै देहव्यापारमा लगाइन्थ्यो । यौन सम्पर्क योग्य उमेर पुगेपछि एउटी चेलीले आफ्नो विज्ञापन स्वरुप नथिया लगाउनु पर्ने चेलीका आमाबुवा तथा अन्य अभिभावकहरू स्वयम्ले  नै उनको लागि ग्राहकको खोजी गर्ने र निजका अभिभावकहरूले तोकेको मोटो रकम मनग्य गरहगना र उपहार आदि दिनसक्ने ग्राहकले मात्र उसको कौमार्य भंङ्ग गर्न पाउने अर्थात नथुनी खोल्ने र नथुनी खोलेपछि मात्र ती चेली सर्वसुलभ वेश्याको पहिँचानमा सार्वजनिक हुनुपर्ने कुप्रथा चलेको र त्यो कुप्रथा वादी समुदायमा इतिहासको लामो कालखण्डसम्म तीव्र प्रचार प्रसारमा रहेको पाइन्छ ।[९१]

हाल पनि केही वादी महिलाहरूले उक्त पेशालाई निरन्तरता दिएको भनिन्छ । यो अवस्थामा वादीहरूको क्रान्तिकारी परिवर्तन नभए पनि उनीहरूको जीवन शैलीमा परिवर्तन आएको पाइन्छ। घुमन्ते जीवनबाट उनीहरू घरमा बस्नु पर्दछ भन्ने सोचमा पुगेको अवस्था छे। केही वादी परिवारहरू आफ्नो सीप, कला र इलम गरेर परिश्रम गर्न थाले पनि केही परिवार भने यौन शोषणलाई नै पेशाको रुपमा अंगालेर वसेको अवस्था हो ।[९२] एक दशकअघि भएको अनुसन्धानअनुसार करीब छ प्रतिशत वादी परिवारले यौन पेशा अपनाएको पाइयो । वाध्यात्मक यौन पेशा अपनाउनेहरूमा अधिकांश निरक्षर रहेका छन् । यिनीहरूले त्यस पेशाबाट १ जनादेखि ५ जनासम्मको परिवारको भरणपोषण गर्ने गरेको  देखिन्छ र उनीहरूले आर्थिक विपन्नताको कारण बाध्य भएर लाग्नु परेको तथ्याङ्क रहेको थियो ।[९३] सरकारले  २०६५ सालमा वादी समुदायका महिलालाई यौनशोषण मुक्त र पुनःस्थापनाको घोषण गरे पनि अहिलेसम्म त्यसको कार्यान्वयन हुन सकेको छैन। वादी समुदायका महिलाले २०६४ भदौ १ देखि ४८ दिनसम्म अधिकारका लागि सिँहदरबार पश्चिम ढोका अगाडि अर्धनग्न जुलुस निकालेर संघर्ष गरेपछि २०६५ पुस २३ गतेको मन्त्रिपरिषद्को निर्णयले वादी महिलालाई यौनशोषणमुक्त र पुनःस्थापनाको घोषणा गरेको थियो । घोषणा भएको आठ वर्ष बितिसक्दासमेत त्यसको कार्यान्वयन नहुँदा वादी समुदायले समस्या भ्mेल्दै आएका छन्। पुनःस्थापना नहुँदा अहिले पनि कतिपय वादी समुदायका महिलाले जीविकोपार्जनका लागि लुकीछिपी देह व्यापार गर्न बाध्य भएको अधिकारकर्मीहरूको भनाई छ ।[९४]

नेपालका अल्पसंख्यक वादी समुदायका महिलाहरू धेरै अघिदेखि देह व्यापारमा छन् । यो समुदायका

९१ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यन्वयनको अवस्था विषयक कार्यपत्र(अप्रकाशित)

९२ उही

९३ http://www.peace.gov.np/downloadfile/Badi_1354165536

९४ https://www.kantipath.com/pv/news/3062

सदस्यहरू अन्य ठाउँमा काम गर्न जाँदा परम्परागत पेशाको कारणले भेदभावको सामना गर्नुपर्ने गुनासो गर्छन् । सरकारले वादी समुदायका गरीव र बेरोजगार सदस्यलाई सहयोग गर्ने उद्देश्यले प्रत्येक वर्ष केही बजेट छुट्याउँदै आएको छ । तर, यो समुदायका केही सदस्यहरू यसरी छुट्याइएको बजेट घट्दै गएको कारण थुप्रै वादी महिलाहरू जीविकोपार्जनका लागि यौन पेशामै रहन बाध्य भएको बताउँछन् ।केही वादी महिलाले सरकारले आफ्नो लागि रोजगारीको अवसर प्रदान गर्ने आशामा यौन पेशा छाडे तर तिनीहरूको संख्या देह व्यापार गरिरहेका महिलाभन्दा थोरै रहेका छन् ।कारबाहीको डरले केहीले लुकिछिपी देह व्यापार गर्ने हुँदा यौन व्यवसाय गरिरहेका वादी महिलाहरूको अनुमानित संख्या भन्न गाह्रो छ ।[९५]

स्थलगत अध्ययनका क्रममा वादी महिलाका यौन व्यवसाय न्यूनीकरण भएको र नगन्य मात्रामा अहिले पनि रहेको छ। तरिका र स्वरूप बदलिएको छ भन्ने वादी समुदायका व्यक्तिहरूबाट जानकारी प्राप्त भएको छ । उनीहरू भन्छन् पहिले घरमा थियो भने अहिले बाहिर गएर गर्छन । वादी समुदायका महिलाहरूलाई वम्वई, दिल्ली र मेरेट भन्ने ठाउँमा लगिएको छ । त्यसलाई रोकिनु पर्दछ भन्ने पनि उनीहरूको भनाई रहेको छ ।[९६] सल्यान र सुर्खेतमा विगतमा यौन व्यवसायमा रहेकाहरू पनि सामान्य अवस्थामा समाजमा नै रहेर बसेका र विगतको जस्तो यौन व्यवसायमा संलग्न नरहेको जानकारी पाइयो । जाजरकोटमा हाल यौन व्यवसायमा संलग्नता नरहेको तर समाजमा रहेका अन्य समुदायले अहिले पनि यौन व्यवसायमा संलग्न भएकै जस्तो सोचाई राख्ने गरेका र अन्य समुदायका मानिसले वादी समूहका आर्थिक अवस्था कमजोर भएका केही चेलीवेटीलाई ललाई फकाई गरी गर्भवती बनाई भाग्ने गरेका भन्ने जानकारी प्राप्त भएको छ ।

दाङ्गमा हाल यौन व्यवसाय वादीले गर्ने नगरेको, तर कतिपय यौन पेशाका लागि जाने भारतको मुम्बई मद्रासतिर जाने गरेको पाइयो । बाँके र बर्दिया जिल्लामा विभिन्न कारणले गर्दा विगत दुई दशक यता वादी जातिमा रहेको यौन व्यवसाय पूर्णरुपमा नियन्त्रण नभएता पनि यसमा भने कमी आईरहेको छ । शिक्षाको अवसर पाएका युवा पुस्ताहरू यौन व्यवसायभन्दा अन्य व्यवसायतर्फ आकर्षित भइरहेका छन् । राज्यको बेवास्ता र वादी परिवारको कमजोर आर्थिक अवस्थाका कारण केही स्थानहरूमा अझै पनि यौन व्यवसाय सञ्चालनमा नै देखिन्छ ।

बर्दियाको राजापुर, कैलालीको सत्ती मुढामा अझै पनि यौन व्यवसाय भैरहेको छ । हाल आएर नेपालभित्रको वादी समुदायमा यौन व्यवसायमा कमी आएता पनि भारतको बेश्यालमा गएर यौन व्यवसाय गर्ने अभ्यास शुरु भएको छ । यो अभ्यास स्वास्थ्य र सुरक्षाको पक्षबाट खतरा हो भने राष्ट्रिय सम्मानको दृष्टिले निकै गम्भीर विषय पनि हो । यो अभ्यासले वादी समुदायमा साना उमेरका अबोध वालिकाहरूको जीवन खतरामा रहेको छ । नेपालभित्र वादी समुदायमा हाल आएर यौन व्यवसायमा कमी आएता पनि बिगतमा संलग्न पूर्व यौनकर्मी महिला र उनका परिवारको उचित पुनर्स्थापना नहुँदा अझै पनि ती परिवारहरूले कानूनी तथा आर्थिक समस्याहरू भोगिरहेका छन् । यिनै परिवारहरू

९५ https://globalpressjournal.com/asia/nepal/despite-promises-aid-sex-workers-struggle-leave-industry-nepal/ne/ हेरिएको २०७४।१२।२८

९६ २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनका सहभागीहरूसँग गरिएको अन्तरक्रियामा प्राप्त जानकारी

नै सीमापारिको यौन व्यवसायमा संलग्न भैरहेका छन् । वादी समुदायले नेपाल सरकार समक्ष वादी समुदायमा रहेको यौन व्यवसायको अन्त्यको लागि बिभिन्न समय चरणमा आफ्ना मागहरू राख्ने क्रममा २०६५ साल पुस २३ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको नेतृत्वमा बसेको नेपाल सरकार मन्त्री परिषदको बैठकले वादी समुदाय यौन शोषणमुक्त समुदाय भनेर घोषणा गरेको छ। तर नौ वर्ष बितिसक्दा पनि नेपाल सरकारको तर्फवाट वादी समुदायमा विद्यमान यौन व्यवसायलाई निर्मुलीकरणको लागि आवश्यक कानून र एकिकृत पुर्नस्थापना कार्यक्रमको अभावमा सो घोषणा कागजमा मात्र सीमित रहेको छ भन्ने स्थानीय वादी अभियन्ताहरूको भनाई छ।

आयआर्जन गर्ने कुनै अवसर नपाएपछि कैलाली जिल्लाका वादी समुदायका कतिपय महिला भारतका शहरमा गएर देह व्यापारमा लाग्न थालेका छन् । वादी समुदायका महिलाले जीविकोपार्जनका लागि बाध्यात्मक रुपमा यौन पेसा गर्दै आएकोमा सरकारले २०६५ मा यो समुदायले यौन पेसा गर्न नपाउने भन्दै त्यसको अन्त्यको घोषणा गरेको थियो । गाँस, बास र कपासको उचित व्यवस्था गर्न माग गर्दैकाठमाडौँमा वादीद्वारा गरिएको आन्दोलनको फलस्वरुप सरकारले यौन पेसाको अन्त्यको घोषणासहित उनीहरूको पुनःस्थापना गर्ने प्रतिबद्धता गरेको थियो। यौन पेसाको अन्त्यको घोषणा गरिएको भए पनि उनीहरूको उचित पुनःस्थापनाको व्यवस्था हुन नसक्दा अहिले कतिपयले विभिन्न बहानामा भारतमा गई देह व्यापार गर्ने गरेको पाइएको वादी समुदायका अगुवा बताउँछन् । यो समुदायका युवती तथा महिलालाई उनीहरूकै आफन्तले भारतमा लगेर देह व्यापारमा लगाउँछन । यौन पेसाको अन्त्यको घोषणापछि प्रभावकारी रुपमा वादीको पुनःस्थापना लगायतको व्यवस्था हुन नसक्दा कतिपय वादी युवती तथा महिला भारतमा गएर देह व्यापारमा लाग्न बाध्य भएका हुन् ।[९७]

## ९.१४ सीमाबाहिर वादीहरू जाने गरेको अवस्था र कारण

केही वर्ष पहिलेको अनुसन्धानअनुसार वादी समुदायका व्यक्तिहरू रोजगारीको क्रममा भारत बाहेक अन्य मुलुकमा जानेको संख्या न्यून रहेको छ। यसरी रोजगारीको लागि स्वदेश तथा विदेशमा जाने घरमूलीमा पुरुष ८० प्रतिशत र महिला २० प्रतिशत रहेको पाइन्छ भने ११ जिल्लाबाट लिइएको सर्भेक्षणअनुसार वादीहरूको कूल जनसंख्या ८३४१ मा महिला ६०० र पुरुष ५६१ अर्थात ५२ प्रतिशत र ४८ प्रतिशत संख्या भारतको विभिन्न शहरमा ज्याला मजदूरीमा जाने गरेको पाइएको थियो ।[९८] हालैको एक कार्यपत्रअनुसार झण्डै ५३.९५ प्रतिशत वादीहरू कामको खोजीमा देशभित्र भौतारी रहेको देखिन्छ भने ८ प्रतिशत वादीहरू देशभन्दा वाहिर विशेष गरी भारतमा कामको खोजीमा गएको पाइन्छ। त्यसमध्ये पनि ८ प्रतिशत ५ वर्षदेखि १७ वर्षका वालक रहेको देखिएको छ ।[९९]

स्थलगत अध्ययनबाट सल्यानमा आफ्ना परिवार केटाकेटी पाल्नका लागि देशभन्दा बाहिर कतार, साउदी अरबलगायत भारततर्फ जाने गरेका, सुर्खेतमा कतार, कुवेत, मलेसियामा बैदेशिक रोजगारीमा ७ जना महिला गएका । पुरुषभन्दा बढी महिला जाने गरेका छन् । जानुको उद्देश्य जीविका चलाउनको लागि नै

९७ http://www.dainiknepal.com/2014/09/21955

९८ http://www.peace.gov.np/downloadfile/Badi_1354165536

९९ दाङमा २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यन्वयनको अवस्था बिषयक कार्यपत्र(अप्रकाशित)

हो भन्ने उनीहरूको भनाई रहेको पाइएको छ । जाजरकोटमा न्यून आर्थिक अवस्थाका कारण भारत, जाने गरेको पाइयो । दाङ्गमा यौन पेशाका लागि भारतको मुम्बई मद्रासतिर जाने गरेको पाइएको छ । कैलाली जिल्लामा वादी समुदाय छिमेकी मुलुक भारत भन्दाा अन्य कुनै सीमा बाहिरको देशमा जाने गरेको पाइदैंन ।

## ९.१५ द्वन्द्वले वादीहरूमा परेको प्रभाव

स्थलगत अध्ययनबाट द्वन्द्वले दाङ्गमा जातीय भेदभाव घटाउन र यो समुदायको चेतनाको स्तर बढाएको तथा यौन पेशा हटाउन पनि भूमिका रहेको सकारात्मक पक्ष एकातर्फ देखियो भने अर्को तर्फ मादल बनाउने माछा मार्ने जस्ता पेशामा समस्याहरू परेको र द्वन्द्वकालमा माओवादीको आरोपमा राज्य र द्वन्द्वरत पक्षबाट वादी पीडित बन्ने गरेको समेत पाइएको छ । सल्यान र सुर्खेतमा द्वन्द्वले नकारात्मक असर नगरेको बरु छुवाछुत र भेदभावको अवस्था अन्त्य गर्नमा योगदान गरेको भन्ने उनीहरूको भनाई रहेको छ । जाजरकोटमा दश बर्षे जनयुद्धको बेला वादी समुदायका दुई जना मानिस मरेका, युद्धको बेला थुप्रै चेलीवेटी बलात्कारको शिकार भएका र वादी समुदायका भएका कारण माओवादी ठानी कुटपीट गर्ने, ज्यानको धम्की दिने, दमन गर्ने, हप्की खेप्नु परेको भन्ने जानकारी प्राप्त भएको छ । कैलाली, बाँके तथा बर्दियामा पनि सशस्त्र द्वन्द्वले वादी समुदायको प्रत्यक्ष रुपमा असर नपारेता पनि त्यसको प्रभाब भने परेको पाइयो ।

जाजरकोटमा द्वन्द्वकालमा सुरक्षाको कारण २०५६ तिर विस्थापित भएका यहाँका वादी समुदायलाई स्थापित गर्न माग गरिएको छ । देशबाहिर विस्थापित भएका ६० घरभन्दा बढी वादी परिवारलाई स्वदेश फर्काउन माग गरिएको हो । जाजरकोट तथा रुकुमका विभिन्न ठाउँबाट ६० घरभन्दा बढी वादी परिवार सुरक्षा नपाएको भन्दै जीवन बचाउन भारतमा विस्थापित भएका थिए । आफ्नो स्थायी बसोबास नभएका वादी समुदाय माछा मारेर दैनिक जीविका सञ्चालन गर्दै आएका थिए । द्वन्द्वकालमा माछा मारेर दैनिकी टार्ने वादी सुरक्षाको प्रत्याभूति नभएको भन्दै भारतका विभिन्न ठाउँमा गएर मजदूरी गरी परिवार पालेर बसेको वादी अधिकारीकर्मी मधु वादीले जानकारी दिए । नेपालमा शान्ति प्रक्रिया शुरु भई देशमा नयाँ संविधान आउँदासम्म विस्थापित वादी आफ्नो थातथलोमा नफर्केपछि उनीहरूलाई फर्काउन पहल गर्न थालिएको मधुले जानकारी दिए । विस्थापित हुनुअघि उनीहरू पिपे, रिम्ना, दल्ली, कालीमटी, दशेरा, राडीलगायतका ठाउँमा वादी बस्दै आएका थिए भन्ने जानकारी पाइयो ।[१००]

## ९.१६ वादीहरूप्रति यातना र अपमानको अवस्था रहे नरहेको

अहिले छुवाछुतको विरुद्धमा नेपाल सरकारले संवैधानिक र कानूनी  व्यवस्थाहरू गरेको छ  यसले दलित समुदायलाई सम्मानीत जीवन जिउन केही सहज बनाएको छ । तर दलित समुदायभित्रको वादी समुदायलाई यत्तिले मात्रै नपुगेको अवस्था छ । गरीवी र उत्पादनका साधनमा पहुँच नभएर सम्मानीत जीवन जिउन त पाएका छैनन् नै, उनीहरूसँग जोडिएको अर्को विषय हो देह व्यापार । केही समय अगाडिसम्म वाध्यात्मक देह व्यापारको अवस्था थियो, अहिले त्यसलाई छोडेर वैकल्पिक पेशामा जाँदा पनि समाजले राम्रो दृष्टिकोणवाट हेर्दैन । केही वर्ष अगाडि एउटी वादी महिला वलात्कृत भएर प्रहरीमा

१०० http://ktmkhabar.com/bisthapit-badi-news-from-ktmkhabar

उजूरी गर्न जाँदा प्रहरीले उजूरी नै नलिएको र नलिनुको कारण वादी महिला वलात्कृत हुन सक्दैनन किनभने उनीहरूको पेशा नै देह व्यापार हो भन्ने थियो । [१०१]

स्थलगत अध्ययनबाट सल्यान, सुर्खेत र जाजरकोटमा राज्यले लिएको छुवाछुतविरुद्धको नीति, समाजमा चेतना र शिक्षाको विकासले वादीहरू प्रति गरिने यातना तथा अपमानको अवस्था पहिले जस्तो नरहेको तर यदाकदा अझै पनि अपमान रहेको अवस्था छ भन्ने जानकारी प्राप्त भएको छ । दाङ्गमा अहिले अपमानजनक व्यवहार घटेको भए पनि हटिसकेको अवस्था छैन । वादी भएकै कारण अहिले यातना त छैन । तर वादीप्रतिका धारणा प्रहरी तथा सरकारी अधिकारीको नकारात्मक दृष्टीकोण रहेको र तदनुरुप व्यवहार गर्ने गरेको भन्ने वादी समुदायको गुनासो रहेको पाइन्छ । वादीले गैर दलितको छोरी लग्यो भने आक्रमण यातना दिने हातपात गर्ने, पिट्ने, सामाजिक हिंसा गर्ने गरेको र न्याय दिने क्षेत्रका मानिसको वादी गल्ती गर्ने समुदाय हुन भन्ने गलत धारणा छ र प्रहरीलगायत सरकार संस्थाको राम्रो व्यवहार छैन भन्ने वादी समुदायका व्यक्तिहरूको भनाई रहेको पाइन्छ । बाके र बर्दियामा पनि वादी समुदायका मानिसहरूले समाज र राज्यबाट मनोवैज्ञानिक रुपमा यातना तथा अपमान भोगिरहेका छन् । कैलाली जिल्लामा पनि  यातना दिने दण्डित गर्ने अवस्थामा केही मात्रामा सुधार आए पनि समाजमा अपमानित भएर बस्नुपर्ने वाध्यता वादी समुदायमा विद्यमान रहेकै छ ।

## ९.१७ वादीहरूको समग्र मानव अधिकारको अवस्था

मानव अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक र जन्मसिद्ध अधिकार हो । तर, एकदमै कमजोर, सीमान्तकृत र पछाडि परेको वर्गको रुपमा रहेको वादीहरूको मानव अधिकारको अवस्था नाजुक रहेको छ । संविधान र कानूनले समानताको हकको सुनिश्चितता गरेको भए पनि उनीहरू आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक सबै अधिकारहरूको व्यवहारतः प्रत्याभूत हुन सकेको छैन । स्थलगत अध्ययनबाट यो समुदायमा मानव अधिकार भनेको के हो भन्ने पनि ज्ञान छैन । असमानता र भेदभाव कायमै छ । शिक्षा र रोजगार अवस्था पनि कमजोर रहेको छ । राजनीतिक पहुँच आदिमा कमजोर स्थिति रहेको, न्यून् आर्थिक अवस्था, गाँस बास कपास जस्ता न्यूनतम् आवश्यकता पनि पूरा गर्न नसक्ने अवस्था रहेको छ । बाके र बर्दिया जिल्लामा समेत वादी समुदाय आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक तथा शैक्षिक रुपमा निकै पछाडि पारिएका छन् । सबै पक्षबाट कमजोर भएकोले वादी समुदायको मानव अधिकारको अवस्था निकै दयनीय रहेको पाइयो । कैलालीका वादीहरू राज्यले वादी समुदायको हक अधिकारका लागि विभिन्न नियम कानून निर्माण गरेको पाइएता पनि तिनको अक्षरसः पालनाको अभावमा वादी समुदाय आफ्नो अधिकार उपयोग गर्नबाट बञ्चित रहेको भनाई रहेको देखियो ।

## १० वादी समुदायका समस्याहरू

वादी समुदायका व्यक्तिहरू सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक आदि विभिन्न रुपमा कमजोर अवस्थामा रहेका छन् । वादी जातिको सन्दर्भमा धेरैजसो मानिसहरू यस समुदायमा महिलाहरू बाध्यतावश संलग्न हुने गरेको यौन व्यापारसँग जोडी यही मात्र समस्या हो कि भन्ने ठान्दछन् ।

१०१ दाङमा २०७४ फाल्गुण ७ देखि ९ गतेसम्म भएको वादी महिलाको पाँचौ राष्ट्रिय सम्मेलनमा वादी महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका लागि राज्यले अवलम्बन गरेका व्यवस्था र कार्यान्वयनको अवस्था विषयक कार्यपत्र(अप्रकाशित)

राज्य तहबाट पनि यही सोचाइ छ । राज्यले समस्या नै पहिचान गरेको छैन भन्ने वादी समुदायका अभियन्ताहरूको आरोप पनि रहेको छ । वादी जातिको समस्याको बारेमा राज्य, समाज र वादी समुदाय बीचको बुझाईमा ठूलो भिन्नता रहेको छ । यस जातिमा प्रचलित यौन व्यवसाय असर हो । तर, यसको कारण र यस समुदायको समस्या भनेको  आर्थिक विपन्नता र अस्पष्ट कानूनी व्यवस्था, शिक्षा, शक्ति र सम्पत्तिवाट बञ्चितीकरण हो भन्ने यस समुदायका व्यक्तिहरूको ठम्याई रहेको छ । वादी समुदाय पछाडि पर्नाको अन्य कारणहरूमध्ये उत्पादनका साथै राज्य र समाजसँग वादी समुदाय जोडिन नसक्नु हो र यस समुदायका मूलभूत समस्याहरूमा भूमिहीनता, अशिक्षा, बेरोजगारी, राजनीतिक तहमा ज्यादै न्यूनसहभागिता तथा प्रतिनिधित्व र आत्मसम्मानसहितको जातीय पहिँचान नै यो समुदायका समस्याहरू हुन् भन्ने वादी समुदायका अभियन्ताहरूको दृष्टिकोण रहेको पाइन्छ। अध्ययनबाट पहिचान भएका वादी समुदायका समस्याहरू देहायबमोजिमको वुदाहरूमा उल्लेख गरिएको छ :-

- वादी समुदायका व्यक्तिहरूको समग्र मानव अधिकारको अवस्था कमजोर रहेको छ । मानव अधिकारकै बारेमा पनि कैयौं वादी समुदायका व्यक्तिलाई जानकारी नरहेको,
- राज्य तहबाट संविधान र कानूनले व्यवस्था गरेका हक अधिकार तथा आवधिक योजनामा उल्लेख भएका रणनीति तथा सोचलगायतका व्यवस्थाहरू वादी समुदायका हकमा समुचित रुपमा कार्यान्वयन हुन नसकेको,
- वादी समुदाय आर्थिक सामाजिक, राजनीतिक, शैक्षिक विभिन्न दृष्टिकोणबाट पछाडि परेको वर्ग भएकाले यो वर्ग राज्यबाट सामाजिक न्यायको हकदार भए पनि अपेक्षाकृत रुपमा सामाजिक न्याय प्राप्त गर्न नसकेको । वादी समुदायका बालबालिकाको अध्ययनको समुचित प्रवन्धका लागि यस समुदायलाई केन्द्रित गरी शैक्षिक क्षेत्रमा लगानी कम रहेको, गाँस, बास कपास, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत कुरामा समेत राज्यको खासै भूमिका निर्वाह हुन नसकेको,
- वादी समुदायको आफ्नो स्वामित्वमा जग्गा जमीन नहुनु यो वर्गको एक प्रमुख समस्या हो । यिनीहरूको बसोवास पनि नदी किनाराका ऐलानी जग्गाहरूमा नै बढी रुपमा रहेको अवस्था हो । परम्परागत रुपमा खेतीपाती गर्नु पाप हो र वादीले टेकेको माटोमा फल्दैन भन्ने गलत धारणा र अन्धविश्वास कायम थियो । वादी समुदायको भूमिको अवस्था कमजोर भएको समेतका कारण खाद्यान्न, खानेपानी र व्यवस्थित आवासको समस्या रहेको,
- वादीहरूमा चरम गरीवी छ र यो गरीबीका कारण वादीको जीवनस्तर तथा मानव अधिकारमा प्रतिकूल प्रभाव परेको,
- आय आर्जनका कारण वादी समुदायका बालवालिकालाई पढाउन लेखाउन अध्यापि समस्या रहेको । यसरी नै वादी समुदायको आर्थिक अवस्था कमजोर भएको कारण ठूलो रोग लागेमा उपचार गराउन नसक्ने अवस्था रहेको,
- वादी समुदायका सन्तानले नागरिकता प्राप्त गर्ने कुरामा अहिले पनि समस्या रहेको छ । सर्वोच्च अदालतको आदेश पछि संविधान र कानूनतः आमाको नामबाट नागरिकता पाउन

सकिने भए पनि व्यवहारतः अहिले पनि समस्या नै रहेको,

- वादी समुदायका परम्परागत व्यवसायहरू विस्थापित भइरहेको र उनीहरूको अध्ययन आदिका कारणले रोजगारीको समस्या रहेको । सीपयुक्त तालिम, रोजगारीको सिर्जना जस्ता कुरामा खासै व्यवस्थित कार्यहरू हुन नसकेको,
- वादी जातिको समस्याहरूका सम्बन्धमा धेरैतिरबाट अध्ययन र चासो राखिने भएको भए पनि समस्याको संबोधन हुन नसकेको,
- वादीहरूका परम्परागत सीप (मादल बनाउने, हसिँया, चुपी आदि बनाउने लोप हुँदै जानु, नदीमा माछा पाइन छोड्नु, अन्य काम गर्न सीप नहुनु, भएका सीपहरूको प्रयोग गरी व्यवसाय सञ्चालन गर्न आर्थिक अवस्था कमजोर हुनु जस्ता कारणले वादीहरूको रोजगारको अवस्थामा समस्या परेको,
- सबै वादी समुदायको निःशुल्क स्वास्थ्य वीमा नहुनु औषधी उपचारसहित, निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन नहुनु, पाठ्यपुस्तक र किताब कापी उपलब्ध नहुनु, बालबालिकाको लागि एकृकित होस्टेलको व्यवस्था नहुनु र उत्पादनका साधनहरूमा वादीहरूको पहुँच नहुनु,
- वादी समुदाय जातीय आधारमा छुवाछुत, भेदभाव, बहिष्करण र बञ्चितीमा पर्नु । अझै पनि वादी समुदायलाई समाजबाट हेर्ने दृष्टिकोण नकारात्मक रहनु । वादी समुदायका व्यक्तिहरू अझै पनि समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना हुन नसकेको ।
- देहव्यापारमा लागेका तथा एकल वादी महिलाहरूलाई राज्यवाट देहव्यापार उन्मूलनको घोषणा भए पनि पुनर्स्थापनाका कार्यक्रमहरू ल्याउन नस्कनाले उनीहरूको दैनिक जीवन गुजारामा समस्या पर्नु र कतिपयले लुकिछिपी सो पेशा पुनः अपनाउन बाध्य हुनु । यौन व्यवसायमा संलग्न भएका र रहेका वादी महिलाहरू र उनीहरूबाट जन्मेका बालबालिकाहरूको व्यवस्थित पुर्नस्थापना हुन नसकेको । वादी महिलाहरूको देहव्यापार धेरै हदमा हटेको भए पनि यद्यपि पूर्ण रुपमा हट्न नसकेको र त्यसको स्वरुपमा परिवर्तन भएको,
- वादी समुदायको उत्थान र विकासमा राज्यबाट अत्यन्त कम लगानी हुनु,
- वादी विकास गुरु योजनाको निर्माण हुन नसक्नु,
- वादी समुदायका व्यक्तिहरूको वास्तविक जनसंख्या राज्यसँग नहुनु,
- वादी समुदायको विकासका लागि कुनै ठोस कार्यक्रम नआउनु ,
- वादी समुदायमा रहेको अन्तर्निहीत क्षमता प्रतिभालाई पनि वादी समुदायले व्यक्त अवसर नपाउनु, परम्परागत पेशा व्यवसाय सुचारु गर्ने वातावरण नहुनु र वादी समुदायको इतिहास, राम्रो संस्कृति, सीप, कलाको आधुनिकीरण र त्यसको संरक्षणको व्यवस्था हुन नसकेको,
- नेपाल सरकार र वादी समुदायबीच भएका सम्झौताहरू, अध्ययन कार्यदलले तयार गरेका प्रतिबेदनहरू, सम्माननीय अदालत आदेश कार्यान्वयन हुन नसकेको,
- बादी समुदायका महिलाले भोग्नु परेको दोहोरो जातीय भेदभाव, यौन हिंसा, उत्पीडन र पीडाको अन्त्य गर्न राज्यबाट विशेष उपाय अबलम्बन गरिनुका साथै कानूनको कडा रुपमा कार्यान्वयन हुन नसकेको,

- बादी समुदायको नेतृत्व बिकास र राज्यका बिभिन्न अंगहरूमा बादी समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न खासै कार्य हुन नसकेको,
- आर्थिक स्थितिमा सुधार गर्न र बादी समुदायको व्यवस्थित बसोबासको सुनिश्चितता नभएको ।
- सम्पूर्ण बादी समुदायका व्यक्तिहरूलाई बादी परिचयपत्र वितरण गर्न नसकिएको र बादी समुदायको लागि परिचय पत्रबमोजिम शिक्षामा, स्वास्थ्यमा, विद्युत महसूल, कर र यातायात क्षेत्रमा छुटको व्यवस्था जस्ता कार्य हुन नसकेको,
- राज्यद्वारा गठन गरिने बिभिन्न संबैधानिक निकाय, समिति, प्रतिष्ठान वा आयोगमा बादीहरूको प्रतिनिधित्व सुनिश्चित हुन नसकेको,
- वादी समुदायको अवकाशका लागि राज्य तहबाट जनता आवाश कार्यक्रम शुरूवात भए पनि यस कार्यक्रमबाट निकै कम परिवारमात्र लाभान्वित हुन सेकेको र सबै परिवारका हकमा यस कार्यक्रम अघि बढ्न नसकेको ।

## ११ वादी समुदायका समस्याहरूको समाधानका लागि सुझाव

वादी समुदायका व्यक्तिहरू अरु नागरिक सरह समान छन् । तर विभिन्न कारणले उनीहरूको अवस्था कमजोर रहेको देखिन्छ। त्यसैले उनीहरूका सम्बन्धमा देखिएका र पहिचान भएका माथिका समस्याहरू समाधानका लागि देहायबमोजिम सुझाव प्रस्तुत गरिएको छ :-

- वादी समुदायका लागि मानव अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू प्रवाह गर्नुका साथै राज्यले मानव अधिकारका हरेक पहलहरूमा वादीहरूलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने ।
- संविधान, कानून र आवधिक योजनामा उल्लिखित विषयलाई सक्रियतापूर्वक कार्यान्वयन र त्यसको अनुगमन तथा मुल्यांङ्कन समेत समय समयमा गर्ने ।
- वादी समुदायलाई राज्यवाट विशेष रुपमा सामाजिक न्याय प्रदान गर्ने दलित वर्गमध्ये पनि कमजोर वर्ग भएकाले सामाजिक न्यायको प्राथमिकतामा वादी समुदायलाई राख्ने । वादी समुदायका बालबालिकाको अध्ययनको समुचित प्रवन्धका लागि यस समुदायलाई केन्द्रित गरी शैक्षिक क्षेत्रमा लगानी कम रहेको, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत कुरामा विशेष रुपमा भूमिका निर्वाह राज्यबाट हुनुपर्ने ।
- वादी समुदायको आफ्नो स्वामित्वमा जग्गा जमीन नभएको, यिनीहरूको बसोवास पनि नदि किनाराका ऐलानी जग्गाहरूमा नै बढी रुपमा रहेको हुँदा यिनीहरूलाई भूमिको विशेष व्यवस्था, भूमिको स्वामित्व आफ्ना नाउँमा नभएको हुँदा लालपूर्जा उपलब्ध गाराउनेलगायत खाद्यान्न, खानेपानी र व्यवस्थित आवासको समुचित प्रवन्ध गर्ने ।
- आयआर्जनका लागि  सीपमूलक र बैकल्पिक रोजगारका प्रवन्धहरू यो समुदायका लागि उपलब्ध गराउने । गरीवी निवारणका परिणाममुखी कार्यक्रमहरू वादीहरूलाई लक्षित गरी कार्यान्वयन गर्नु बान्छनीय छ ।
- वादी समुदायका सन्तानले नागरिकता प्राप्त गर्ने कुरामा रहेको व्यवहारिक समस्यालाई राज्यका सरकारी संयन्त्रबाट सकारात्मक भूमिका निर्वाह गरी सहज र सरल तरिकाले प्रदान गर्ने ।

- वादीहरूका परम्परागत सीप (मादल बनाउने, हसिँया, चुपी आदि बनाउने लोप हुँदै जानु, नदिमा माछा पाइन छोड्नु, अन्य काम गर्न सीप नहुनु, भएका सीपहरूको प्रयोग गरी व्यवसाय संचालन गर्न आर्थिक अवस्था कमजोर हुनु जस्ता कारणले वादीहरूको रोजगारको अवस्थामा समस्या परेको देखिन्छ। वादी समुदायका यस्ता परम्परागत व्यवसायहरू पुनस्थापित गर्न तथा निरन्तरता दिन राज्यबाट उचित कार्यक्रमहरू गन सीपयुक्त तालिम, रोजगारीको सिर्जना जस्ता कुरामा खासै व्यवस्थित कार्यहरू गर्ने ।
- वादी जातिको समस्याहरूका सम्बन्धमा विभिन्न व्यक्ति, संस्था तथा नेपाल सरकारका निकाय वा स्थापित कार्यदलबाट भएका अध्ययनले सुझाएका सुझावहरूको कार्यान्वयन गर्ने ।
- सबै वादी समुदायका लागि निःशुल्क स्वास्थ्य वीमा, औषधी उपचारसहित, निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन, पाठ्यपुस्तक र किताब कापी उपलब्धता, बालबालिकाको लागि एकृकित होस्टेलको व्यवस्था र उत्पादनका साधनहरूमा वादीहरूको पहुँच बढाउने जस्ता कार्यक्रमहरूको कार्यान्वयन हुन आवश्यक देखिएको ।
- वादी समुदाय जातीय आधारमा छुवाछुत, भेदभाव, बहिष्करण र बञ्चितीमा परिरहेको अवस्था तथा अझै पनि वादी समुदायलाई समाजबाट हेर्ने दृष्टिकोण नकारात्मक रहेको र वादी समुदायका व्यक्तिहरूलाई अझै पनि समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना हुन नसकेको जस्ता समस्याहरू संवोधन गर्न यस्ता कार्य कानूनन् दण्डनीय भएकाले त्यस्तो कार्यमा शून्य शहनसीलता अपनाई कानूनको कार्यान्वयन गरी दोषीलाई दण्ड दिने ।
- देहव्यापारमा लागेका तथा एकल वादी महिलाहरूलाई राज्यवाट देहव्यापार उन्मूलनको घोषणा भए पनि राज्यबाट पुनर्स्थापनाका कार्यक्रमहरू कार्यान्वयन हुन नसकेको अवस्थालाई अन्त्य गर्नु पर्दछ। अन्यथा, दैनिक जीवन गुजारामा समस्या पर्दा  कतिपयले लुकिछिपी सो पेशा पुन अपनाउन बाध्य हुनु पर्ने अवस्था नरहला भन्न सकिन्न ।
- वादी महिलाहरूको देहव्यापार धेरै हदमा हटेको भए पनि यद्यपि पूर्ण रुपमा हट्न नसकेको र त्यसको स्वरुपमा परिवर्तन भएको देखिएकाले राज्यबाट विशेष रुपमा सचेष्टता अपनाउन र यसका लागि पुनर्स्थापनालगायतका लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन अपरिहार्य छ ।
- वादी समुदायको उत्थान र विकासका लागि राज्यबाट लगानीमा बढोत्तरी गर्न आवश्यक रहेको ।
- बादी समुदायको विकासका लागि कुनै ठोस कार्यक्रम नभएको सन्दर्भमा वादी विकास गुरु योजनाको निर्माण गरी कार्यान्वय गर्ने र यस्तो गुरु योजना तर्जुमा गर्दा वादीहरूको प्रतिनिधित्व र सहभागिता गराउने ।
- वादीहरूको सुधार र उनीहरूको विकासका सन्दर्भमा उनीहरूको जनसंख्या र अवस्थाबारे राज्यलाई सूचना आवश्यक पर्ने भएकाले वादी समुदायका व्यक्तीहरूको वास्तविक जनसंख्या र अवस्थाबारे राज्यले सूचना र तथ्याङ्क संकलन गर्नुपर्ने ।
- वादी समुदायमा रहेको अन्तरनिहीत क्षमता प्रतिभालाई वादी समुदायले मुखरित गर्ने अवसर सिर्जना गर्ने,  परम्परागत पेशा व्यवसाय सुचारु गर्ने वातावरण सिर्जना गने र वादी समुदायको

इतिहास, राम्रो संस्कृति, सीप, कलाको आधुनिकीरण तथा त्यसको संरक्षणको व्यवस्थाका लागि राज्यबाट ठोस कदम चालिनु पर्ने ।

- नेपाल सरकार र वादी समुदायबीच भएका सम्झौताहरू, अध्ययन कार्यदलले तयार गरेका प्रतिबेदनहरू,सर्वोच्च अदालत आदेश सरकारबाट कार्यन्वयन हुनुपर्ने ।
- वादी समुदायका महिलाले भोग्नु परेको दोहोरो जातीय भेदभाव, यौन हिंसा, उत्पीडन र पीडाको अन्त्य गर्न राज्यबाट विशेष उपाय अबलम्बन गरिनुका साथै कानून कडारुपमा कार्यन्वयन हुनपर्ने ।
- वादी समुदायको नेतृत्व बिकास र राज्यका बिभिन्न अंगहरूमा वादी समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ठोस र परिणममुखी कार्य हुनुपर्ने ।
- आर्थिक स्थितिमा सुधार तथा वादी समुदायको ब्यबस्थित बसोबासको सुनिश्चितताका लागि विशेष प्रबन्ध गर्ने ।
- सम्पूर्ण वादी समुदायका ब्यक्तिहरूलाई वादी परिचयपत्र वितरण गर्ने र वादी समुदायको लागि परिचयपत्रबमोजिम शिक्षामा, स्वास्थ्यमा, बिद्युत महसूल, कर  र यातायात क्षेत्रममा छुटको ब्यबस्था गर्ने ।
- राज्यद्वारा गठन गरिने बिभिन्न संवैधानिक आयोग, समिति, प्रतिष्ठान वा निकायमा वादीहरूको प्रतिनिधित्व सुनिश्चित गराउने ।
- वादी समुदायको आवासका लागि राज्य तहबाट जनता आवास कार्यक्रम शुरूवात भए पनि यस कार्यक्रमबाट निकै कम परिवारमात्र लाभान्वित हुन सकेको र सबै परिवारका हकमा यस कार्यक्रमलाई अघि बढाउने ।

## १२ अन्त्यमा

नेपालमा वादीहरूको ऐतिहासिक पक्ष र उनीहरूको उत्पत्तिका सम्बन्धमा यकीन तथ्याङ्क र अभिलेखको अभाव भए पनि नेपालको मध्य र सुदूरपश्चिममा शुरुका दिनमा बसोबास रहेको र अहिले देशका सबै जिल्लामा उपस्थित रहेको कुरा तथ्याङ्कहरूबाट देखिएको छ । यो समुदाय अल्पसंख्यक र सीमान्तकृत वर्गका रुपमा रहेको छ । गरीवी, अशिक्षा, पछौटे, भूमिहीनता जस्ता समस्याहरू यस समुदायले ब्यहोर्दै आएको पाइन्छ । मानव अधिकारका दृष्टिले पनि समग्रतामा वादी समुदायको मानव अधिकारको अवस्था नाजुक नै रहेको देखिन्छ । बिगत वादी महिलाहरू बाध्यात्मक रुपमा यौन व्यापारमा संलग्न रहने गरेको र यो खुलमखूल्ला रुपमा रहने गरेको २०६५ सालमा यसलाई राज्यको तहबाट निषेध गरिएको छ । तर, वादी महिलाहरूको पुनर्स्थापनाका नीतिहरू नेपाल सरकारबाट कार्यान्वयन नगरिँदा लुकिछिपी रुपमा यस पेशाहरू केही हदमा अझै पनि भइरहेको छ र यसको स्वरुपमा परिवर्तन भएको छ भन्ने जानकारवालाहरूको अनुभूति रहेको छ । जातीयताबाट गरिने भेदभाव, वञ्चिती र वहिष्करणमा पनि यो समुदाय परेको छ । यस समुदायका थुप्रै समस्याहरू छन् । ती सबै समस्याहरू संवोधन गरी राज्यले वादी समुदायको सम्मानीत रुपमा जीउन पाउने अधिकारको संरक्षण र प्रवर्द्धन गर्न जरुरी छ ।

राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्राज्ञिक अनुसन्धानस्वरूप गराइएको
अध्ययन प्रतिवेदनमा आधारित

# मानव अधिकार र स्वच्छ सुनुवाईको हकः एक अध्ययन

– संजीवराज रेग्मी


## सार संक्षेप

*स्वच्छ सुनुवाई न्याय प्रणालीको आधारभूत विषय हुनुका साथै व्यक्तिको मानव अधिकारको आधार भूत विषय पनि हो । अन्तर्राष्ट्रिय स्तरमा यससम्बन्धी थुप्रै सिद्धान्तहरू र मापदण्डहरू निर्माण भएका छन भने विभिन्न देशहरले राष्ट्रिय कानूनहरू मार्फत स्वच्छ सुनुवाईसम्बन्धी मान्यताहरूको अबलम्बन गर्दै यसलाई आधारभूत मानव अधिकारको रुपमा प्रत्याभूत गरेको पाइन्छ ।*

*नेपालमा स्वच्छ सुनुवाईका मान्यताहरूलाई संविधान तथा कानूनहरूमा धेरै हदसम्म समेटेको पाइन्छ भने सर्वोच्च अदालतले समेत विभिन्न मुद्दामा स्वच्छ सुनुवाईका आधारभूत विषयलाई व्याख्यामार्फत समेटेको देखिन्छ । तथापि यी सिद्धान्तको प्रयोग र कार्यान्वयनमा नै समस्या देखिएका छन । तसर्थ सम्बद्ध सबैले कार्यान्वयन पक्षमा नै सुधार गर्न जरुरी छ भने कतिपय कुराहरू जस्तो क्षतिपूर्तिको व्यवस्था गर्ने कुरा, अन्तर्राष्ट्रिय मापदण्डअनुसार कानूनमा सुधार गर्ने कुरामा भने नीतिगत रुपमा नै पुनरावलोकन आवश्यक छ ।*


A fair trial is the best means of separating the guilty from the innocent and protecting against injustice. The right entitles individuals to be recognised as subject, not as object, of the law. It is considered as basic and essential human right in all jurisdictions.

## १. विषय प्रवेश

स्वतन्त्रता, न्याय र शान्तिको आधार मानवमा अन्तरनिहीत प्रतिष्ठा, सम्मान र अधिकार हो भन्ने कुरामा दुई मत हुन सक्दैन । मानव अधिकारको रुपमा विश्वव्यापी रुपमा स्वीकार गरिएका नागरिकको वैयक्तिक स्वतन्त्रता र प्रतिष्ठालाई सबैले सम्मान गर्नुका साथै यसको प्रयोगमा बन्देज लगाउन हुँदैन । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिलेखहरूले समेत स्वतन्त्रताको हकलाई महत्त्वपूर्ण मानव अधिकारको रुपमा प्रत्याभूत गरेको पाइन्छ ।[१] तर स्वतन्त्रताको अधिकारलाई कुनै पनि सभ्य समाजमा निरपेक्ष अधिकारको रुपमा स्वीकार गरिँदैन । राष्ट्र र समाजको बृहत्तर हित, समुदायको सुरक्षा जस्ता न्यायोचित

१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ८, धारा ९, धारा १० र धारा ११

आधारमा कानूनको निर्माण गरी यी अधिकारलाई राज्यले संकुचन गर्न सक्ने कुरालाई पनि हरेक सभ्य समाजमा अस्वीकार्य मानिँदैन । त्यसै कारण कानूनबमोजिम राज्यले कसैको वैयक्तिक स्वतन्त्रतालाई सीमित गर्न सक्दछ भन्ने मान्यता विकसित भएको हो ।

उक्त मान्यताअनुसार राज्यले सार्वजनिक शान्ति र सामाजिक व्यवस्था कायम गर्न तथा अपराधजन्य क्रियाकलाप नियन्त्रण गर्न कानूनद्वारा मनासिव प्रतिबन्ध लगाउन सक्दछ भने यसको प्रयोगमा न्यायोचित शर्तहरू तोक्न सक्दछ । यसरी सीमा निर्धारण गर्ने कार्य न्यायपूर्ण समाजका लागि आवश्यक हुन्छ । राज्यले समाज विरुद्ध हुने कार्यलाई कानूनद्वारा अपराध घोषणा गर्न सक्दछ भने कानूनद्वारा निषेध गरेको कार्य कसैले गरेको अवस्थामा त्यस्तो व्यक्तिउपर कानूनद्वारा अधिकार प्राप्त अधिकारीले निजले गरेको कसूरको अनुसन्धान तथा अभियोजन गर्न र सक्षम अदालतबाट न्यायिक प्रक्रियामार्फत दण्डित गर्न सक्दछ । यस्ता कार्य गर्दा अधिकार प्राप्त अधिकारी वा न्यायिक वा अर्धन्यायिक निकायले स्वेच्छाचारी ढंगले नभै कानूनी प्रक्रियाको अबलम्बन गरी सुनुवाईको अवसर प्रदान गर्नुपर्ने उद्देश्यले नै स्वच्छ सुनुवाईको अधिकारको विकास भएको हो । जुनसुकै अवस्थामा पनि व्यक्तिको मानव अधिकारको संरक्षण गर्ने तथा राज्यबाट अधिकारको हनन् हुनसक्ने संभावनालाई रोक्ने दृष्टिकोणबाट स्वच्छ सुनुवाईको सिद्धान्तलाई अबलम्बन गरिएको हो ।

राज्यका तर्फबाट कानून कार्यान्वयन गर्ने अधिकारीले कानूनद्वारा घोषित कसूरको अनुसन्धानका लागि शंकित व्यक्तिलाई विधिपूर्वक र अपवादजनक अवस्थामा मात्र पक्राउ गर्ने, पक्राउ गरिएको कसूर र आरोपका बारेमा निज र परिवारका सदस्यलाई तुरुन्त जानकारी दिने, सो अपराधका सम्बन्धमा कानूनले निर्धारण गरेको विधि र प्रक्रियाको अबलम्बन गरी सवूद प्रमाण संकलन गर्ने, आरोपितलाई मुद्दा हेर्ने अधिकारी वा अदालतमा पक्राउ परेको २४ घण्टाभित्र उपस्थित गराई अदालतको अनुमति लिएर मात्र अनुसन्धानका लागि हिरासतमा राख्ने र अदालत वा मुद्दा हेर्ने अधिकारीले अनुसन्धानको प्रगति समेतका मनासिव आधारमा मात्र हिरासतमा राख्न अनुमति दिने जस्ता कार्य गर्नसक्ने विषयलाई स्वीकार गरिएको पाइन्छ । यसका अलावा सवूद प्रमाणबाट कसूरदार देखिएकोमा सक्षम निकाय वा अदालतसमक्ष अभियोजन गरी निष्पक्ष र स्वच्छ रुपमा सुनुवाई गर्दा प्रमाणका आधारमा कुनै व्यक्ति दोषी प्रमाणित भएमा सजायको भागीदार हुनुपर्दछ । यो न्यायिक प्रक्रियामा व्यक्तिको स्वच्छ सुनुवाईको अधिकारलाई सम्मान गर्ने, त्यसको पालना गर्ने कुरा मानव अधिकारको महत्त्वपूर्ण विषय हो । स्वच्छ सुनुवाई न्यायको आधारभूत मान्यताभित्र पर्दछ । जस्तो सुकै जघन्य वा गम्भीर प्रकृतिको कसूरमा पनि आरोपितलाई सुनुवाईको मौका प्रदान गरी आधार र कारणसहितको निर्णयबाट मात्र दोषी ठहर गर्नुपर्ने हुन्छ ।[२] फौजदारी कसूरको हकमा मात्र नभै देवानी मुद्दाको कारवाहीको सम्बन्धमा र प्रशासनिक तथा विभागीय कारवाहीका सम्बन्धमा पनि स्वच्छ सुनुवाईका मान्यताहरूलाई अबलम्बन गर्नुपर्ने कुरामा दुई मत हुन सक्दैन । स्वच्छ सुनुवाईको हक सबै मुद्दाको सम्बन्धमा र व्यक्तिका विरुद्धमा गरिने जुनसुकै

२ ने.का.प. २०६६ अङ्क ७ नि.नँ. ८१८३

निर्णय वा कारवाहीका सम्बन्धमा समान रुपमा लागू हुन्छ । स्वच्छ सुनुवाईको हक मानव अधिकारको महत्त्वपूर्ण पक्ष मानिन्छ । राज्यले कसैप्रति कुनै पनि विषयमा कारवाही गर्दा वा कुनै पनि मुद्दाको निर्णय गर्दा सुनुवाईको पर्याप्त अवसर दिनुपर्ने, आफ्नो तर्फबाट प्रमाण पेश गर्न र आफ्नो विरुद्धका प्रमाणको खण्डन गर्न पाउने कुरा नै स्वच्छ सुनुवाईको मूलभूत मान्यता हो । राज्य शक्तिको स्वेच्छाचारी प्रयोग हुन नदिन मानव अधिकारसम्बन्धी विश्वव्यापी मान्यता र सिद्धान्तको अबलम्बन गर्नुपर्ने व्यवस्थाअन्तर्गत स्वच्छ सुनुवाईको हकलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा स्वीकार गरिएको छ भने राज्यहरूले पनि संविधान र कानूनद्वारा यो हकलाई प्रत्याभूत गर्नुका साथै यसको प्रयोग र पालना पनि प्रभावकारी रुपमा गर्नुपर्ने हुन्छ । स्वच्छ सुनुवाईको हकको पालना नभएमा न्याय प्रणाली र विधिको शासनमा नै प्रश्न उठ्ने र निर्दोष व्यक्ति पनि सजायको भागीदार बन्न सक्दछ ।

नेपालमा स्वच्छ सुनुवाईको हक संविधानले प्रत्याभूत गरेको छ भने प्रचलित विभिन्न कानूनहरूमा पनि यो हकँसग सम्बन्धित व्यवस्थाहरू गरिएको पाइन्छ । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिलेखहरूले स्वच्छ सुनुवाईका हकहरूको सम्बन्धमा गरेको व्यवस्थाका सन्दर्भमा यससम्बन्धी नेपालको कानूनी व्यवस्थाको अध्ययन गर्ने तथा स्वच्छ सुनुवाईको हकको प्रयोग र पालनाको अवस्थाका सम्बन्धमा यस अध्ययनमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २.मानव अधिकार र स्वच्छ सुनुवाई

स्वच्छ सुनुवाईको अधिकार व्यक्तिको आधारभूत मानव अधिकार हो । स्वच्छ सुनुवाईको हकको प्रयोग र पालनाले व्यक्तिको मानव अधिकारको संरक्षणको अवस्थालाई हेर्न सकिन्छ । यो अधिकारको उल्लङ्घनले दोषी व्यक्ति उम्कने मात्र नभै निर्दोष व्यक्ति पनि कसूरदार ठहरिन र सजायको भागीदार बन्न सक्दछ । तसर्थ मानव अधिकारसम्बन्धी बिभिन्न अन्तर्राष्ट्रिय अभिलेखहरूले स्वच्छ सुनुवाईका हकको प्रत्याभूत गरेका र पक्ष राष्ट्रहरूले आफ्नो देशमा कानूनी व्यवस्था गरी यो अधिकारको कार्यान्वयनको लागि पर्याप्त संस्थागत र नीतिगत व्यवस्था गर्नुपर्ने दायित्व हुन्छ । स्वच्छ सुनुवाईको हकको कार्यान्वयनमा सम्बद्ध सबै निकाय वा अधिकारीको महत्त्वपूर्ण भूमिका रहन्छ । अपराध अनुसन्धान गर्ने निकाय, अभियोजनकर्ता, अदालत वा मुद्दा हेर्ने अधिकारीलगायत प्रशासनिक कार्य सम्पादन गर्ने अधिकारीले यसका मान्यतालाई अबलम्बन गरेमा नै कानूनको शासन कायम हुन र न्याय प्रणाली सवल हुन सक्दछ ।

स्वच्छ सुनुवाई फौज्दारी मुद्दाको कारवाहीमा शंकित व्यक्तिको मानव अधिकार संरक्षणको महत्त्वपूर्ण आधार हो भने अपराध पीडितको मानव अधिकारको संरक्षण गर्ने माध्यम पनि हो । स्वच्छ सुनुवाईको मान्यताले अभियुक्तको विरुद्धमा गरिने कानूनी कारवाहीको जानकारी र सूचना पाउनेदेखि कारवाहीको क्रममा पर्याप्त सुनुवाईको अवसर प्रदान गर्ने, आरोप प्रमाणित नभएसम्म निर्दोष मानिने, मुद्दाका दुवै पक्षबाट प्रस्तुत भएका प्रमाणको मूल्याङ्कंन गरी सक्षम अदालतबाट निष्पक्ष रुपमा न्यायिक निर्णय गर्ने जस्ता कुरा समावेश हुन्छन् । कानूनको उचित प्रक्रिया बिना गरिने कारवाहीले निर्दोष व्यक्तिलाई कसूरदार ठहर हुन जाने सम्भावना रहन्छ भने दोषी व्यक्ति पनि निर्दोष हुन पुग्दछ । गलत तरीकावाट कुनै पनि

अभियुक्तलाई सफाई दिने कार्य समाजको लागि अस्वीकार्य हुन्छ भने यसले जनताको न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर बनाउँछ । यसभन्दा पनि गम्भीर कुरा निर्दोष व्यक्तिलाई कसूरदार ठहर गर्ने कार्यबाट समाजमा न्याय प्रणालीप्रतिको विश्वास समाप्त हुन्छ जुन कुनै पनि सभ्य समाजका लागि अस्वीकार्य हुन्छ । स्वच्छ सुनुवाईको सिद्धान्तको पालना र प्रयोगले यी दुवै अवस्थालाई अस्वीकार गर्दछ ।

## ३. स्वच्छ सुनुवाईको सैद्धान्तिक र अवधारणागत पक्ष

सबै नागरिक कानूनको दृष्टिमा समान हुन्छन् । नागरिकको जीवन, स्वतन्त्रता, सम्पत्ति, आवास र गोपनीयताको हकको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हो । नागरिकले राज्यबाट आफ्ना मानव अधिकारहरूको प्रचलन र संरक्षण गराउने अधिकार राख्दछ । राज्यले व्यक्तिको मानव अधिकारको प्रयोगमा कानूनबमोजिम सीमा वा रोक लगाउन सक्ने अधिकार भए पनि त्यस्तो सीमा वा रोक लगाउने कार्य गैरकानूनी वा स्वेच्छाचारी ढंगले गर्न नसकोस् भन्ने सैद्धान्तिक अवधारणा र सिद्धान्तका आधारमा स्वच्छ सुनुवाईको मान्यता विकसित भएको हो । स्वच्छ सुनुवाईको अधिकार व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण गर्ने तथा व्यक्तिको मानव अधिकारको प्रचलनमा सहजता प्रदान गर्ने उद्देश्यमा आधारित रहेको छ । स्वच्छ सुनुवाई फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाई कसूरदारलाई विधि र प्रक्रियाको माध्यमबाट सजाय दिलाउने र पीडितलाई न्याय दिलाउने मूलभूत मान्यतामा आधारित रहेको छ । कुनै पनि व्यक्तिउपर कसूर गरेको अभियोग लगाउँदा रीतपूर्वक संकलित पर्याप्त आधार र प्रमाण आवश्यक हुन्छन् । कसूरको अभियोग लाग्दैमा पनि कुनै व्यक्ति दोषी हुँदैन । कसूर गर्ने व्यक्तिको हकमा कानूनको उचित प्रक्रियाको अबलम्बन गरी अनुसन्धान गर्नुपर्ने हुन्छ । अनुसन्धान कार्यअन्तर्गत व्यक्तिलाई पक्राउ गर्दा, थुनामा राख्दा, प्रमाण संकलन गर्दा, आरोप लगाउदा व्यक्तिका न्यूनतम् अधिकारको सम्मान र संरक्षण गर्नुपर्दछ भने अभियोगको बारेमा सफाई पेश गर्ने मौका प्रदान गर्नुपर्दछ । सफाईमा पेश भएका तर्क र प्रमाणका आधारमा आरोपितका हकमा निष्पक्ष र स्वच्छ रुपमा सुनुवाइ गरी निर्णय गरिनु पर्दछ । यीलगायत निम्न सिद्धान्तमा स्वच्छ सुनुवाईको मान्यता विकसित भएको हो :-

कुनै पनि फौजदारी, देवानी वा प्रशासकीय कारवाहीको विषयमा अवलम्बन गरिने कार्यविधिमा निष्पक्षता र स्वच्छता रहनु पर्दछ भन्ने प्राकृतिक न्यायको अपरिहार्य सिद्धान्त हो । यो सिद्धान्तका दुईवटा पक्ष रहेको छन् । पहिलो, आफ्नो मुद्दामा आफै न्यायाधीश हुनु हुँदैन अर्थात पूर्वाग्रहको शून्यता रहनुपर्दछ भने दोस्रो, सुनुवाईको मौका प्रदान नगरी कुनै पनि कारवाही गरिनु हुँदैन । पूर्वाग्रहको शून्यताको सिद्धान्तले निर्णयकर्तासमक्ष प्रस्तुत विवादको निरोपणमा कुनै पनि प्रकारको प्रभाव वा दवावलाई अस्वीकार गर्दछ र निर्णयकर्ताको निष्पक्षता र स्वच्छतालाई सुनिश्चित गर्ने उद्देश्य राख्दछ । सुनुवाईको मौका प्रदान गर्नुपर्ने सिद्धान्तले कुनै पनि व्यक्तिउपरको आरोप वा कारवाहीको लागि निजलाई सूचना दिई निजको भनाई र सफाइमा पेश गरेका प्रमाण सुनेर मात्र निर्णय गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । यस सिद्धान्तभित्र कानूनी परामर्श लिन पाउने अधिकार, निर्णयमा आधार र कारण खुलाउनु पर्ने दायित्व जस्ता विषय पनि पर्दछन् ।

## ३.३ समानताको सिद्धान्त

समानताको सिद्धान्तमा विवादका सबै पक्षलाई समान व्यवहार गर्ने र विवादको निरुपण गर्न आवश्यक पर्ने प्रमाण तथा सफाई पेश गर्ने समान अवसर प्रदान गरिने सुनिश्चितता गरिन्छ । विवादका पक्षहरू प्रति कुनै पनि प्रकारको झुकाव नराख्ने, कुनै पनि आधारमा न्यायिक प्रक्रियामा भेदभावपूर्ण व्यवहार गर्न नहुने मान्यता यस सिद्धान्तले राख्दछ ।

## ३.४ स्वच्छ सुनुवाईको अवधारणा

स्वच्छ सुनुवाई न्यायिक प्रक्रियाको आधारभूत मान्यता हो भने मानव अधिकार संरक्षणको लागि महत्त्वपूर्ण उपाय पनि हो । राज्यले कसैप्रति कुनै प्रकारको कारवाही गर्दा वा निर्णय गर्दा त्यस्तो व्यक्ति वा निर्णयबाट असर पर्ने व्यक्तिको भनाई सुनेर रीतपूर्वकको प्रक्रिया अबलम्बन गरी निर्णय गर्नुपर्दछ भन्ने दृष्टिकोण नै स्वच्छ सुनुवाईको मूलभूत मान्यता हो । के कुरा स्वच्छ हो भन्न कठिन हुन्छ । त्यसैले भनिन्छ, "What is not unfair that is fair." दूषितता (Unfairness) का तत्वहरूमा पूर्वाग्रह, अपारदर्शी प्रक्रिया, असमानता, स्वतन्त्रतामा अनुचित बन्देज, स्वेच्छाचारिता, अनावश्यक बिलम्ब, आधार र कारण बिनाको निर्णय आदि हुन सक्दछन् भने यस्ता तत्वको अभावसहितको स्वच्छ, निश्चित र पक्षहरूको बीच समान व्यवहार अबलम्बन गरिने प्रक्रियाको स्वच्छतालाई यसले इंगींत गर्दछ ।

सुनुवाईको स्वच्छता, सार्वजनिक रुपमा स्वतन्त्र तथा निष्पक्ष अदालत वा न्यायाधिकरणबाट विवादको उचित समयभित्र सुनुवाई गर्ने र निर्णय गर्ने व्यवस्था, निर्णय पूर्व आफ्नो दावी र प्रमाण पेश गर्न पाउने अधिकार, विपक्षीको प्रमाण र दावी सुन्न र हेर्न पाउने तथा परीक्षण गर्न पाउने अवसर, बिना ढिलाई विवादको विषयमा कारणसहितको निर्णय पाउने अधिकारलाई स्वच्छ सुनुवाईले बुझाउछ । कानूनद्वारा स्थापित प्रक्रिया बिना स्वतन्त्रता अपहरण नगरिने व्यवस्था स्वच्छ सुनुवाईको लागि अपरिहार्य तत्व हो ।[३]

राज्य शक्तिको प्रयोग गर्ने व्यक्ति वा निकायले स्वेच्छाचारी रूपमा नभई उचित रूपमा त्यसको प्रयोग गर्नुपर्दछ । कसूरको अनुसन्धान गर्ने प्रहरी तथा प्रशासनिक अधिकारीले अनुसन्धानसम्बन्धी कार्य गर्दा कानूनले तोकेको विधि र प्रक्रियाको पालना गर्नुको साथै सुनुवाईका सामान्य सिद्धान्तहरूको समेत अबलम्बन गर्नुपर्ने कुरा नै स्वच्छ सुनुवाईको महत्त्वपूर्ण अवधारणा हो । यसै गरी मुद्दा हेर्ने अधिकार कानूनद्वारा स्थापित अदालत वा न्यायाधिकरणलाई मात्र हुनुपर्दछ र त्यस्ता निकायले मुद्दाको सुनुवाई गरी पेश भएका प्रमाण, जिकीर, कानून र तथ्यका आधारमा निर्णय गर्नुपर्दछ भन्ने मान्यता पनि स्वच्छ सुनुवाईको अवधारणाअन्तर्गत पर्ने मानिन्छ । मुद्दा वा विवादको न्यायिक प्रक्रियामा समान हैसियत र अवसर मुद्दाका सबै पक्षहरूलाई प्रदान गर्नुपर्ने र त्यसको संरक्षण समेत गर्नुपर्ने हुन्छ । न्यायको मूल आधार नै न्यायिक प्रक्रियामा न्यायोचित विधिको निर्माण र सोको अबलम्बन हो । यसभित्र सुनुवाईको स्वच्छता, पक्षहरूको समान हैसियत र पर्याप्त सुनुवाईको अवसर, आधार र कारणसहितको निर्णय, निर्णयउपर चुनौती दिन सकिने अधिकार जस्ता स्वच्छ सुनुवाईका मूलभूत मान्यताहरू समावेश हुन्छन् ।

३ भारतको संविधानको धारा २१

स्वच्छ सुनुवाई संविधानवादमा आधारित लोकतान्त्रिक राज्य प्रणाली, न्यायिक सुशासनको प्रवर्द्धन र प्रत्याभूति, कानूनी राज्यको पालना, सम्मान र सुदृढीकरणमा आधारित अधिकारमुखी अवधारणा हो ।[४] न्याय विवादमा समाविष्ट तथ्यमा आधारित हुनुपर्दछ । स्वच्छ सुनुवाई वैयक्तिक स्वतन्त्रताको संरक्षण र अन्तर्राष्ट्रिय मापदण्डको पालना हुनुपर्ने दायित्वका आधारमा पनि अपरिहार्य र महत्त्वपूर्ण छ । कानूनी शासन र प्राकृतिक न्यायका सिद्धान्त नै स्वच्छ सुनुवाईको आधार हो । कानूनको अगाडि समानता, कानूनको सर्वोच्चता, स्वतन्त्र र सक्षम न्याय प्रणाली कानूनी राज्यका आधारभूत तत्वहरू हुन् भने सुनुवाईको पर्याप्त अवसर, निष्पक्ष सुनुवाई, आधार र कारणसहितको निर्णय र चुनौती दिन सकिने कानूनी अधिकार प्राकृतिक न्यायका आधारभूत तत्वहरू हुन् ।

स्वच्छ सुनुवाईको सिद्धान्तको प्रयोग र पालना फौजदारी मुद्दाको कारवाहीमा बढी प्रयोग गरिए पनि यो देवानी तथा प्रशासनिक कारवाहीमा समेत महत्त्वपूर्ण मानिन्छ । स्वच्छ सुनुवाईले कुनै पनि कारवाहीमा प्रक्रियागत पारदर्शीता, सुनुवाईको अवसर, प्रतिवादको अवसर, प्रतिनिधित्वको अवसर, प्राकृतिक न्यायको सिद्धान्तको पालना, निष्पक्षता, स्वच्छता तथा स्वार्थरहित व्यवहारसँग सरोकार राख्दछ । खासगरी कानूनको दृष्टिमा समानता, कानूनद्वारा समान उपचारको हक र न्यायमा समान पहुँचको अधिकार सुनिश्चित गर्नु नै स्वच्छ सुनुवाईको मूल ध्येय हो ।

## ३.५. स्वच्छ सुनुवाईका आवश्यक तत्वहरू

अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी व्यवस्थाका आधारमा स्वच्छ सुनुवाईका आवश्यक तत्वहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- कुनै पनि आरोपमा कुनै पनि व्यक्तिलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र सो आरोपका बारेमा सुनुवाई गरिनु पर्ने ।
- सार्वजनिक र खुल्ला रुपमा सुनुवाई गर्न पाउने हक हुने ।
- उचित र मनासिव समयभित्र सुनुवाई गर्न पाउने हक हुने ।
- कुनै पनि कसूरको आरोपमा पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग परामर्श गर्ने र पुर्पक्ष गर्न पाउने अधिकार रहने ।
- शंकित तथा पीडितको अधिकारको सम्मान गरिने ।
- कुनै पनि व्यक्तिलाई लगाइएको आरोप प्रमाणित नभएसम्म निर्दोष रहेको अनुमान गरिने ।
- मुद्दाका पक्षको न्यायमा सहज पहुँचको अधिकार रहने ।
- मुद्दाका पक्षहरूलाई समान रुपमा प्रमाण पेश गर्नेलगायत प्रतिरक्षा गर्न पाउने अवसरको उपलब्धता हुने ।
- अभियोग लागेको व्यक्तिलाई अभियोगका बारेमा चूप लाग्न पाउने हक र आफू विरुद्ध प्रमाण दिन बाध्य नहुने हक रहन्छ ।

४ महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन, २०७४ पृ. १

- आरोपका सम्बन्धमा सफाई पेश गर्न पाउने र आरोपको समर्थनमा अभियोजन पक्षद्वारा पेश भएका प्रमाणको खण्डन गर्न पाउने अधिकार रहने ।
- मुद्दाका पक्षद्वारा पेश भएका प्रमाण र प्रचलित कानून तथा न्यायिक सिद्धान्तका आधारमा न्यायिक निकायबाट फैसला गरिने र फैसलामा आधार र कारण उल्लेख हुनुपर्ने ।
- कसूर हुँदाका अवस्थामा प्रचलित कानूनले तोकेभन्दा बढी सजाय नहुने र कसूर नमानिने कार्यका लागि सजाय गरिनु नहुने । असहाय पक्षका लागि कानूनी सहायता पाउने र भाषा नबुझ्नेका लागि दोभाषेको सहायता उपलव्ध हुने अवसरको व्यवस्था हुनु पर्दछ ।

## ३.६. स्वच्छ सुनुवाईका मूलभूत सिद्धान्तहरू

### ३.६.१. पक्षको समानताको सिद्धान्त

अदालत वा सम्बन्धित अधिकारी वा निकायले कुनै पनि विषयमा कारवाही गर्दा विवादका पक्षहरू बीच समान व्यवहार गर्ने र कसैप्रति पनि कुनै पनि प्रकारको झुकाव वा पक्षपातपूर्ण व्यवहार नगरिने कुराको प्रत्याभूति यस पक्षको समानताको (Principle of Equality of arms) सिद्धान्तले गर्दछ । यसमा विवादका पक्षहरूलाई सुनुवाईको बरावर अवसर प्रदान गर्ने, सुनुवाईको प्रक्रियामा दावी वा जिकीर पेश गर्ने, प्रतिवाद वा सफाई प्रस्तुत गर्ने, मुनासिव समयभित्र प्रतिरक्षाको तयारी गर्ने, कानून व्यवसायीसँग परामर्श लिन र पुर्पक्ष गर्न पाउने, प्रमाण पेश गर्ने र विपक्षीको साक्षीलाई जिरह गर्ने, आफैँ वा कानून व्यवसायीबाट बहस गर्ने, फैसलाको जानकारी पाउने, अदालतको फैसलामा चित्त नबुझेकोमा सो फैसलाउपर माथिल्लो तहको अदालतमा चुनौती दिने समेतको समान अवसर प्राप्त हुन्छ ।

### ३.६.२ बैधताको सिद्धान्त

वैधताको सिद्धान्त (Principle of Legality) मा फौजदारी कानूनको बैधता र कानूनी प्रक्रियाको वैधतालाई हेरिन्छ । मुख्यतः सजायसम्बन्धी कानून स्वच्छ र न्यायोचित हुनुका साथै त्यस्तो कानून स्वेच्छाचारी हुन नहुने कुरालाई यस सिद्धान्तले स्वीकार गर्दछ । पश्चातदर्शी फौजदारी कानूनबाट संरक्षण प्राप्त हुने र कुनै पनि कसूरमा कसूर हुँदाका बखत प्रचलित कानूनले तोकेभन्दा बढी सजाय नगरिने तथा कानूनले कसूर नमानेको कार्यमा पछि कानून बनाएर सजाय नगरिने कुराको सुनिश्चितता यस सिद्धान्तले गर्दछ । नेपालको संविधानको धारा २० को उपधारा (४) मा यो हक सुरक्षित गरिएको छ । प्रक्रियाको वैधताअन्तर्गत न्यायोचित आधार बिना पक्राउ नगरिने, दोहोरो खतरामा नराखिने, पक्राउ परेकोमा सोको कारणसहितको जानकारी पाउने र पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने न्यायिक निकाय समक्ष उपस्थित हुन पाउने र सो अधिकारीको अनुमतिले बाहेक थुनामा नराखिने, थुनामा राखिएकोमा सोविरुद्ध न्यायिक उपचार माग गर्ने, यातना वा अमानवीय व्यवहार गर्न नपाउने, परिवार र कानून व्यवसायीसँग भेट्ने र परामर्श गर्न पाउने, निःशुल्क कानूनी सहायता पाउने, शीघ्र र बिना ढिलाई मुद्दाको कारवाही गर्ने, सक्षम र निष्पक्ष न्यायिक निकायबाट निर्णय गर्ने र फैसलामा चित्त नबुझेमा पुनरावेदन गर्न पाउने जस्ता अधिकार प्रक्रियाको वैधतासँग सम्बन्धित रहेका छन् ।

### ३.६.३ निर्दोषिताको अनुमानको सिद्धान्त

कुनै पनि फौजदारी कसूरको आरोप लागेको व्यक्तिलाई सो आरोप प्रमाणित नभएसम्म निर्दोष मानिने कुरालाई यस सिद्धान्त (Principle of Presumption of Innocence) ले जोड दिन्छ । आरोप लाग्दैमा निजलाई कसूरदार भन्न मिल्दैन । अदालतले कसूरदार प्रमाणित नगरेसम्म त्यस्तो व्यक्ति निर्दोष मानिने सिद्धान्त नै निर्दोषिताको अनुमानको सिद्धान्त हो । यो सिद्धान्तलाई राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४(२) ले समेत मान्यता दिएको छ ।

कुनै पनि व्यक्ति अभियोग प्रमाणित नभएसम्म निज बेकसूर मानिने भन्ने फौजदारी न्यायको मूलभूत मान्यता रहेको सन्दर्भमा अभियोग लाग्नासाथ कसूरदार मान्नु न्यायसंगत हुँदैन ।[५] यसका अलावा आफू विरुद्ध साक्षी हुन कर नलगाइने, अभियोग प्रमाणित गर्ने भार अभियोजन पक्षमा रहने, शंकाको सुविधा अभियुक्तले पाउने जस्ता कुरा यस सिद्धान्तअन्तर्गत समावेश गरिन्छ ।

## ४. अन्तर्राष्ट्रिय मानव अधिकार कानून र स्वच्छ सुनुवाई

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले मानव अधिकारको प्रत्याभूति गर्नुका साथै संरक्षणका लागि आवश्यक प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। देवानी दायित्व तथा फौजदारी अभियोगको निर्धारणका सम्बन्धमा गरिने फौजदारी अनुसन्धान तथा अभियोजन र न्यायिक प्रक्रिया तथा देवानी कार्यविधिमा स्वच्छ सुनुवाईका सिद्धान्तको अबलम्बन मानव अधिकार संरक्षणको आधार हुने कुरामा जोड दिइएको छ।

### ४.१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रताको अधिकार हुने, सबै नागरिक कानूनको दृष्टिमा समान हुने र भेदभाव बिना समान संरक्षणको हकदार हुने प्रत्याभूति गरेको छ ।[६] यसै गरी कसैलाई पनि स्वेच्छाचारी रुपमा गिरफ्तार नगरिने यातना वा अपमानजनक व्यवहार नगरिने व्यवस्था गरिएको छ । [७] कुनै व्यक्तिउपर लगाईएको फौजदारी अभियोगको निरोपण गर्दा र अन्य कुनै विषयमा कुनै व्यक्तिको अधिकार र दायित्वको निरोपण स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट गरिने र यसरी निरोपण गर्दा स्वच्छ र सार्वजनिक सुनुवाई गरिने व्यवस्था रहेको छ ।[८] दण्डनीय कसूरको अभियोग लागेको प्रत्येक व्यक्तिलाई प्रतिरक्षाका लागि आवश्यक सबै प्रत्याभूतिहरू प्राप्त हुने, सार्वजनिक सुनुवाईमा कानूनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिने, कुनै कार्य गर्दा वा नगर्दाका बखत कानूनअन्तर्गत दण्डनीय कसूर नमानिएको कार्यमा दोषी नठहराइने र कसूर गर्दाका बखतको कानूनले तोकेभन्दा बढी सजाय नगरिनेलगायतका व्यवस्थाहरू गरिएको छ ।[९] यी सबै अधिकारहरू स्वच्छ सुनुवाईका मूलभूत मान्यताहरूसँग सम्बन्धित छन् । घोषणापत्रले व्यवस्था

५ रविन्द्र भट्टराई वि. म.प. सचिवालय समेत ने.का.प.२०५५ नि.न. ६६२२
६ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ७
७ ऐ. धारा ९ र धारा ५
८ ऐ धारा ९
९ ऐ धारा १० र ११

गरेका यी अधिकारहरूलाई सबै राष्ट्रहरूले साझा मापदण्डको रुपमा लागू गर्नुपर्ने र प्रभावकारी पालना सुनिश्चित गर्नुपर्ने हुन्छ ।

## ४.२ राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रले मानव अधिकारको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हो भन्ने स्वीकार गर्दै नागरिक तथा राजनीतिक अधिकारको उपभोग गर्न पाउने अवस्थाको सिर्जना मानव जातिको आदर्श हो भन्ने कुरालाई मान्यता दिएको छ ।

प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुने र कानूनद्वारा यसको संरक्षण गरिने, कसैलाई पनि स्वेच्छाचारी रुपले पक्राउ नगरिने, कानूनबमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने, पक्राउ परेको व्यक्तिलाई पक्राउको कारणसहितको सूचना र लगाइएको आरोपको जानकारी नदिई थुनामा नराखिने, पक्राउ गरिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइने, त्यस्तो व्यक्तिलाई मुनासिव समयभित्र सुनुवाई गरी पाउने वा छुट्कारा पाउने हक हुने, न्यायिक कारवाहीको कुनै पनि चरणको सुनुवाईमा उपस्थित हुने, आरोपित व्यक्तिलाई सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने हक हुने, आरोपित व्यक्तिलाई निजको प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय पाउने, रोजेको कानून व्यवसायीसँग कुराकानी गर्न पाउने हक हुने, आफू विरुद्धका साक्षी प्रमाण परीक्षण गर्न पाउने र आफ्ना प्रमाण र साक्षी प्रस्तुत गर्न पाउने, आफ्ना विरुद्ध प्रमाण दिन बाध्य नपारिने, अदालतबाट भएको सजायउपर पुनरावलोकन गराई पाउने हक हुने[१०] जस्ता स्वच्छ सुनुवाईसँग सम्बन्धित अधिकारको व्यवस्था यस प्रतिज्ञापत्रले गरेको छ । प्रतिज्ञापत्रको पक्ष भएका राष्ट्रहरूले कुनै पनि व्यक्तिको फौजदारी कारवाहीको कुनै पनि चरणमा यी अधिकारको अबलम्बन गरिने गरी कानूनी व्यवस्थासहितको प्रत्याभूति गर्नुपर्ने हुन्छ ।

सार्वजनिक व्यवस्था वा सुरक्षा, नैतिकता, पक्षको व्यक्तिगत जीवनको हितमा पर्न सक्ने प्रतिकूल प्रभाव जस्ता अपवादजनक अवस्थामा स्वच्छ सुनुवाईको अधिकारलाई सीमित गर्न सकिन्छ ।

## ४.३. जेनेभा महासन्धि

जेनेभा सन्धिले युद्धरत् पक्षबाट युद्ध अपराध वा अन्य अपराध नभएसम्म सुनुवाईमा नलगिने र युद्ध अपराधमा मुद्दा चलाइएको व्यक्तिलाई स्वच्छ सुनुवाईको हक हुने कुराको प्रत्याभूति गरेको छ ।

## ४.४.अन्तर्राष्ट्रिय फौजदारी अदालतको बिधान, १९९८

यस बिधानले अन्तर्राष्ट्रिय फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा कुनै पनि प्रकारको करकाप, जवर्जस्ती वा त्रास, यातना वा अन्य कुनै स्वरुपको अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाउन नहुने व्यव स्था गरेको छ ।[११] यसै गरी अनुसन्धानको क्रममा कसूर स्वीकार गर्न बाध्य नपारिने, कसूरको

१० राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा ७, ९ ,१३ र १४
११ अन्तर्राष्ट्रिय फौजदारी अदालतको बिधान, १९९८ को धारा ५५(१)(ख) तथा धारा ५५(२)(ख)

सम्बन्धमा चूप लाग्न पाउने, कसूर स्वीकार गरेको वा चूप लागेको कारणले मात्र कसूरदार नठहराइने[१२] जस्ता स्वच्छ सुनुवाईका सिद्धान्तलाई स्वीकार गरिएको छ ।

## ५. तुलनात्मक अध्ययन

### ५.१. वेलायत

बेलायतको मानव अधिकार ऐन, १९९८ ले मानव अधिकारको संरक्षणको व्यवस्था गरेको छ । यो ऐनले युरोपीयन मानव अधिकार महासन्धिले व्यवस्था गरेका मानव अधिकारलाई स्वीकार गरेको छ । वेलायतमा कानूनको शासन र लोकतन्त्रका लागि स्वच्छ सुनुवाई महत्त्वपूर्ण मानिन्छ ।

मानव अधिकार ऐन, १९९८ ले कसैको देवानी अधिकार र दायित्व निर्धारण गर्दा वा कुनै पनि व्यक्तिउपर लगाइएको फौजदारी आरोप निर्धारण गर्दा न्यायोचित समयभित्र गरिने र सो कार्य कानूनद्वारा स्थापित निष्पक्ष न्यायालयबाट सार्वजनिक र स्वच्छ रुपमा सुनुवाई गरिने व्यवस्था गरेको छ ।[१३] (In the determination of his civil rights and obligations or of any criminal charge against him, everyone is entitled to a fair and public hearing within a reasonable time by an independent and impartial tribunal established by law) फौजदारी कारवाहीमा आरोप प्रमाणित नभएसम्म निर्दोष मानिने, आरोपितलाई अभियोगबारे तुरुन्त बुझ्ने भाषामा जानकारी दिइने, आरोपबारे प्रतिरक्षा गर्न पर्याप्त तयारीको लागि समय र सुबिधा उपलब्ध गराइने, मुद्दाको प्रतिरक्षाका लागि आफैं वा रोजेको कानून व्यवसायीमार्फत कानूनी परामर्श पाउने, असमर्थ पक्षका लागि राज्यबाट कानूनी सहायता दिइने, भाषा नबुझ्नेका लागि दोभाषेको  व्यवस्था उपलव्ध हुने जस्ता न्यूनतम् अधिकार स्वच्छ सुनुवाईको क्षेत्रअन्तर्गत रहने व्यवस्था छ ।

तर लोकतान्त्रिक समाजको नैतिकता, सार्वजनिक शान्ति, आन्तरिक सुरक्षा सम्बर्द्धनका लागि तथा वालवालिका र मुद्दाका पक्षको निजी जीवनको रक्षाका लागि स्वच्छ सुनुवाईका मान्यताहरूलाई सीमित गर्न सकिने कुरालाई वेलायतमा स्वीकार गरिएको छ भने नेपाल, भारत तथा अमेरिकामा पनि यो मान्यतालाई स्वीकार गरिएको छ ।

### ५.२. संयुक्त राज्य अमेरिका

अमेरिकामा संविधानको छैठौ संशोधन पश्चात् कानूनको उचित प्रक्रिया (Due process of law) बिना वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने र सबै फौजदारी कारबाहीमा अभियुक्तलाई शीघ्र र सार्वजनिक सुनुवाईको हक हुने व्यवस्था गरिएको छ ।[१४] सन् १७८९ मा कंग्रेसले प्रस्ताव गरेको संविधान संशोधनमा फौजदारी कारवाहीमा कानूनद्वारा निष्पक्ष जुरीबाट सुनुवाइ गरिने, आरोपको प्रकृति र कारण बारे जानकारी दिइने, विरुद्ध प्रतिकूल साक्षीलाई जिरह गर्न पाउने, प्रतिरक्षाका लागि कानून व्यवसायीसँग सल्लाह र परामर्श लिन पाउने जस्ता स्वच्छ सुनुवाईका अधिकारलाई समावेश गरिएको थियो । साथै कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई हरेक राज्यले आफ्ना तर्फबाट निःशुल्क कानून व्यवसायी

---

१२ अन्तर्राष्ट्रिय फौजदारी अदालतको बिधान, १९९८ को धारा धारा ५५(२)(ख)

१३  मानव अधिकार ऐनको दफा ६

१४ अमेरिकाको संविधानको पाँचौ र छैठौ संशोधन १७९१

उपलब्ध हुने कुराको जानकारी दिनुपर्दछ ।[१५] देवानी तथा फौजदारी कारवाहीमा स्वच्छ सुनुवाईका न्यूनतम् अधिकारको रुपमा निम्न अधिकारहरूलाई अमेरिकामा मान्यता दिइएको छ :-

- Right to be heard by a competent, independent and impartial tribunal.
- Right to a public hearing.
- Right to be heard within a reasonable time.
- Right to counsel.
- Right to interpretation.
- Right to speedy trial.

## ५.३. भारत

भारतमा कानूनद्वारा स्थापित प्रक्रिया (Procedure established by law) बिना कसैको पनि स्वतन्त्रता अपहरण नगरिने व्यवस्था स्वच्छ सुनुवाईको लागि अपरिहार्य तत्व मानिन्छ ।[१६]

भारतको संविधानको धारा २१ ले जीवनको अधिकारको प्रत्याभूति गरेको छ भने धारा २० ले कानूनको उल्लघंन नभै कसूर नहुने, तत्काल प्रचलित कानूनले कसूर नमानेको कार्यमा कसैलाई पनि सजाय नगरिने, एकै कार्यका लागि कसैलाई दुईपटक मुद्दा चलाइने र सजाय नगरिने, आफनो विरुद्ध साक्षी हुन कर नलाग्ने, फौजदारी अभियोगमा पक्राउ परेकोमा कारणसहितको जानकारी पाउने तथा थुनामा परेको जानकारी पाउने, कानून व्यवसायीसँग परामर्श गर्न पाउने लगायतका अधिकार रहने व्यवस्था गरिएको छ । यी अधिकारहरू स्वच्छ सुनुवाईको हकसँग सम्बन्धित महत्त्वपूर्ण मानव अधिकारका विषयहरू मानिन्छन् । स्वच्छ सुनुवाई अभियुक्तको तर्फबाट मात्र नभै समाज र अपराध पीडितको दृष्टिबाट पनि महत्त्वपूर्ण मानिन्छ। स्वच्छ सुनुवाईका विभिन्न सिद्धान्तहरूलाई भारतको कानून प्रणालीले स्वीकार गरेको छ। संविधानले प्रत्याभूत गरेका स्वच्छ सुनुवाईका मान्यता तथा सिद्धान्तहरूलाई सर्वोच्च अदालतले विभिन्न मुद्दामा गरेको फैसलामार्फत व्याख्या गरेको पाइन्छ । यी मान्यताहरूमा कसूरको आरोपमा पक्राउ परेको व्यक्तिको बारेमा नातेदार वा निजको साथीलाई सूचना दिनुपर्ने, आरोपितको कसूरमा दोषी प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गरिने, स्वतन्त्र र सक्षम न्यायालयबाट मुद्दाको सुनुवाई गर्ने, लगाईएको आरोप बारे जानकारी पाउने, अभियुक्तको उपस्थितिमा प्रमाणको प्रस्तुति र परीक्षण गर्ने, आरोप बारेमा पर्याप्त कानूनी प्रतिनिधित्व गर्न पाउने अवसर प्राप्त हुने, अभियोजनकर्तामा अभियोग प्रमाणित गर्नुपर्ने दायित्व रहने, कुनै व्यक्तिलाई दोहोरो खतरामा नराखिने, आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने आदि रहेका छन । भारतको संविधान र कानूनले प्रत्याभूत गरेका स्वच्छ सुनुवाईका अधिकारहरू तथा सिद्धान्तहरूलाई भारतको सर्वोच्च अदालतले विभिन्न मुद्दामा गरेको फैसलामार्फत व्याख्या गरेको पाइन्छ ।

अभियुक्तले कानून व्यवसायीसँग परामर्श गर्न पाउने र आफ्नो विरुद्धका प्रमाणको परीक्षण गर्न पाउने

१५ Mirinda v. Arizona
१६ भारतको संविधानको धारा २१

अधिकार स्वच्छ सुनुवाईको मूलभूत मान्यता हो र यसअन्तर्गत अभियोजनको साक्षीलाई जिरह गर्न पाउने तथा आफ्नो पक्षको प्रमाण प्रस्तुत गर्न पाउने अधिकार रहन्छ ।[१७] कुनै पनि कसूरको आरोपमा पक्राउ परेको व्यक्तिको सम्बन्धमा पक्राउ गर्ने अधिकारीले कार्यालयमा अभिलेख पक्राउ परेको व्यक्तिको नाम, स्थान, समय, पक्राउको कारणसहितको अभिलेख राख्नुपर्ने जिम्मेवारी हुन्छ ।[१८] एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाउन र सजाय गर्न नपाइने दोहोरो खतराको सिद्धान्तलाई स्वच्छ सुनुवाईको मान्यताको रुपमा स्वीकार गरिए पनि दुई अलग अलग कसूरमा मुद्दा चलाउन र सजाय गर्न यस सिद्धान्तले नरोक्ने व्याख्या गरिएको छ ।[१९] अन्य देशमा भएको कारवाही र सजायका सम्बन्धमा पनि दोहोरो खतराको यो मान्यता लागू नहुने र भारतमा हुने कारवाही र अन्य देशमा भएको कारवाही अलग र फरक हो [२०] भन्ने सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरेको छ । साथै दण्डात्मक प्रकृतिको भएपनि अनुशासनात्मक र विभागीय कारवाहीको सिलसिलामा भएको कारवाहीका सम्बन्धमा पनि यो सिद्धान्त लागू हुँदैन ।[२१]

कुनै पनि व्यक्तिलाई लगाइएको आरोप वा गर्न लागिएको कारवाहीको सम्बन्धमा सुनुवाईको पूर्ण र पर्याप्त अवसर दिनुपर्ने हुन्छ जसवाट उसलाई आफ्नो विरुद्धको आरोप वा कारवाहीको प्रतिरक्षा गर्ने समय प्राप्त होस । आफ्नो प्रतिरक्षाका लागि प्रमाण वा खण्डन प्रस्तुत गर्न पाउने महत्त्वपूर्ण मानव अधिकार स्वच्छ सुनुवाईलाई मानिन्छ । प्रतिरक्षाका लागि प्रमाण वा खण्डन प्रस्तुत गर्न पर्याप्त अवसर प्रदान गर्न इन्कार गर्नु भनेको स्वच्छ सुनुवाईको हकलाई ईन्कार गर्नु हो । यो अवसर कुन बेलादेखि शुरु हुन्छ भन्ने सम्बन्धमा भारतीय अदालतले जाहेरी दर्खास्त (FIR) वा कुनै पनि निवेदन वा उजूरीपश्चात् यो शुरु हुन्छ भन्ने व्याख्या गरेको पाइन्छ ।[२२] अभियुक्तलाई सुनुवाईका लागि ढिलो गरी पेश गर्ने कार्य (Delay bringing to trial an accused to court for trial) र अदालतले जमानतको निवेदनउपर निर्णय गर्ने कुरामा ढिलाई गर्नुले (Delaying for deciding application of bail by court) स्वच्छ सुनुवाईको अधिकारमा असर गर्ने मान्यता रहेको छ ।[२३]

कुनै पनि अभियुक्तलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने तथा यातना वा अन्य कुनै पनि किसिमको डर वा धम्कीका माध्यमबाट शंकितलाई कसूर स्वीकार गर्न बाध्य पार्ने कार्य स्वच्छ सुनुवाईको विपरीत मानिन्छ । तर कसूरको अनुसन्धानको सिलसिलामा औँठा छाप, हस्ताक्षर नमूना लिने, आवाजको नमूना (Voice sample) लिने विषयमा यो हक लागू हुँदैन भन्ने मान्यता स्थापित रहेको छ ।[२४] तर, सम्बन्धित व्यक्तिको स्वीकृति वा अदालतको अनुमति बिना पोलीग्राफ र फिंङ्गरप्रिन्ट परीक्षण गर्ने कार्यले जीवनको अधिकार र स्वच्छ सुनुवाईको अधिकारको उल्लघंन हुन जान्छ ।[२५] स्वच्छ सुनुवाई कानूनका विभिन्न क्षेत्रमा लागू हुन्छ भन्ने

१७ Attorney General v. Shiva Kumar yadhev AIR 2015 sc 3501
१८ Jogindar Kumar v. state of U.P. AIR 1994 scc 260
१९ State of Rajsthan v. Hatt singh AIR 2003 SC 791
२० Jeetendra Panchal v. Inteeligence Officer NCB AIR 2009 SC 1938
२१ Union of India v. Purushottam AIR 2015 SC 961
२२ Bal Krishna v Stat e of Maharastra AIR 1981 SC 379
२३ Rudal shah v. State of Bihar AIR 1983 SC 1038, State of Kerala v.Raneef AIR 2001 SC 340
२४ SPE and CBI v. M Krishna Mohan AIR 2008 SC 368, Ritesh Kumar v. State of UP AIR 2013 SC 1132
२५ Selvi v. State of Karnataka AIR 2010 Sc 1974 . Shaik Faruddin v. Shaik Hasan AIR 2006 SC

कुरालाई समेत भारतको सर्वोच्च अदालतले स्वीकार गरेको छ। निष्पक्ष न्यायाधीशको अगाडि सुनुवाई गर्ने कुरा मात्र नभै निष्पक्ष अभियोजनकर्ता र स्वच्छ न्यायिक वातावरण पनि यसको लागि महत्त्वपूर्ण हुन्छन् ।[२६]

## ५.५ अष्ट्रेलिया

अष्ट्रेलियाको मानव अधिकार ऐन, २००४ ले स्वच्छ सुनुवाईको हकको प्रत्याभूति गरेको छ। फौजदारी अभियोग लागेको व्यक्तिलाई सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट स्वच्छ र सार्वजनिक सुनुवाई पाउने अधिकार हुन्छ। तर नैतिकता, पक्षको निजी जीवनको रक्षा, सार्वजनिक व्यवस्था र राष्ट्रिय सुरक्षाको संरक्षणका लागि सार्वजनिक सुनुवाईमा सीमा लगाउन सकिन्छ। तर फौजदारी वा देवानी कारवाहीसम्बन्धी फैसला गर्दा भने बालबालिकाको हितमा असर पर्ने अवस्थामा बाहेक सार्वजनिक गर्नुपर्दछ ।[२७]

फौजदारी आरोप लागेको अभियुक्त कानूनअनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने, आरोपितलाई समान व्यवहार गरिने, पूर्णरुपमा शीघ्र उसले बुझ्ने भाषामा आरोपको प्रकृति र कारण बारेमा जानकारी पाउने, कानून व्यवसायीसँग परामर्श लिन पाउने र पुर्पक्ष गर्न पाउने, असमर्थ भएमा राज्यका तर्फबाट कानूनी सहायता पाउने, आरोपको प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय र सुविधा पाउने, अनुचित बिलम्ब बिना सुनुवाई गरिने, अभियोजनको साक्षीलाई परीक्षण गर्न पाउने, निःशुल्क दोभाषेको सुविधा पाउने, कसूर स्वीकार गर्न बाध्य नपारिने जस्ता न्यूनतम् मानव अधिकारहरूलाई स्वच्छ सुनुवाई अन्तर्गत प्रत्याभूत गरिएको पाइन्छ ।[२८] अष्ट्रेलियाको मानव अधिकार ऐन, २००४ को दफा २१ ले प्रत्याभूत गरेको स्वच्छ सुनुवाईको हक फौजदारी मुद्दामा मात्र सीमित नभै देवानी मुद्दाको कारवाहीमा पनि समान रुपमा लागू हुन्छ।

## ६. नेपालमा मानव अधिकार र स्वच्छ सुनुवाईको हक

मानव अधिकार र स्वच्छ सुनुवाई एकअर्कामा सम्बन्धित विषय हुन। स्वच्छ सुनुवाई मानव अधिकारको महत्त्वपूर्ण पक्ष हो भने मानव अधिकार संरक्षण र न्याय प्राप्तीको आधार पनि हो। नेपालले मानव अधिकारसम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूलाई स्वीकार गरेको छ।[२९] ती महासन्धिले प्रत्याभूत गरेका मानव अधिकार र स्वच्छ सुनुवाइसम्बन्धी व्यवस्थाहरूलाई कानूनी व्यवस्थामार्फत प्रत्याभूत गर्नुपर्ने र पालना गर्नुपर्ने दायित्व रहेको छ। स्वच्छ सुनुवाई सम्बन्धमा नेपालको संविधान तथा सम्बन्धित कानूनमा गरिएका व्यवस्थाहरू निम्नबमोजिम रहेका छन् :-

## ६.१ नेपालको संविधान

लोकतान्त्रिक प्रणाली, नागरिक स्वतन्त्रता, मानव अधिकार, मौलिक अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा नेपालको संविधानले स्वीकार गरेका मूल्यहरू हुन। मानव अधिकारसम्बन्धी व्यवस्थालाई मौलिक हकको रुपमा प्रत्याभूति गरिएको छ। जस अनुसार सम्मान पूर्वक

२६ Zahira Habibullah Sheikh & Anr vs State Of Gujarat ((2004) 4 SCC 158)
२७ मानव अधिकार ऐन, २००४ को दफा २१
२८ ऐ. दफा २२
२९ कानून, न्याय तथा संसदीय व्यवसथा मन्त्रालय, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको संगालो, २०६४

बाँच्न पाउने हक हुने, कानूनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रताबाट बञ्चित नगरिने, कानूनको दृष्टिमा सबै नागरिक समान हुने, कानूनको समान संरक्षण प्राप्त हुने, कानूनको प्रयोगमा कसैप्रति पनि भेदभाव नगरिने जस्ता मूलभूत मानव अधिकारलाई संविधानले सुरक्षित गरेको छ ।[३०] यी अधिकारका अलावा संविधानले स्वच्छ सुनुवाइसम्बन्धी हकको रुपमा निम्न हकको व्यवस्था गरेको छः- [३१]

१. कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने ।
२. पक्राउमा परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक प्राप्त हुने । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने ।
३. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा नराखिने ।
४. तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी नहुने र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय नदिइने ।
५. कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने ।
६. कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नदिइने । ७. कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य नपारिने ।
७. प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने ।
८. प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने ।
९. असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने ।
१०. अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ ।
११. पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने ।
१२. व्यक्तिको जीउ, आवास, सम्पत्ति, पत्राचार कानूनबमोजिम बाहेक गोप्य रहने ।

यी अधिकारहरू स्वच्छ सुनुवाईसँग सम्बन्धित रहेका छन् । कुनै पनि फौजदारी कसूरसम्बन्धी कारवाहीको चरणमा राज्यका सम्बन्धित निकाय वा अधिकारीले यी अधिकारको पालना गर्नुपर्ने र सम्बन्धित व्यक्तिले पनि उपभोग गर्न पाउने गरी सुनिश्चित गर्नुपर्ने हुन्छ । यसका अलावा संविधानको धारा १२६ ले नेपालको न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरेको छ भने धारा १५२ ले खास मुद्दाका लागि विशिष्टीकृत

३० नेपालको संविधान भाग ३
३१ ऐ. धारा २०, २१, २२ र २८

अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन नगरिने व्यवस्था गरेको छ । साथै एक वर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसूरसम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा नपर्ने गरी संविधानले बाध्यात्मक व्यवस्था गरेको छ। स्वच्छ सुनुवाईको लागि अर्धन्यायिक निकायलाई फौजदारी कसूरसम्बन्धी मुद्दाको सुनुवाई गर्ने जिम्मेवारी दिनु बाञ्छनीय नमानिने सिद्धान्तलाई संविधानमा अबलम्बन गर्न खोजेको देखिन्छ । यद्यपि एकवर्षसम्म कैद हुने कसूरसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार अर्धन्यायिक निकायलाई दिन सकिने कुरालाई संविधानले खुल्ला गरेको छ। संविधान जारी भएपछि यही संवैधानिक व्यवस्थाका आधारमा अर्धन्यायिक निकायलाई मुद्दा हेर्ने क्षेत्राधिकार प्रदान गर्न केही फौजदारी कसूरसम्बन्धी कानूनमा संशोधन गरी सजाय घटाएर एक वर्षसम्म बनाइएको उदाहरण रहेको छ ।[३२]

## ६.२. कानूनी व्यवस्था

मानव अधिकार र स्वच्छ सुनुवाईको संरक्षण र कार्यान्वयनका लागि नेपालको विभिन्न कानूनहरूमा यस सम्बन्धमा गरिएको छ । औषधी ऐन, २०३५, वैदेशिक रोजगार ऐन, २०६४, विशेष अदालत ऐन, २०५९,अध्यागमन ऐन, २०४९ मुलुकी ऐन, २०२०, नागरिक अधिकार ऐन, २०१२, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन, २०४९, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र प्रमाण ऐन, २०३१ मा स्वच्छ सुनुवाईको प्रावधानहरू रहेका छन् । नयाँ जारी गरिएका निम्न ऐनका व्यवस्था विशेष रूपमा उल्लेखनीय छन :-

### ६.२.१. संगठित अपराध निवारण ऐन, २०७०

सङ्गठित अपराध सम्बन्धमा नेपाल पक्ष भएको संयुक्त राष्ट्र संघीय अन्तरदेशीय संगठित अपराधसम्बन्धी महासन्धि, २००० का व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यले संगठित अपराधको नियन्त्रणका लागि यो ऐन लागू भएको हो । संगठित प्रकृतिका अपराधको अनुसन्धान, अभियोजन र सुनुवाईमा स्वच्छ सुनुवाईका मान्यताहरूलाई सीमित गर्न सकिने व्यवस्थाहरू यसमा समावेश गरिएको छ। जस अनुसार संगठित अपराधको कसूरसम्बन्धी मुद्दामा यस ऐनमा लेखिएका कुरामा सोही ऐनबमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुने व्यवस्था यसमा गरिएको छ ।[३३] यस ऐनमा अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रब्यदृश्य संवादमार्फत उपस्थित गराउन सकिने, अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रब्यदृश्य संवाद अदालतमा उपस्थित गराउन आदेश दिन सक्ने, श्रब्यदृश्य संवाद वा डोरमार्फत अभियुक्त वा साक्षी प्रमाण बुझ्न् सकिने, काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गराउन सकिने व्यवस्था गरिएको छ ।[३४]

सामान्यतया अभियोजनको साक्षीलाई अभियुक्तले खुल्ला इजलासमा जिरह गर्न पाउने मान्यता स्वच्छ

३२ मिति २०७२।११।१२ मा भएको केही नेपाल ऐन संशोधन गर्ने बनेको ऐन, २०७२ ले कालोबजार ऐन, २०३२, केही सार्वजनिक अपराध तथा सजाय ऐन, २०२७, हातहतियार तथा खरखजाना ऐन, २०१९ मा विद्यमान सजाय घटाइएको थियो ।

३३ संगठित अपराध निवारण ऐन, २०७० को दफा ३२

३४ ऐ.दफा ३४

सुनुवाईको सिद्धान्तभित्र पर्दछ । तर सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने र अभियुक्तको कानून व्यवसायीले श्रव्यदृश्य संवादमार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने व्यवस्था गरिएको छ ।[३५]

यसै गरी अपराधको सम्बन्धमा सुराकी गर्ने, उजूरी गर्ने वा सूचना दिने व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नु पर्ने, कुनै खास किसिमको सङ्गठित अपराधसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैंले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा हुने व्यवस्था रहेको छ ।[३६] संगठित अपराधको प्रकृति र यस्ता अपराधमा संलग्न संगठित समूहको प्रभावबाट साक्षी तथा सूचना गर्ने व्यक्तिको सुरक्षा गर्ने उद्देश्यले स्वच्छ सुनुवाईको अपवादको रुपमा यी व्यवस्था राखिएको देखिन्छ ।

स्वच्छ सुनुवाईका मान्यताअनुरुप अभियुक्त वा पीडितले दोभाषे वा अनुवादक राख्न सक्ने, त्यस्ता पक्षलाई राज्यले कानूनी सहायता उपलब्ध गराउने तथा पीडितले चाहेमा छुट्टै कानून व्यवसायी राख्न सक्ने जस्ता व्यवस्था ऐनले गरेको छ ।[३७]

## ६.२.२ मुलुकी अपराध (संहिता) ऐन, २०७४

फौजदारी कसूर निवारण र नियन्त्रण गर्न र ततसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसूरसम्बन्धी संहिताको व्यवस्था गर्ने उद्देश्यले २०७५ भदौ १ बाट लागू हुने गरी जारी यस संहिताले स्वच्छ सुनुवाईसँग सम्बन्धित फौजदारी न्यायसम्बन्धी सिद्धान्तहरूलाई समावेश गरेको छ ।[घड] उक्त सिद्धान्तहरू सो ऐन र अन्य कानूनअन्तर्गतका कसूरका सम्बन्धमा गरिने अनुसन्धान, अभियोजन तथा सुनुवाईसम्बन्धी कारवाहीका सिलसिलामा पालना गर्नुपर्ने हुन्छ । कुनै पनि व्यक्तिको मानव अधिकारसँग सम्बन्धित यी सिद्धान्तहरूमा कानूनबमोजिम गर्नुपर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर नमानिने, कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी नहुने र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय नहुने, तथ्यको भ्रममा परी कानूनबमोजिम गर्नुपर्ने वा क्षम्य मानिएको विश्वास गरी असल नियतले गरेको कुनै काम कसूर नमानिने, एउटै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने, कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाईबाट वञ्चित नहुने,कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो बिरुद्ध साक्षी हुन कर नलाग्ने, कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार नमानिने, निजी रक्षाको अधिकार प्रयोग गर्दा भए गरेको कुनै काम कसूर नमानिने प्रत्येक व्यक्तिलाई आफनो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुने, कसूरको गम्भीरता र कसूरमा रहेको संलग्नताको आधारमा अभियुक्तलाई सजाय निर्धारण गरिने आदि रहेको छन ।

३५ ऐ.दफा ३६(१)
३६ ऐ.दफा ४२
३७ ऐ.दफा ५४
३८ मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद २

यसै गरी अपराध पीडित व्यक्तिलाई अदालतले कसूरदारबाट मनासिव क्षतिपूर्ति भराउने, अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था समेत गरि अपराध पीडितलाई फौजदारी न्याय प्रशासनको अङ बनाइएको छ ।

## ६.२.३ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाई र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्वयनसम्बन्धी कार्यविधि कानूनलाई सरलीकृत र समयानुकूल बनाउने उद्देश्यका साथ यो ऐन जारी भएको छ । २०७५ भदौ १ बाट लागू हुने यो ऐनले फौजदारी कसूरको अनुसन्धान, अभियोजन तथा मुद्दाको कारवाही प्रक्रियामा अबलम्बन गर्नुपर्ने कार्यविधिहरू उल्लेख गर्नुका साथै अभियुक्तलाई पक्राउ गर्ने कार्यविधि, हिरासतमा राख्दा अबलम्बन गर्नुपर्ने प्रक्रिया, बयान गराउदाको विधि समेतका विषयमा नयाँ व्यवस्था गर्नुका साथै अपराध पीडितको न्याय प्राप्त गर्ने अधिकारका सम्बन्धमा समेत निम्न व्यवस्था गरेको पाइन्छ :-

१. कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचना भ्रमपूर्ण, झूठ्ठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा तामेलीमा राख्न सकिने,
२. कसूरको अनुसन्धानको सिलसिलामा आरोपित व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा त्यसको कारण खुलाई पक्राउ गर्नुपर्ने व्यक्तिको पहिचान खुल्ने विवरणसहित पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने र मुद्दा हेर्ने अधिकारीले अनुमति दिएमा मात्र पक्राउ गर्नुपर्ने, पक्राउ गर्दा लगाइएको आरोपको सूचनासहितको पूर्जी दिनुपर्ने,
३. तत्काल जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरिएको अभियुक्तको हकमा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिनुपर्ने र स्वीकृति प्राप्त नगरी अनुसन्धान कारवाही गर्न नपाइने,
४. अनुसन्धानको सिलसिलामा पक्राउ गरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राख्न आवश्यक नदेखिएमा धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारेखमा राखी थुना मुक्त गर्न सकिने ।
५. अनुसन्धानकर्ताले कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई हिरासतमा राखिएकोमा निजको नाम, थर, उमेर, टोलसहितको ठेगाना समेत लिई निजको अभिलेख तयार गर्नुपर्ने र त्यस्तो अभिलेखका आधारमा हिरासतमा रहेको व्यक्तिको नजिकको व्यक्तिलाई हिरासतमा रहेको जानकारी दिनुपर्ने ।
६. पक्राउ गरिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनुपर्ने, कसूरको अनुसन्धानका लागि २४ घण्टाभित्र पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र अदालतको अनुमतिले मात्र थप हिरासतमा राख्न सकिने,
७. कसूरको तहकिकातको सिलसिलामा घटनास्थल मुचुल्का तयार गर्दा वा खानतलासी लिंदा वा त्यस्तो कसूरको प्रकृति अनुसार आवश्यक मुचुल्का खडा गर्दा त्यस्तो ठाउँमा तत्काल उपलब्ध

कम्तीमा दुईजना स्थानीय व्यक्ति र स्थानीय तहका एकजना सदस्य वा त्यस्तो सदस्य उपलब्ध नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारी भए निजलाई र फेला परेसम्मका अभियुक्तलाई समेत रोहवरमा राख्नुपर्ने,

८. कसूरको अनुसन्धानको सिलसिलामा अभियुक्तको रगत, वीर्य, रौं वा अन्य अंग वा डि.एन.ए. परीक्षण गर्दा कसूरदार पत्ता लगाउन कसूरसम्बन्धी प्रमाण प्राप्त हुनसक्ने अवस्थामा परीक्षण गराउन सकिने र सो का लागि सम्बन्धित व्यक्तिले परीक्षणका लागि आवश्यक पर्ने नमूना (स्याम्पल) उपलब्ध गराउनुपर्ने,

९. अनुसन्धान अधिकारी तथा अभियोजनकर्ताले बदनियतपूर्वक अनुसन्धान र अभियोजन गरेकोमा कसूर हुने र त्यस्तो कार्यमा संलग्न अधिकारी सजायभागी हुने,

१०. आरोपित कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीले सरकारी वकीलसमक्ष सम्बन्धित अभियुक्तको बयान लिने । यसरी बयानको क्रममा अभियुक्तले सोधिएको प्रश्नको जाने सम्मको जवाफ दिई अनुसन्धानमा सहयोग गर्नुपर्ने हुन्छ । तर आफूउपर कुनै कसूरको अभियोग लाग्नसक्ने किसिमको जवाफ दिन भने कर नलाग्ने,

११. साना तिना कसूरमा मुद्दा दायर नगरिने, सरकारी वकीलले अनुसन्धानबाट संकलित सवूद प्रमाणको पर्याप्तताका आधारमा मात्र मुद्दा चलाउने निर्णय गर्ने । सवूद प्रमाणको अभावमा मुद्दा नचलाउने निर्णय गरिने,

१२. सरकारी वकीलले मुद्दा चलाउने निर्णय गरेकोमा लगाइएको अभियोगसम्बन्धी कसूरको सूचना, कसूरसम्बन्धी विवरण, अभियुक्तले गरेको कसूर र सो प्रमाणित गर्ने दशी प्रमाणको विवरण, अभियोग र त्यसको आधार कारणहरू, अभियुक्तलाई हुनुपर्ने सजायको मागदावी र त्यसको कारण, क्षतिपूर्ति भराई दिनुपर्ने भए सोसम्बन्धी रकमको दावी लिई अभियोगपत्र दायर गर्ने,

१३. मुद्दा नचल्ने निर्णय गरिएकोमा सोको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपि सम्बन्धित अभियुक्तलाई दिने,

१४. मुद्दा दायर भएपछि अदालतले त्यस्तो मुद्दाको कारवाही प्रारम्भ गर्ने,

१५. अदालतले अभियोगपत्र साथ उपस्थित नभएका अभियुक्तलाई समाह्वान वा पक्राउ पूर्जी जारी गरी अदालतमा उपस्थित गराउने र आराप बारे बयान लिई मुद्दाको कारवाही गर्ने,

१६. आरोपका सम्बन्धमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने मनासिव आधार भएमा मात्र अदालतले मुद्दाको पुर्पक्षका लागि अभियुक्तलाई थुनामा राख्ने, थुनामा राख्नु नपर्ने प्रकृतिका मुद्दामा कसूरदार देखिएकोमा धरौट वा जमानत लिई तारिखमा राख्ने, अभियोगको कसूरदार हो भन्ने प्रमाणबाट नदेखिएकोमा तारिखमा राखी कारवाही गर्ने,

१७. थुनछेक वा धरौट वा तारिखमा राख्ने गरी भएको आदेशमा चित्त नबुझेकोमा सम्बन्धित पक्षले पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्नसक्ने,

१८. प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा गर्नुपर्ने र सो

अबधिभित्र किनारा हुन नसकेमा थुनामा रहेको अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारवाही किनारा गर्न सकिने,

१९. अभियुक्तलाई लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम् कैदको सजायको अबधिभन्दा बढी थुनामा नराखिने,

२०. थुनामा राख्दा अधिकार प्राप्त अधिकारीको आदेशले थुनुवा पूर्जी दिई थुनामा राख्नुपर्ने,

२१. वादीले उजूरीमा, अभियुक्तले बयानमा र प्रतिवादीले प्रतिउत्तरमा आफ्ना साक्षी, लिखत, दशी प्रमाण खुलाउनुपर्ने र अदालतले तोकेका दिन ती प्रमाण मुद्दाका पक्षहरूले पेश गर्नुपर्ने र पक्षहरूको उपस्थितिमा परीक्षण गरिने,

२२. अभियुक्त अदालतमा उपस्थित भएपछि अदालतले अभियुक्तउपर लगाइएको अभियोग, तत्सम्बन्धी तथ्यसहितको विवरण र अभियोग प्रमाणित गर्न उजूरवालाले पेश गरेको प्रमाण तथा अभियोग प्रमाणित भएमा हुने सजाय स्पष्ट रुपमा सम्झाई बुझाई अभियोगपत्रमा लिएको माग दावी पढेर सुनाउनुपर्दछ । यसरी सुनाउँदा अभियुक्तले अभियोगपत्रमा पेश भएका प्रमाणको नक्कल वा प्रतिलिपि लिन चाहेमा त्यसको मौका दिनुपर्ने,[३९]

२३. अभियोग तथा अभियोगमा हुनसक्ने सजाय सुनाई अदालतले अभियुक्तको के भनाई छ भनी सोधी निजको बयान अभिलेख गर्नुपर्ने,

२४. अदालतमा उपस्थित गराइएको अभियुक्तसँग बयान लिनु अगाडि नै निजले कुनै कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा त्यसको मौका दिनुपर्ने,

२५. अभियुक्तले निजउपर लगाइएको कसूर स्वीकार गरी साविती बयान गरेकोमा अदालतले बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी तत्काल उक्त मुद्दाको फैसला गर्नसक्ने ।

२६. अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा किन गर्नको लागि वादी तथा प्रतिवादी बीच छलफल गराउने र यस्तो छलफलमा अभियुक्तले चाहेमा निजको कानून व्यवसायी समेत उपस्थित हुनसक्ने,

२७. अदालतले मुद्दाको पुर्पक्ष र सुनुवाई खुल्ला इजलासमा गर्नुपर्ने । तर जासूसी, मानव बेचविखन, यौनजन्य कसूर,बालिबालिका अभियुक्त वा पीडित भएको मुद्दा, जवर्जस्ती करणी वा अदालतले बन्द इजलासबाट सुनुवाई गर्न उचित देखी आदेश गरेको अन्य मुद्दाको सुनुवाई बन्द ईजलासबाट गर्न सकिने ।

२८. कसूरको अभियोग लागेको अभियुक्तले आफ्नो प्रतिरक्षाका लागि रोजेको कानून व्यवसायी नियुक्त गरी बहस पैरवी गराउन सक्ने  र जन्म कैदको सजाय वा दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुनसक्ने कसूरको आरोप लागेको अभियुक्तले कानून व्यवसायी नियुक्त नगरेमा अदालतले त्यस्तो अभियुक्तको हकमा अदालतको तर्फबाट नियुक्त कानून व्यवसायीबाट प्रतिरक्षा गर्न आदेश दिनसक्ने ।

३९ मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा १२१

२९. मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया एक महिनाभित्र मुद्दाको फैसला गर्नुपर्ने,
३०. अदालतले फैसला गर्दा मुद्दाको संक्षिप्त विवरण, कानून व्यवसायीले गरेको बहसको बुँदाहरू, पक्षले पेश गरेको प्रमाण र ती प्रमाणको विश्वसनीयता, कसूर ठहर हुने वा नहुने आधार, पुनरावेदन लाग्ने नलाग्ने कुरा समेत उल्लेख गर्नुपर्ने,
३१. फैसलाको सूचना वा नक्कल मुद्दाका पक्षलाई अदालतले दिनुपर्ने र फैसलामा चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले तीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्नसक्ने ।

सर्वोच्च अदालत नियमावली, २०७४, उच्च अदालत नियमावली २०७३ जिल्ला अदालत नियमावली, २०५० का विभिन्न व्यवस्थाले पनि स्वच्छ सुनुवाईको सिद्धान्तलाई मूर्त रूप दिएको छ ।

## ७. स्वच्छ सुनुवाईसँग सम्बन्धित अधिकारहरू

स्वच्छ सुनुवाई मानव अधिकार र न्यायको अधिकार हो । यसमा मानव अधिकारसँग सम्बन्धित वैयक्तिक स्वतन्त्रता, समानता र न्यायिक प्रक्रियाका आधारभूत अधिकार र ती अधिकारहरूको प्रचलन गराउने स्वच्छ र उचित प्रक्रिया एवं कार्यविधिहरूको अबलम्बन गर्ने कुरा समाविष्ट हुन्छन् । जुन निम्न रहेका छन :

## ७.१. पक्राउ र अभियोगबारे तुरून्त जानकारी पाउने अधिकार

कुनै पनि फौजदारी कानूनले निषेध गरेको कार्य भएमा त्यस्तो कसूरमा संलग्न रहेको मनासिव आधारमा कुनै पनि व्यक्तिलाई अनुसन्धानका लागि पक्राउ गर्न र हिरासतमा राख्न सकिन्छ । यसरी पक्राउ गर्दा कानूनले अधिकार प्रदान गरेको अधिकारीले पक्राउ गर्ने र पक्राउ गर्दा कानूनले निर्धारण गरेको कार्यविधि र प्रक्रियाको अबलम्बन गर्नुपर्छ । पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण र हिरासतमा लिएको कुराको जानकारी सम्बन्धित अधिकारीले तुरुन्त दिनुपर्ने हुन्छ । किनकि आफू थुना वा पक्राउ पर्नुको कारणबारे तत्कालै थाहा पाउनु पक्राउ वा थुनामा पर्ने कुनै पनि व्यक्तिको नैसर्गिक मानव अधिकार हो भने यो स्वच्छ सुनुवाईसँग सम्बन्धित आधारभूत वैयक्तिक स्वतन्त्रताको हक पनि हो । वैयक्तिक स्वतन्त्रताबाट वञ्चित भएको व्यक्तिले स्वतन्त्रताबाट वञ्चित हुनुको आधार र कारणबारे निजले मात्र नभै निजको आफन्त वा नातेदार वा सहयोगीले सूचना पाउनु स्वच्छ सुनुवाईको अधिकारभित्र पर्दछ । नेपालको संविधानको धारा २० को उपधारा (१) ले पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन भनी पक्राउ भएको कारणसहितको जानकारी तुरुन्त गराउनु पर्ने सुनिश्चितता गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणसहितको सूचना दिइने र निजविरूद्ध लगाइएको आरोपको जानकारी तुरून्त दिइने कुरा सुनिश्चित गरेको छ ।[४०] कसैलाई स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य कानूनवमोजिम मात्र हनुपुर्ने र स्वेच्छाचारी रुपमा कसैलाई पक्राउ गर्न र थुनामा राख्न नहुने कुरासँग यसले सार्थक सम्बन्ध राख्दछ । कुनै व्यक्ति पक्राउ पर्ना साथ पक्राउको कारणसहितको जानकारी दिनपुर्ने

४० नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९(२)

व्यवस्था नागरिक अधिकार ऐन, २०१२ मा पनि गरिएको छ[४१] भने फौजदारी कसूरको अनुसन्धान गर्ने कार्यविधिसम्बन्धी कानूनको रुपमा रहेको सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४(१) मा नेपाल सरकार वादी हुने फौजदारी कसूरमा सलंग्न रहेको शंका गनुपर्ने मनासिव कारण भएको अवस्थामा मात्र पक्राउ गर्न सकिने र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना (पक्राउ पूर्जी) नदिई थुनामा राख्न नहुने गरी भएको व्यवस्था स्वच्छ सुनुवाईसँग सम्बन्धित छ ।

मुलुकी ऐन, अदालती बन्दोवस्तको १२१ नं मा मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यो नम्बर वा यो दफाअनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पूर्जी नदिई थुनामा राख्न नहुने व्यवस्था रहेको छ । मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले कसूरको अनुसन्धानको सिलसिलामा आरोपित व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा त्यसको कारण खुलाई पक्राउ गर्दा लगाइएको आरोपको सूचनासहितको पूर्जी दिनुपर्ने व्यवस्था गरेको पाइन्छ ।

सर्वोच्च अदालतले वैयक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशील विषय हो भन्दै कुनै पनि व्यक्तिलाई पक्राउ गरिसके पश्चात् कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारीसहितको थुनुवा पूर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुका कारणसहित सूचना पाउनुपर्ने हरेक व्यक्तिको मौलिक हक हो भन्ने सिद्धान्त लोप्साङ्ग शेर्पा समेत विरूद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौं_समेतको मुद्दामा प्रतिपादन गरेको छ ।[४२]

## ७.२. कानून व्यवसायीसँग परामर्श गर्न र पुर्पक्ष गर्न पाउने अधिकार

कुनै पनि व्यक्ति फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ पर्नासाथ रोजेको कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार स्वच्छ सुनुवाईको सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण मानिन्छ । नेपालको संविधानको धारा २० को उपधारा (२) ले पक्राउमा परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्न पाउने हक सुनिश्चित गरेको छ । यसरी कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४(३)मा आफू स्वयं वा आफूले रोजेको कानून व्यवसायीमार्फत प्रतिरक्षा गर्न पाउने, कानून व्यवसायीसँग परामर्श लिन पाउने अधिकार सुनिश्चित गरेको छ । नागरिक अधिकार ऐन, २०१२ को दफा १५ ले कुनै व्यक्ति पक्राउ परेपछि कानून व्यवसायीसँग परामर्श गर्न पाउने व्यवस्था गरेको छ ।

यज्ञमूर्ति वन्जाडे वि. बाग्मती विशेष अदालत समेत[४३] भएको बन्दी प्रत्यक्षीकरणको मुद्दामा कानूनी सहायता पाउने अधिकारभित्र कुनै व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन तथा निजद्वारा पुर्पक्ष गर्न पाउँछ भन्ने अधिकारको बारेमा थाहा नभएको व्यक्तिलाई निजले त्यस्तो अधिकारको उपभोग गर्न पाउँछ भन्ने कुराको जानकारी पाउने अधिकार समेत पर्दछ भनी सर्वोच्च अदालतले उल्लेख

४१ नागरिक अधिकार ऐन, २०१२ को दफा १५(१) (क)
४२ ने.का.प. २०६८, अङ्क ८, नि.नं ७६७२, पृ. १४०३
४३ ने.का.प.२०२७, नि.नं. ५४७, पृ.नं १५७

गरेको पाइन्छ । कानून व्यवसायीसँग परामर्श लिन पाउने र पुर्पक्ष गर्न पाउने अधिकारलाई आधारभूत मानव अधिकारको रुपमा प्राय सबै देशले कानूनमा समावेश गरेको पाइन्छ। मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३(६) मा पक्राउ गरिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनुपर्ने कर्तव्य अनुसन्धान अधिकारीको हुने व्यवस्था गरेको छ । कानून व्यवसायीसँग सल्लाह लिन पाउने हकको प्रयोग पक्राउ परेको व्यक्तिले माग गरेको अवस्थामा मात्र नभै अधिकारको रुपमा प्रदान गर्नुपर्ने हुन्छ र यो हक प्रदान गर्नुको उद्देश्य फौजदारी अभियोगमा पक्राउ परेको व्यक्तिको स्वच्छ सुनुवाईको हकको संरक्षण गर्नु हो । यो हकको प्रचलन गरी मानव अधिकारको संरक्षण गर्ने जिम्मेवारी मूलतः कानून कार्यान्वयन गर्ने निकाय, अभियोजन गर्ने अधिकारी तथा मुद्दा हेर्ने अदालतको रहन्छ ।

## ७.३ आफू विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार

कुनै कसूरको अभियोगमा पक्राउ परेका वा थुनामा रहेको व्यक्तिलाई लगाइएको आरोप वा अभियोग बारे सफाई पेश गर्ने वा सो अभियोग बारे जवाफ दिन पाउने हक हुन्छ। तर, आफूविरुद्ध प्रमाण लाग्ने गरी कसूर स्वीकार गर्न बाध्य गर्न हुँदैन भन्ने मान्यतामा यो अधिकार आधारित रहेको छ। कुनै व्यक्तिले फौजदारी कसूर स्वीकार वा ईन्कार गर्ने कुरा उसको स्वेच्छामा निर्भर रहन्छ भन्ने विषयसँग सम्बन्धित छ। कसूरको अनुसन्धानको सिलसिलामा राज्यका निकायहरूले अभियुक्तलाई कसूर स्वीकार गर्न बाध्य पार्ने वा निजको ईच्छा विपरीत बयान गर्न दबाव दिने वा वाध्य पार्न हुँदैन। कसूरको सम्बन्धमा शंकित व्यक्तिको बयान गराउँदा निजको स्वेच्छाले भनेको कुरा उल्लेख गरी बयान गराउने, कुनै दवाव वा यातना नदिने कुरा यो हकसँग सम्बन्धित छ। आफू विरूद्ध साक्षी हुन कर नलाग्ने विषय अभियुक्तको चूप लाग्ने अधिकार (Right To Remain Silence) सँग पनि सम्बन्धित छ। तसर्थ अभियुक्तलाई अनुसन्धानको क्रममा वा मुद्दाको कारवाहीको क्रममा आरोपित कसूरको बारेमा केही नबोली चूप लाग्न पाउने अधिकार रहन्छ। अभियोग लागेको व्यक्तिले स्वेच्छाले कसूरको बारेमा कुनै कुरा भन्दछ वा स्वीकार गर्दछ भने सो कुरा निजको समर्थन वा विरुद्धमा प्रमाण लाग्न सक्दछ। कुनै व्यक्ति केही नबोली चूप वस्दछ भने पनि उसलाई वोल्नै पर्ने भनी भन्न मिल्दैन। उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन र निर्दोषिता पनि सिद्ध हुँदैन भन्ने उल्लेख गरिएको छ। आफ्नो विरुद्ध आफै साक्षी हुन नपर्ने प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले वाहेक आफ्नो विरुद्ध बोल्न वाध्य हुँदैन र अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने मात्र सो कुरा निजको समर्थन वा विरूद्धमा प्रमाण लाग्न सक्दछ भन्ने सिद्धान्त प्रतिपादन गरिएको छ। [४४]

नेपालको संविधानको धारा २० को उपधारा (७) ले कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन भन्ने व्यवस्था गरी बयान गर्दा कसूर स्वीकार गर्न बाध्य नपारिने तथा कसूरको बारेमा स्वेच्छाले आफ्नो कुरा भन्न पाउने अधिकार सुनिश्चित गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४ को उपधारा (३) र उपधारा (६) ले प्रत्येक

४४ चन्द्रबहादुर नेपाली वि. मन्त्रिपरिषदको सचिवालय समेत ने.का.प. २०५४ नि.नँ.

व्यक्तिलाई निज विरुद्धको फौजदारी अभियोगको निर्धारणमा आफ्नो विरुद्धमा प्रमाण दिन वा कसूरमा सावित हुन वाध्य हुन नपर्ने अधिकारको व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९२ को धारा ५५ (१) (क) तथा (२) (ख) ले कुनै पनि व्यक्तिलाई अनुसन्धानको प्रक्रियामा दोषी सावित हुन वा कसूर स्वीकार गर्न वाध्य नपारिने र चूप बस्न पाउने अधिकारको प्रत्याभूति गरेको छ । अभियुक्तलाई अनुसन्धानको अवधिमा आफू विरुद्ध लगाइएको अभियोग स्वीकार गर्न वाध्य नपारिने, कसूर बारे चूप लागेर बस्न पाउने अधिकार रहने र अभियुक्तले बोलेको कुनै कुरा निज विरुद्ध प्रमाणमा लाग्न सक्ने र बयानको क्रममा चूप लागी बस्न पाउने हक हुने बारेमा अभियुक्तलाई अनुसन्धानको समयमा नै सम्बन्धित अधिकारीले जानकारी गराउनुपर्ने कर्तव्य हुने सिद्धान्त रहेको छ ।[४५]

कुनै व्यक्ति केही पनि नबोली चूप लागी बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको कारणले मात्र दोषी सावित गर्न हुँदैन भन्ने मान्यता यसले राख्दछ । अभियुक्तको हकमा मात्र चूप लाग्ने अधिकार रहने भएतापनि मुद्दाका साक्षीलाई भने यो अधिकार हुँदैन ।[४६] आफ्नो विरुद्धको प्रमाण दिन कर छैन भन्ने मान्यतामा आधारित विषय र साक्षीले वकपत्र गर्ने विषय एउटै होइन । साक्षीले बोल्ने कुरा आफै पक्ष वा विपक्षमा हुँदैन । उसले देखेको सत्यतथ्य अदालतमा आई भन्दा न्यायिक प्रक्रियामा सहज हुने हुँदा साक्षीले नबोल्ने वा चूप लाग्ने अधिकार दावी गर्न सक्दैन ।[४७]

प्रमाणको भार प्रतिवादीमा रहने कानूनी व्यवस्था स्वच्छ सुनुवाईको हक, आफू विरुद्ध साक्षी हुन कर नलाग्ने हकसँग बाभिएको भन्ने रिट निवेदनमा सर्वोच्च अदालतले सो व्यवस्था स्वच्छ सुनुवाईको हक र आफू विरुद्ध साक्षी हुन कर नलाग्ने हकको प्रतिकूल नहुने व्याख्या गरेको छ ।[४८] अदालतमा मुद्दा दायर हुनु अगाडि अनुसन्धानको सिलसिलामा शंकित व्यक्तिको रूपमा रहँदा आफ्नो ईच्छाअनुसार अनुसन्धान अधिकारीले सोधेको जवाफ नदिई चूप लागी बस्न पनि सक्ने र अनुसन्धान अधिकारीले सोधेको प्रश्नमा स्वेच्छाले बयान गर्न पनि सक्दछ । त्यसै गरी अदालतमा अभियोग पत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष पनि अभियुक्तले आफू मौन रहने वा 'Guilty plea' वा 'Not guilty plea' लिने हक उपभोग गर्न सक्दछ, उसलाई वाध्य गरी जवाफ लिन सकिँदैन भन्ने व्याख्या यसै मुद्दामा भएको छ । मुलुकी अपराध संहिता ऐन, २०७४ ले पनि यो हकलाई सुरक्षित गर्दै आफ्नो विरुद्ध बोल्न बाध्य नपारिने व्यवस्था गरेको छ । तर, अनुसन्धानको क्रममा कसूरसँग सम्बन्धित प्रमाण उपलब्ध हुनसक्ने देखिएमा सम्बन्धित शंकितको रगत, वीर्य, नङ, चीज वस्तु वा डि.एन.ए. परीक्षण गर्न सकिने र त्यसका लागि नमूना (स्याम्पल) दिनुपर्ने व्यवस्था गरेको छ । भारतको सर्वोच्च अदालतले कसूरको अनुसन्धानको सिलसिलामा औँठा छाप, हस्ताक्षर नमूना लिने, आवाजको नमूना लिने विषयले स्वच्छ सुनुवाईको हकको रुपमा रहेको आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकारको उल्लङ्घन हुँदैन भन्ने सिद्धान्त प्रतिपादन गरेको छ ।[४९]

४५ Mirinda v. Arizona -384 U.S. 436
४६ ने.का.प. २०६७ अङ्क १२ नि.नँ. ८५१७
४७ ने.का.प.२०६७, अङ्क १२, नि.नँ. ८५१७
४८ निलम पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदले कार्यालय समेत ने.का.प.२०६७, नि.न ८४७३, पृ. १६४१
४९ SPE and CBI v. M Krishna Mohan AIR 2008 SC 368, Ritesh Kumar v. State of UP AIR 2013 SC 1132

अभियोग लागेको व्यक्तिलाई निजको स्वेच्छाविपरीत यातना दिई वा अन्य गैरतरीका अबलम्बन गरी कसूर स्वीकार गर्न बाध्य पार्न सकिने संभावनाबाट सुरक्षित गरी व्यक्तिको मानव अधिकारको संरक्षण गरी स्वच्छ सुनुवाईको माध्यमबाट मात्र दोषी प्रमाणित गर्नुपर्दछ भन्ने यो अधिकारको मान्यता हो ।

## ७.४ मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुन पाउने अधिकार

कुनै पनि व्यक्तिलाई कुनै फौजदारी कसूरको अनुसन्धानको लागि पक्राउ गरी थुनामा राख्दा सो कसूरसम्बन्धी मुद्दा हेर्न अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र मुद्दा हेर्ने अधिकारीको आदेश वा अनुमति बिना थुनामा बस्न नपर्ने अधिकार अभियुक्तको हुन्छ । नेपालको संविधानको धारा २० को उपधारा (३) ले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय र स्थानबाट बाटोको म्याद बाहेक चौवीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र त्यस्तो अधिकारीबाट आदेश भएको बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन भनी व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अधिकार सुनिश्चित गरेको छ । यसै गरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ९ को उपधारा (३) मा कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक शक्तिको प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारीसमक्ष तुरुन्त उपस्थित गराइने र त्यस्तो व्यक्तिलाई मनासिव माफिकको समयभित्र सुनुवाई गरी पाउने वा छुटकारा पाउने अधिकार हुने भन्ने व्यवस्था गरी मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुन पाउने अधिकार सुरक्षित गरिएको छ । नागरिक अधिकार ऐन, २०१२ को दफा १५(२) ले कुनै व्यक्ति पक्राउ भएपछि चौवीस घण्टामा अदालतमा उपस्थित गराउन पर्ने व्यवस्था गरेको छ भने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ मा अदालतको अनुमति नलिई कुनै पनि व्यक्तिलाई २४ घण्टाभन्दा वढी थुनामा राख्न हुँदैन भन्ने व्यवस्था गरेको छ । अनुसन्धानको लागि पक्राउ गरिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई सो अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्दछ । यसरी अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी अनुसन्धान गर्नुपर्ने कारण स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ । साथै अनुसन्धानका लागि यसरी हिरासतमा राख्न म्याद थप माग भएकोमा मुद्दा हेर्ने अधिकारीले अनुसन्धान सन्तोषजनक भएको र हिरासतमा नै राख्नुपर्ने देखिएको आधारमा मात्र थुनामा राख्ने अनुमति दिन सक्ने अवस्था रहन्छ । तथापि यो व्यवस्थाको कार्यान्वयन प्रभावकारी हुन नसकेको अवस्था विभिन्न मुद्दामा भएका आदेशले देखाउँछ ।[५०]

हिरासतमा राख्न माग गर्दैमा म्याद थप गर्ने कुरा औचित्यपूर्ण हुँदैन र यो स्वच्छ सुनुवाईको हकको समेत प्रतिकूल हुन जान्छ । अध्यागमन ऐन, २०४९ मा अनुसन्धानका लागि अभियुक्तलाई हिरासतमा राख्न सकिने व्यवस्था नरहेकोमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ अनुसार थुनामा राख्ने कार्य स्वच्छ सुनुवाई विपरीत गैरकानूनी भएको भन्ने एक मुद्दामा सर्वोच्च अदालतले सम्बन्धित कानूनमा थुनामा राख्ने व्यवस्था नभएकोमा अन्य कानून प्रयोग गरी म्याद थप लिई थुनामा राख्दैमा त्यस्तो थुना कानून सम्मत हुँदैन भन्ने सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरेको छ ।[५१] यो सिद्धान्तले मुद्दा हेर्ने

५० अम्बर गुरुङ वि. त्रि.वि.प्रहरी सुरक्षा गार्ड ने.का.प. २०४९, पृष्ठ ३१, नि.नं. ४४५०, स.अ. बुलेटिन २०५३ पूर्णाङ्क ९४, पृ. ५

५१ ने.का.प. २०५१ अङ्क १ नि.न. ४८४१ । अध्यागमन ऐन, २०४९ मा संशोधन गरी थुनामा राख्न सकिने व्यवस्था २०५५ सालमा गरिएको थियो ।

अधिकारीसमक्ष उपस्थित गराई अनुमति लिई थुनामा राख्ने कार्य गर्दैमा वैध नहुने र प्रचलित कानूनमा नै थुनामा राख्ने व्यवस्था हुन आवश्यक हुन्छ भन्ने मान्यता स्थापित गरेको छ ।

## ७.५ निर्दोषिताको अनुमानको अधिकार

फौजदारी कसूरमा संलग्न रहेको अनुसन्धाबाट संकलित प्रमाणको आधारमा मात्र कुनै पनि व्यक्तिउपर अभियोग लगाउन सकिन्छ । यसरी अभियोग लाग्दैमा पनि दोषी मानिदैन । आरोपित व्यक्ति अदालतबाट दोषी ठहर नभएसम्म निर्दोष मानिने फौजदारी न्यायको सिद्धान्त स्वच्छ सुनुवाईको आधारभूत मान्यता हो । कुनै पनि व्यक्तिलाई आशंकाको आधारमा पक्राउ गर्दैमा र अभियोग लगाउँदैमा दोषी मान्ने हो भने सबै शंकित व्यक्ति दोषी हुन पुग्दछन । दोषी प्रमाणित हुन पर्याप्त प्रमाण र आधार आवश्यक पर्दछ । शंका दोषी प्रमाणित गर्ने आधार हुन सक्तैन । किनकि शंकाको सुबिधा अभियुक्तले पाउने र अभियोग शंकारहित रुपमा प्रमाणित गर्ने भार अभियोजनकर्ताको हुने सिद्धान्त रहेको छ । नेपालको संविधानको धारा २० को उपधारा (५) ले कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भन्ने व्यवस्था गरेको छ । यसबाट अभियोग लागेको व्यक्ति अदालतबाट दोषी प्रमाणित नभएसम्म अभियुक्त मात्र रहने र निज निर्दोष नै मानिन्छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ११ (१) ले दण्डनीय कसूरको आरोप लागेको प्रत्येक व्यक्ति कानून अनुसारको खुल्ला पुर्पक्षबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार राख्दछ भन्ने व्यवस्था गरेको छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४(२) मा कसूरको आरोप लागेको व्यक्ति दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुने व्यवस्था छ ।

कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज बेकसूर मानिनेछ भन्ने फौजदारी न्यायको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्नासाथ कुनै पनि व्यक्ति कसूरदार मानिदैन ।[५२] अदालतले दोषी ठहर नगरून्जेलसम्म अभियोग लागेको व्यक्तिको हैसियत अभियुक्त सरह मात्र रहने र निज निर्दोष नै मानिन्छ ।[५३] यो सिद्धान्तले अभियोजनकर्ताले अभियोग प्रमाणित गर्नुपर्ने र अभियुक्तलाई प्रमाण गुजार्नु पर्ने भार नरहने मान्यता राख्दछ ।

## ७.६ अभियोगको प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय र सुविधा पाउने अधिकार

कुनै कसूरको अभियोग लागेको व्यक्तिले सो अभियोगका बारेमा सफाई पेश गर्ने वा प्रतिरक्षा गर्ने अधिकार राख्दछ । यो स्वच्छ सुनुवाईको आधारभूत अधिकार हो । यस अधिकारअन्तर्गत अभियुक्तले आफूउपरको अभियोगको जानकारी पाउने, अभियोग साथ प्रस्तुत प्रमाणको प्रतिलिपि पाउने, अभियोगको प्रतिलिपि पाउने र ती कुराको खण्डन गर्न पाउने अधिकार राख्दछ । प्रतिरक्षाको तयारीका लागि पर्याप्त र मुनासिव समय पनि आवश्यक पर्दछ । साथै प्रतिरक्षाको तयारीका लागि रोजेको कानून व्यवसायीसँग परामर्श लिन पाउने अधिकार पनि पर्दछ । अभियोग लागेको व्यक्तिले अभियोगको सफाई पयाप्त अवसर

५२ रविन्द्र भट्टराई वि. मन्त्रिपरिषद्को सचिवालय ने.का. प. २०५५ नि. नं. ६६२२, पृ. ६१६
५३ पूर्वपाद ७२

प्राप्त गर्न सकेन र कानून व्यवसायीबाट पुर्पक्ष गर्न पाएन भने निष्पक्ष न्यायको उद्देश्य पूरा हुन सक्दैन । तसर्थ अभियोगको प्रतिरक्षाको लागि पर्याप्त समय र अवसर अभियुक्तलाई प्रदान गरिने विषय स्वच्छ सुनुवाईको आधारभूत मान्यता मानिन्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४ को धारा (३) को खण्ड (ख) ले आफ्नो प्रतिरक्षाको लागि पर्याप्त समय एवं सुविधा पाउने र आफूले रोजेको कानून व्यवसायीसँग कुराकानी गर्न पाउने अधिकार सुनिश्चित गरेको छ ।

## ७.७ दोभाषेको सुविधा पाउने अधिकार

अनुसन्धानको क्रममा र मुद्दा दायर भएकोमा सो अभियोग तथा प्रस्तुत प्रमाणका बारेमा अभियुक्तसँग सोधपुछ गर्दा वा बयान लिँदा निजले बुझ्ने भाषाको प्रयोग आवश्यक हुन्छ । लगाइएको आरोपका सम्बन्धमा सोधिएको कुरा वा प्रश्नको युक्तियुक्त जवाफ दिन र संकलित प्रमाणका बारेमा थाहा पाउन सम्बन्धित व्यक्तिले नबुझ्ने भाषाको प्रयोगले प्रतिवाद गर्न वा सोधिएको विषयको जवाफ दिन सक्तैन । तसर्थ त्यस्तो भाषा बुझ्ने व्यक्तिको सहायता आवश्यक हुन्छ । अन्यथा जवाफ दिन वा सो बारेमा भन्न सक्तैन र प्रतिरक्षा गर्न पाउने हकबाट बञ्चित हुन पुग्दछ । अभियुक्तले आफ्नो प्रतिरक्षा राम्रोसँग गर्न सकोस् र आफूविरुद्धको आरोप, सो आरोपका सम्बन्धमा अभियोजन पक्षबाट पेश भएका कागज प्रमाणको खण्डन गर्न सकोस् भन्ने उद्देश्यले दोभाषेको सुबिधा प्राप्त गर्ने अधिकारको प्रत्याभूति गरिन्छ । यसबाट स्वच्छ सुनुवाईको अधिकार संरक्षित हुन मद्दत पुग्दछ । तसर्थ राज्यले अभियुक्तलाई निःशुल्क दोभाषेको सुविधा उपलब्ध गराउनु स्वच्छ सुनुवाईको हकको कार्यान्वयनको लागि महत्त्वपूर्ण हुन्छ ।

नेपालको संविधानमा दोभाषेको अधिकारको प्रत्यक्ष व्यवस्था नभए पनि आफू विरुद्ध भएको कारवाहीको जानकारी पाउने स्वच्छसुनुवाईको हक संविधानले सुरक्षित गरेको सन्दर्भमा दोभाषेको सुविधा पाउने कुरा पीडित तथा अभियुक्तको मानव अधिकारको विषय हुने देखिन्छ । नेपाली भाषा बुझ्न र बोल्न नसक्ने व्यक्तिलाई अदालत, प्रहरी वा सरकारी वकीलले गर्ने कारवाहीको जानकारी बुझ्ने भाषामा गर्नुपर्दछ । केही नेपाल कानूनमा यससम्बन्धी व्यवस्था गरिएको पाइन्छ । संगठित अपराध निवारण ऐन, २०७० ले संगठित अपराधको मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा अभियुक्तले नबुझ्ने भएमा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्ने व्यवस्था गरेको छ ।[५४] यसै गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले सो ऐनअन्तर्गतको कसूरसम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादक राख्न सक्ने र त्यसरी दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादक राख्दा लागेको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्ने व्यवस्था गरेको छ ।[५५]

महान्यायाधिवक्ताको कार्यालयबाट जारी सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन निर्देशिका,

५४ संगठित अपराध निवारण ऐन, २०७० को दफा ५४

५५ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ११

२०७३ मा पीडित तथा शंकित व्यक्तिसँग सोधपुछ वा बयान लिंदा अनुसन्धान अधिकृतले प्रयोग गरेको भाषा बुझ्न नसक्ने भएमा निजको मागबमोजिमको भाषाको ज्ञान भएको व्यक्तिलाई दोभाषेको रूपमा प्रयोग गर्नुपर्ने र दोभाषेको सहयोग लिएमा निजको नाम, थर, वतन, योग्यता र सम्पर्क गर्ने विवरण समेत खुलाई निजको सहिछाप प्रमाणित गरी राख्नु पर्ने व्यवस्था गरेको छ।[५६]

सर्वोच्च अदालतले अभियुक्तले भाषा नबुझ्ने भएमा उसलाई भाषा बुझ्ने दोभाषे उपलब्ध गराई दिनुपर्छ र अभियोग लागेको अभियोगको बारेमा उसले बुझ्ने भाषामा तुरुन्त जानकारी गराउनुपर्दछ र अभियुक्त भाषा नबुझ्ने भए उसलाई भाषा बुझ्ने दोभाषे उपलब्ध गराई दिनुपर्छ भन्ने सिद्धान्त कायम गरेको छ।[५७]

यसै गरी ओबुनमी माइकल ओजोर विरुद्ध नेपाल सरकार भएको मुद्दामा विदेशी नागरिकका हकमा भाषागत कठिनाइले न्यायिक प्रक्रियालाई नै कमजोर गराउन सक्ने हुदा विदेशी नागरिकलाई पक्राउ गर्दा, अभियोजन गर्दा तथा निजविरूद्ध भएको जुनसुकै न्यायिक कारबाहीमा निजलाई सोधपुछ, निजको बयान तथा निजउपरको न्यायिक दायित्व बहन गराउने समेतका लागि निजले बुझ्न सक्ने दोभाषे समेतको व्यवस्था गर्न अनुसन्धान निकाय, अभियोजन गर्ने निकाय एवम् यस अदालत र मातहतका सबै अदालतहरूमा प्रतिवादीले बुझ्न वा बोल्न सक्ने भाषा जान्ने व्यक्तिहरूको सूची तयार पारी आवश्यकता अनुसार सेवा लिने दोभाषेको सेवालाई नियमित बनाउन आवश्यक निर्देशिकासहितको व्यवस्था गर्न र तत्कालको लागि कम्तीमा अंग्रेजी विषयमा स्नातक उत्तीर्ण गरेको दोभाषे समेत नियुक्त गर्न आवश्यक प्रबन्ध गर्नु भनी प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय एवम सर्वोच्च अदालतका रजिष्ट्रारका नाउँमा निर्देशन समेत जारी गरेको छ।[५८] यही आदेशको आधारमा अदालतहरूले दोभाषेको सूची बनाई प्रयोग गर्ने अभ्यास थालनी गरेका छन्। दोभाषेको सुबिधा उपलब्ध गराउने कुरालाई अदालतले पनि महत्त्व प्रदान गरी यसले स्वच्छ सुनवाईको हक संरक्षण गर्न सहायता हुने दृष्टिकोण राखेको देखिन्छ।

## ७.८ सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट सुनुवाइगराई पाउने हक

कुनै पनि विवाद वा मुद्दा मामिलामा स्वतन्त्र र निष्पक्ष अदालत तथा न्यायाधिकरणद्वारा सुनुवाई हुने र निर्णय गर्नुपर्ने कुरा मानव अधिकारको विषयका अलावा न्यायिक स्वतन्त्रताको पनि मान्यता हो। यसलाई विधिको शासनको एक कडीका रुपमा अत्यन्त महत्त्वम साथ हेरिन्छ। नेपालको संविधानको धारा २० को उपधारा (९) मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाईको हक हुने न्यायसम्बन्धी हक सुरक्षित गरिएको छ। यसै गरी धारा १२६ मा न्यायसम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरिएको छ। संविधानले कुनै खास मुद्दा हेर्न अदालत वा न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना नगरिने र एक वर्षभन्दा बढी कैद हुने फौजदारी कसूरसम्बन्धी मुद्दा न्यायिक निकाय वा विशिष्टीकृत अदालत वा न्यायाधिकरण बाहेक अन्य निकायको अधिकार क्षेत्रमा नपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था गरिएको छ। यो व्यवस्थाले स्वच्छ

५६ सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन निर्देशिका, २०७३ को दफा ३७
५७ किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत ने.का.प २०६७ अङ्क ४ निर्णय नं. ८३४५
५८ ने.का.प. २०७२, अङ्क ५ नि.नं. ९४००, पृ. ८३८

सुनुवाईको हकको रुपमा रहेको सामान्य अदालतबाट मुद्दाको कारवाही गर्ने र फौजदारी कसूरसम्बन्धी मुद्दाको सुनुवाई र कारवाही गर्ने अधिकार अर्धन्यायिक निकाय वा अधिकारीबाट नभै कानूनबमोजिम स्थापित सामान्य अदालत वा न्यायिक निकायबाट गर्नुपर्ने मान्यतालाई स्वीकार गरेको मान्न सकिन्छ। यही संबैधानिक व्यवस्थाको आधारमा प्र.जि.अ.लगायतका अर्धन्यायिक निकायमा बिचाराधीन एकवर्षभन्दा बढी कैद सजाय हुने कसूरसम्बन्धी फौजदारी मुद्दा जिल्ला अदालतमा सरेका थिए। पछि केही नेपाल कानूनमा गरिएको संशोधनमार्फत कतिपय एक वर्षभन्दा बढी कैद हुने फौजदारी कसूरमा कैदको सजाय घटाई एक वर्षसम्म बनाई अर्धन्यायिक निकायलाई नै मुद्दा हेर्न सक्ने गरी न्यायिक अधिकार प्रदान गरिएको थियो। [५९] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ अनुसार फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको बारेमा निर्णय गर्दा कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र एवं निष्पक्ष न्यायाधिकरणद्वारा गरिनुपर्ने हुन्छ । त्यस्तो न्यायाधिकरणबाट न्यायिक निर्णय गर्दा अबलम्बन गर्ने प्रक्रिया स्वच्छ हुनुका साथै सार्वजनिक रुपमा सुनुवाई गरिनुपर्ने हुन्छ । मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १० ले कानूनद्वारा स्थापित सक्षम अदालत वा न्यायिक निकायबाट मुद्दाको सुनुवाई गरिने कुरालाई फौजदारी न्यायको सामान्य सिद्धान्त मानेको छ । न्यायिक निकाय अर्थात न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुनु पर्दछ भन्ने सिद्धान्त यज्ञमूर्ति वन्जाडे वि. बागमती विशेष अदालत भएको मुद्दामा सर्वोच्च अदालतले प्रतिपादन गरेको छ। यसै मुद्दामा कुनै पनि व्यक्ति आफ्नो मुद्दामा आफै न्यायाधीश हुन नसक्ने र सरकार पनि आफ्नो विषयमा आफै न्यायाधीश हुन नसक्ने मान्यता स्थापित छ।[६०] कार्यपालिकीय निकाय वा अधिकारी न्यायिक कार्य गर्दा न्यायिक निकाय जस्तो सक्षम र स्वतन्त्र हुँदैनन् र निष्पक्ष रुपमा न्याय निरुपण गर्न सक्दैनन् भन्ने सिद्धान्तका आधारमा स्वच्छ सुनुवाईको मूलभूत मान्यता स्वतन्त्र र सक्षम निकायबाट मुद्दाको कारवाही गर्नुपर्ने धारणा विकास भएको हो । अधिवक्ता अम्बरबहादुर राउत विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय समेत[६१] भएको मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, वन ऐन, कालोबजार तथा अन्य सामाजिक अपराध सजाय ऐन, हातहतियार तथा खरखजाना ऐन, केही सार्वजनिक अपराध तथा सजाय ऐनमा प्रशासकीय अधिकारीलाई मुद्दा हेर्ने न्यायिक अधिकार सुम्पेको र ती अधिकारी कानून र न्यायका सिद्धान्तका बारेमा जानकार नहुने तथा १५ वर्षसम्म कैद सजाय हुने कसूरसम्बन्धी फौजदारी मुद्दामा सुनुवाई गरी फैसला गर्नसक्ने अधिकार प्रदान गरेकामा उक्त ऐनहरूका कानूनी व्यवस्था स्वच्छ सुनुवाईको सिद्धान्तको प्रतिकूल हुने प्रश्न रिट निवेदनमा उठाइएको थियो । सर्वोच्च अदालतले उक्त रिटमा स्वच्छ सुनुवाईको बृहत व्याख्या गर्दै कार्यपालिका अर्थात् सरकारको प्रशासकीय अधिकारीलाई न्यायिक स्वतन्त्रता, निष्पक्षता र नियन्त्रणका न्यूनतम् मापदण्ड बेगर नेपाल सरकार वादी भै चलाइने त्यस प्रकृतिका गम्भीर फौजदारी मुद्दा हेर्न पाउने गरी कानूनमार्फत अधिकारक्षेत्र सुम्पिएबाट स्वच्छ र निष्पक्ष न्याय प्राप्त गर्ने नागरिकको मानव अधिकारको प्रत्याभूति नहुने उल्लेख गरेको छ। तसर्थ सामान्य अदालत वा न्यायिक निकायबाट मात्र मुद्दाको निरुपण गर्नुपर्दछ । अपवादजनक अवस्थामा प्रशासकीय अधिकारीलाई न्यायिक अधिकार

५९ केही नेपाल कानून संशोधन ऐन, २०७२ नेपाल राजपत्र २०७२।११।१२

६० ने.का.प २०२७ नि.नं ५४६ पृ. १५७

६१ नेकाप २०६८ अङ्क ७ निर्णय नं. ८६४२, पृ १०८३

प्रदान गरिए पनि न्यायिक अधिकारको प्रयोगमा स्वतन्त्रता, सक्षमता, स्वच्छता र निष्पक्षताका आधार हरूलाई सुनिश्चित गर्नुका साथै कानूनको उचित प्रक्रियाको प्रत्याभूति पनि सँगसँगै गरिनु पर्ने हुन्छ । किनकि स्वच्छ सुनुवाईको लागि मुद्दा हेर्ने अधिकारी वा अदालत कानूनद्वारा गठित हुनुपर्दछ र मुद्दा हेर्ने अधिकारी सक्षम, स्वतन्त्र र निष्पक्ष (Competent, Independent, Impartial) हुनुपर्छ ।[६२]

## ७.९ सार्वजनिक सुनुवाईको अधिकार

स्वच्छ सुनुवाईमा सार्वजनिक रुपमा आरोप वा दावीको सुनुवाई गरी न्यायिक निर्णय गरिन्छ । यो हकले सार्वजनिक रुपमा सबैको पहुँच हुने स्थानमा पारदर्शी तरीकाले, विधिद्वारा निर्धारित प्रक्रियाको अबलम्बन गरी मुद्दाको निरोपण गर्ने कुरामा जोड दिन्छ । न्यायको सुनिश्चितता, निष्पक्षता र पारदर्शिताबाट हुन्छ । सार्वजनिक सुनुवाई स्वच्छता र निष्पक्षताको महत्त्वमहत्त्वपूर्ण आधार हो । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४(१) मा अभियुक्त विरुद्धको अभियोगमा कारवाही गर्दा अभियुक्तलाई सार्वजनिक सुनुवाईको हक हुने व्यवस्था छ । सार्वजनिक सुनुवाई भनेको खुल्ला इजलासमा सुनुवाई गर्ने कुरा हो जहाँ मुद्दाका पक्षले सुनुवाईमा सहभागी भै आफ्नो तर्फबाट जिकीर र सफाई पेश गर्न सक्दछन् । साथै फैसलाको जानकारी पाउने र चित्त नबुझेकोमा पुनरावेदन गर्न पाउने कुरा पनि यसैअन्तर्गत रहन्छ । तर खुल्ला इजलासमा सुनुवाई गर्न सकिने कुरामा बन्देज गरी बन्द ईजलासमा मुद्दाको सुनुवाई गर्न सकिने कुरालाई सार्वजनिक सुनुवाईको अपवादको रुपमा स्वीकार गरिन्छ । तर, अपवादजनक अवस्थामा बाहेक मुद्दाको पुर्पक्ष र सुनुवाई प्रेसलगायत अन्य सर्वसाधारणको लागि खुल्ला हुनुपर्ने मान्यता सबै मुलुकले स्वीकार गरेको पाइन्छ ।

अड्डाले मुद्दाको कारवाही र फैसला गर्दा खुल्ला इजलासमा गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था रहेको छ । मुद्दाको सुनुवाई हुने दिनको निर्धारण, साप्ताहिक तथा दैनिक पेशीको जानकारी दिने कुरा, पेशीको दिन मुद्दाका पक्ष वा कानून व्यवसायी उपस्थित भै बहस सुनी निर्णयमा पुग्ने र निर्णयको तुरुन्त जानकारी पाउने कुरा नै सार्वजनिक सुनुवाईको आधार हो । बालबालिकाको हकमा बाल न्याय कार्यविधि, २०६३ को नियम १२ ले मुद्दाको सुनुवाई बाल मैत्री वातावरणमा गर्ने विषय उल्लेख गरेको छ ।

खुल्ला र सार्वजनिक सुनुवाईको अर्थ अदालतका कारवाहीहरू सबै र सधैँ खुल्ला हुनुपर्छ भन्ने पनि होइन । न्याय पहुँच एवं न्यायकै हिसावले केही मुद्दाहरूमा गोपनीयता कायम गर्नुपर्ने र बन्द इजलासबाट अनुसन्धान, अभियोजनमा गोपनीयता कायम गरी सुनुवाई गर्नुपर्ने आवश्यक हुन्छ । तसर्थ केही मुद्दाहरूको सुनुवाई गर्दा बन्द इजलासबाट सुनुवाई गर्नुपर्दछ भन्ने व्यवस्था केही ऐनलगायत अदालतका नियमावलीहरूले गरेको पाइन्छ ।

नेपालको संविधानको धारा २८ ले कुनै पनि व्यक्तिको जीउ, चरित्रलगायतको विषय गोपनीयता कायम गर्नुपर्ने र कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ भनी व्यवस्था गरेको छ ।

प्रतिज्ञापत्रको धारा १४(१) ले पनि लोकतान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय

६२ किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत ने.का.प २०६७ अङ्क ४, नि. नं. ८३४५

सुरक्षा एवं पक्षहरूको व्यक्तिगत जीवन वा न्यायको लागि आवश्यक परमा सुनुवाई वा कारवाहीका कनै वा सबै चरणबाट बाहेक गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ । त्यस धारामा कुनै फौजदारी कानूनबमोजिम चलेको अन्य कुनै मुद्दामा दिएको फैसला, नावालकको हित संरक्षणको लागि आवश्यक भएमा वा पारिवारिक मुद्दा वा वालवच्चाको संरक्षणसँग सम्बन्धित भएमा बाहेक सार्वजनिक गरिनेछ भन्ने व्यवस्था पनि रहेको छ ।

न्याय प्रशासन ऐन, २०७३ को दफा २५ मा प्रचलित कानूनबमोजिम बन्द इजलासबाट सुनुवाई गर्नुपर्ने मुद्दाको सुनुवाई बन्द इजलासमा गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाहरूको कार्यान्वयन गर्ने सन्दर्भमा सर्वोच्च अदालत नियमावली, २०४९, उच्च अदालत नियमावली र जिल्ला अदालत नियमावलीले वालवालिका जवर्जस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुल्ला इजलासबाट सुनुवाइ गर्न मनासिव नभएको भनी अदालतले वन्द इजलासबाट हेर्ने भनी आदेश गरेको अन्य मुद्दाको सुनुवाई वन्द इजलासबाट हुने भन्ने व्यवस्था गरेको छ । त्यस्तै घरेलु हिंसा (कसूर तथा सजाय) ऐनले घरेलु हिंसा पीडितले अनुरोध गरेमा त्यस ऐनअन्तर्गतको उजूरीसम्वन्धिी कारवाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ । त्यस्तै मानव वेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ ले पनि सो ऐनअन्तर्गतको कसूरसम्वन्धी मुद्दाको कारवाही र सुनुवाई वन्द इजलासबाट हुने व्यवस्था गरेको छ। साथै संगठित अपराध नियन्त्रण ऐनले पनि सो ऐनअन्तर्गतको कसूरको कारवाही र सुनुवाई वन्द इजलासबाट गर्नसक्ने व्यवस्था गरेको छ। साथै मुलुकी ऐन, जवरजस्ती करणीको महलले करणीसम्बन्धी मुद्दामा पीडितको परिचयको गोपनीयता कायम गर्नुपर्ने व्यवस्था छ ।

## ७.१० आफू विरुद्ध भएको कारवाहीको जानकारी पाउने अधिकार

आफू विरुद्ध भएको कुनै पनि कारवाहीको जानकारी पाउने हक स्वच्छ सुनुवाईको महत्त्वपूर्ण हक हो । कुनै पनि व्यक्तिउपर लगाइएको आरोप वा दिइएको उजूरी वा दावीका बारेमा प्रतिरक्षाको तयारी गर्न वा सफाईका लागि आवश्यक तयारी गर्नको लागि सो बारेमा जानकारी आवश्यक हुन्छ । कसैको विरुद्धमा लगाइएको फौजदारी अभियोग र सजायको मागदावी बारे जानकारी नदिई र देवानी तथा प्रशासकीय कारवाहीका विषयमा सूचना वा जानकारी नदिई सुनुवाई गर्नु र फैसला वा निर्णय गर्ने कार्य स्वच्छ सुनुवाईको प्रतिकूल हुन्छ । तसर्थ कुनै पनि व्यक्ति विरुद्ध भएको कारवाहीको जानकारी पाउने स्वच्छ सुनुवाईको हक कानूनद्वारा सुरक्षित गरिएको छ ।

नेपालको संविधानको धारा २० को उपधारा (८) ले प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुने प्रत्याभूति गरेको छ। यो हक जुनसुकै देशको नागरिकलाई समेत प्राप्त हुन्छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा १४(३) (क) ले आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणले आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रुपमा जानकारी पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ । स्वच्छ सुनुवाईमा लगाइएको आरोप वा कारवाहीको जानकारी पाउने कुरा निज माथि लगाइएको आरोप बारे आफ्नो कुरा भन्न पाउने अवसर प्रदान गर्नु

र सो कुराको लागि तयारी गर्ने मौका प्रदान गर्नु पनि हो । आरोपित व्यक्तिले निजमाथि लगाइएको आरोपका सम्बन्धमा आफ्नो कुरा भन्न पाउने र  सफाइको लागि प्रमाण पेश गर्ने वा दावी खण्डित गर्न अवसर प्राप्त गर्न सकोस् भन्नका लागि कारवाहीको जानकारी पाउने अधिकार प्रदान गरिएको हो । यो अधिकार कारवाहीको हरेक चरण र अवस्थामा दिनुपर्ने हुन्छ । सर्वोच्च अदालतले एक मुद्दामा भनेको छ कि अदालतको आदेशले थुनामा रहेको थुनुवालाई मुद्दाको पेशीको जानकारी नदिने  कार्य स्वच्छ सुनुवाईको मान्य सिद्धान्तविपरीत हुन्छ । फौजदारी अपराधको आरोप लागेको व्यक्तिलाई निजको विरुद्ध भएको प्रत्येक कानूनी कारवाहीको जानकारी पाउने हक हुने र थुनामा रहेको व्यक्तिले मुद्दामा पुर्पक्षका सिलसिलामा अदालतमा हुने सुनुवाईको दिन वा मुद्दा पेशी भएको जानकारी पाउने स्वच्छ सुनुवाईको अधिकार हुन्छ ।[६३] कसैको हक हित विरुद्ध निर्णय गरिन्छ भने त्यसरी निर्णय गर्नुपर्ने आधार र कारण यथासमयमा जानकारी गराई प्रतिरक्षाको मौका दिनुपर्ने मान्यताका आधारमा कारवाहीको जानकारी प्रदान गरिने व्यवस्था गरिएको हो । जानकारी दिएको कुरा रितपूर्वकको म्याद तामेलीबाट देखिनु पर्दछ जसबाट सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरी प्रतिवाद गर्ने अवसर प्राप्त गर्न सकोस् ।[६४] फौजदारी मुद्दामा कुनै व्यक्ति विरुद्ध जाहेरी दर्खास्त परेदेखि अभियोगपत्र दायर हुँदासम्मका कारवाही र अदालतमा हुने मुद्दाको काम कारवाहीसम्बन्धी जानकारी पाउने तथा फैसलापश्चात् सो फैसलाको जानकारी पाउने कुरा यसमा समावेश हुन्छ भने देवानी तथा प्रशासकीय कारवाहीमा पनि सोहीअनुसार जानकारी पाउने अवसर प्रदान गरिनुपर्ने हुन्छ । कानूनले अपवादजनक अवस्थाको व्यवस्था गरेकोमा बाहेक सामान्य रुपमा लगाइएको आरोप वा कुनै पनि विवादको निरुपण गर्दा सम्बन्धित व्यक्तिलाई सो बारेमा खण्डन गर्न पाउने नैसर्गिक मानव अधिकार[६५] हुने हुँदा सो बारेमा जानकारी पाउने हक हुन्छ ।

## ७.११. निःशुल्क कानूनी सहायताको हक

आर्थिक वा अन्य कारणबाट असमर्थ पक्षले राज्यको तर्फबाट निःशुल्क कानूनी सहायता पाउने कुरा स्वच्छ सुनुवाईको हकको महत्त्वपूर्ण तत्व हो । कानून व्यवसायीको सेवा लिनका लागि शुल्क तिर्न नसक्ने आर्थिक रुपमा असहाय तथा गरीब व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न, न्यायमा समानता सुनिश्चित गर्न र कानून व्यवसायीको प्रतिनिधित्व गराई न्याय प्राप्त गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो हकको प्रत्याभूति गरिएको हो।

नेपालको संविधानको धारा २० को उपधारा (१०) मा असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने कुरा न्यायसम्बन्धी मौलिक अधिकारअन्तर्गत प्रत्याभूति गरिएको छ । उल्लिखित संबैधानिक व्यवस्थाबाट यो हक देवानी तथा फौजदारी दुवै मुद्दाका सम्बन्धमा असमर्थ पक्षलाई प्राप्त हुन्छ । तर यसका लागि कानूनी व्यवस्था आवश्यक देखिन्छ । आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यबाट कानूनी सहायतासम्बन्धी ऐन, २०५४ लागू गरिएको छ ।[६६]

६३ किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत ने.का.प २०६७ अङ्क ४, नि. नं. ८३४५

६४ ने.का.प. २०७४ अङ्क २ नि.न. ९७६०

६५ राजेन्द्र विष्ट वि. गृह मनत्रालय समेत ने.का.प. २०७४ अङ्क २ नि.न. ९७६९

६६ कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को प्रस्तावना

यसले निर्धारित आयभन्दा कम आय हुने व्यक्तिलाई असमर्थ व्यक्ति मानि कानूनी सहायता प्राप्त हुने वर्गमा राखेको छ र त्यस्तो व्यक्तिलाई सरकारले समितिमार्फत कानूनी सहायता उपलब्ध गराउँछ ।

संगठित अपराध निवारण ऐन, २०७० ले संगठित अपराधसम्बन्धी मुद्दाको अभियुक्तले कानून व्यवसायी नियुक्त गर्न असमर्थ भएमा अदालतले निजको लागि वैतनिक कानून व्यवसायी उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतमा निःशुल्क कानूनी सहायताको हक कार्यान्वयन गर्न पूर्णकालीन वैतनिक कानून व्यवसायी उपलब्ध हुने र असमर्थ फौजदारी मुद्दाका अभियुक्तलाई त्यस्ता वैतनिक कानून व्यवसायीको सेवा निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४(३)(घ) ले फौजदारी अभियोगको निश्चय गर्दा हरेक व्यक्तिलाई कानूनी सहायता प्राप्त गर्ने हक हुने र त्यस्तो व्यक्तिसँग कानूनी सहायता प्राप्त गर्ने पर्याप्त साधन नभएको स्थितिमा बिना कुनै शुल्क कानूनी सहायता प्राप्त हुने गरी निःशुल्क कानूनी सहायताको हकलाई पक्ष राष्ट्रहरूले कानूनी व्यवस्थामार्फत प्रबन्ध गर्नुपर्ने दायित्व प्रदान गरेको छ । भारतको संविधानमा समान न्याय र निःशुल्क कानूनी सहायताको हक प्रदान गरिएको छ ।[६७] यही संवैधानिक व्यवस्थाका आधारमा भारतको सर्वोच्च अदालतले निशुःल्क कानूनी सहायताको हकको अभावमा आर्थिक तथा अन्य कारणबाट असक्षम व्यक्तिहरूले न्याय प्राप्त गर्नबाट बञ्चित हुने हुँदा स्वच्छ र उचित कार्यविधिको महत्त्वपूर्ण तत्वको रुपमा निःशुल्क कानूनी सहायता पाउने कुरालाई व्याख्या गरेको छ ।[६८]

नेपालको सर्वोच्च अदालतले यो हकको महत्त्वको सम्बन्धमा लीलामणि पौडेल वि. मन्त्रिपरिषद्को सचिवालय समेतको मुद्दामा व्याख्या गरेको छ । यस मुद्दामा मुलुकमा आर्थिक रूपले सम्पन्न र कानूनी प्रक्रियामा जानिफकार वर्ग मात्र अदालती प्रतिद्वन्द्वमा सरिक हुन सक्षम हुने तथा गरीब असहाय र निमुखाहरू राज्यद्वारा स्थापित न्याय एवं प्रशासनिक संयन्त्रको पहुँच बाहिर रहनु सक्षम न्याय प्रणालीको प्रतिकूल हुने भएकोले न्याय प्रणालीमा सबैका लागि पहुँच दिलाउन एवं कानूनी प्रतिरक्षा र प्रतिनिधित्व विहीन स्थितिको अन्त्य गरी निष्पक्ष न्याय दिनु दिलाउनु राज्यको कर्तव्य हुने व्याख्या गरिएको छ ।[६९]

## ७.१२. साक्षी प्रमाण पेश गर्ने र परीक्षण गराउने अधिकार

कुनै व्यक्तिउपर लगाइएको अभियोगका सम्बन्धमा वा देवानी मुद्दाको सम्बन्धमा क्रमशः अभियोगपत्र वा फिरादपत्र विरुद्ध लागेका आरोप खण्डन गर्न पाउने, प्रस्तुत भएका साक्षी प्रमाण परीक्षण गर्न पाउने तथा आफ्नो खण्डन समर्थन गर्न साक्षी तथा प्रमाण प्रस्तुत गर्न पाउने अधिकार हुन्छ । आफ्ना तर्फबाट प्रस्तुत साक्षीहरूलाई अदालतमा परीक्षण गर्न तोकेको दिनमा उपस्थित गराई सोधपुछ गरी आफनो जिकीर प्रमाणित गराउन सक्दछ भने विरुद्धमा प्रस्तुत गरिएका साक्षीहरूसँग आफू वा आफ्नो तर्फबाट मुकरर

६७ भारतको संविधानको धारा ३९क.

६८ Hussainara Khatoon & Ors vs Home Secretary, State Of_Bihar AIR 1979

६९ ने.का.प २०६०, पृष्ठ ३५४, नि.नं ७२१४

कानून व्यवसायीद्वारा जिरह गर्न पाउने अधिकार राख्दछ । यसरी अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष साक्षी प्रमाण पेश गर्ने र परीक्षण गर्न पाउने कुरा स्वच्छ सुनुवाईको हकको अभिन्न अङ्ग हो ।

कुनै व्यक्तिको विरुद्ध फौजदारी अभियोग लगाउँदा उसलाई आफ्नो र आफ्नो विरुद्धको साक्षीको परीक्षण गर्ने अधिकार हुने, आफ्नो विरुद्धको साक्षी जुन अवस्थामा उपस्थित हुन्छ, आफ्ना साक्षी पनि सोही अवस्था र शर्तमा उपस्थित गराउने हक हुने व्यवस्था छ ।[७०] यो हक अनियन्त्रित हुँदैन । अभियुक्त वा मुद्दाका पक्षले जुनसुकै संख्यामा साक्षी उपस्थित गराउँछु भनी माग गर्न सक्दैन भने कतिपय संगठित प्रकृतिका अपराधमा अभियुक्तले पीडित वा साक्षीसँग जिरह गर्न समेत नपाउने गरी यो हकलाई सीमित गर्न सकिन्छ । अदालतले मुद्दासँग सरोकार नराख्ने साक्षी उपस्थित गराउन र परीक्षण गर्न दिन इन्कार गर्न सक्दछ । संगठित अपराध निवारण ऐन, २०७० ले संगठित अपराधमा साक्षीसँग अभियुक्तले जिरह गर्न नपाउने तर निजको कानून व्यवसायीले निर्धारित सीमाभित्र रहेर साक्षीसँग जिरह गर्न सक्ने अपवादजनक व्यवस्था गरेको छ । साक्षी पेश गर्न पाउने र परीक्षण गर्न पाउनेसम्बन्धी व्यवस्थालाई प्रमाण ऐन, २०३१ का व्यवस्थाले संरक्षण गरेको पाइन्छ । प्रमाण ऐनको दफा ४८ ले साक्षी पेश गर्ने र बकाउनेसम्बन्धी व्यवस्था गरेको छ । यसरी साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो सो पक्षले सोधपुछ गर्ने र अर्को पक्षले जिरह गर्न पाउने व्यवस्था गरेको छ । साक्षीले बकेको कुरा अदालतमा आई व्यक्त नगरेसम्म प्रमाणमा लिन नसकिने र बकपत्र गर्दा पक्षले जिरह गर्न पाउने व्यवस्था स्वच्छ सुनुवाईको व्यवस्था हो । फौजदारी मुद्दामा अभियोग लागेको व्यक्तिले मुद्दाको कार्वाहीमा आफै उपस्थित भै आफ्नो साक्षी प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न पाउनुपर्ने र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धका साक्षीको जिरह गर्न मौका पाउनुपर्ने कुरालाई सर्वोच्च अदालतले एक मुद्दामा स्वीकार गरेको छ ।[७१] स्वच्छ सुनुवाईमा आफ्नो कुरा भन्न पाउनु महत्त्वपूर्ण कुरा हो र योभित्र आफ्नो तर्फबाट साक्षी प्रमाण प्रस्तुत गर्न र विपक्षीको प्रमाण खण्डन र परीक्षण गर्न पाउने अधिकार समावेश हुन्छ । आरोप लागेको व्यक्तिले निजमाथि लगाइएको आरोपका सम्बन्धमा आफ्नो कुरा भन्ने सफाइको पर्याप्त अवसर पाउनु पर्ने र आफ्नो जिकीरको समर्थनमा प्रमाण पेश गर्ने वा दावी खण्डित गर्न पर्याप्त अवसर पाउने कुराहरू स्वच्छ सुनुवाईअन्तर्गत पर्ने कुरा हुन् भन्ने व्याख्या अमर राउतको मुद्दामा सर्वोच्च अदालले बोलेको छ ।[७२]

## ७.१३ अतीत प्रभावी कानूनहरूबाट उन्मुक्ति

कानूनद्वारा अपराध नमानिएको अवस्थामा भएको कुनै पनि कार्यका लागि कसैलाई पनि कारवाही र सजाय गर्न सकिँदैन । कानूनले अपराध मानेको कुरामा मात्र सो अपराध गर्ने व्यक्तिलाई उत्तरदायी बनाउन र सजाय गर्न सकिन्छ । कानूनद्वारा अपराध घोषणा भएकोमा सो अपराधसम्बन्धी वारदात हुँदाका बखत कानूनले तोकेकोभन्दा बढी सजाय समेत गर्न पाईदैन । यो नै अतीत प्रभावी कानूनबाट उन्मुक्ति दिने व्यवस्था हो । मानव अधिकार कानूनमा पश्चातदर्शी कानूनको निर्माणले वैधता प्राप्त गर्न सक्दैन । कुनै

७० नागरिक र राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १४(३)(ङ)

७१ किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत ने.का.प २०६७, नि. नं. ८३४५, अङ्क ४

७२ अधिवक्ता अम्बर राउत वि. गृह मन्त्रालय समेत ने.का.प २०६८ अङ्क ७ नि.न. ८६४२

कार्य गर्दा वा नगर्दाको अवस्थामा फौजदारी कसूर नमानिएको स्थितिमा कसैलाई पनि दोषी करार गरिँदैन ।

नेपालको संविधानको धारा २० को उपधारा (४) ले तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था अतीत प्रभावी कानूनबाट संरक्षण गर्ने व्यवस्था हो । स्वच्छ सुनुवाईको सिद्धान्तमा फौजदारी कानून पश्चातदर्शी असर दिने गरी र प्रमाणको मान्यता पनि पश्चातदर्शी हुने गरी बनाइनु हुँदैन । मुलुकी अपराध संहिता ऐन, २०७४ ले कानूनले गर्न हुने र क्षम्य मानेको कार्य कसूर नमानिने तथा कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी नहुने र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनले तोकिएभन्दा बढी सजाय नहुने भनेको छ। नागरिक अधिकार ऐन, २०१२ को दफा ११ (१) मा कुनै व्यक्तिलाई पनि तत्काल प्रचलित नेपाल कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै सजाय हुने छैन र कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था गरी पश्चातदर्शी कानूनबाट सुरक्षा गरेको छ ।

कुनै कार्य गर्दा त्यस्तो कार्यलाई कानूनले दण्डनीय कसूर नमानेको अवस्थामा पछाडि बनेको कानूनले अगाडि नै भैसकेको कार्यलाई दण्डनीय कसूर घोषणा गरी सजायको व्यवस्था गर्न र त्यस्तो कानूनको प्रयोग गरी अगाडि नै घटेको वारदातसँग सम्बन्धित व्यक्तिलाई सजाय गर्न तथा कसूर गर्दाको अवस्थामा कानूनबमोजिम हुनसक्ने सजायभन्दा बढी सजाय गर्न मिल्दैन भन्ने पश्चातदर्शी कानूनको सिद्धान्तलाई सर्वोच्च अदालतले स्वीकार गर्दै प्रमाणसम्बन्धी विषयमा तथा कार्यविधिको सम्बन्धमा पश्चातदर्शी असर दिई बनाइएका कानूनलाई 'Ex-post facto Law' सम्बन्धी अवधारणा विपरीत नहुने सिद्धान्त कायम गरिएको छ ।[७३] खारेज भएको ऐन र नयाँ ऐनले अपराध मानी सजायको व्यवस्था गरेकोमा सजायको हकमा केही फरक देखिए पनि साविक ऐनले हुने कैद सजायको हदभन्दा कम गरेको देखिन आएकोले नयाँ ऐनको व्यवस्थाले मात्र प्रतिवादीलाई प्रतिकूल असर पारेको भन्न नमिल्ने सिद्धान्त छ । मुद्दाको दायरी, अभियोजन तथा प्रमाणको भार निर्धारणलगायतका कार्यविधिगत कुरा मुद्दा कारवाही चल्दाको अवस्थामा विद्यमान रहेको कानून अनुसार हुने कुरालाई स्वीकार गरिएको छ ।[७४]

साबिक भष्टाचार निवारण ऐन, २०१७ ले कसूरको सज्ञा दिई सजाय निश्चित गरेको क्रियालाई हालको भष्टाचार निवारण ऐन, २०५९ ले समेत निरन्तरता दिई साबिक ऐनभन्दा कम सजाय व्यवस्था गरेकोमा एउटै क्रियालाई साविक ऐन र हालको ऐनले फरकफरक नामाकरण गरेको भन्ने मात्रै आधारमा Ex-post facto कानून नहुने । कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछि कानून बनाई अपराध मानिएमा, पहिले सानो रकम गम्भीर हुने कसूरलाई पछि ठूलो र बढी गम्भीर कसूर कायम गरिएमा, पहिले कम सजाय हुने कसूरलाई बढी सजाय गर्ने गरी कानून निर्माण गरिएमा, प्रमाणसम्बन्धी कानूनी नियमहरूमा फेरबदल गरी कसूर प्रमाणित गर्न कम प्रमाण भए पनि पुग्ने गरी कानून निर्माण गरिएमा

७३ उत्तम लामा विरूद्ध नेपाल सरकार ने.का.प २०६१, नि.नं ७४३२
७४ पासाङ दावा तामाङ विरूद्ध नेपाल सरकार ने.का.प. २०५८,नि.नं ६९९२

मात्र त्यस्तो कानूनलाई 'Ex-post facto' कानून मान्न र अमान्य गर्न सकिन्छ ।[७५] कसूर हुँदाका बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने भए पनि कुनै कसूरमा सजाय हुँदाका अवस्थामा सजाय घटाइएको वा कुनै सुबिधा दिएको रहेछ भने कानूनमा प्रष्ट उल्लेख भएकोमा बाहेक सजाय घटाइएको वा सुविधा प्रदान गर्ने कानून प्रयोग गर्न भने मिल्छ । पश्चातदर्शी कानूनको यो संरक्षणलाई अनुसन्धान अधिकारी, अभियोजनकर्ता तथा अदालतले पालना र प्रयोग गर्नुपर्ने हुन्छ ।

## ७.१४ एउटै कसूरका लागि दोहोरो खतरामा नराखिने सिद्धान्त

कुनै पनि कसूरमा कसैलाई पनि एक पटकभन्दा वढी मुद्दा चलाउनु र सजाय गर्न हुँदैन भन्ने फौजदारी न्यायको मान्यता रहेकोछ । एउटै कसूरउपर पटक पटक मुद्दा चलाउने र सजाय गर्ने कार्य मानव अधिकार तथा स्वच्छ सुनुवाईको अधिकारको प्रतिकूल हुने कुरालाई विश्वव्यापी रुपमा स्वीकार गरिएको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४ को उपधारा (७) ले कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानून र दण्ड कार्यविधिअनुसार अन्तिम सजाय दिइसकेपछि वा सोबाट निजले सफाई पाइसकेपछि सोही कसूरमा निजउपर मुद्दा चलाउन वा दण्ड दिन पाईने छैन भन्ने व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानको धारा २० ले दोहोरो खतरामा नराखिने सिद्धान्तलाई स्वीकार गरेको छ । तर कुनै व्यक्तिको सन्दर्भमा फौजदारी उत्तरदायित्वबाट उन्मुक्ति दिने उद्देश्यले कारवाही चलाइएको अवस्थामा भने न्यायालयको क्षेत्राधिकार आकर्षित भै पुनः मुद्दा चलाउन सकिने कुरालाई मान्यता दिइएको छ ।

नेपालको संविधानको धारा २० को उपधारा (६) मा कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा वढी मुद्दा चलाइने र सजाय दिइने छैन भनी दोहोरो खतरामा नराखिने कुराको संरक्षण प्रदान गरिएको छ । नागरिक अधिकार ऐन, २०१२ को दफा ११ (२) मा कुनै व्यक्तिउपर कुनै अपराधमा एक पटकभन्दा बढी मुद्दा चलाइने र दण्ड सजाय गरिने छैन भनी दोहरो खतरामा नराखिने कानूनी व्यवस्था गरिएको छ । मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ९ ले कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भनिएको छ ।

एउटै कसूरमा एकपटकभन्दा बढी मुद्दा गर्न तथा सजाय गर्न नहुने सिद्धान्तले एकै कसूरमा पटक पटक खतरामा राख्न नहुने कुरालाई रोक्छ । एकै कार्यबाट दुईवटा कानून विपरीत कसूर भएकोमा भने यो संरक्षण प्राप्त हुँदैन । भन्सार ऐन र सशस्त्र प्रहरी ऐनअन्तर्गत कसूर भएकोमा दुवै कसूरमा अलग अलग अदालत वा निकायबाट भएको कारवाही र सजाय दोहोरो खतराको सिद्धान्तको प्रतिकूल नमानिने व्याख्या भएको छ ।[७६] यसै गरी दूरसंचार कल वाईपाससम्बन्धी कसूरमा सजाय गर्ने कार्य अदालतबाट हुने र हानी बापत दूरसञ्चार प्राधिकरणले गर्ने कानूनी कारवाही गर्ने प्रबन्ध भएको स्थितिमा सोअनुसार भएको कारवाही दोहोरो खतराको सिद्धान्त प्रतिकूल नहुने भन्ने सिद्धान्त प्रतिपादन भएको छ । एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने कुराको संरक्षण अभियोजन नगर्ने गरी एक पटक निर्णय भएकोमा

७५ नेपाल सरकार बि. ईश्वर पोखरेल, ने.का.प. २०६६ अङ्क ८ नि.नं. ८२०० पृ. १२३५

७६ ने.का.प.२०६९ अङ्क ३, नि.नँ. ८६८३ हर्कराज पन्त वि. म.प. सचिवालय समेत

पुनः सोही कसूरमा सोही व्यक्तिउपर अनुसन्धान गरी अभियोजन गर्न कुरामा पनि लागू हुन्छ। एक पटक अनुसन्धान भै प्रमाणबाट कसूरदार नदेखिएको भनी मुद्दा नचलाउने निर्णय भएपछि पुनः सोही कसूरमा मुद्दा चलाउने निर्णय कानूनसम्मत नहुने सिद्धान्त सर्वोच्च अदालतले गरेको छ।[७७] तर मुद्दामा सफाई भएकोमा पुनरावेदन गर्ने कुरामा भने दोहोरो खतराको सिद्धान्त लागू हुँदैन। हङ्कङ न्यायालयबाट सजाय भएको आधिकारिक रुपमा पुष्टि नभएकोमा नेपालमा मुद्दा चलेको कुरामा एउटै मुद्दामा दुई पटक सजाय भएको जिकीर स्थापित हुन नसक्ने[७८] र विदेशमा सजाय पाएको भन्ने आधारबाटै दोहोरो खतराको सिद्धान्तको उल्लंङ्गन भयो भनी भन्न नमिल्ने हुँदा नेपालमा कारवाही चलाउन सकिन्छ।[७९]

## ७.१५ आधार कारणसहितको फैसलाको प्राप्ति र पुनरावेदन गर्न पाउने अधिकार

स्वच्छ सुनुवाईमा कारणसहितको निर्णय आधारभूत मान्यता हो। जस्तो सुकै जघन्य र अमानवीय प्रकृतिको कसूर गरेको अभियोग लागेका व्यक्तिलाई पनि आधार कारणसहितको निर्णयबाट दोषी ठहर गर्नुपर्दछ। मुद्दा हेर्ने अधिकारीबाट कुनै पनि विवाद वा मुद्दाको फैसला भएपछि सोको लिखित जानकारी पाउने सम्बन्धित मुद्दाका पक्षको हकको विषय हो। त्यस्तो निर्णयमा आधार र कारण स्पष्ट रुपमा खोलिएको हुनुपर्दछ। यसै गरी कुनै व्यक्तिको विरुद्धमा फैसला वा निर्णय भएपछि सो निर्णय वा फैसलामा चित्त नबुझ्ने पक्षले सो निर्णय वा फैसलाउपर माथिल्लो तहको अदालतमा पुनरावेदन गर्न पाउने कानूनी हक राख्दछ भन्ने स्वच्छ सुनुवाईको आधारभूत मान्यता रहेको छ।

नेपालको संविधानको दफा २० को उपधारा (८) मा रहेको प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हकअन्तर्गत फैसला प्राप्तीलाई मौलिक हकको रुपमा हेर्न सकिन्छ। तर सो फैसलामा चित्त नबुझेकोमा पुनरावेदन गर्न पाउने हक मौलिक हक नभए पनि मानव अधिकारको विषय मान्न सकिन्छ।

नागरिक र राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १४(५) मा अदालतबाट भएको सजायमा उच्च तहको न्यायाधिकरणबाट पुनरावलोकन गराई पाउने हक हुने व्यवस्था गरिएको छ। पुनरावलोकनको अधिकार प्रयोग गर्न कसूरसम्बन्धी मुद्दामा भएको आधार कारणसहितको फैसला प्राप्त गर्ने अधिकार पनि पर्ने देखिन्छ। आधार र कारणसहितको निर्णय स्वच्छ सुनुवाईको विषयवस्तुअन्तर्गत पर्दछ र यो कुरालाई हरेक न्यायकर्ताले न्याय निरोपण गर्दा विचार गर्नुपर्ने हुन्छ।

अड्डाबाट मुद्दा फैसला गरेपछि पुनरावेदनको म्याद सम्बन्धित पक्षलाई दिनुपर्दछ। अदालतले फैसला गर्दा हाजिर रहेको झगडियालाई सो फैसला पढी बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनी पाएको व्यहोराको कागज गराउनुपर्छ। झगडिया हाजिर नभएकोमा सो फैसला भएको तीन दिनभित्र यो कुरा ठहरेकोले यति सजाय भएको छ

७७ ने.का.प.२०७२ अङ्क ६ नि.नं. ९४१४

७८ युक्तबहादुर गुरुङ वि. राजस्व न्यायाधिकरण नेकाप २०४८ नि.नं. ४४१०

७९ विक्रमजीत लामा वि. जि.प्र.का. हनुमानढोका ने.का.प.२०४९, नि.नं. ४५६१

भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नामसमेत खुलाई म्याद जारी गर्नुपर्दछ।[८०]

बालबालिकाको हकमा मुद्दाको सुनुवाईभई फैसला भई सकेपछि फैसलाको एक प्रति पक्षको रुपमा रहेका बालबालिका निःशुल्क दिनुपर्ने व्यवस्था छ।[८१] न्याय प्रशासन ऐन, २०७३, तथा सरकारी मुद्दासम्बन्धी ऐनले सम्बन्धित पक्षलाई फैसलाको जानकारीसहित पुनरावेदनको म्याद दिनुपर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। पुनरावेदन गर्ने अधिकार कानूनी अधिकार भएकोले यसको प्रयोग र पालना कानूनबमोजिम मात्र हुन्छ।

## ७.१६ क्षतिपूर्तिको अधिकार

स्वच्छ सुनुवाईको हकभित्र न्यायको दुरुपयोग भएको कारण कसैको वैयक्तिक स्वतन्त्रता हनन् भएकोमा वा अन्याय भएको अवस्थामा वा स्वच्छ सुनुवाईको हकको उल्लंघन भएकोमा क्षतिपूर्ति पाउने अधिकार रहन्छ। नागरिक र राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४ को उपधारा (६) ले न्यायको चरम दुरुपयोग भएको अवस्थामा क्षतिपूर्ति प्राप्त गर्ने अधिकारका सम्बन्धमा उल्लेख गरेको छ, जसका अनुसार कुनै पनि व्यक्तिलाई अन्तिम निर्णयद्वारा फौजदारी अपराधमा दोषी करार गरिएको छ र पछि नयाँ तथ्य वा नयाँ फेला परेको प्रमाणले निश्चयका साथ न्यायको चरम दुरुपयोग भएको ठहर गरी पहिलाको निर्णय उल्टी भयो वा उसलाई माफी दिइयो भने, त्यसरी दोषी करार भएको कारणले सजाय पाउने व्यक्तिले पूर्ण वा आंशिक रुपमा उसैको कारणले त्यस्तो तथ्य खुल्न नआएको हो भन्ने भएमा बाहेक कानून अनुसार क्षतिपूर्ति प्राप्त गर्ने हुन्छ। यसै गरी प्रतिज्ञापत्रको धारा ९ को उपधारा (५) ले गैरकानूनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले पनि न्याय प्रशासनको दुरुपयोग भएको अवस्थामा क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ।

नेपालको कानूनी व्यवस्था हेर्दा न्यायको चरम दुरुपयोग भएको अवस्थामा सम्बन्धित व्यक्तिले क्षतिपूर्तिको अधिकार पाउने कानूनी व्यवस्था भएको पाइदैन। यस सम्बन्धमा कानूनी व्यवस्था आवश्यक रहेको छ। सर्वोच्च अदालतको संवैधानिक ईजलासले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीबद्ध फौजदारी मुद्दा वा नेपाल सरकार वादी हुने फौज्दारी मुद्दाको कसूरको सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भै देखादेखी गलत अनुसन्धान र अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नु परेको अवधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्थासहितको कानून निर्माण गर्नु भनी सरकारका नाममा निर्देशनात्मक आदेश दिएको छ।[८२] मुलुकी अपराध संहिता ऐन, २०६४ ले बदनियतपूर्वक अनुसन्धान र अभियोजन गर्ने कार्यलाई फौजदारी कसूर मानी त्यस्तो कार्यमा संलग्न अनुसन्धानकर्ता र अभियोजनकर्तालाई जिम्मेवार बनाउने उद्देश्य राखेको छ।

## ७.१६ उचित समयभित्र पुर्पक्षको अधिकार

उचित समयभित्र पुर्पक्षको अधिकार स्वच्छ सुनुवाईको महत्त्वपूर्ण विषय हो। न्याय प्रणालीमा ढिलो न्याय दिनु

८० मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९३ न.

८१ बाल न्याय कार्यविधि, २०६३ को नियम १९

८२ अमृतलाल श्रेष्ठ बि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, २०६९-WS- ००७६ आदेश मितिः २०७२।१०।०७

भनेको न्याय नदिनु बराबर हो भन्ने सिद्धान्त रहेको छ। यो सिद्धान्तले कुनै पनि मुद्दाको न्यायिक कारवाही बिना ढिलाई छिटो छरितो रुपमा हुनुपर्दछ भन्ने मान्यता राख्दछ। मानव अधिकारसम्बन्धी कानूनमा पनि यो सिद्धान्तलाई स्वीकार गरिएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४ को उपधारा (३) को खण्ड (ग) ले फौजदारी अभियोग निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई अनुचित विलम्व बिना सुनुवाई गरी पाउने हक हुने व्यवस्था गरेको छ। विलम्व वेगरको सुनुवाई भन्नाले मुद्दाको पुर्पक्ष र सुनुवाई गर्ने कुरा मात्र नभई सुनुवाईको अन्त्य र निर्णय समेत गरी सक्नुपर्ने कुरासँग सम्बन्धित छ। सुनुवाईको हरेक चरणको कारवाही अनुचित विलम्व बेगर सम्पन्न गरिनु पर्दछ।

मुलुकी ऐन, अदालती बन्दोबस्तको १३ नं.मा कानूनले तोकेको काम तोकिएको समयमै गर्नुपर्ने, ढिलाई गर्न नहुने व्यवस्था रहेको छ भने सोही महलको १४ नं मा मुद्दा फैसला गर्दा शुरू अदालतले भए प्रतिवाद परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्षभित्र र पुनरावेदन तहले शुरू मिसिल प्राप्त भएको एक वर्षभित्र तथा प्रमाण बुझिसकेपछि सो समय बाँकी भएपनि ३५ दिनभन्दा ढिलाई गर्न नहुने व्यवस्था गरी मुद्दाको कारवाही र फैसला गर्ने अबधि तोकेको पाइन्छ। यो व्यवस्था सुनुवाईलाई छिटो छरितो गरी अनुचित बिलम्ब बिना फैसला गर्ने उद्देश्यबाट गरिएको देखिन्छ। यसै गरी मुद्दाको कारवाहीलाई छिटो छरितो सम्पन्न गर्न कतिपय मुद्दामा निरन्तर सुनुवाईको व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। तथापि अदालतहरूको मुद्दाको फर्स्यौटको स्थितिलाई हेर्दा छिटो छरितो रुपमा सुनवाई सम्पन्न हुन सकेको पाइदैन। सर्वोच्च अदालतको आ.व.०७२।७३ को बार्षिक प्रतिवेदन हेर्दा सो वर्षमा सर्वोच्च अदालतमा मुद्दा फर्स्यौट केबल ३२.२७ प्रतिशत रहेको देखिन्छ। जिल्ला अदालतमा ६२.३६ प्रतिशत मुद्दा फर्स्यौट भएको देखिन्छ। सबै अदालतमा दुई वर्ष नाघेका मुद्दाको संख्या १२,३६५ (१३.८८ प्रतिशत) रहेको छ भने सबै अदालतमा यो संख्या १८४७५ रहेको छ।[८३] एक वर्षभित्र मुद्दाको फर्स्यौट गर्ने कानूनी व्यवस्थाको कार्यान्वयन प्रभावकारी बन्न सकेको अवस्था छैन। न्याय सम्पादन कार्यलाई छिटो छरितो तुल्याउने कार्यलाई न्यापालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले रणनीतिक क्रियाकलापको रुपमा राखेको भएता पनि सो रणनीतिको कार्यान्वयन आशातीत हुन नसकेको अवस्था प्रतिवेदनले देखाएको छ। यी तथ्यहरूले बिलम्ब बिना मुद्दाको सुनुवाई पाउने र छिटो छरितो न्याय पाउने मुद्दाका पक्षको हकलाई प्रभावकारी रुपमा संरक्षण गर्न सकेको अवस्था छैन।

मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ मा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा गर्नुपर्ने र सो अबधिभित्र किनारा हुन नसकेमा थुनामा रहेको अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारवाही किनारा गर्न सकिने व्यवस्था गरिएको छ। विवादको छिटो छरितो सुनुवाई गरिनु पर्ने कुरा स्वच्छ सुनुवाईको महत्त्वपूर्ण अवयव हो।[८४] तर कानूनले तोकेको प्रक्रियाको अबलम्बन र प्रतिरक्षाको लागि पर्याप्त समयको प्रत्याभूति पनि सँगसँगै गरिनु पर्दछ। मुद्दाको सुनुवाईको प्रक्रियामा मात्र नभै अनुसन्धान तथा अभियोजन कारवाहीमा पनि बिलम्ब

८३ सर्वोच्च अदालतको बार्षिक प्रतिवेदन आ.व. ०७२।०७३ पृ. २०
८४ अधिवक्ता अम्बर राउत वि. गृह मन्त्रालय समेत ने.का.प २०६८ अङ्क ७ नि.न. ८६४२

गरिनु हुँदैन । आरोपित कसूरमा अनुसन्धानका लागि शंकितको बयान बाहेक अन्य कुनै प्रमाण बुझेको अनुसन्धानबाट नदेखिएको र बुझ्नु पर्ने व्यक्ति नबुझी आरोपितलाई अनुसन्धानको लागि भनी लामो अवधिसम्म थुनामा राखी कारवाही अगाडि नबढाउने कार्यमा अनुसन्धानकर्ताको गककम्भीर हेलचेक्र्याई समेत देखिन आएकोले धरौटी नबुझाएको आधारमा मुद्दा दायर नगरी थुनामा राखी राख्नु कुनै पनि दृष्टिकोणबाट न्यायोचित मान्न नसकिने हुँदा सात दिनभित्र अनिवार्य रुपमा निवेदकका सम्बन्धमा मुद्दाको कारवाहीसम्बन्धी निर्णय गरी सक्नु भनी आदेश जारी भएको छ ।[८५]

## ८. स्वच्छ सुनुवाईको हक र न्यायिक दृष्टिकोण

स्वच्छ सुनुवाईको हक मौलिक हकको रुपमा संविधानले प्रत्याभूत गरेको र सोको कार्यान्वयन र संरक्षणको लागि उपचार माग गरी सर्वोच्च अदालतमा रिट निवेदन गर्न सकिन्छ । सर्वोच्च अदालतले स्वच्छ सुनुवाईको हकको सम्बन्धमा विभिन्न मुद्दामा गरेको निम्न आदेशबाट न्यायिक दृष्टिकोणलाई हेर्न सकिन्छ :-

### ८.१ किशोर भन्ने रामबहादुर हमाल वि. कारागार व्यवस्थापन विभाग समेत, ने.का.प. २०६७ अङ्क ४ पृ.५७४ नि.नं.८३४५

यस मुद्दामा सर्वोच्च अदालतले मुद्दा हेर्ने अधिकारी वा अदालत कानूनद्वारा गठित हुनुपर्ने, मुद्दा हेर्ने अधिकारी सक्षम,स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, अभियोग लागेको व्यक्तिलाई अभियोगको बारेमा उसले बुझ्ने भाषामा तुरुन्त जानकारी गराउनुपर्ने, अभियुक्तलाई लागेको अभियोगको बारेमा जानकारी पाउने, प्रतिरक्षाको तयारीको लागि थुनामा रहेको अभियुक्तलाई पर्याप्त सहुलियत र समय प्रदान गरिनु पर्ने, अभियोग लागेको व्यक्तिले लागेको अभियोगको बारेमा आफूले चाहेमा रोजेको कानून व्यवसायीबाट प्रतिरक्षा गराउन पाउने, त्यस्तो अभियुक्तले आर्थिक कमजोरीका कारण आफै कानून व्यवसायी राख्न नसक्ने भएमा राज्यले निःशुल्क कानून व्यवसायी उपलब्ध गराइदिनुपर्ने जस्ता कुरा स्वच्छ सुनुवाईका आधारभूत विषय हुन भन्ने व्याख्या गरेको छ ।

फौजदारी अभियोग लागेको व्यक्तिले मुद्दाको कार्वाहीमा आफैं उपस्थित भै आफ्नो साक्षी प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न पाउनुपर्ने र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धका साक्षीको जिरह गर्न पाउने मौका पाउनुपर्दछ भन्ने मान्यतालाई पनि अदालतले यस मुद्दामार्फत स्थापित गरेको छ । अभियुक्त भाषा नबुझ्ने भए उसलाई भाषा बुझ्ने दोभाषे (Interpreter) उपलब्ध गराई दिनुपर्छ भन्ने सिद्धान्त यस मुद्दामार्फत अदालतले स्थापित गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लिखित स्वच्छ सुनुवाईका सिद्धान्तहरूलाई सर्वोच्च अदालतले यस मुद्दामा समावेश गरेको पाइन्छ ।

### ८.२ अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत ने.का.प २०६६ अङ्कं ७ नि.नं. ८१८३

स्वच्छ सुनुवाई र कारणसहितको निर्णय (Reasoned Decision) न्यायका आधारभूत मान्यता हुन । अहरणीय रुपमा रहेको स्वच्छ सुनुवाईको विषयलाई संविधान र कानूनले समेत कटौती गर्न नमिल्ने

८५ प्रेम नारायण महतो वि. राजस्व अनुसन्धान विभाग समेत रिट न. ०७३-WH- ००८५, आदेश मिति २०७४।०३।१

सिद्धान्त अदालतले प्रतिपादन गरेको छ। जघन्य र अमानवीय प्रकृतिको कसूर गरेको अभियोग लागेका अभियुक्तलाई पनि सुनुवाईको मौका प्रदान गरी आधार कारणसहितको निर्णयबाट दोषी ठहर गर्नुपर्ने हुन्छ। न्यायिक प्रक्रिया भन्नासाथ स्वच्छ सुनुवाईको अवसर र कारणसहितको निर्णय अनिवार्य रुपमा अगाडि आउँछ। न्यायिक प्रक्रियाको आत्माको रुपमा रहेको स्वच्छ सुनुवाईको अभावमा भए गरिएका काम कारवाहीलाई न्यायिक काम कारवाहीको संज्ञा दिन नमिल्ने हुदा त्यस्ता कार्य अमान्य हुन्छन्। कुनै कुराको दोष वा आरोप लागेको व्यक्तिले आफूउपर लागेको आरोपको जानकारी, त्यसको उचित प्रतिरक्षा गर्ने अवसर, सक्षम अदालत वा न्यायिक निकायबाट सुनवाई र गल्ती प्रमाणित भएको चित्त बुभ्दो आधार निर्णयबाट थाहा पाउनु निजको आधारभूत स्वच्छ सुनुवाईको अधिकारभित्र पर्दछ भन्ने कुरा सर्वोच्च अदालतले यस मुद्दामा बोलेको पाइन्छ। कुनै पनि व्यक्तिलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्नु पूर्व त्यस निर्णयबाट असर पर्ने पक्षको कुरा सुन्नु (Audi Alteram Partem) प्राकृतिक न्याय एवं स्वच्छ सुनुवाईको सर्वमान्य सिद्धान्त हो।

## ८.३.अधिवक्ता अम्बर राउत वि. गृह मन्त्रालय समेत ने.का.प २०६८ अङ्क ७ नि.नं. ८६४२

कार्यपालिका अर्थात् सरकारको प्रशासकीय अधिकारीलाई न्यायिक स्वतन्त्रता, निष्पक्षता र नियन्त्रणका न्यूनतम् मापदण्ड बेगर सरकार वादी भै चलाइने गम्भीर फौजदारी मुद्दा हेर्न पाउने गरी कानूनमार्फत् अधिकार क्षेत्र सुम्पिएबाट स्वच्छ र निष्पक्ष न्याय प्राप्त गर्ने नागरिकको मौलिक मानव अधिकारको प्रत्याभूति हुने अवस्था नदेखिने हुँदा प्रशासनिक अधिकारीले प्रयोग गर्ने न्यायिक क्षेत्राधिकारको प्रयोगमा स्वतन्त्रता, सक्षमता र निष्पक्षताका आधारहरूलाई सुनिश्चित गरिनुका साथै कानूनको उचित प्रक्रियाको प्रत्याभूति पनि सँगसँगै गरिनु पर्ने हुन्छ भन्ने सिद्धान्त सर्वोच्च अदालतले यस मुद्दामार्फत स्थापित गरेको छ। न्यायिक क्षेत्राधिकार प्रयोग गर्दा स्वच्छ सुनुवाई (Fair Trial) एवम् कानूनको उचित प्रक्रिया (Due process of Law) को अबलम्वन गर्नुपर्दछ। स्वच्छ सुनुवाईको अर्को महत्त्वपूर्ण तत्व आफ्नो कुरा भन्न पाउनु हो। आरोप लागेको व्यक्तिले निजमाथि लगाइएको आरोपका सम्बन्धमा आफ्नो कुरा भन्ने सफाइको पर्याप्त अवसर पाउनु पर्दछ। आफ्नो जिकीरको समर्थनमा प्रमाण पेश गर्ने वा दावी खण्डित गर्न पर्याप्त अवसर पाउने कुराहरू स्वच्छ सुनुवाईअन्तर्गत पर्ने कुरा हुन्। विवादको छिटो छरितो सुनुवाई गरिनु पर्ने कुरा स्वच्छ सुनुवाईको महत्त्वपूर्ण अवयव हो भन्ने सिद्धान्त प्रतिपादन भएको छ।

## ८.४. राजेशकुमार साह विरुद्ध पुनरावेदन अदालत जनकपुर समेत ने.का.प. २०६८ अङ्क १२ नि.नं. ८७२७

न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णयमा खास गरी प्राकृतिक न्यायका सिद्धान्तको उल्लंघन, (Breach of Principles of Natural Justice) अधिकारक्षेत्र नाघेको (Excess of Powers), कार्यविधिको त्रुटि (Errors of Procedure), पदीय दायित्व पूरा नगरेको (Failure to perform a duty), वदनियत राखेको वा अधिकारको दुरुपयोग गरेको (Badfaith or Abuse of Power) मध्ये सबै वा ती मध्ये कुनै एक विद्यमान रहेको पाइएमा त्यस्तो निर्णय स्वच्छ रुपमा भएको मान्न मिल्दैन। प्राकृतिक न्यायको सिद्धान्त (Principles

of Natural Justice) स्वच्छ सुनुवाई (Fair Trial) को मूल मर्म र आधार हो । यसभित्र पूर्वाग्रहरहित, सक्षम र कानूनी रुपमा अख्तियारप्राप्त न्यायकर्ताबाट विवादको निरोपण गरिने र सोका लागि विवादका सबै पक्षलाई उचित र पर्याप्त सुनवाईको मौकाबाट बञ्चित नगरिने तथा विवादका पक्षले आफू विरुद्ध भैरहेको न्यायिक कारवाहीको बारेमा यथासक्य छिटो र स्पष्ट रुपमा सूचना पाउने व्यवस्था गरिनु पर्दछ। आफ्नो कुराहरू राख्ने र भन्ने उचित र पर्याप्त अवसर पाउने, आफ्नो तर्फबाट कानून व्यवसायीमार्फत् प्रतिवाद गर्ने अवसरको सुनिश्चितता, आधार र कारणसहितको निर्णय जस्ता विषयवस्तुहरू यसमा समावेश हुन्छन् । यी कुराहरू हरेक न्यायकर्ताले न्याय निरोपण गर्दा हेक्का राख्नु पर्ने विषय हुन भन्ने मान्यता अदालतले राखेको पाइन्छ ।

**८.५.प्रेमप्रसाद वि. न्यायाधीश, वाग्मती विशेष अदालतवन्दी प्रत्यक्षीकरण, रिट न.४८९, निणर्य मिति २०२६।०७।२२**

यस मुद्दामा के कस्तो भ्रष्टाचारको कसूरमा थुनिएको भन्ने अस्पष्ट थुनुवा पूर्जी रहेको हुँदा सोको अभावमा थुनुवाले प्रतिरक्षा गर्न कानूनी सल्लाहकारसँग सल्लाह लिन नसक्ने हुनाले यस्तो अस्पष्ट थुनुवा पूर्जीलाई संवैधानिक व्यवस्था अनुकूलको पूर्जी भयो भनी संज्ञा दिन नमिल्ने भनी थुनुवालाई थुनुवा पूर्जीमा पक्राउ गरिएको कसूरको बारेमा प्रष्ट उल्लेख नगरेको भन्ने कार्यविधिगत त्रुटिका कारण थुनाबाट मुक्त गरिदिन भनी सर्वोच्च अदालतले रिट जारी गरेको देखिन्छ। कार्यविधिको पालना र आरोप वा कसूरको प्रष्टता बिना कसैको वैयक्तिक स्वतन्त्रतालाई हनन् गर्न स्वच्छ सुनुवाईको सिद्धान्तले बन्देज गर्दछ भन्ने मान्यता अदालतले् राखेको देखिन्छ ।

**८.६ चित्रदेव जोशी विरुद्ध न्याय परिषद् सचिवालय समेत ने.का.प.२०६९ अङ्क ७, नि.नं. ८८५७**

स्वच्छ कारबाहीको सिद्धान्तअन्तर्गत न्यायिक स्वच्छताका साथै प्रक्रियागत स्वच्छता पनि आवश्यक तत्व हुन्छ। कानूनबमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन गरेपछि मात्र प्रमाणको आधारमा कोही व्यक्ति दोषी हो वा होइन भनी निर्णय गर्न सकिन्छ। विभागीय कारबाहीमा पनि यो सिद्धान्त समान रुपमा लागू हुने हुँदा यसको बेवास्ता वा उपेक्षा गर्न नमिल्ने दृष्टिकोण राखेको देखिन्छ।

**८.७. राजेन्द्र विष्ट वि. गृह मन्त्रालय समेत ने.का.पा. २०७४ अङ्क २ नि.नं. ९७६९**

कुर्न पनि विवाद निरुपण गर्दा आरोपीलाई दोषी करार गर्न पूर्व निज विरुद्ध लागेको आरोप सम्बन्धमा खण्डन गर्न पाउने नैसर्गिक अधिकार रहन्छ । प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नपर्ने विषयमा विवाद हुन सक्तैन । अपवाद जनक अवस्थाको व्यवस्था गरेमा बाहेक सामान्य रुपमा सफाईको मौका नदिई कारवाही गर्न सकिँदैन ।

**८.८.अमृतप्रसाद श्रेष्ठ वि. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेत ०६९ सालको रिट नं. WO- ००७६ आदेश मितिः २०७२।१०।०७**

फौजदारी अभियोग लगाइएका सबै व्यक्ति कसूरदार नहुने र पुर्पक्षका लागि थुनामा बसेकोमा वा तल्लो

तहको फैसलाले कसूर ठहर भएकोमा माथिल्लो तहको अदालतबाट सफाई पाएकोमा थुनामुक्त भए पनि थुनामा बस्दाको अबधिको राज्यका तर्फबाट उचित क्षतिपूर्ति पाउने व्यवस्था नभएकोले सोसम्बन्धी व्यवस्थाका लागि कानून निर्माण गरी लागू गर्न सरकारका नाममा आदेश जारी गरी पाउन माग गरिएको प्रस्तुत रिटमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीवद्ध नेपाल सरकार वादी हुने फौजदारी मुद्दा वा नेपाल सरकार वादी हुने अन्य मुद्दाको कसूरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भै देखादेखी गलत अनुसन्धान वा अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नु पर्ने भै थुनामा रहेको तर मुद्दामा अन्तिम निर्णय हुँदा सफाई पाएको अवस्थामा त्यसरी थुनामा परेको अबधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिसहितको कानून निर्माण गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर अदालतले गरेको छ ।

कुनै पनि व्यक्ति कसूरको अनुसन्धानका लागि थुनामा बस्नुपरेको वा अदालतको आदेशले मुद्दाको पुर्पक्षको कारवाहीका क्रममा वा फैसलाले थुनामा रहेकोमा अन्तिम फैसला हुँदा सफाई पाई थुना मुक्त भए पनि थुनामा बसेको पहिलेको अबधिको लागि क्षतिपूर्ति पाउने कानूनी व्यवस्थाको अभाव रहेको र त्यसरी थुनामुक्त हुनेले राज्यबाट कुनै सहायता वा क्षतिपूर्ति पाउन नसकेको सन्दर्भमा यो फैसलाले त्यस्तो कानून आवश्यक रहेको र राज्यले कानून बनाउनुपर्ने निर्देशन गरेको छ । स्वच्छ सुनुवाईको हकको हनन् भएकोमा क्षतिपूर्ति प्राप्त गर्ने हक हुने सिद्धान्तलाई यो फैसलाले स्वीकार गरेको छ भने सरकारले यससम्बन्धी कानून निर्माण गर्नुपर्ने देखाएको छ ।

## ८.९ ईमानसिहं गुरुङ वि. जनरल सैनिक अदालत ने.का.प. २०४९ अङ्क ७ नि.नं. ४५९७

यस मुद्दामा सैनिक अदालतले पनि अदालती कारवाही गर्दा अदालती मूल्य मान्यतालाई अबलम्बन गर्नुपर्ने र प्रमाणको प्रस्तुतीकरण, कानून व्यवसायीको सहयोग प्राप्त गर्ने अवसर, कारवाहीमा स्वच्छता र खुलापन, पुनरावेदनको अधिकार जस्ता कुरामा फरक व्यहार गर्न नहुने र त्यस्तो भएमा भेदभावपूर्ण कार्य गरेको मानिने भन्ने सिद्धान्त प्रतिपादन गरेको छ । यस मुद्धामा प्रतिपादित सिद्धान्तले सैनिक अदालतले अपनाउने प्रक्रियामा स्वच्छता, खुलापन, सुनुवाईको अवसर, कानून व्यवसायीबाट पुर्पक्ष गर्न पाउने कुरा जस्ता स्वच्छ सुनुवाईका मान्यताहरूलाई अबलम्बन गर्नुपर्ने कुरामा सर्वोच्च अदालतले जोड दिएको छ ।

## ८.१०.अधिवक्ता माधवकुमार बस्नेत समेत वि. विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ने.का.प. २०६६ अङ्क ७ नि.नं. ८१८४

सैनिक ऐनमा बाटोको म्याद बाहेक २४ घण्टाभन्दा बढी हिरासतमा राख्न सकिने भन्ने कानूनी व्यवस्था संविधानको न्यायसम्बन्धी हकद्वारा प्रत्याभूत पक्राउ परेको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभन्दा बढी हिरासतमा राख्नु परेमा मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र मुद्दा हेर्ने अधिकारीको आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा नराखिने भन्ने संवैधानिक व्यवस्थाको प्रतिकूल र स्वच्छ सुनुवाईको हक प्रतिकूल देखिएको भन्दै सर्वोच्च अदालतले सैनिक वा निजामती जस्तोसुकै प्रकृतिको संस्था वा संगठन भए पनि संवैधानिक व्यवस्थाको अनुशरण गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

### ८.११ अधिवक्ता भुवनप्रसाद निरौला समेत विरुद्ध संविधानसभा तथा व्यवस्थापिका संसद समेत ने.का.प. २०६८ अंङ्ग १० नि.न. ८६९२

यस मुद्दामा सर्वोच्च अदालतले विशिष्टीकृत खालका अदालत वा न्यायाधिकरण वा न्यायिक निकायहरूको गठन गर्न सकिने अन्तर्राष्ट्रिय मान्यता रहेको र नेपालका सन्दर्भमा पनि संविधानले नै त्यस्ता निकायहरूको परिकल्पना गरेको हुँदा सैनिक न्याय प्रणालीको सञ्चालनका लागि सैनिक अदालतहरूको गठन गर्न सकिने कुरालाई इन्कार गर्न नमिल्ने भन्दै सैनिक ऐनले सैनिक अदालतहरूलाई न्यायिक निकायका रुपमा स्वीकारेको हुँदा सैनिक ऐन, २०६३ बमोजिम प्रत्येक तहका सैनिक अदालतहरूले सम्पादन गर्ने कार्यलाई आधार बनाउँदा ती सबै अदालतहरूले मुद्दाको कारवाही किनारा नै गर्ने हुँदा तिनीहरूलाई संविधान अनुसारको न्यायिक निकायको दायराभन्दा बाहिर राख्न नमिल्ने व्याख्या गरेको छ। यसै मुद्दामा सैनिक न्याय व्यवस्थासम्बन्धी प्रावधानहरूलाई संविधान तथा न्यायका मान्य सिद्धान्तहरूसँग संगति कायम हुने गरी व्यवस्था गरिनु पर्ने निर्देश पनि सर्वोच्च अदालतले गरेको छ।

### ८.१२ राधाकृष्ण खड्का वि. रक्षा मन्त्रालय समेत ने.का.प. २०६५, नि.नं. ८०२७

यसमा सैनिक अदालतको न्यायाधीशको अधिकार प्रयोग गर्ने अधिकारीहरू सैनिक ऐनअन्तर्गतका अदालती कारवाही र स्वच्छ सुनुवाईसम्बन्धी मान्यता र मान्य सिद्धान्तसग परिचित रहनुपर्दछ भन्ने सिद्धान्त सर्वोच्च अदालतले यस मुद्दामा राखेको पाइन्छ।

### ८.१३ न्यायिक दृष्टिकोणको विश्लेषण

उल्लिखित फैसला तथा आदेशका आधारमा स्वच्छ सुनवाइको सिद्धान्तलाई सर्वोच्च अदालतले मानव अधिकारको महत्त्वपूर्ण अन्तर्वस्तु मानेको देखिन्छ। अदालतको दृष्टिकोणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- स्वच्छ सुनुवाईको विषय अहरणीय हकको रुपमा रहेको छ। यसलाई संविधान र कानूनले समेत कटौती गर्न सक्दैन।
- स्वच्छ कारबाहीको सिद्धान्तअन्तर्गत न्यायिक निकायको सक्षमता तथा स्वच्छताका साथै प्रक्रियागत स्वच्छता पनि महत्त्वपूर्ण हुन्छ।
- स्वच्छ सुनुवाईको हक न्यायिक प्रक्रियाको आत्माको रुपमा रहेको छ। व्यक्तिको मानव अधिकारको संरक्षणमा स्वच्छ सुनुवाईको हकको महत्त्व रहन्छ।
- सुनुवाईको मौका प्रदान गर्नु प्राकृतिक न्याय एवं स्वच्छ सुनुवाईको सर्वमान्य सिद्धान्त हो।
- कानूनले तोकेको कार्यविधिको बाध्यात्मक रुपमा पालना र प्रयोगले मात्र स्वच्छ सुनुवाईको कार्यान्वयन भए नभएको छुट्याउन सकिन्छ।
- न्यायिक प्रक्रियाका अलावा फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनका चरणमा पनि स्वच्छ सुनुवाईको विषय उत्तिकै महत्त्वपूर्ण हुन्छ।
- फौजदारी कसूरको सम्बन्धमा मात्र नभै देवानी तथा प्रशासनिक कारवाही र प्रक्रियामा स्वच्छ

सुनुवाईको सिद्धान्त समान रुपमा लागू हुन्छ ।

- सैनिक अदालतलगायत सबै न्यायिक एवं अर्धन्यायिक निकायले स्वच्छ सुनुवाईका आधारहरूको पालना गर्नुपर्ने कुरामा ध्यान दिनुपर्ने र यस्ता अदालतले अधिकारीहरू स्वच्छ सुनुवाईसम्बन्धी मान्यता र मान्य सिद्धान्तसँग परिचित रहनुपर्दछ ।

## ९. स्वच्छ सुनुवाईका चरणहरू

नेपालको संविधानले स्वच्छ सुनुवाईको सम्बन्धमा केही मूलभूत सिद्धान्तहरूलाई स्वीकार गरेको छ । यी मान्यताहरूको पालना र प्रयोगका सम्बन्धमा विभिन्न कानूनहरूमा सारभूत र कार्यविधिगत व्यवस्थाहरू गरिएका छन् । कसूरको अनुसन्धान र अभियोजनको चरणमा, अदालतमा मुद्दाको सुनुवाईको चरणमा तथा फैसला वा सुनुवाईपश्चात्को चरणमा समेत यी स्वच्छ सुनुवाईका सिद्धान्तहरूको पालना र प्रयोग सम्बन्धित अधिकारी तथा मुद्दाका पक्षहरूले समेत गर्नुपर्ने हुन्छ । यसैबाट व्यक्तिको मानव अधिकारको संरक्षण हुने र यससँगै स्वच्छ सुनुवाईको हकको पालना हुन सक्तछ ।

## ९.१ अपराध अनुसन्धान र अभियोजनको चरण

अपराधको अनुसन्धानको क्रममा कुनै पनि शंकित व्यक्तिलाई कसूरमा संलग्न रहेको मनासिव आधार भएकोमा पक्राउ गर्न सकिने भएपनि निजउपर मनोमानी रुपमा गिरफ्तारी गर्न सकिँदैन । कसूरको आरोपमा कानूनवमोजिम अधिकार प्राप्त अधिकारीबाट मात्र पक्राउ गर्न सकिन्छ भने पक्राउ गर्दा कुन कसूरको सम्बन्धमा पक्राउ गर्न लागिएको हो सोको जानकारीसहितको पक्राउ पूर्जी दिनुपर्दछ । तब मात्र अनुसन्धान कार्य गर्नुपर्ने हुन्छ । पक्राउ गरिएकोमा अभियुक्तलाई पक्राउ र आरोप बारे तुरून्त जानकारी पाउने अधिकार रहने र पक्राउ गर्ने अधिकारीले पक्राउको कारणसहित जानकारी दिने कर्तव्य हुन्छ । यसका अलावा पक्राउ र हिरासतको बैधानिकताका लागि न्यायिक निकायमा उपस्थित हुन पाउने तथा न्यायिक निकाय वा अधिकारीको अनुमति लिएर मात्र अनुमति दिएको समयसम्म अनुसन्धान अधिकारीले हिरासतमा राख्ने कर्तव्य हुन्छ । मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुदा शंकितलाई शारीरिक जाँच गराउन माग गर्न पाउने कानूनी हक रहन्छ । साथै आरोपितलाई निजले रोजेको कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार रहने हुँदा सम्बन्धित अधिकारीले यसको व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी रहन्छ । पक्राउ वा थुना विरुद्ध चुनौती दिन सक्ने, अनुसन्धानको क्रममा यातना र अमानवीय व्यवहार नपाउने कुराको सुनिश्चितता रहने, कसूरको बारेमा चूप लाग्न पाउने र आफू विरुद्ध साक्षी हुन कर नगरिने, जवर्जस्ती कसूर स्वीकार गर्न बाध्य नपारिने, मुनासिव समयभित्र मुद्दा चलाउनु पर्ने वा थुनामुक्त गर्नुपर्ने, गैरकानूनी रूपमा स्वतन्त्रताबाट बञ्चित गरिएमा क्षतिपूर्तिको अधिकार रहने तथा गोपनीयताको अधिकार रहने, निर्दोषिताको अनुमान गरिने, कारवाहीको जानकारी पाउने, अभियोगपत्रको नक्कल पाउने जस्ता विषय अनुसन्धान तथा अभियोजनको चरणमा अबलम्बन गर्नुपर्ने स्वच्छ सुनुवाईका मान्यताहरू हुन । यी व्यवस्थाको कार्यान्वयनमा सम्बद्ध निकाय वा अधिकारीको महत्त्वपूर्ण भूमिका रहन्छ भने कार्यान्वयनको अनुगमनको विषय पनि महत्त्वपूर्ण हुन्छ । अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी

वकील, अदालत, अनुसन्धानकर्ता निकायले यी हकको संरक्षणमा बढी मात्रामा सजगता अपनाउनु पर्ने अवस्था छ । स्वच्छ सुनुवाईसम्बन्धी एक अध्ययनले शंकितलाई पक्राउ गर्दा ४० प्रतिशतलाई पूर्जी नदिएको भन्ने देखिएको छ भने पक्राउ परेको व्यक्तिलाई २४ घण्टापछि अदालतमा पेश गरिएको भन्ने ६० प्रतिशतको भनाई रहेको देखाएको छ । यसै गरी सोही अध्ययनले शंकितको बयान गराउदा स्वेच्छापूर्वक बयान गराएको भन्ने २६.७ प्रतिशत रहेको छ भने स्वेच्छा विरुद्ध गराइएको भन्ने ७३.३ प्रतिशत रहेको देखाएको छ । [८६]

## ९.२. पुर्पक्षको चरणमा

कुनै पनि अभियुक्तलाई आफू विरुद्धको अभियोग थाहा पाउने अधिकार रहन्छ । यसबाट उसले आफ्नो प्रतिरक्षा गर्न पर्याप्त अवसर पाउनुका साथै कानून व्यवसायीसँग परामर्श गर्न र निजबाट पुर्पक्ष गर्न सक्दछ । सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायिक निकायद्वारा सो अभियोगउपर सुनुवाई गरिने, सार्वजनिक र स्वच्छ रुपमा सुनुवाईमा सहभागी हुन पाउने, मुद्दाको पुर्पक्ष र सुनुवाईमा आफू उपस्थित हुन पाउने, आफू विरुद्धको आरोपका सम्बन्धमा प्रतिरक्षाको तयारीको अधिकार रहने, कानून व्यवसायीसँग परामर्श गर्न पाउने र पुर्पक्ष गर्नसक्ने, दोषी प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गरिने, आफ्नो विरुद्ध साक्षी हुन कर नलगाईने, उचित समयभित्र पुर्पक्ष गर्न पाउने, सुनुवाईका क्रममा प्रमाण पेश गर्न र विपक्षको प्रमाणको खण्डन गर्न पाउने, असमर्थ पक्ष भएमा निःशुल्क कानूनी सहायता पाउने, भाषा नबुझ्ने व्यक्तिले भाषा बुझ्ने व्यक्ति अर्थात दोभाषेको सेवा लिन पाउने, अनाधिकृत विधि वा अनाधिकृत अधिकारीबाट संकलन गरिएको प्रमाणलाई चुनौती दिन पाउने, साक्षी झिकाउने र परीक्षण गर्ने गराउने अधिकार, विपक्षीको प्रमाण खण्डन गर्न र साक्षीलाई जिरह गर्न पाउने, उचित समयभित्र सुनुवाई गरी फैसला सुन्न पाउनेलगायत विषय पुर्पक्षका चरणमा अबलम्बन गरिने स्वच्छ सुनुवाईका प्रक्रियासँग हुन । मुद्दाको पुर्पक्ष वा सुनुवाईका चरणमा अदालत वा न्यायिक निकायद्वारा यी प्रक्रियाहरूको पालना अनिवार्य रुपमा गरी स्वच्छ सुनुवाईको हकको संरक्षण गर्नुपर्ने हुन्छ । संविधान तथा कानूनले पुर्पक्षका चरणमा पालना गर्नपर्ने कार्यविधिको व्यवस्था यसको कार्यान्वयनले मात्र प्रभावकारिता प्रदान गर्न सक्दछ ।

## ९.३ मुद्दाको पुर्पक्ष पश्चात् स्वच्छ सुनुवाई

मुद्दाको सुनुवाई पश्चात् आधार र कारणसहितको फैसलाको तुरुन्त जानकारी पाउने, तर्कपूर्ण र आधार कारणसहितको फैसलाको पूर्ण पाठ यथासमयमा प्राप्त गर्न पाउने, फैसलाउपर चित्त नबुझेमा माथिल्लो तहको अदालतमा तोकिएको समयमा पुनरावेदन गर्न पाउने कुरा, कानूनी आधारमा फैसला पुनरावलोकन गर्न पाउने विषय तथा फैसलाको कार्यान्वयन गराई पाउने विषय यसमा पर्दछन् ।

## १०.स्वच्छ सुनुवाईको हकको कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयको भूमिका

महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत सरकारी वकील कार्यालयहरू अभियोजन सेवा संचालन गर्ने निकाय हुन । अभियुक्तको बयान लिनेलगायत अनुसन्धानका विभिन्न चरणमा सरकारी वकील संलग्न

८६ राष्टिय न्यायिक प्रतिष्ठान, स्वच्छ सुनुवाइ सम्बन्धी अनुसन्धानमुलक अध्ययन, २०६९, परिच्छेद् ४

रहनु पर्दछ भने शंकितका अधिकारको संरक्षण र पीडितका अधिकारको सुरक्षामा पनि सरकारी वकीलको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अभियोजन,सुनुवाई, साक्षी प्रमाण प्रस्तुति, सोधपुछ, जिरह, बहस पैरवीलगायतका कार्यमा सरकारी वकीलको संलग्नता रहन्छ । हिरासतमा रहेको व्यक्तिलाई आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको वा मानवोचित व्यवहार नगरेको भन्ने विषयमा पनि सरकारी वकीलले अनुगमन गरी त्यस्तो कार्य हुन नदिन निर्देशन गर्न सक्दछ ।

अभियुक्तको बयान लिने क्रममा स्वेच्छापूर्वक मात्र बयान लिने, बाध्य पारी बयान नगराउने, अभियुक्तका अधिकारका बारेमा जानकारी दिने कुरा पनि सरकारी वकीलले कार्यान्वयन गर्ने स्वच्छ सुनुवाईका विषय हुन । स्वच्छ सुनुवाईको हकको प्रभावकारी कार्यान्वयन गर्ने कुरामा महान्यायाधिवक्ताको कार्यालयले गरेका नीतिगत एवं अन्य कार्यहरूलाई यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ ।

## १०.१. दोस्रो पञ्च वर्षीय रणनीतिक योजना (२०७३-२०७८)

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पंच बर्षीय रणनीतिक योजनाले सरकारवादी फौजदारी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने लक्ष्य लिएको छ । यो लक्ष्य प्राप्तीका लागि स्वच्छ सुनुवाईको अवधारणालाई अवलम्वन गर्न निम्न रणनीति लिएको छ :-

- स्वच्छ सुनुवाईका आधारभूत आवश्यकताअनुरुप सरकारी वकीलको भूमिका प्रभावकारी बनाउने,
- शंकितका आधारभूत अधिकारको संरक्षण गर्ने
- सरकारवादी मुद्दाको अनुसन्धानको बस्तुगत र प्रभावकारी बनाउन सरकारी वकीलको नेतृत्वदावी भूमिका स्थापित गर्ने,
- वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने र
- न्यायमा पहुँच अभिबृद्धि गर्ने पीडित र साक्षीको संरक्षण गर्ने ।

## १०.२. सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन निर्देशिका, २०७३

महान्यायाधिवक्ताको कार्यालयले सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन गर्ने सम्बन्धमा यससम्बन्धी निर्देशिका, २०७३ जारी गरेको छ । यसले स्वच्छ सुनुवाईसँग सम्बन्धित व्यवस्थालाई कार्यान्वयन गर्न अपराधमा संलग्न रहेको भनी जाहेरी परेको वा सूचना प्राप्त भएकोमा प्रहरी कर्मचारीले त्यस्तो शंकित व्यक्ति भाग्न उम्कन नपाउने व्यवस्था मिलाउनु पर्ने, शंकित व्यक्ति हो भन्ने पर्याप्त र मनासिब आधार भएमा मात्र त्यस्ता व्यक्तिलाई कानूनबमोजिम नियन्त्रणमा लिने कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

शंकित व्यक्तिको विवरण लिँदा वा पहिचान खुलाउँदा संभव भएसम्म निजको नाम, थर, ठेगाना खुल्ने गरी नागरिकता, फोटोसहितको मतदाता नामावलीको प्रतिलिपि वा शंकितको पहिचान हुने गरी नेपाल सरकारको कुनै कार्यालयबाट जारी भएका कागजात, प्रमाण, हुलियाका साथै बाबुको, बाजेको नाम, थर ठेगाना, फोन नं., ईमेल समेत संलग्न गर्नुपर्ने व्यवस्था यसमा समावेश गरिएको छ ।

अपराधमा संलग्न रहेको भन्ने खुल्न आएका व्यक्तिलाई प्रहरी कर्मचारीले पक्राउ गर्दा वा नियन्त्रणमा

लिँदा वा हिरासतमा राख्दा अपराधको प्रारम्भिक अनुसन्धानबाट पक्राउ गर्न लागिएको व्यक्तिको कसूरमा संलग्नता छ भन्ने पर्याप्त र मनासिब आधार रहेको हुनुपर्ने, शंकितलाई पक्राउ गर्नु पूर्व पक्राउ गर्नुपर्ने आधार कारण खुलेको कानूनी रीतपूर्वकको पक्राउ पूर्जी दिई भरपाई लिनुपर्ने, शंकितलाई निजले रोजेको कानून व्यवसायीसँग परामर्श लिन सक्ने जानकारी दिने र यसका लागि शंकितले रोजेको कानून व्यवसायीसँग सम्पर्क र भेट गर्ने अवसर दिनुपर्ने, शंकितले निजको कानून व्यवसायीसँग गरेको परामर्श वा कुराकानी प्रहरी कर्मचारीलगायत अरू कसैले सुन्न नसक्ने तर देख्न सकिने गरी सुरक्षाको प्रबन्ध गर्नुपर्ने, शंकितलाई हिरासतमा लिएपछि निजको परिवार वा आफन्तलाई सो बारेमा जानकारी दिने र निजको परिवारले भेट्न चाहेमा भेट्न दिने, शंकितलाई पक्राउ गर्दा निजको शारीरिक, मानसिक, भावनात्मक तथा मर्यादामा चोट नपुग्ने गरी सभ्य तरिकाले पक्राउ गर्नुपर्ने, शंकितलाई पक्राउ गरी हिरासतमा राख्नु अघि निजको शारीरिक तथा मानसिक अवस्थाको बारेमा अनिवार्य रूपमा नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा लगि जाँच गराई प्रतिवेदन लिनुपर्ने, शंकितलाई पक्राउ गरी हिरासतमा राख्नु अघि हिरासत अभिलेख विवरण फारम भरी निजको साथमा रहेको नगदी, धनमाल जिम्मा लिई भरपाई दिनुपर्ने, शंकितलाई राखिने हिरासत कक्ष न्यूनतम् मानवीय आवश्यकता पूरा हुने खालको हुनुपर्ने, हिरासतमा रहँदा निजलाई मानवीय व्यवहार गर्नुपर्ने, हिरासतमा रहेका व्यक्तिले प्राप्त गर्ने मौलिक र कानूनी अधिकारको उल्लेख गरी हिरासत कक्षमा सबैले देख्ने गरी जानकारी बोर्ड राख्नुपर्ने, महिला, पुरुष, बालबालिका तथा तेस्रो लिङ्गीलाई फरक-फरक कक्षमा निजहरूको लैङ्गिक मर्यादा र सुविधा कायम हुने गरी राख्ने र शंकित व्यक्तिलाई पक्राउ नगरी अनुसन्धान कार्य गर्न सकिने अवस्था भएमा हिरासतमा नराख्ने कुरा समावेश गरिएको छ । यी विषयको पालना र प्रयोग अनुसन्धान र अभियोजनमा संलग्न रहने अधिकारीले गर्नुपर्ने हुन्छ ।

यसै गरी पक्राउ गरिएको व्यक्तिलाई हिरासतमा राख्ने र म्याद थप लिने व्यवस्थाअन्तर्गत अपराधको गाम्भीर्यता र कसूरदारलाई हुनसक्ने सजायलाई विचार गरी हिरासतमा लिएको चौबीस घण्टाभित्र अनुसन्धानको कार्य पूरा गर्न प्रयास गर्ने, शंकितलाई पक्राउ गरेको चौबीस घण्टाभित्र अनुसन्धानको कार्य पुरा हुन नसक्ने भएमा हिरासतमै राखी अनुसन्धान गर्नुपर्ने आधार र कारण खुलाई पक्राउ परेको मितिले बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र पक्राउ गरेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने, हिरासतमा राख्न म्याद थप माग गर्नका लागि अनुसन्धान अधिकृतले आवश्यकता अनुसार सम्बन्धित सरकारी वकीलसँग समन्वय र सहयोग लिने, शंकित व्यक्तिलाई कति दिन हिरासतमा राखी अनुसन्धान गर्न सकिने हो, हिरासतमा राख्ने र मुद्दा दर्ता गर्ने म्याद र हदम्यादका सम्बन्धमा अनुसन्धान अधिकृत जानकार रहनु पर्ने, मुद्दा हेर्ने अधिकारीबाट हिरासतमा राख्ने अनुमति प्राप्त भएबमोजिम शंकितलाई हिरासतमा राखी अनुसन्धानको कार्य अगाडि बढाउनु पर्ने, प्रचलित कानूनबमोजिम म्याद र हदम्याद बाँकी रहेको तर मुद्दा हेर्ने अधिकारीबाट म्याद थप भएको समयावधिभित्र अनुसन्धानको कार्य पूरा हुन नसकी पुनः म्याद थप माग गर्नुपर्ने भएमा आधार र कारण खोली आवश्यकताअनुसार सरकारी वकीलसँग समन्वय गरी पुनः म्याद थपको कारबाही अगाडि बढाउनु पर्ने, अपाङ्गता भएका व्यक्तिका हकमा निजको शारीरिक र मानसिक

अवस्था विचार गरी अपाङ्गमैत्री व्यवहार गर्नेलगायत विषय समावेश गरिएको छ ।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसुची १ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकीलसमक्ष सम्बन्धित शंकितको बयान लिनुपर्ने व्यवस्था छ । सरकारी वकीलसमक्ष बयान गराउन ल्याउँदा अनुसन्धानबाट संकलन भएका प्रमाण कागजातहरूसहितको मिसिल साथै लिई अनुसन्धान अधिकृत आफैँ शंकित व्यक्तिको बयानको लागि उपस्थित हुनुपर्ने, बयानको लागि उपस्थित गराइएको शंकितको बयान लिनुपूर्व त्यस्तो व्यक्ति शारीरिक वा मानसिक रूपमा बयान दिन सक्ने नसक्ने के छ ? सरकारी वकीलले सोधपुछ गरी बयान दिन सक्ने अवस्था भए मात्र बयान लिने कार्य शुरु गर्नुपर्ने, बयान शुरु गर्नुपूर्व सरकारी वकीलले शंकितका अधिकारका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत गरिएका मानव अधिकार र स्वच्छ सुनुवाईका सिद्धान्तका बारेमा जानकारी गराउनु पर्ने, त्यस्ता अधिकारको प्रयोग र पालना हुने कुराको प्रत्याभूत गराउनु पर्ने, बयानको लागि उपस्थित गराइएको शंकित नाबालक भए संरक्षकको रोहवरमा र नेपाली भाषा नबुझ्नेको हकमा दोभाषेको व्यवस्था गरी बयान लिनुपर्ने, बयानको लागि उपस्थित गराइएका शंकितलाई कुनै डर त्रास, प्रलोभन वा अन्य कुनै अनुचित तरिकाबाट बयान गर्नु गराउनु नहुने, शान्त र सहज वातावरणमा शंकितले आफ्ना कुरा भन्न पाउने तरिकाले बयान लिने वातावरण तयार गरी सो अनुरूप बयान लिनु पर्ने, बयान लिँदा शंकित व्यक्ति लेखपढ गर्न जान्ने भएमा सवाल राखी सोको जवाफ स्वयं शंकितलाई लेख्न अभिप्रेरित गर्नुपर्ने जस्ता विषय समावेश गरिएको छ ।

## १०.३ कानून व्यवसायीसँग भेटघाट गर्न पाउने सम्बन्धमा जारी गरेको निर्देशन

फौजदारी कसूरको अनुसन्धानको लागि पक्राउ परेका शंकितलाई कानून व्यवसायीसँग परामर्श र आफन्तसँग भेटघाटका लागि आवश्यक सहयोग गर्ने प्रबन्ध गर्न र बयान गराउँदा शंकितका अधिकारका बारेमा जानकारी दिई बयान गराउने कार्यको पूर्णरुपमा पालना गर्ने विषयमा महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित सरकारी वकील कार्यालय र सरोकारवाला निकायलाई निम्नानुसार निर्देशन जारी गरेको छ । यो निर्देशनको उद्देश्य स्वच्छ सुनुवाईको हकको संरक्षण गर्ने कुरामा नै केन्द्रित रहेको छ :-

१. हिरासतमा रहेका व्यक्तिलाई रोजेको कानून व्यवसायीसँग भेटघाट र परामर्श गर्न सक्ने समय निर्धारण गरी सोको अवसर उपलब्ध गराउने व्यवस्था गर्ने ।
२. हिरासतमा रहेका व्यक्तिले परामर्श गरेको कानून व्यवसायीको नाम, ठेगाना, परामर्श गरेको मिति र समय तथा प्रमाणपत्र नं. उल्लेख गरी हिरासत राख्ने निकायले अभिलेख राख्ने व्यवस्था गर्ने ।
३. शंकित व्यक्ति र कानून व्यवसायीबीचको भेटघाट वा परामर्श सम्बन्धित अधिकारीले देख्न सक्ने तर परामर्शको विषय सुन्न नसक्ने दूरी वा स्थानमा उपलव्ध गराउने व्यवस्था गर्ने ।
४. शंकित व्यक्तिले कानून व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभाषेको माग गरेमा अदालतसँग समेत समन्वय गरी सम्भव भएसम्म दोभाषे उपलब्ध गराइदिने व्यवस्था गर्ने ।

५. कानून व्यवसायीले हिरासतमा रहेको शंकित व्यक्तिलाई भेट्दा कानून व्यवसायीको व्यावसायिक आचार संहिताको पालना गर्नुपर्दछ भन्ने कुराको जानकारी दिने व्यवस्था गर्ने ।
६. स्थानीय स्तरमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने संस्था वा कानून व्यवसायी भएमा सोको लगत राख्ने र कुनै हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराइदिन अनुरोध गर्ने ।
७. हिरासतमा रहेका शंकित व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराइदिने व्यवस्था गर्ने ।
८. भेटघाटको लागि उपलब्ध भएसम्म छुट्टै कक्ष वा कोठाको व्यवस्था र भेटघाटको लागि निश्चित समय निर्धारण गरिदिनुपर्ने ।
९. हिरासतमा रहेको शंकित व्यक्ति नजिकको आफन्त परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन र नम्बर समेतको अभिलेख हिरासतमा राख्ने कार्यालयले राख्ने व्यवस्था गर्ने र हिरासतमा रहेको व्यक्तिले सम्पर्क गर्न चाहेमा टेलिफोनमार्फत जानकारी दिने ।
१०. कुनै विदेशी नागरिक हिरासतमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सो को अवसर उपलब्ध गराउने व्यवस्था गर्ने ।
११. हिरासतमा रहेको व्यक्तिले आफन्तसँग भेटघाट गरेकोमा भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समय आवश्यक विवरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था गर्ने ।
१२. हिरासतमा रहेको शंकित व्यक्तिले आफन्तसँग भेट गर्न चाहेमा निजको नजिकको नातेदारलाई उपयुक्त माध्यमबाट खबर गर्ने र सोको अभिलेख राख्ने ।
१३. हिरासतमा रहेका शंकित व्यक्तिलाई एक ठाँउबाट अर्को ठाउमा स्थानान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने व्यवस्था गर्ने ।
१४. हिरासत कक्षमा आफन्त र कानून व्यवसायीसँग टेलिफोन वार्ता हुनसक्ने व्यवस्था गर्ने ।
१५. हिरासतमा रहेका व्यक्तिलाई कानून व्यवसायीसँग परामर्श गर्न पाउने, आफन्तसँग भेटघाट गर्न पाउनेलगायतका शंकितका कानूनी अधिकारका बारेमा उल्लेख गरिएको जानकारी थुनुवा पूर्जीसँग उपलब्ध गराउने व्यवस्था गर्ने ।
१६. शंकित व्यक्तिलाई बयान गर्दा अनावश्यक दवाव वा यातना नदिइने वा आफ्नो बयान गर्न कर नलगाइने कुराको जानकारी गराउने ।
१७. शंकित व्यक्तिले बयानमा केही प्रतिक्रिया व्यक्त नगरी चूप लागेर बस्न चाहन्छन् भने पनि निजलाई यस्तो अधिकार हुने कुराको जानकारी गराउने ।
१८. चूप लाग्ने अधिकार प्रयोग गरेको कारण शंकित व्यक्तिको विरुद्ध कसूर स्वीकारोक्तिको अवस्था सिर्जना हुन नसक्ने कुराको जानकारी गराउने ।
१९. शंकित व्यक्तिले चूप लागेको कारणबाट मात्र प्रमाणको भार निजमा स्थानान्तरण भएको नमानिने कुराको जानकारी गराउने ।

२०. शंकित व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थनमा वा विरुद्धमा प्रमाण लाग्न सक्दछ भन्ने कुराको जानकारी गराउने ।

२१. शंकित व्यक्तिले बयान गर्नुअघि आफूले रोजेको कानून व्यवसायीसँग परामर्श लिन पाउने कुराको निजलाई जानकारी गराउने ।

२२. शंकित व्यक्तिले निज विरुद्धको जाहेरी, कागजलगायत सम्पूर्ण प्रमाणहरूको जानकारी पाई निज विरुद्धका प्रमाणका सम्बन्धमा आफ्नो बयान व्यहोरा राख्न पाउने कुराको जानकारी गराउने ।

२३. शंकित व्यक्तिले बयान गर्दा जवाफ आफैँले लेख्न चाहेमा अनुसन्धान अधिकारीले प्रश्न लेखी जवाफ शंकित व्यक्तिले नै लेख्ने पाउने जानकारी गराउने ।

२४. शंकित विरुद्ध कुनै आरोपमा अनुसन्धान भएकोमा सो बाहेक अन्य अपराधमा अनुसन्धान गरिएमा सो को बारेमा शंकितलाई पत्रमार्फत जानकारी दिने ।

२५. मुद्दाको पुर्पक्षको क्रममा कारागारमा थुनामा रहेको व्यक्तिलाई समेत कानून व्यवसायी र आफन्तसँग भेटघाट गर्न सक्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

## १०.४. अभियोजन नीति तथा मार्गदर्शन, २०७४

महान्यायाधिवक्ताको कार्यालयले सरकारवादी मुद्दाको अभियोजनलाई वस्तुगत, र प्रमाणमा आधारित बनाउने उद्देश्यका साथ सरकारी वकीलहरूले कार्यान्वयन गर्ने गरी लागि अभियोजन नीति तथा मार्गदर्शन, २०७४ जारी गरेको छ । अभियोजन नीतिमा स्वच्छ सुनुवाईसँग सम्बन्धित निम्न नीति तथा मार्गदर्शन समावेश गरिएको छ :-[८७]

१. प्रचलित कानूनबमोजिम अपराध ठहरिने कार्य गर्ने व्यक्तिउपर मात्र अनुसन्धानका आधारमा अभियोजन गरिने ।

२. अभियोजनसम्बन्धी निर्णय र यससँग सम्बन्धित अन्य कार्य गर्दा स्वच्छता र न्यायका मान्य सिद्धान्तका आधारमा गरिने ।

३. आरोपितहरूलाई स्वच्छ र उपयुक्त प्रक्रिया उपलब्ध गराइने कुराको सुनिश्चितता गरिने ।

४. कानूनको उचित प्रक्रिया अबलम्बन गरी भएको अनुसन्धानबाट प्राप्त प्रमाणको आधारमा उचित देखिएको अभियोजन गरिने ।

५. अभियोजनसम्बन्धी निर्णय र यससँग सम्बन्धित अन्य कार्य गर्दा उचित आधार र कारण खुलाई प्रमाणका आधारमा गरिने ।

६. अभियोजनसम्बन्धी निर्णय गर्दा अभियुक्त र पीडितका अधिकारप्रति प्रतिवद्ध र संबेदनशील रही गरिने ।

७. अभियुक्तको बयान गराउदा संकलित कागज प्रमाण जानकारी गराउने,

अभियुक्तका अधिकारका बारेमा जानकारी दिने, मूलतः चूप लाग्न पाउने अधिकार, बोलेका कुरा विरुद्धमा प्रमाण लाग्ने कुरा, कानून व्यवसायी राख्न र निजसँग परामर्श लिन पाउने कुराको अनिवार्य रुपमा

८७ महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४

जानकारी दिने ।

उल्लिखित अनुसन्धान निर्देशिका, कानून व्यवसायीसँग भेटघाट गर्नेसम्बन्धी निर्देशन, तथा अभियोजन नीतिको उद्देश्य कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ भएका व्यक्तिको स्वच्छ सुनुवाईको हक तथा पीडित र शंकितका मानव अधिकारको संरक्षण गर्नु हो । यसबाट कानूनको शासन कायम गर्न तथा व्यक्तिले वैयक्तिक स्वतन्त्रताको सहज रुपमा प्रयोग गर्न सक्दछ । फौजदारी न्याय प्रशासनको कार्यान्वयन गर्दा नै राज्यका निकायहरू स्वेच्छाचारी हुनसक्ने र व्यक्तिका मानव अधिकार हनन् हुनसक्ने बढी सम्भावना रहने र यसका प्रशस्त उदाहरणहरू पनि देखिएको हुँदा अभियोजनकर्ता सरकारी वकील व्यक्तिका अधिकारप्रति सजग हुन आवश्यक हुन्छ । उल्लिखित नीति तथा निर्देशिकाको कार्यान्वयनले एकातिर फौजदारी न्याय प्रणाली मजबुत बनाउन सहयोग पुग्दछ भने व्यक्तिका मानव अधिकार र स्वच्छ सुनुवाईको हकको संरक्षणमा समेत सरकारी वकीलको भूमिका प्रभावकारी देखिन्छ ।

## ११. सैनिक कानून र स्वच्छ सुनुवाई

सैनिक ऐन, २०६३ नेपाली सेनामा नियुक्त व्यक्तिहरूका लागि लागू हुने कानून हो । सो ऐनको क्षेत्राधिकारभित्र पर्ने सैनिक व्यक्तिले उक्त ऐनद्वारा निषेधित कार्य गरेमा सैनिक ऐनबमोजिमको कसूर गरेको मानिन्छ । यस्तो निषेधित कसूर कुनै सैनिकले गरेकोमा सोसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नको लागि सैनिक ऐनले ४ प्रकारका सैनिक अदालतको गठन हुने व्यवस्था गरेको छ ।[८८] सो अदालतलाई भ्रष्टाचार, चोरी, यातना र वेपत्ताको कसूरसम्बन्धी मुद्दा बाहेक अन्य मुद्दाको कारवाही किनारा लगाउने क्षेत्राधिकार रहेको छ ।[८९] प्रचलित कानूनबमोजिम भ्रष्टाचार, चोरी, यातना र वेपत्ताको कसूरसम्बन्धी मुद्दाको हकमा सैनिक विशेष अदालतलाई किनारा गर्ने अधिकार क्षेत्र रहेको छ ।[९०]
नेपालको संविधानको धारा १५२ को उपधारा (१) ले खास प्रकृति र किसिमका मुद्दाको कारवाही किनारा गर्न संघीय कानूनबमोजिम विशिष्टीकृत अदालत वा न्यायिक निकाय वा न्यायाधिकरण स्थापना गर्न सकिने व्यवस्था गरेको र सोही धाराको उपधारा (४) ले एक वर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसूरसम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा पर्ने छैन भन्ने व्यवस्था गरेको हुँदा संविधानले सैनिक ऐनले कसूर मानेका मुद्दाको कारवाही किनारा गर्न सैनिक अदालत गठन गर्न सकिने कुरालाई स्वीकार गरेको देखिन्छ ।

यस्ता कसूरमा सैनिक अदालत वा अनुसन्धान गर्ने अधिकारीले स्वच्छ सुनुवाईका सिद्धान्त र मान्यतालाई मुद्दाको प्रक्रियाको सबै चरणमा पालना गर्नुपर्ने हुन्छ । सैनिक अदालतमा सुनुवाई हुने मुद्दाको अनुसन्धान र सुनुवाईको क्रममा अभियुक्तका फौजदारी न्यायका अधिकारहरूको संरक्षण गरिने र प्रतिरक्षाका प्रमाणहरू

८८ ऐ. दफा ६७ ले जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत, डिष्ट्रिक्ट सैनिक अदालत र समरी सैनिक अदालत गरी चार प्रकारका अदालत रहने व्यवस्था गरेको छ ।

८९ ऐ. दफा ६८

९० ऐ. दफा ६२ को उपदफा (४) । सैनिक विशेष अदालतमा उच्च अदालतका न्यायाधीश अध्यक्ष र रक्षा मन्त्रालयका सचिव र प्राड विवाक प्रमुख सदस्य रहने व्यवस्था छ । यस अदालतले जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतले गरेका फैसला वा अन्तिम आदेशउपर पुनरावेदन समेत सुन्दछ ।

पेश गर्न उचित मौका दिइने व्यवस्था सैनिक ऐनले गरेको छ ।[९१] यो व्यवस्थाबाट सैनिक अदालतले मुद्दाको कारवाही र किनारा गर्दा सुनुवाईको मौका प्रदान गर्ने, कानून व्यवसायीवाट प्रतिरक्षा गर्न पाउने, आफू विरुद्धका प्रमाण बारे जानकारी पाउने र ती प्रमाणको खण्डन गर्न पाउने, सफाईमा प्रमाण पेश गर्न पाउने, फैसलाउपर पुनरावेदन गर्न पाउनेलगायत स्वच्छ सुनुवाईका आधारभूत सिद्धान्तको पालना गर्नुपर्ने कुरा अनिवार्य रहन्छ । मुद्दाको कारवाहीमा स्वच्छ सुनुवाईको पालना र प्रयोगले सैनिक अदालतले गर्ने फैसला वा आदेशले मान्यता प्राप्त गर्न सक्ने र आभियुक्तका मानव अधिकारको संरक्षण समेत हुन सक्दछ ।

## ११.१ सैनिक अदालत र स्वच्छ सुनुवाई

नेपालको संविधानको धारा १५२ ले खास प्रकृति र किसिमका मुद्दाको कारवाही किनारा गर्न संघीय कानूनबमोजिम विशिष्टीकृत अदालत वा न्यायिक निकाय वा न्यायाधिकरण स्थापना गर्न सकिने र एक वर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसूरसम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा नपर्ने व्यवस्था गरेको सन्दर्भमा संविधानले सैनिक अदालत गठन गर्न सकिने कुरालाई आत्मसात् गरेको देखिन्छ । यसका लागि संघीय कानूनले त्यस्तो सैनिक अदालत गठन र स्थापना गर्नुपर्ने अनिवार्य हुन्छ ।

सैनिक सेवामा कार्यरत् व्यक्तिले सैनिक कानूनले कसूर मानेका कार्य गरेकोमा सामान्य फौजदारी अदालतमा सुनुवाई नगरी छुट्टै सैनिक अदालत स्थापना गर्ने र सोही अदालतले त्यस्ता मुद्दाको सुनुवाई गर्ने तथा दोषी देखिएकोमा सजाय दिने मान्यतालाई प्राय सबै मुलुकको कानून प्रणालीमा स्वीकार गरेको पाइन्छ । सैनिक संगठन विशेष प्रकृतिको कठोर अनुशासन पालना गर्नुपर्ने संगठन हो । यसमा सैनिक व्यक्तिले पालना गर्नुपर्ने कठिन कर्तव्य, माथिल्लो अधिकारीले दिएको कानूनबमोजिमको आदेशको पालना, जिम्मामा रहेको सैन्य सामग्री तथा अन्य बन्दोवस्तीको सुरक्षा र हिफाजत जस्ता कठिन र फरक जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । यस्तो जिम्मेवारी बहन गर्ने सैनिक व्यक्तिले सैनिक कानूनले निषेध गरेको कसूरजन्य कार्य गरेकोमा त्यस्तो कसूरसम्बन्धी मुद्दाको कारवाही किनारा गर्न अलग सैनिक न्याय प्रणाली आवश्यक पर्ने र त्यस्तो न्याय प्रणालीले सामान्य अदालत र सो अदालतले अबलम्बन गर्ने विधि र प्रक्रियाभन्दा फरक प्रकृतिको अदालत आवश्यक पर्ने कुरालाई स्वीकार गर्दछ । यस्तो अदालतमा सैनिक सेवाका अधिकारी नै न्यायाधीशको रुपमा रहने गरी सैनिक अदालत आवश्यक मानिन्छ । यही मान्यताअनुरुप सैनिक ऐन, २०६३ ले सैनिक ऐनले निषेध गरेका कार्य गरेकोमा त्यस्ता कसूरसम्बन्धी मुद्दा हेर्न सैनिक अदालतको गठन गरिने र यस्तो अदालतले अबलम्बन गर्ने कार्यविधि र प्रक्रिया पनि अलगै निर्धारण गरेको छ । तथापि यस्ता अदालतले मुद्दाको सुनुवाई गर्दा स्वच्छ सुनुवाईका अवधारणा तथा मान्यताहरूलाई अबलम्बन गर्नुपर्ने कुरामा दुईमत हुन सक्दैन ।

सैनिक अदालतबाट सुनुवाई हुने मुद्दाको अनुसन्धान र सुनुवाईको क्रममा अभियुक्तका अधिकारहरूको संरक्षण गरिने र प्रतिरक्षाका लागि उचित मौका दिइने व्यवस्थाले स्वच्छ सुनुवाईको हकको संरक्षण र

९१ ऐ. दफा ८४ को उपदफा (४)

पालना गरिने कुरालाई जोड दिएको अवस्था देखिन्छ। सैनिक अदालतबाट भएका फैसलाउपर पुनरावेदन सुन्न सैनिक विशेष अदालतको व्यवस्था पनि स्वच्छ सुनुवाईको मान्यतासँग सम्बन्धित छ । सैनिक कानूनमा गरिएका यी व्यवस्थाको प्रभावकारी कार्यान्वयनले नै स्वच्छ सुनुवाईको मान्यतालाई व्यवहारमा अबलम्बन गर्न सकिन्छ ।

## १२ स्वच्छ सुनुवाई सम्बन्धी एक अध्ययनले देखाएको तथ्य

राष्ट्रिय न्यायिक प्रतिष्ठानले स्वच्छ सुनुवाई सम्बन्धमा गरेको एक अध्ययनले शंकित व्यक्तिलाई पक्राउ गर्दा पक्राउ पूर्जी दिए नदिएको सम्बन्धमा ४० प्रतिशतलाई पूर्जी नदिएको भन्ने देखिएको छ। अदालतमा पक्राउ परेको व्यक्तिलाई २४ घण्टापछि पेश गरिएको भन्ने ६० प्रतिशतको रहेको, बयान गराउँदा स्वेच्छापूर्वक बयान गराएको भन्ने २६.७ प्रतिशत रहेको छ भने स्वेच्छा विरुद्ध गराइएको भन्ने ७३.३ प्रतिशत रहेको देखाएको छ । सो अध्ययनले नेपालमा स्वच्छ सुनुवाईसम्बन्धी कानूनी व्यवस्थाहरू रहे पनि कतिपय कानूनी व्यवस्थाहरूमा परिमार्जन गर्नुपर्ने र कतिपय नयाँ कानून बनाउनु पर्ने आवश्यकता रहेको, स्वच्छ सुनुवाईसँग सम्बन्धित कार्यविधिगत व्यवस्थाहरूको पालना गर्ने प्रवृत्ति कम रहेको, स्वच्छ सुनुवाईसँग सम्बन्धित सिद्धान्त र अन्तर्राष्ट्रिय मान्यताका बारेमा अदालत र कानून कार्यान्वयन अधिकारी पूर्ण जानकार नभएको, अभियुक्त, पीडित र आमनागरिक स्वच्छ सुनुवाईका मान्यताप्रति सचेत नरहेको, स्वच्छ सुनुवाईसँग सम्बन्धित अधिकारको व्यवहारमा पालना हुन नसकेको, स्वच्छ सुनुवाईको कार्यान्वयनसँग सम्बन्धित निकाय र जनशक्तिको क्षमता विकास आशातीत रुपमा हुन नसकेको जस्ता तथ्यहरू देखाएको छ ।[९२]

## १३. स्वच्छ सुनुवाईका सीमाहरू

स्वच्छ सुनुवाईको हक निरपेक्ष हक होइन । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूले पनि यसका अपवादजनक व्यवस्थाको परिकल्पना गरेको पाइन्छ । प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक शान्ति व्यवस्था तथा राष्ट्रिय सुरक्षाको कारणबाट वा पक्षको व्यक्तिगत जीवनको हितका लागि स्वच्छ सुनुवाईका मान्यताहरूलाई सीमित गर्न सकिने कुरालाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रले स्वीकार गरेको छ।[९३] यसै गरी बालबालिकाको हितसँग सम्बन्धित विषयमा पनि स्वच्छ सुनुवाईको हकमा बन्देज लगाउन सकिन्छ। सार्वजनिक सुनुवाईको सट्टामा बन्द ईजलासको व्यवस्था, मुद्दाको प्रकृतिका आधारमा अपराध पीडित तथा पक्षको व्यक्तिगत विवरणको गोपनीयता राख्ने विषय, साक्षीको संरक्षण र बकपत्रमा जिरह गर्न नपाइने व्यवस्था यसका अपवादजनक व्यवस्था हुन । नेपाल कानूनमा पनि स्वच्छ सुनुवाईलाई सीमित गर्न सकिने कानूनी व्यवस्था गरिएको पाइन्छ ।

बालबालिका संलग्न मुद्दा बन्द ईजलासबाट सुनुवाई गरिने व्यवस्था बालबालिकासम्बन्धी ऐनमा रहेको छ। जर्वजस्ती करणीसम्बन्धी मुद्दा, मानव बेचविखन तथा ओसारपसारसम्बन्धी मुद्दा पनि बन्द इजलासबाट

९२ राष्ट्रिय न्यायिक प्रतिष्ठान, स्वच्छ सुनुवाइसम्बन्धी अनुसन्धान मुलक अध्ययन २०६९ पृ. १५६

९३ धारा १४(१)

मात्र सुनुवाई गरिन्छ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अन्तर्गतको कसूरमा पीडितको बयान प्रमाणित भएपछि निज बकपत्र गर्न उपस्थित नभए पनि सो बयान प्रमाणमा लिन सकिने व्यवस्था गरिएको छ । अपराध पीडितले अनुसन्धानका क्रममा भनेको कुरामा अभियुक्तले अदालतमा बकपत्र गर्दा जिरह गरी खण्डन गर्न पाउने स्वच्छ सुनुवाईको हक हो । तर, मानव बेचविखन मुद्दामा बकपत्र नगरे पनि प्रमाणमा लिन सकिने व्यवस्थाले अभियुक्तले अभियोजनको साक्षीलाई जिरह गर्न पाउने हक निरपेक्ष हक होइन भन्ने देखिन्छ ।

संगठित अपराध निवारण ऐन, २०७० ले सो कसूरसम्बन्धी मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने, तर त्यस्तो सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई जिरह गर्न सक्ने गरी अदालतले आदेश दिएमा अभियुक्तको कानून व्यवसायीले श्रब्यदृश्य संवादमार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजूरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने सीमित व्यवस्था गरेको छ । जिरह गर्ने कानून व्यवसायीले त्यस्तो सुराकी, उजूरीकर्ता वा साक्षीको नाम, थर, वतनलगायत परिचयात्मक विवरण र चिन्ह त्यस्तो अभियुक्तलगायत कसैलाई पनि कुनै पनि रुपमा प्रकट गर्न समेत हुँदैन । जिरह गर्ने कानून व्यवसायीले जिरह गर्नु अघि जिरह गरिने व्यक्तिको नाम, थर र वतन वा निजको तीनपुस्ते विवरणलगायतका कुनै पनि परिचयात्मक विवरण वा चिन्ह कुनै पनि प्रकारले अभियुक्त वा अन्य कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा अदालतले तोकेको ढाचामा न्यायाधीशसमक्ष शपथ लिनुपर्छ । शपथ नलिईकन त्यस्तो कानून व्यवसायीले सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई सोधपुछ र जिरह गर्न सक्दैन ।

संगठित अपराधको मुद्दाको सुराकी, उजूरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई साङ्केतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गर्नुपर्ने व्यवस्था छ । नैतिकताको रक्षा, सार्वजनिक शान्ति, बालबालिकाको सर्वोत्तम हित, साक्षी संरक्षण तथा व्यक्तिको जीवन र स्वतन्त्रताको हकको संरक्षण गर्ने कुरा स्वच्छ सुनुवाईको हकको प्रयोगलाई बन्देज गर्ने न्यायोचित आधारको रुपमा रहेका छन् ।

## १४. निष्कर्ष

स्वच्छ सुनुवाई न्याय प्रणालीको आधारभूत विषय हुनुका साथै व्यक्तिको मानव अधिकारको आधारभूत विषय पनि हो । अन्तर्राष्ट्रिय स्तरमा यससम्बन्धी थुप्रै सिद्धान्तहरू र मापदण्डहरू निर्माण भएका छन भने विभिन्न देशहरले राष्ट्रिय कानूनहरूमार्फत स्वच्छ सुनुवाईसम्बन्धी मान्यताहरूको अबलम्बन गर्दै यसलाई आधारभूत मानव अधिकारको रुपमा प्रत्याभूत गरेको पाइन्छ । फौजदारी कसूरमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्न र कानूनी प्रक्रियाअन्तर्गत मुद्दा चलाई सजाय गर्दा राज्यले अधिकारको स्वेच्छाचारी प्रयोग हुन नदिन र कानूनको उचित प्रक्रियाको पालना गरी कारवाही प्रक्रिया उचित र पारदर्शी बनाउन स्वच्छ

सुनुवाईको सिद्धान्तलाई अबलम्बन गरिन्छ । यसले प्रक्रियाको स्वच्छता र कानूनको उचित प्रक्रिया मात्र नभै उचित र न्यायोचित कानूनको समेत माग गर्दछ । फौजदारी कसूरको अनुसन्धान, अभियोजन र पुर्पक्षका सबै चरणमा मात्र नभै देवानी तथा प्रशासकीय कारवाहीको प्रक्रियामा समेत स्वच्छ सुनुवाईका मान्यताहरूको पालना र प्रयोग गर्नु मानव अधिकारको संरक्षणका लागि पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ। कसूरको अनुसन्धान, अभियोजन, प्रतिरक्षा तथा न्याय निरुपण समेतको समष्टिगत प्रक्रियाको रुपमा रहेको न्यायिक प्रक्रिया एवं त्यसमा संलग्न रहने संयन्त्रको सक्षमता, प्रभावकारिता र स्वच्छताबाट मात्रै न्याय सम्पादनको कार्य प्रभावकारी हुन्छ भने निष्पक्षता र स्वच्छताबाट नै स्वच्छ सुनुवाई कायम हुन सक्दछ । संविधान वा कानूनमा व्यवस्था गर्दैमा स्वच्छ सुनवाईको हक संरक्षण हुन सक्दैन । यो हकको संवैधानिक र कानूनी प्रत्याभूतिका अलावा सम्बद्ध अधिकारी वा निकायबाट तिनको प्रभावकारी रुपमा पालना र कार्यान्वयन हुन सकेमा मात्र कुनै पनि व्यक्तिले स्वच्छ सुनुवाईको हकको सारभूत रुपमा उपभोग गर्न सक्दछ । यससँग सम्बन्धित निकाय वा अधिकारीको सोच र व्यवहारले पनि कार्यान्वयनमा महत्त्व राख्दछ । सम्बद्ध अधिकारीको क्षमता विकास, आवश्यक स्रोत साधनको प्रबन्ध, कार्य वातावरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । नेपालमा स्वच्छ सुनुवाईका मान्यताहरूलाई संविधान तथा कानूनहरूमा धेरै हदसम्म समेटेको पाइन्छ भने सर्वोच्च अदालतले समेत विभिन्न मुद्दामा स्वच्छ सुनुवाईका आधारभूत विषयलाई व्याख्यामार्फत समेटेको देखिन्छ । तथापि यी सिद्धान्तको प्रयोग र कार्यान्वयनमा नै समस्या देखिएका छन् । तसर्थ सम्बद्ध सबैले कार्यान्वयन पक्षमा नै सुधार गर्न जरुरी छ भने कतिपय कुराहरू जस्तो क्षतिपूर्तिको व्यवस्था गर्ने कुरा, अन्तर्राष्ट्रिय मापदण्डअनुसार कानूनमा सुधार गर्ने कुरामा भने नीतिगत रुपमा नै पुनरावलोकन आवश्यक छ । आगामी २०७५ भदौ १ बाट लागू हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा कार्यविधि (संहिता) ऐन, २०७४ ले स्वच्छ सुनुवाईसम्बन्धी धेरै व्यवस्थाहरूलाई समेट्ने प्रयास गरेको छ। तसर्थ यसको कार्यान्वयनका लागि सम्बद्ध सबै निकायको तयारी र व्यवस्थापन महत्त्वपूर्ण रहने देखिन्छ ।

## १५. सुझावहरू

१. अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी मापदण्डअनुसार स्वच्छ सुनुवाईका सम्बन्धमा गरिएका कानूनी व्यवस्थाहरूमा परिमार्जन गर्न आवश्यक छ। कतिपय कानूनहरूमा बिना वारेण्ट कुनै पनि व्यक्तिलाई पक्राउ गर्न सकिने जस्ता व्यवस्थाले पक्राउ वा गिरफ्तारीको कारण र आरोप बारे तुरुन्त जानकारी पाउने स्वच्छ सुनुवाईको हकको मान्यतालाई कमजोर बनाउँछ ।

२. कसूरको अभियोग लागेको व्यक्ति अनुसन्धानको सिलसिलामा वा पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा कुनै पनि तहको अदालतबाट फैसला हुँदा अभियोगबाट सफाई पाएमा थुनामा परेको अबधिको लागि क्षतिपूर्ति पाउने गरी कानूनी व्यवस्था हुन आवश्यक छ । यस सम्बन्धमा सर्वोच्च अदालतको संवैधानिक इजलासले समेत सरकारका नाममा निर्देशनात्मक आदेश समेत गरेको छ।

३. एक वर्षसम्म कैद सजाय हुने कसूरसम्बन्धी फौजदारी मुद्दाहरू अझै पनि सामान्य अदालतबाहेकका

प्रशासकीय अधिकारी वा निकायले सुनुवाई गर्न सक्ने गरी मुद्दा हेर्ने क्षेत्राधिकार प्रदान गरिएको छ । प्रचलित फौजदारी कसूरमा भएको सजायलाई घटाई एक वर्षसम्म सजाय हुने गरी संशोधन गरी क्षेत्राधिकार प्रशासकीय निकायमा नै राख्ने कार्यलाई स्वच्छ सुनुवाईको मान्यता अनुकूल मान्न सकिँदैन । यसमा पुनरावलोकन गर्न आवश्यक देखिन्छ ।

४. स्वच्छ सुनुवाई अभियुक्तको हकलाई संरक्षण गर्ने आधार हो भने अपराध पीडितको न्याय पाउने अधिकारको पनि संरक्षण गर्नुपर्ने मान्यतामा आधारित सिद्धान्त हो । अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको कारवाहीको बारेमा सूचना पाउने र अपराधबाट भएको क्षतिको क्षतिपूर्ति पाउने हकको संरक्षण गर्ने गरी कानूनी व्यवस्था गर्न आवश्यक छ ।

५. स्वच्छ सुनुवाईको हकको कार्यान्वयनमा प्रभावकारिता ल्याउन मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाईका क्रममा भएका कार्यहरूको नियमित रुपमा अध्ययन अनुसन्धान गरी सुधारका लागि गर्नुपर्ने विषयमा ठोस सुझाव दिन आवश्यक देखिन्छ । अध्ययनले देखाएका नतिजाका आधारमा सम्बन्धित निकाय वा अधिकारीलाई जिम्मेवार बनाउन सकिन्छ ।

६. अभियुक्त र पीडितलाई निजहरूको मानव अधिकार र स्वच्छ सुनुवाईका हकको बारेमा जानकारी दिने, यस्ता अधिकारको उल्लङ्घन भएमा उपचार पाउने विधि र प्रक्रियाका बारेमा अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता तथा अदालतले सूचित गर्न आवश्यक देखिन्छ ।

७. शीघ्र अनुसन्धान, अभियोजन र सुनुवाईका लागि सम्बन्धित निकायको ध्यान जान आवश्यक छ । ढिलो गरी मुद्दाको सुनुवाई हुने र फैसला हुने कुराले स्वच्छ सुनुवाईको हकको संरक्षण हुन सक्तैन ।

८. भाषा नबुझ्ने व्यक्तिका लागि दोभाषेको व्यवस्था अनुसन्धान र अभियोजनकर्ताको कार्यालयमा पनि गर्न आवश्यक छ भने पक्राउ परेको व्यक्तिलाई कानून व्यवसायीसँग परामर्श गर्न पाउने कुराको सुनिश्चितता र प्रभावकारी कार्यान्वयनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको ध्यान जान जरुरी छ । यसको कार्यानवयनका लागि अनुगमन पनि उत्तिकै आवश्यक हुन्छ ।

९. कुनै पनि न्यायिक वा प्रशासनिक निकायले न्यायिक क्षेत्राधिकार प्रयोग गर्दा स्वच्छ सुनुवाई हुने तथा प्रभावकारी न्यायिक पुनरावलोकनको व्यवस्थासहितको छुट्टै कार्यविधिसम्बन्धी कानूनको तर्जुमा गरी लागू गर्न आवश्यक छ ।

१०. मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा सो ऐनअन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण अभियुक्तले नै पुऱ्याउनु पर्ने व्यवस्था स्वच्छ सुनुवाईको हकको अभियोग प्रमाणित गर्ने भार अभियोक्तामा रहने भन्ने सिद्धान्तसँग फरक रहेको हुँदा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी अभिलेखको व्यवस्थासँग मिल्ने गरी पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

११. स्वच्छ सुनुवाईको हकको संरक्षण गर्ने उद्देश्यले गरिएका कानूनी एवं नीतिगत व्यवस्थाहरूको कार्यान्वयन प्रभावकारी हुन आवश्यक छ । कार्यान्वयन गर्ने निकाय तथा पदाधिकारीलाई जिम्मेवार बनाउने, कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने तथा सुपरीवेक्षण गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक छ ।

१२. फौजदारी कसूरको अनुसन्धान र अभियोजनका प्रक्रियामा स्वच्छ सुनुवाईको हकको पालना कमजोर रहेको अध्ययनले देखाएको हुँदा यस कार्यमा संलग्न अधिकारीको दक्षता अभिवृद्धि हुने किसिमका क्षमता विकास कार्यक्रमहरू संचालन गर्न आवश्यक देखिन्छ ।

१३. मुलुकी अपराध (संहिता) ऐन, २०७४ र फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन र यी ऐनहरूले गरेका स्वच्छ सुनुवाईसँग सम्बन्धित सिद्धान्त तथा कार्यविधिको अबलम्बन गर्न सम्बद्ध अधिकारी, सरोकारवाला निकायहरू तथा अदालतहरूले पर्याप्त तयारी गर्नुपर्ने हुन्छ ।

# राष्ट्रिय मानव अधिकार आयोगको प्राज्ञिक अनुसन्धान नीति

- **हामी मानव अधिकारका विविध विषयमा प्राज्ञिक अनुसन्धान गराउँछौं ।**
- **अनुसन्धानको प्रतिवेदन संवाहकमा प्रकाशित गर्दछौं ।**
- **अनुसन्धानकर्तालाई विषय र प्रस्तुतीका आधारमा रू. २५०००।- , रू. ५००००।- र रू. १०००००।- सम्म उपलब्ध गराउँछौं ।**
- **अनुसन्धान प्रतिवेदन बेग्लै पुस्तिकाका रुपमा समेत प्रकाशित गर्न सकिन्छ ।**
- **अनुसन्धान गर्न हामी केवल निम्न तीन वर्गका विद्वान तथा संघ संस्थालाई अनुरोध गर्दछौं :-**
  - **(क) संवाहकमा लेख प्रकाशित भएका समूहगत विद्वान**
  - **(ख) मानव अधिकारका विषयमा कार्यरत राष्ट्रिय सञ्जाल भएका संस्था**
  - **(ग) राष्ट्रिय स्तरका शैक्षिक संस्था**
- **अनुसन्धान गर्न इच्छुक उपर्युक्त व्यक्तिलाई विषय र त्यसले समेट्ने क्षेत्र खोली सरदर ५०० शब्दको प्रस्ताव पेश गर्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

# मानव अधिकारको प्रचलनमा दण्डहीनताका असरहरू : एक चर्चा

– लोकेन्द्र पनेरु

## सार संक्षेप

*मुलुकमा अझै पनि सानो वा ठूलो रुपमा भए पनि दण्डहीनताको अवस्था कायमै छ । मानव अधिकार संरक्षण र कानूनी शासनका निमित्त चुनौतीका रुपमा रहेको दण्डहीनताले स्वतन्त्र रुपमा बाँच्न पाउने नागरिकको अधिकार कुण्ठित त गरेकै छ । सँगै यसले समाजमा अपराध र अराजकतालाई मौलाउने वातावरण सिर्जना गरेको छ । राज्यमा कानूनी शासन कायम राख्न र नागरिकको अधिकार संरक्षणका लागि जुनसुकै मूल्यमा भए पनि दण्डहीनता अन्त्य गरिनै पर्दछ । जबसम्म राज्यमा दण्डहीनता अन्त्य गरिँदैन तबसम्म नागरिकका अधिकार संरक्षण र मुलुकमा कानूनी शासनमाथि चुनौती कायमै रहिरहन्छ । यसले संविधानमा उल्लेख गरिएका नागरिकका मौलिक अधिकारलाई धावा बोलिराखिरहने छ । दण्डहीनताको अवस्था भनेको राज्यमा कानूनी शासन कायम राख्नका लागि प्रमुख चुनौतीको विषय हो । मुलुकलाई द्वन्द्वको अवस्थाबाट दिगो शान्ति स्थापनाका लागि समाजमा आपराधिक क्रियाकलाप र दण्डहीनताको अवस्था अन्त्य गर्नु अपरिहार्य छ । यसका लागि राज्य सञ्चालनको नेतृत्वकर्ता, राजनीतिक दलका नेतृत्वसँगै सरोकारवाला निकाय जिम्मेवार बन्नैपर्दछ । साथै आपराधिक क्रियाकलापमा संलग्नलाई दण्ड र सजाय दिन राज्यले कन्जुस्याई गर्नु हुँदैन र कुनै पनि मूल्यमा पनि उन्मुक्ति दिइनु हुँदैन ।*

## १. विषय प्रवेश

नेपालमा मानव अधिकारको उपभोग र कानूनी शासन संरक्षणका मामिलामा दण्डहीनता एउटा ठूलो चुनौतीको रूपमा रहेको छ । त्यस्तै दण्डहीनताको अवस्था रहेसम्म मुलुकमा न त कानूनी शासन रहन्छ न मानव अधिकारको कल्पना गर्न सकिन्छ । मानव अधिकार र कानूनको शासन एकअर्काका पूरक हुन् । नेपालको संविधानले कानूनी शासन र मानव अधिकार संरक्षणको परिकल्पना गरेको छ । तापनि कानूनी शासनको शत्रुका रूपमा नेपालका द्वन्द्वपीडितहरूले न्याय पाउन नसक्नु तथा द्वन्द्वका बेलामा गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनको आरोप लागेकाहरू कानूनी दायरामा नआउनुले दण्डहीनताले प्रश्रय पाइरेहेको अनुभूति हुन्छ । मानव अधिकार संरक्षण गर्न दण्डहीनता प्रमुख चुनौतीका रूपमा रहेकाले दण्डहीनता रहुन्जेल कानूनी शासनको प्रत्याभूत र प्रचलन गर्न सकिँदैन ।

मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन गर्ने, गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघन गरी सर्वोच्च अदालत तथा राष्ट्रिय मानव अधिकार आयोगले दोषी ठहर गरेका व्यक्तिलाई राज्यले कारबाही गर्न नसक्दा दण्डहीनताको संस्कृति मौलाएको र कानूनी शासनसामु चुनौती देखिन्छ। नेपालको सशस्त्र द्वन्द्वमा मानव अधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघन तथा घटनामा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याउन नसक्नु, घटनाको अनुसन्धान नगर्नु, अभियोजन नगर्नु र पीडितलाई न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु आदि सबै दण्डहीनताका तत्व हुन् जसले नेपालमा कानूनको शासन अत्यन्त कमजोर रहेको पुष्टि गर्दछ। नेपालको कानूनी शासनको पूर्ण प्रत्याभूतिका लागि संयुक्त राष्ट्रसंघीय सन्धिजनित मानव अधिकार समिति र विश्वव्यापी आवधिक समीक्षा मानव अधिकार परिषद्बाट प्राप्त सिफारिशहर राज्यले स्वीकार गरेको अवस्थामा समेत ती सिफारिश प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। तथापि नेपाल सरकारले विश्वव्यापी समीक्षामार्फत प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना स्वीकृत गरेको छ।[१]

सरकारले मानव अधिकार एवं मानवीय कानूनको गम्भीर उल्लंघन तथा अपराधमा संलग्न व्यक्तिलाई कानूनी दायरामा नल्याई र पीडितलाई न्याय दिन सम्भव छैन । पीडकलाई दण्ड सजाय दिनबाट उन्मुक्ति दिइनु, कानूनी दायरामा नल्याइनु, घटनाको निष्पक्ष अनुसन्धान नगरिनु, अभियोजन नगर्नु तथा पीडितलाई न्याय दिलाउन सहयोग नगर्नु जस्ता दण्डहीनताका सूचकहरू हुन् ।

समाजमा बढ्दो दण्डहीनताका कारण पीडितको न्याय प्राप्तिको अधिकार र उपभोगमा अवरोध सिर्जना गर्दै पीडकलाई पनि आपराधिक कार्यमा प्रोत्साहित गर्दै लगेको छ । फौजदारी अपराधमा जाहेरी लिन इन्कार गरिनु, प्रभावकारी अनुसन्धान नहुनु, विचाराधीन मुद्दा फिर्ता लिइनु, अदालतबाट दोषी ठहर भएका व्यक्तिहरूलाई कानूनको दायरामा ल्याई कारबाही नगरिनुबाट दण्डहीनताले प्रश्रय पाएको छ । त्यस्तै आयोगबाट दोषी किटान भई कारबाहीको सिफारिश गरिएका व्यक्तिहरूलाई कारबाहीको दायरामा नल्याउने कार्यबाट दण्डहीनताको गम्भीर अवस्था सिर्जना भएको पाइन्छ। मानव अधिकार हनन्का दोषी एवं अपराधमा संलग्न व्यक्तिहरूले लामो संक्रमणकाल र राजनीतिक अस्थिरताको फाइदा लिइरहेका छन् । राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा एवं संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले विद्यमान दण्डहीनताको अवस्था अन्त्य गरी कानूनी शासनको सुदृढीकरणका लागि दिएका सिफारिशहर कार्यान्वयन अवस्था अत्यन्त कमजोर रहेको पाइन्छ ।

त्यस्तै सर्वोच्च अदालतको आर्थिक वर्ष २०७०/०७१ को प्रतिवेदनअनुसार फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतबाट गरी असूल हुनुपर्ने कैदको कूल लगत एक लाख २७ हजार चार सय ५७ वर्ष ६ महिना १६ दिन रहेकोमा सोमध्ये १९.७१ प्रतिशत अर्थात् हजार एक सय १८ वर्ष एक महिना सात दिन कैद असूल भई एक लाख दुई हजार तीन सय ३९ वर्ष पाँच महिना नौं दिन कैद असूल हुन बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा कैदको कूल लगत एक लाख २६ हजार ८३ वर्ष आठ महिना १७ दिन रहेकामा सोमध्ये २१.४१ प्रतिशत अर्थात् २७ हजार तीन वर्ष दुई महिना २० दिन कैद असूल भई

१ नेपाल सरकार, मन्त्रिपरिषद्को २०७३ फागुन २५ को निर्णय

९९ हजार ८० वर्ष पाँच महिना २७ दिन कैद असूल हुन बाँकी रहेको थियो । गत आर्थिक वर्षभन्दा यस आर्थिक वर्षमा १.७० प्रतिशतले घटी कैद असूल हुन आएको देखिन्छ ।

सर्वोच्च अदालतको आर्थिक वर्ष २०७१/०७२ को प्रतिवेदनअनुसार फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असूल हुनुपर्ने कैदको कूल लगत एक लाख ४७ हजार पाँच सय ९९ वर्ष नौ महिना १७ दिन रहेकामा सोमध्ये २६.८१ प्रतिशत अर्थात् ३९ हजार पाँच सय एकासी वर्ष १० महिना ६ दिन कैद असूल भई एक लाख आठ हजार १७ वर्ष ११ महिना ११ दिन कैद असूल हुन बाँकी रहेको देखिन्छ । सर्वोच्च अदालतको आर्थिक वर्ष २०७२/०७३ को प्रतिवेदनअनुसार फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असूल हुनुपर्ने कैदको कूल लगत एक लाख ४३ हजार तीन सय ८३ वर्ष आठ महिना २८ दिन रहेकामा सोमध्ये २३.७७ प्रतिशत अर्थात् ३४ हजार ७९ वर्ष तीन महिना २८ दिन) कैद असूल भई एक लाख नौ हजार तीन सय चार वर्ष पाँच महिना कैद असूल हुन बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असूल हुनुपर्ने कैदको कूल लगत एक लाख ४७ हजार पाँच सय ९९ वर्ष नौ महिना १७ दिन रहेकामा सोमध्ये २६.८१ प्रतिशत अर्थात् ३९ हजार पाँच सय ८१ वर्ष १० महिना ६ दिन कैद असूल भई एक लाख आठ हजार १७ वर्ष ११ महिना ११ दिन कैद असूल हुन बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षभन्दा यस आर्थिक वर्षमा ३.०४ प्रतिशतले घटी कैद असूल हुन आएको देखिन्छ ।[२]

त्यस्तै मानव अधिकारको बहाली र न्याय प्राप्तिका लागि भएका सर्वोच्च अदालतका फैसलाहरू तथा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिशहरको पूर्ण कार्यान्वयन हुन सकेको छैन । यी फैसलाहरू कार्यान्वयन नहुँदाको अवस्थाले पीडितले न्याय प्राप्ति गर्न सकेका छैनन् भने पीडकले दण्ड सजाय पाउन नसकिरहेको अवस्था छ । जसले गर्दा दण्डहीनता मौलाउँदै जाने र मानव अधिकार, कानूनी शासन, नागरिकका मौलिक अधिकार धरापमा पर्दै जाने अवस्था सिर्जना गरिरहेको छ । सत्य, न्याय, परिपूरण लगायतका मानव अधिकार उल्लंघनका घटना दोहोरिन नदिने सुनिश्चित गर्नेतर्फ सरकार र राजनीतिक दलहरू अग्रसर भएको पाइँदैन । राजनीतिक नेतृत्वकर्ता दल तथा तिनका नेताहरूको अकर्मण्यतालका कारण मुलुकलाई कानूनी शासन, मानव अधिकार तथा नागरिक स्वतन्त्रतालाई भन्दा पनि हिंसा र अपराधका घटनाहरूलाई बढावा दिएको देखिन्छ ।

यसबाट दण्डहीनताको स्थितिले प्रोत्साहन पाउनुका साथै नेपाल सरकार मानव अधिकारको सम्मान र संरक्षण गर्ने दायित्वप्रति उदासीन भएको देखिन्छ । नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन एवं सर्वोच्च अदालतको फैसलाबमोजिम आयोगको सिफारिश कार्यान्वयन गर्नु सरकारको जिम्मेवारी हो । यस्ता-यस्ता गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका दोषीलाई कारबाही गर्नु संक्रमणकालीन न्यायको एउटा महत्त्वपूर्ण पक्ष पनि हो । अहिले पनि दण्डहीनताको अवस्था सारभूत रूपमा घट्न सकेको छैन । विधिको शासनउपर अझै पनि प्रशस्त चुनौती छन् । मुलुकमा दिगो शान्ति र समुचित न्याय व्यवस्था कायमका राख्न राज्यले संक्रमणकालीन न्यायको लागि सत्यको खोजी र सत्य

२ राष्ट्रिय मानव अधिकार आयोग वार्षिक प्रतिवेदन २०७३/७४

उजागरको कार्य गर्न ढिला भइसकेको छ । अभियुक्तहरूको पहिचान, घटनाहरूबारे कानूनी अनुसन्धान गरी अभियोजन, दोषीलाई दण्ड, पीडित र साक्षीहरूको संरक्षण, हानिपूरणसम्बन्धी कानूनी व्यवस्था लागू, दोषीहरूद्वारा सार्वजनिक माफी एवं पुनः घटना नदोहोरिने सुनिश्चितताको प्रत्याभूति आवश्यक छ । राज्य संरचनाहरूको सुदृढीकरणका साथै नयाँ संस्थाहरूको सिर्जना र सोमार्फत राष्ट्रिय मेलमिलाप खोजिनुपर्ने जस्ता अहं प्रश्नहरू हामीकहाँ अझै पनि उत्तिकै महत्त्वपूर्ण र सान्दर्भिक रहेका छन् ।

उचित क्षतिपूर्तिको विषयलाई परिपूरणले समेटेको हुन्छ, जसमा पीडितले पाउने सम्पूर्ण अधिकारहरू अन्तर्निहित हुन्छन् र छानवीन आयोगले सरकारसमक्ष पूर्ण विवरणसहित सिफारिश गर्ने गर्दछ । परिपूरणसम्बन्धी कानूनी अवधारणामा पीडितले परिपूरण प्राप्त गर्ने अधिकार राख्दछ भने जवाफदेही पक्षले पीडितलाई परिपूरण प्रदान गर्नुपर्ने कर्तव्य पूरा गर्नुपर्दछ । पहिलो- व्यक्तिले न्यायिक प्रक्रियामार्फत पनि परिपूरणको प्राप्त गरेको हुन्छ भने खास प्रकारका पीडितहरूको पीडाहरूलाई संबोधन गर्न राज्यले विशेष र विस्तृत नीतिको घोषणा गर्न सक्दछ । पहिलो माध्यमबाट कानूनी नजिरहरूको विकास र दोस्रोले पीडितको ठूलो हिस्सालाई संबोधन हुन्छ ।

पीडितहरूको सन्तुष्टिका लागि अवस्था हेरी तथ्यको प्रमाणीकरण र सत्यको पूर्णतः सार्वजनिक खुलासा, बेपत्ताहरूको स्थिति यकीन, अपहरितको पहिचान, बेपत्ताहरूको स्थिति यकीन गर्ने गरिन्छ । मारिएकाहरूको शवको खोजी, त्यस्ता कार्यमा सहयोग, पीडितले चाहनाबमोजिम पारिवारिक, सामुदायिक रीति-रिवाजअनुसार अन्तिम संस्कार, पीडित र पीडितको नजिकका सरोकार राख्ने व्यक्तिहरूको आत्मसम्मान, प्रतिष्ठा र अधिकारको आधिकारिक घोषणा हुन्छ । तथ्यलाई आत्मसात् गर्दै पीडकलाई उत्तरदायित्व वहन गर्न स्वीकार गराउने, सार्वजनिक रूपमा माफी मगाउने, उल्लंघनका लागि जिम्मेवार व्यक्तिलाई न्यायिक र प्रशासनिक कारबाही हुन्छ । पीडितको नाममा स्मृतिस्तम्भ, बगैँचा, अन्य स्मारक आदिको निर्माण गर्न र श्रद्धाञ्जली व्यक्त गर्न लगाउने जस्ता कार्य हुन्छ । मानव अधिकार तथा मानवीय कानून उल्लंनका घटनाहरूको वास्तविक लेखाजोखा, मानव अधिकारसम्बन्धी पाठचक्रमका साथै शैक्षिक सामग्रीमा समाविष्ट गर्ने जस्ता कार्यहरूमा जोड दिइन्छ । संक्रमणकालीन न्यायका संयन्त्रहरूले यी विषयमा गरेको कुनै पनि कार्य भने सार्वजनिक हुन सकेको छैन ।

विगतदेखि नै राज्य तथा विद्रोही पक्षबाट नेपालको कानून र अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानूनविपरित हुनेगरी विभिन्न ज्यादतीका घटनाहरू भएका छन् । त्यस्ता आपराधिक घटनाहरूमा संलग्न दोषीलाई कानूनी कारबाही गरी पीडितलाई न्याय प्रदानको मार्ग प्रशस्त राज्यले गरिनुपर्दछ । यदि त्यसो नगरिएमा मुलुकमा दण्डहीनता मौलाउँदै समाजमा अराजकता बढ्दै जाने निश्चित छ । मानव अधिकार उल्लंघन तथा आपराधिक क्रियाकलापमा संलग्न दोषीलाई कानूनी कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्नु अनिवार्य छ । यदि त्यसो नगरिएमा देशमा दण्डहीनता मौलाउँदछ र अराजकता बढ्दछ । तर नेपालको यथार्थ भने अर्कै छ । द्वन्द्वलाई समाप्त गर्ने गरी राज्य र तत्कालीन विद्रोही माओवादीका बीच भएको विस्तृत शान्ति सम्झौता वा नेपालको अन्तरिम संविधान वा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा द्वन्द्वका वखत भएका राजनीतिक प्रकृतिका बाहेकका घटनाका दोषी पहिचान गरी कानूनी कारबाही गरिनुपर्नेमा राज्य यस मामिलामा चुकेको छ ।

## २. राजनीतिमा आपराधीकरण

नेपालको शान्ति प्रक्रियालाई पूर्णतामा पुऱ्याउन र लोकतान्त्रिक प्रक्रियालाई सुदृढीकरण गर्ने मामिलामा दण्डहीनता एउटा गम्भीर चुनौतीका रूपमा देखा परेको छ। खासगरी मुलुकमा कानूनी राज्य स्थापना गर्ने, पीडकलाई जिम्मेवार बनाउने, पीडितलाई परिपूरण दिलाउने र दिगो शान्ति कायम गर्ने विषय चुनौतीपूर्ण देखिएका छन्। अन्य सामाजिक क्षेत्रमा भन्दा राज्य सञ्चालनको जिम्मेवारी वहन गर्नेहरूमा नै दण्डहीनता र राजनीतिक आपराधीकरणलाई डरलाग्दो किसिमले प्रश्रय दिँदै आएको अवस्था छ। राज्य सञ्चालक तथा नीति निर्माण तहका नेतृत्वकर्ताको बेवास्ताले मुलुकमा दण्डहीनता अझै मौलाउदै जाने देखिन्छ।

आपराधिक क्रियाकलापलाई राजनीतिक संरक्षण प्रदान गरिँदा भर्खरै स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रले स्थायित्व र पूर्ण सफलता पाउन र नयाँ संविधान कार्यान्वयनमा समेत गम्भीर चुनौती थपिदिएको छ। संक्रमणकालका नाममा लामो समयसम्म कानूनी राज्यको खिल्ली उडाइनाले दण्डहीनता अन्त्य गर्नेतर्फ सार्थक काम हुन सकेको छैन । गैरन्यायिक हत्या, यातना, यौनजन्य अपराध, अत्यधिक बल प्रयोग, नागरिक बेपत्ता पर्ने जस्ता मानव अधिकारका गम्भीर र शृंखलाबद्ध उल्लंघनकर्ता दण्डित नहुनु मात्र होइन, यसप्रति राज्यले आँखा चिम्लिएकाले मानव अधिकार र कानूनी राज्यका पक्षपातीहरू चिन्तित हुनुपर्ने अवस्था विद्यमान छ। कतिपय सन्दर्भमा कानूनको अभावमा वा कानूनी व्यवस्थाले नै दण्डहीनता सिर्जना गरेको अवस्था विद्यमान छ भने अर्कोतर्फ सिद्धान्ततः कानून भएको तर व्यवहार वा शासकीय, प्रशासकीय चरित्रले गर्दा प्रयोगविहीन भई दण्डहीनता रहेको अर्को अवस्था गरी दुई प्रकारको अवस्था सिर्जना भएको पाइन्छ।

लोकतान्त्रिक समाजको मुख्य आधार कानूनको शासन हो। तसर्थ, दण्डहीनताको उपस्थितिमा कानूनी शासनको कल्पना गर्न सकिँदैन। कानूनको शासन नहुँदा मानव अधिकार संरक्षण हुन सक्दैन। दण्डहीनताका परिणाम थुप्रै प्रकारका हुन सक्दछन्। जस्तैः पीडकहरू सजायबाट उम्कनु, पीडितले न्याय र परिपूरण नपाउनु, कानूनको शासनको स्थापना हुन नसक्नु र प्रकारान्तरले लोकतान्त्रिक शासन पद्धतिको विकास हुन नसक्नु मुख्य रूपमा दण्डहीनताका परिणतिहरू मानिन्छन्। त्यसैले नेपालमा दण्डहीनताको अन्त्यको विकल्प छैन। समाजमा शान्ति, सुरक्षा तथा अमनचयन कायम गर्दै हरेक नागरिकको मानव अधिकार संरक्षणका लागि दण्डहीनता अन्त्य अपरिहार्य छ।

विगत द्वन्द्वका क्रममा झन्डै १३ हजारभन्दा बढी सर्वसाधारण नागरिकले ज्यान गुमाए भने सयौंको संख्यामा बलपूर्वक बेपत्ता पार्ने कार्यसँगै चरम यातनाका घटनाहरू भएको तथ्य अभिलिखित छन्। त्यस्तै कतिपय व्यवस्थित ढंगले अभिलेखीकरण हुन नसकेका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको उल्लंघनका घटनाको संख्या निकै ठूलो मात्रामा भएको अनुमान गरिएको छ। त्यस अवधिमा भएका मानवता विरुद्धका अपराध र मानव अधिकारको गम्भीर उल्लंघनमा राज्य तथा विद्रोही दुवै पक्ष संलग्न रहेका तथ्य विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन्। दोरम्बा, माडी, भैरवनाथ गणमा भएका घटनाहरू शसस्त्र द्वन्द्वताका भएका जघन्य अपराधका घटनका ज्वलन्त उदाहरण हुन्।

त्यस्तै कैलालीको टीकापुरमा २०७२ भदौ महिनामा आठ सुरक्षाकर्मी र एक नाबालकसहित नौ जनाको ज्यान जाने गरी भएको घटना पनि मानव अधिकार उल्लंघनको एक नमूना उदाहरण हो । स्वतन्त्र रुपमा भेला तथा प्रदर्शन गर्न पाउने नागरिकको अधिकार राज्यले प्रदान गर्नुपर्दछ र गरेको पनि छ । तर पनि नागरिक स्वतन्त्रताका नाममा राजनीतिमा आपराधिक क्रियाकलाप निम्त्याउनु मानव अधिकार संरक्षणका मामिलामा कदापी स्वीकार्य हुन सक्दैन । त्यस्तै घटनापछि पनि कर्फ्यु एवं उच्च सुरक्षाको समयमा समेत भएको तोडफोड र आगजनीबाट सर्वसाधारणको सम्पत्तिमा भएको क्षति र यातनाका घटनाका सम्बन्धमा जिम्मेवारीपूर्वक छानवीन र अनुसन्धान नै नगरी आपराधिक क्रियाकलापमा संलग्न दोषीहरूलाई उन्मुक्ति दिने कार्यले दण्डहीनताीई प्रश्रय दिएको पुष्टि गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगले यस्ता कार्यबाट मानव अधिकार संस्कृतिको विकासमा मद्दत नपुग्ने निष्कर्ष निकालेको छ। उक्त घटनाका सम्बन्धमा अनुसन्धान गरी आयोगले नेपाल सरकारलाई २०७३ साल फागुन २४ गते सिफारिश गरेकामा आयोगको सिफारिश कार्यान्वयन नगरी त्यस विपरीत आपराधिक कार्यलाई राजनीतिक आवरण दिएर ढाकछोप गरिनु खेदजनक रहेको भन्दै आपत्ति जनाएको छ । प्रत्येक आपराधिक घटनालाई राजनीतिक आवरणले छोप्दै र चोख्याउदै जाने हो भने सर्वसाधारण नागरिकको राज्यप्रति आशा र भरोसाको त्यन्द्रो जुनसुकै बेला चुडिन सक्दछ। हत्या, हिंसाजस्ता आपराधिक क्रियाकलापमा संलग्नलाई राजनीतिक आवरणमा उन्मुक्ति दिएर कानूनी शासन र मानव अधिकार संरक्षणका लागि चुनौतीको विषय बन्न पुगेको छ। तसर्थ यस्ता गैरजिम्मेवार क्रियाकलापप्रति सरकार तथा राजनीतिक नेतृत्व बेलैमा सचेत हुनु जरुरी छ ।

पछिल्लो समयमा नागरिक सुरक्षाको अवस्था भयावह हुँदै गइरहेको अवस्था छ । 'राजनीतिको आपराधीकरण' एवं 'अपराधको राजनीतीकरण' गरिँदै सर्वसाधारण नागरिकले आफूलाई सुरक्षित नठान्नुलाई एउटा उदाहरणका रुपमा लिन सकिन्छ । एकातिर राजनीतिका आडमा शक्ति र सत्तामा भएकाहरूले जे गरे पनि हुन्छ भन्ने धारणा स्थापित भएको छ भने अर्कोतिर कथंकदाचित अन्यायमा परेमा यहाँ त्यति सहजै न्याय पाउने सम्भावना छैन भन्ने निरासाजनक सोच पनि दरिलो तवरले झाँगिदै गएको छ। यसले नागरिकहरूमा राज्य संयन्त्र र राजनीतिक नेतृत्वप्रति अविश्वास बढ्दै गएको छ।

राजनीति अपराध संरक्षणका लागि नभई मानव कल्याण र मानव अधिकारको बहालीका लागि हुनुपर्दछ भन्ने मान्यतामा मानव अधिकार आयोग अडिग रहेको स्पष्ट पारेको छ। दण्डहीनताको अन्त्य हुन नसक्दा मानव अधिकार हनन एवं अपराधका घटनाहरूको पुनरावृत्ति भइरहेको छ । विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न राजनीतिक दलहरूमा इच्छाशक्तिको अभाव देखिन्छ। अतः दण्डहीनताको अन्त्यका लागि राजनीतिक प्रतिबद्धतासहित प्रभावकारी कानूनको कार्यान्वयन अत्यावश्यक देखिन्छ।

## ३. दण्डहीनताका अवस्थाहरू

### गैरकानूनी पक्राउ, बलपूर्वक बेपत्ता र दण्डहीनता

नेपालमा दण्डहीनताको अवस्था रहेको र त्यसले ज्यादै ठूलो संख्यामा मानिसलाई पीडा दिएको क्षेत्रमध्ये

बलपूर्वक बेपत्ता पार्ने कार्य पनि एक हो । विगतमा बेपत्ता बनाइएका नागरिकका सम्बन्धमा स्वतन्त्र छानवीन गरी बेपत्ता पार्ने कार्यमा संलग्नलाई कारबाही गर्न राष्टिय तथा अन्तर्राष्ट्रिय रुपमा चौतर्फी आवाज आवाज उठेको छ ।

विगत सशस्त्र द्वन्द्व (जनयुद्ध)का क्रममा सर्वसाधारण नागरिकलाई जबरजस्ती बेपत्ता पार्ने कार्य व्यापक र व्यवस्थित ढंगबाट भयो । नेपालमा मानिस बेपत्ता पार्ने कुराको शुरुवात पञ्चायतकालदेखि नै भएको भए पनि योजनाबद्ध र व्यापक ढंगले बेपत्ता पार्ने काम भने माओवादी जनयुद्ध शुरु भएपछि भएको पाइन्छ । २०५८ मंसिरमा मुलुकभर संकटकाल घोषणा भई सेना परिचालन भएपछि सर्वसाधारण नागरिकलाई पक्राउ गरी बेपत्ता बनाउनु सुरक्षा निकायको आमनीति नै बन्न पुग्यो । त्यस्तै माओवादीका तर्फबाट पनि सुराकीको आरोपमा सर्वसाधारण नागरिकलाई अपहरण गरी हत्या तथा बेपत्ता पार्नेकाम भयो । यसले गर्दा द्वन्द्वका पछिल्ला वर्ष नेपालको अन्तर्राष्ट्रिय पहिचान सबैभन्दा बढी मानिस बेपत्ता पार्ने मुलुकका रूपमा दर्ता हुन पुग्यो । नागरिक बेपत्ता पार्ने कार्यले दण्डहीनताको संस्कृति मौलाउँदै जाँदा यसबारेमा स्वतन्त्र एवं निस्पक्ष छानवीन र कारबाही नहुँदा त्यसले दण्डहीनताको अवस्थालाई संस्थागत गर्दै लगेको पाइन्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६४ ले हरेक व्यक्तिलाई स्वेच्छाचारी पक्राउ र थुनाबाट सुरक्षा प्रदान गरेको छ ।[३] प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा जीउधनको सुरक्षाको अधिकार हुनेछ । कसैलाई पनि स्वेच्छाचारी पक्राउ अथवा थुनामा राख्न बाध्य पारिने छैन । कानूनी आधार र स्थापित कार्यविधिको प्रतिकूल हुने गरी कसैलाई पनि निजको स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

त्यस्तै संयुक्त राष्ट्रसंघको महासभाद्वारा जारी जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धिले कसैलाई पनि जबरजस्ती बेपत्ताको भागीदार बनाइने छैन भन्ने व्यवस्था गरेको छ ।[४] यस महासन्धिले युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक संकट जेसुकै भए पनि कुनै अपवादजनक परिस्थितिलाई जबरजस्ती बेपत्ताको पुष्ट्याइँका रूपमा याचन गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । यसपूर्व सन् १९९२ मा जारी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई परिभाषित गर्दै बलपूर्वक बेपत्ता बनाउने कार्यलाई मानवताविरुद्धको अपराध घोषणापत्र जारी गर्‍यो ।[५] सो घोषणापत्रले राज्यपक्षलाई निर्धारण गरेको दायित्वअनुकूल नै संयुक्त राष्ट्रसंघीय महासभाले २० डिसेम्बर २००६ मा जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि जारी गरेको छ ।[६] उक्त महासन्धि हालसम्म लागू भइनसकेको र नेपालले अनुमोदनसमेत नगरेको भए पनि बेपत्ता भएका व्यक्तिको सुरक्षाका सम्बन्धमा यस महासन्धिले राज्यले पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा एउटा आधारभूत मापदण्ड निर्धारण गरेको र यसलाई अन्तर्राष्ट्रिय समुदायले स्वीकारसमेत गरिसकेको अवस्थामा उक्त महासन्धिले निर्धारण गरेको मापदण्डलाई अन्तर्राष्ट्रिय

३ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, धारा ९

४ संयुक्त राष्ट्रको महासभाद्वारा प्रस्ताव ६१ १७७ द्वारा सन् २००६ डिसेम्बर २० मा जारी जबरजस्त बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धिको धारा १ ।

५ General Assembly Resolu tion 47/1 33 , Cnitcd \ ations.

६ General Assembly Resolution 61/177, United Nations.

कानूनको मापदण्डका रूपमा स्वीकार गरी राज्यले तदनुरूप आफ्नो व्यवहार गर्नु वाञ्छनीय हुन्छ भनी सर्वोच्च अदालतले नेपाल सरकारको नाउमा निर्देशनात्मक आदेश जारी गरेको छ ।[७]

कानून उल्लंघन गर्नेलाई कानूनबमोजिम सजाय दिई समाजमा शान्ति सुव्यवस्था कायम गर्नु राज्यको अहं जिम्मेवारी हो । कानून उल्लंघनकर्तालाई न्यायको कठघरामा ल्याउनुपर्ने राज्यको दायित्व हो । तर, कानूनको कार्यान्वयन गर्ने जिम्मेवारी लिएकाहरूले नियतवश नै मानव अधिकारको उल्लंघन गरेको भए पनि जवाफदेही हुनु नपर्ने अवस्था विद्यमान छ । अर्कोतिर, आफूले गरेको आपराधिक कार्यमाथि कथम्कदाचित प्रश्न उठेकै खण्डमा जवाफदेही बन्नुको साटो आफ्ना अपराधलाई कानूनले प्रदान गरेको असल नियतसम्बन्धी केही निश्चित उन्मुक्तिका आडमा उल्लंघनकर्ताहरूले गलत ढंगले प्रतिरक्षा गर्न पाउने गरी नेपाल कानूनले नै ठाउँ छोडिदिएको पाइन्छ ।[८] उदाहरणका लागि प्रमुख जिल्ला अधिकारी वा अन्य कुनै प्रहरी अधिकारीलाई कर्तव्य पालनाका सिलसिलामा असल नियतले गरिएको कारबाही सम्बन्धमा उन्मुक्ति प्रदान गरेको छ। प्रहरी ऐनमा एउटा लामो अपराधसम्बन्धी विवरण छ, जसका लागि प्रहरी अधिकारीहरू अनुशासनको कारबाहीमा पर्न सक्दछन् । तर, यस ऐनमा गैरकानूनी हत्या, बेपत्ता, स्वेच्छाचारी हिरासत, यातना वा दुर्व्यवहारजस्ता कसूरका लागि वैयक्तिक फौजदारी दायित्व स्थापना गर्ने कुनै प्रावधान छैनन् ।[९]

सशस्त्र द्वन्द्वको क्रममा २०६० असोज २१ गते धनुषाका पाँच जना युवाहरू सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, जीतेन्द्र झा, प्रमोदनारायण मण्डल र शैलेन्द्रकुमार यादवलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारेको १३ वर्ष पूरा भएको छ । उक्त घटनाका सम्बन्धमा आयोगको पहलमा नेपाल प्रहरीबाट धनुषा जिल्लाको गोदारस्थित कमला नदीको किनारबाट पाँचवटै मानव अवशेषहरू शवोत्खनन् गरी त्यसको वैज्ञानिक परीक्षणपश्चात् पीडितका आफन्तहरूलाई हस्तान्तरण गरेको ३ वर्ष पूरा भएको छ। आयोगले उक्त घटनालाई गम्भीर मानव अधिकार उल्लंघन भएको ठहर गरी कानूनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई यसअघि नै सिफारिश गरेको छ। शवोत्खननपश्चात् वैज्ञानिक ढंगबाट समेत पुष्टि भइसक्दा पनि घटनाका दोषीमाथि कानूनी कारबाही प्रक्रिया अझै अघि नबढाउनुले पीडितको न्यायप्रतिको अधिकार पूर्णतः कुण्ठित भएको देखिन्छ ।[१०]

## ४. अत्यधिक बल प्रयोग र दण्डहीनता

नेपालको परिप्रेक्ष्यमा दण्डहीनताको अवस्था रहेको अर्को एउटा उल्लेख्य क्षेत्र सुरक्षा निकायद्वारा गरिने अत्यधिक बल प्रयोगको छानवीन नहुनु हो । पक्राउ, थुना वा हिरासत, जुलुस, धर्ना वा सार्वजनिक प्रदर्शनमा गरिएका अत्यधिक बल प्रयोगका कारण सयौं मानिसको ज्यान गएको छ, हजारौं घाइते र अपांग भएका छन् । तर, त्यस्ता घटनाबारे छानवीन गर्ने, बल प्रयोगको औचित्यको जाँच गर्ने र

७ राजेन्द्र ढकाल वि. नेपाल सरकार, ने.का.प. २०६४ अङ्क २ नि.नं. ७८१७ पृ. १६९

८ प्रहरी ऐन २०१२, दफा ३७

९ प्रहरी ऐन, २०१२, दफा ३७

१० राष्ट्रिय मानव अधिकार आयोग वार्षिक प्रतिवेदन २०७३/७४

अनावश्यक अत्यधिक बल प्रयोग गर्ने अधिकारी वा सुरक्षाकर्मीलाई कानूनको दायराभित्र ल्याई जवाफदेही बनाउने गरिएको पाइँदैन । अत्यधिक बल प्रयोगमा छानवीन र कारबाही नहुँदा त्यसले दण्डहीनतालाई संस्थागत गर्दै लगेको अवस्था सिर्जना भएको देखिन्छ ।

सार्वजनिक वा राष्ट्रिय हित एवं शान्तिसुरक्षा कायम गर्नेजस्ता विषयमा सुरक्षा निकायले कानूनले तोकेको प्रक्रिया र मापदण्डभित्र रही आवश्यक बल प्रयोग गर्न सक्दछन् । तर, त्यस्तो बल प्रयोगको औचित्य प्रमाणित गर्न सक्नुपर्दछ । यदि अनुचित तवरले अत्यधिक बल प्रयोग भएको भए त्यस्तो बल प्रयोग गर्न आदेश दिने, बल प्रयोग गर्ने र सो कार्यमा सहयोग गर्नेलाई कानूनको दायरामा ल्याई जवाफदेही बनाउनु पर्ने हुन्छ । विडम्बना, नेपालमा बल प्रयोगका कुनै पनि घटनाबारे छानवीन गरिएको पाइँदैन । छानवीन भइहाले पनि अत्यधिक बल प्रयोग गर्नेलाई जवाफदेही बनाइँदैन । कतिपय अवस्थामा त त्यस्ता दोषीहरू पुरस्कृत र उनीहरूको पदोन्नतिसमेत भएका उदाहरण छन् ।

कतिपय अवस्थामा सुरक्षा निकायले कानून कार्यान्वयनका सिलसिलामा बल प्रयोग गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय समुदायले बल प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त विकसित गरेका छन्, जसअन्तर्गत त्यस्तो बल प्रयोग कानूनले निर्धारण गरेको प्रक्रिया र अन्तर्राष्ट्रिय मापदण्डभित्र रही अन्यन्त आवश्यक पर्दा मात्र गर्नुपर्ने हुन्छ । जस्तै कुनै अपराध हुनबाट रोक्नुपर्ने अवस्थामा, कानूनबमोजिमको पक्राउ गर्नुपर्ने कार्यमा सहयोग पुऱ्याउनुपर्ने अवस्थामा र सम्पूर्ण अहिंसात्मक उपाय अवलम्बन भइसकेपछि पनि कानूनी उद्देश्य पूरा हुन नसक्ने अवस्थामा बल प्रयोग गर्नैपर्ने हुन्छ । आत्मरक्षा गर्न, गम्भीर अपराध रोक्न, कुनै मानिसलाई पक्राउ गर्न, जसलाई पक्राउ नगरेका कारणले अरूको ज्यान जान वा शान्ति भंग हुनसक्दछ भने यस्तो अवस्थामा बल प्रयोग अनिवार्य हुन्छ ।

कानून कार्यान्वयन गर्ने अधिकारीद्वारा प्रयोग गरिने बल तथा हातहतियार सम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तहरूको नियम ४ ले कानून कार्यान्वयन गर्ने अधिकारीले कुनै बल तथा हातहतियार प्रयोग गर्नुपूर्व सम्भव भएसम्म गैरहिंस्रक उपायहरू अवलम्बन गर्नुपर्ने, त्यस्ता उपायहरू अप्रभावकारी भएको अवस्थामा मात्र आवश्यक बल तथा हातहतियारको प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ । आधार भूत सिद्धान्तकै नियम ८ ले स्वेच्छाचारी वा दुर्व्यवहारपूर्ण बल तथा हातहतियार प्रयोगको कार्यलाई कानूनद्वारा फौजदारी कसूर मानिने व्यवस्था गरेको छ । नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएका नाताले संयुक्त राष्ट्रसंघद्वारा पारित सबै प्रकारका कानून एवं सिद्धान्तहरूको पालना गर्न बाध्य छ ।

कानून कार्यान्वयन गर्ने अधिकारीद्वारा प्रयोग गरिने बल तथा हातहतियार सम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त १९९० ले प्रष्ट रूपमा स्वेच्छाचारी तथा दुर्व्यवहारपूर्ण बल तथा हातहतियार प्रयोगको कार्यलाई कानूनद्वारा फौजदारी कसूरको रूपमा परिभाषित गर्नुपर्ने व्यवस्था गरेको छ । प्रस्तुत घटनाको तथ्यगत अवस्था हेर्दा पाँच जना गैरसैनिक व्यक्ति सैनिक अधिकारीको हतियारबाट मृत्यु हुन पुगेको छ र ३४ जना गम्भीर घाइते भएका छन् । देशमा कानूनबमोजिम संकटकालको घोषणा नभएको एवं सेनासमेत परिचालन नभएको अवस्थामा शान्तिपूर्वक अभिव्यक्ति गर्न तथा भेला हुन पाउने

स्वतन्त्रताको उपभोग गरिरहेका नागरिकहरूलाई कानून कार्यान्वयन गर्ने अख्तियारी नै प्राप्त नभएको सैनिक अधिकारीद्वारा अत्यधिक बल प्रयोग गरी हत्या गरिएको र घाइते पारिएको कार्य सम्पूर्ण रूपमा गैरकानूनी भई उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धीको महलअन्तर्गतको गम्भीर प्रकृतिको फौजदारी कसूरको परिभाषाभित्र पर्ने देखिन्छ ।

यस्तो अवस्थामा, कानूनले तोकेको न्यूनतम् शर्त र मान्यताको कुनै वास्ता नगरी स्वेच्छाचारी ढंगले बल प्रयोग गरी निर्दोष नागरिकउपर गोली चलाउने र त्यस्तो आदेश दिने सैनिक सुरक्षा अधिकारीलगायत सम्पूर्ण सुरक्षाफौजका अधिकारीहरू दण्ड सजायबाट उन्मुक्त हुन सक्दछन् वा सक्दैनन् भन्नेतर्फ विचार गर्दा यस सम्बन्धमा प्रचलित नेपाल कानून र सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा हेर्नुपर्ने हुन्छ । सर्वोच्च अदालतबाट इमानसिंह गुरुङको हकमा धनकुमारी गुरुङ विरुद्ध जनरल सैनिक अदालत शाही नेपाली जंगी अड्डा समेत र मनोरथ गिरी विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत भएको मुद्दामा कानून कार्यान्वयन गर्ने अधिकारी वा सैनिकसमेतले गैरसैनिक विरुद्ध हत्याहिंसा हुन्छ भने सजायको भागीदार हुनबाट उन्मुक्ति पाइँदैन भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।[११]

यस्तो प्रकृतिको घटनामा अत्यधिक बल प्रयोग हुनुका पछाडिको कारण प्रस्तुत घटनाको सूक्ष्म विश्लेषण गर्दा सहजै देखा पर्दछ । प्रस्तुत घटनाको समग्र अध्ययनबाट के देखिन्छ भने सुरक्षाकर्मीले संयुक्त बेस क्याम्पमा जुलुस आएकाले त्यसबाट बेस क्याम्पको सुरक्षा गर्न बल प्रयोग गरेको मानिने र त्यसरी चलाइएको गोलीबाट जेजस्तो क्षति भए पनि सुरक्षा वा आत्मरक्षाको बहानामा जवाफदेही हुनु नपर्ने भन्ने दूषित मनोविज्ञानका साथ उक्त घटना गराएको पाइन्छ । त्यस कारण प्रचलित कानूनबमोजिम अपराध हुने कार्यमा समेत यसै प्रकारले अनुसन्धान नगरिने र अनुसन्धान भए पनि कारबाही नगरिने खराब परम्पराले गर्दा सुरक्षाकर्मीले सुरक्षा, आत्मरक्षा वा कर्तव्य पालनको बहानामा दण्डहीनताको अवस्थाको फाइदा उठाइरहेका छन् ।

पछिल्लो समय संविधानसँग सम्बन्धित गुनासाहरूलाई लिएर तराईमा भएका प्रदर्शनहरूको जवाफमा सुरक्षा फौजले अत्यधिक वा अनावश्यक बल प्रयोग गरिनै रह्यो । मार्चमा सप्तरी जिल्लामा प्रहरीले मधेसी प्रदर्शनकारीहरूको भीडलाई तितरवितर गर्ने क्रममा बन्दुकको प्रयोग गर्दा पाँच जना प्रदर्शनकारीको मृत्यु भयो र सोह्र जना घाइते भए ।[१२] यी घटनाबारे छानवीन तथा अनुसन्धान गर्न आयोग बनाइए पनि त्यसमा संलग्न दोषीमाथि कारबाही प्रक्रिया अगाडि बढाइएको छैन ।

## ५. यातना र दण्डहीनता

यातना दिने कार्यलाई अपराध ठहर नगरिनु दण्डहीनताको मुख्य कारण हो । सुरक्षाकर्मी तथा जनमानसमा समेत अपराधका आरोपीलाई यातना दिनु उचित मान्ने कुसंस्कारका कारण नेपालमा हालसम्म पनि यातना अपराध अनुसन्धान, नियन्त्रण र रोकथामको एक मात्र मुख्य साधनका रूपमा प्रयोग भइरहेको

---

११ सर्वोच्च अदालत, बु. २०५७, वर्ष ९, अङ्क २, पृ. १

१२ एम्नेष्टी इन्टरनेसनल नेपालको वार्षिक प्रतिवेदन २०१७/२०१८

छ । नेपालको संविधानले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था गरे पनि यातनालाई दण्डनीय बनाउने कानूनको अभाव रहेकाले सुरक्षा नियन्त्रणमा हुने यातनामा दण्डहीनतालाई कानूनी संरक्षण प्राप्त छ । यस अतिरिक्त सुरक्षाकर्मीहरूले पक्राउ, थुना वा हिरासतमा गर्ने दुर्व्यवहारको अनुसन्धान नहुने र त्यस्ता व्यक्तिहरूलाई जवाफदेही नगराउने परिपाटीले समेत दण्डहीनताले प्रोत्साहन पाएको देखिन्छ ।

**नेपालको फौजदारी अनुसन्धान प्रणाली पुरानो र निर्दयी प्रकृतिको रह्यो । गल्ती स्वीकार गर्न लगाउन न्यायिक सुनुवाइपूर्व यातना दिने तथा अन्य दुर्व्यवहार गर्ने परिपाटी व्याप्त रह्यो । अगस्टमा संसदले पारित गरेको नयाँ फौजदारी संहिताले यातना र अन्य दुर्व्यवहारलाई आपराधीकरण गर्दै बढीमा पाँच वर्ष कैद सजायको व्यवस्था गरेको छ । संसदमा विचाराधीन रहेको छुट्टै यातनाविरुद्धको विधेयक यातनासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू भन्दा धेरै पछि छ ।**[१३]

नेपालमा हालसम्म पनि अपराध अनुसन्धानको एक महत्त्वपूर्ण विधिको रूपमा यातना प्रयोग हुँदै आएको पाइन्छ । संवैधानिक प्रतिबन्धका बाबजुद, सावितीमुखी अपराध अनुसन्धान प्रणालीले गर्दा यातनाको व्यापक र व्यवस्थित दुरूपयोगमा २०४६ सालको जनआन्दोलनपश्चात् स्थापित बहुदलीय व्यवस्थामा समेत कुनै कमी आउन सकेन ।[१४]

प्रहरी हिरासतको नियमित अनुगमन गर्दै आएको एक गैरसरकारी संस्थाका अनुसार राजधानीका प्रहरी हिरासतहरूमा झन्डै ५ सय ५ थुनुवाहरू यातनाको शिकार भएको विभिन्न तथ्यांकहरूले देखाएका छन् ।[१५] त्यसरी नै संयुक्त राष्ट्रसंघका यातनासम्बन्धी विशेष प्रतिवेदक म्यानफ्रेड नोवाकले सन् २००६ मा नेपाल भ्रमण गरी पेश गरेको प्रतिवेदनमा त्यो वर्ष निजले भ्रमण गरेका मुलुकहरूमा नेपाल एक मात्र त्यस्तो मुलुकमा पर्थ्यो, जहाँ यातना व्यवस्थित र व्यापक थियो ।[१६] एड्भोकेसी फोरम नामक एक मानव अधिकारवादी संस्थाले लगातार हिरासत अनुगमन गरी संकलन गरेको तथ्यांकले मई २००७ देखि मई २००८ को बीचमा मात्र तीन हजार सात सय ३१ थुनुवामध्ये एक हजार दुई सय २८ जनाले हिरासतमा यातना पाएको देखाउँछ ।[१७]

विगत एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा यातनालाई राज्य र विद्रोही दुवै पक्षले व्यापक र व्यवस्थित रूपमा दुरूपयोग गरेको तथ्य त्यस क्रममा पक्राउ वा अपहरणपछि मुक्त भएका अधिकांश व्यक्तिको

---

१३ एम्नेष्टी इन्टरनेसनल नेपालको वार्षिक प्रतिवेदन २०१७/२०१८

१४ यातनाको अनुसन्धान र अभियोजनसम्बन्धी कानूनकानूनी व्यवस्था : एक विवेचना, गोविन्द बन्दी, फोरिडद्वारा १५ जनवरी २००८ मा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र, पृ. १

१५ for detail see Torture still Continues A Brief Report on the Practice of Torture in Nepal 2006-2007, htt :/ www. advocacyforum.orgl dfcoll/26 June u.l:1li.l;ation.,Jlfil (last visited l 5 January 2008).

१६ Torture Conducted in Systematic method l,:-; Rapporteur, 2 \'lay 2006 C:\ news room.

१७ नेपालमा दण्डहीनताको अपसंस्कार : एक विश्लेषण, मानव अधिकार अनुगमन सहिति, इन्सेक, २०१० ।

कथनबाट स्थापित र पुष्टि हुन्छ । मुलुकमा संकटकाल घोषणा भएपछि पक्राउ परी सेनाको हिरासतमा रहेका तीन सय ७१ जना पूर्वथुनुवाको अभिलेखीकरण गर्दा सबै (१ हजार ५) ले यातना पाएको तथ्य खुल्न आएको छ ।[१८] सेना वा प्रहरी हिरासतभित्र रहेका अधिकांश व्यक्तिहरू चरम यातनाको शिकार भएको र सँगै पक्राउ परी केही समय साथ रहेका थुप्रै थुनुवाहरू चरम यातनापश्चात् बेपत्ता पारिएको वा मारिएको कुरा पूर्वथुनुवाहरूले बताएको कुरा थुप्रै अध्ययन प्रतिवेदनहरूले देखाएका छन् ।[१९] यातनाका कारण हिरासतमा भएको मृत्युलाई लुकाउन सुरक्षा निकायहरूले कीर्ते कागजसम्म खडा गर्ने गरेको तथ्य सर्वोच्च अदालतले गरेको एक न्यायिक अनुसन्धानले देखाएको छ ।[२०] उल्लिखित तथ्यले विगतको द्वन्द्वका क्रममा द्वन्द्वरत् पक्षहरूले यातनालाई युद्ध अस्त्रका रूपमा प्रयोग गर्ने गरेको स्थापित गर्दछ ।

तर, त्यसरी यातना दिनेहरूलाई कारबाही गर्नुको सट्टा पुरस्कृत र पदोन्नति गर्ने तत्कालीन सुरक्षा रणनीतिले गर्दा यातना व्यवस्थित र व्यापक मात्र भएन, त्यसकै कारण धेरैले ज्यान गुमाउनु पर्‍यो । काभ्रेकी मैना सुनार, ओखलढुंगाका चक्रबहादुर कटुवाल, दैलेखका डेकेन्द्र थापा, भोजपुरका देवेन्द्र राईको ज्यान सुरक्षा निकायको हिरासत वा तत्कालीन विद्रोहीको कब्जाभित्र दिइएको यातनाका कारण गएको पाइन्छ । यसबाट राज्यपक्षबाट विद्रोही दबाउने र विद्रोहीपक्षबाट आतंक र त्रास सिर्जना गर्ने अस्त्रको रूपमा यातनाको प्रयोग व्यापक रूपमा भएको तथ्य उजागर हुन्छ ।

अन्तर्राष्ट्रिय कानूनले यातना तथा क्रूर, अमानवीय, निर्दयी वा अपमानजनक व्यवहारलाई पूर्णरूपले प्रतिबन्धित गर्दै यातनालाई फौजदारी अपराध घोषणा गर्नुपर्ने दायित्व पक्ष राष्ट्रलाई सुम्पेको छ ।[२१] कतिपय अवस्थाहरू जस्तोः युद्ध, आन्तरिक उपद्रव, आर्थिक मन्दी वा अन्य कुनै संकटका कारणले राष्ट्रको जीवन खतरामा पर्दा नागरिकका हकहरू निलम्बन गर्नसक्ने अधिकार सम्बन्धित राष्ट्रलाई अन्तर्राष्ट्रिय कानूनले प्रदान गर्दछ । तर, यातनाको हकमा भने जस्तोसुकै अवस्थामा समेत यातना दिन नहुने र यातनाको न्यायोचितताको याचना गर्न नपाइने व्यवस्था रहेको छ ।[२२] त्यसरी नै यातना विरुद्धको महासन्धिको धारा २.२ ले युद्ध वा युद्धको खतरा वा आन्तरिक राजनीतिक अस्थिरता जेसुकै भए तापनि त्यस्तो असाधारण स्थितिको दाबी गरेर यातना आवश्यक वा स्वाभाविक भएको याचना गर्न नसकिने भन्ने व्यवस्था गरेको छ ।[२३] यो व्यवस्थाले कुनै पनि बहाना वा कारणले यातनाको औचित्य प्रमाणित

---

१८ For details sec Torture Still Continues A Brief Report on the practice of Torture in :--:cpal 2006-2007, him://www.advocacyforum.org/p.Qfroll/26 Junc_pJJlmcation.pJif (last visited 15 fanuary 2008).

१९ हेर्नुस् संयुक्त राष्ट्रसंघ, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल काठमाडौंस्थित शाही नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचरी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदन सन् २००३(२००४ ।

२० राजेन्द्र ढकालसमेत वि. नेपाल सरकार गृह मन्त्रालयसमेत, ने.का.प. २०६४ अंक २, पृ. १६९ ।

२१ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ७ ले यातना तथा क्रुर, अमानवीय एवं अपमानजनक व्यवहार गर्न प्रतिवन्ध लगायो । त्यस्तै सन् १९८४ मा संयुक्त राष्ट्रसंघले यातना तथा अन्य क्रूर, अमानवीय एवं अपमानजनक व्यवहार तथा सजायविरुद्धको महासन्धि जारी गर्‍यो । उक्त महासन्धिले यातनालाई सम्पूर्ण रुपमा प्रतिबन्ध लगाउँदै पक्ष राष्ट्रउपर बन्धनकारी दायित्व सिर्जना गर्ने काम गर्‍यो ।

२२ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा ४ अनुसार राष्ट्रको अस्तित्वमा खलल पर्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिक रुपमा घोषणा गरिएको समयमा यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र यस प्रतिज्ञापत्र अन्तर्गत आफ्ना दायित्वहरु न्यून गर्ने उपायहरु अवलम्बन गर्न सक्नेछन्

२३ विद्यमान व्यवस्थापकीय वा अन्य उपायहरुको व्यवस्था भइनसकेको अवस्थामा आफ्ना प्रत्येक पक्ष राष्ट्रहरूले आफ्नो संवैधानिक प्रक्रिया

हुन नसक्ने सिद्धान्त अन्तर्राष्ट्रिय स्तरमा विकास भएको पाइन्छ ।

संविधान र प्रचलित नेपाल कानूनमा गरिएको यातनासम्बन्धी प्रावधानहरूले नेपालद्वारा अन्तर्राष्ट्रिय दायित्व बहन हुन नसकेका कारणले पनि नेपालमा यातनामा दण्डहीनताको अवस्था रहेको छ । अतः त्यसको अन्त्य गर्न यातनालाई अन्तर्राष्ट्रिय कानूनको भावनाअनुरूप आपराधीकरण गरी दण्डनीय गर्नु जरुरी देखिन्छ। त्यस्तै यातनालाई दण्डनीय अपराध बनाउनु पर्ने, यातनासम्बन्धी उजूरीहरूमा अनुसन्धान र अभियोजन गर्न तथा त्यसका दोषीलाई कानूनको दायरामा ल्याउन आवश्यक व्यवस्थापकीय, न्यायिक र प्रशासनिक बन्दोवस्त मिलाउनु नेपालको दायित्वअन्तर्गत पर्न आउँछ ।[२४] तर, हालसम्म यातनाको अभियोगमा अनुसन्धान गर्ने कुनै संरचना बन्न सकेको छैन । सुरक्षा निकायमा भएका मानव अधिकार एकाइ र राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाले मात्र राज्यले यातनासम्बन्धी उजूरीमा अनुसन्धान र अभियोजन गर्न तथा त्यसका दोषीलाई कानूनको दायरामा ल्याउन आवश्यक पर्ने व्यवस्थापकीय, न्यायिक र प्रशासनिक बन्दोबस्त मिलाएको मान्न सकिँदैन ।[२५]

## ६. गैरन्यायिक हत्या र दण्डहीनता

नेपालमा सुरक्षा संयन्त्रमा व्याप्त दण्डहीनताले प्रोत्साहन पाउनुको एउटा कारण गैरन्यायिक हत्या र सोको समयमै निष्पक्ष, चुस्त र प्रभावकारी अनुसन्धान तहकिकात गरी दोषीउपर प्रचलित कानूनबमोजिम अभियोजन नगरिनु हो । गैरन्यायिक हत्या कानूनतः प्रतिबन्धित भए पनि विभिन्न कारणले यस्ता घटनाको अनुसन्धान नहुने र आरोपीलाई मुद्दा नचलाउने कुसंस्कृति विद्यमान छ । गैरन्यायिक हत्याको मुख्य कारण कानून कार्यान्वयन गर्ने जिम्मेवारी पाएका सुरक्षाकर्मी र अधिकारीलाई कानूनले नै असीमित र अबन्धित अधिकार दिनु, त्यस्तो अधिकारको दुरूपयोग भए/नभएको निगरानी गर्ने संरचना नहुनु र कर्तव्यपालनको नाममा बल प्रयोग गर्दा त्यसको जाँचबुझ र छानवीन नहुनु हो । विगतको सशस्त्र द्वन्द्वका क्रममा माओवादीलाई दबाउने नाममा सुरक्षाकर्मीलाई जे गरे पनि हुन्छ भन्ने किसिमले स्वेच्छाचारी अधिकार प्रदान गर्नु हो ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले स्वेच्छाचारी ढंगबाट जीवनहरण गर्ने कार्यमा प्रतिबन्ध लगाएको छ र यो प्रतिबन्ध सामान्य अवस्थाका लागि मात्र नभई युद्ध वा आन्तरिक सशस्त्र द्वन्द्व वा संकटकालीन अवस्थामा समेत निलम्वन गर्न नसकिने हकका रूपमा व्यवस्थित गरिएको छ ।[२६] साथै, अन्तर्राष्ट्रिय मानवीय कानूनअनुसार सशस्त्र द्वन्द्वमा समेत गैरसैनिक नागरिकको हत्या र युद्ध त्याग गरिसकेका लडाकु, घाइते वा बिरामी लडाकु, युद्धबन्दी र हतियार बिसाएका वा आत्मसमर्पण गरेका लडाकुको मनसायपूर्वक गरिने हत्यालाई पूर्णरूपमा प्रतिबन्धित गरेको छ ।

---

तथा यस प्रतिज्ञापत्रका व्यवस्था अनुरुप या प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरुलाई कार्यान्वयन गर्न त्यस्ता आवश्यक व्यवस्थापकीय वा अन्य उपायहरु ग्रहण गर्न आवश्यक कदमहरु चाल्ने प्रतिज्ञा गर्दछन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि धारा २:२

२४ संयुक्त राष्ट्रसंघीय यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, धारा ४, ५, ७, १२, १३

२५ नेपालमा दण्डहीनताको अपसंस्कार : एक विश्लेषण, मानव अधिकार सन्धि अनुगमन समन्वय समिति, चैत २०६५

२६ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्टिय अनुबन्ध, धारा ४

संयुक्त राष्ट्रसंघले जुनसुकै प्रकारको गैरन्यायिक हत्याहरू जस्तोः गैरकानूनी र स्वेच्छाचारी हत्यालाई प्रत्येक सदस्य राष्ट्रले आफ्नो राष्ट्रिय कानूनद्वारा प्रतिबन्ध लगाई दण्डनीय अपराध घोषित गर्नुपर्ने दायित्व निरुपित गरेको छ । त्यस्तो प्रकारको प्रतिबन्ध सबै अवस्थामा जस्तो युद्ध, आन्तरिक सशस्त्र द्वन्द्व, अत्यधिक बल प्रयोगको अवस्था, सार्वजनिक अधिकारीको आदेश वा हिरासतमा हुने मृत्युलगायतका सबै अवस्थामा लागू हुने व्यवस्था गर्नुपर्नेसमेत व्यवस्था गरेको छ ।[२७] त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानले मनसायपूर्वक गरिने हत्या यदि व्यापक र योजनाबद्ध ढंगबाट आमजनसमुदायउपर केन्द्रित गरी गरिएको छ भने त्यस्तो हत्यालाई मानवताविरुद्धको अपराधको रूपमा परिभाषित गर्दै त्यस्तो कार्यमा संलग्न हुने व्यक्तिहरूलाई सम्बन्धित राष्ट्रिय कानूनले कारबाही नगरे अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कारबाही गरिने बन्दोबस्त गरेको छ ।[२८]

प्रचलित नेपालको कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्न उद्योग गर्न हुँदैन भन्ने व्यवस्था गरी गैरन्यायिक हत्यालाई प्रतिबन्धित गरेको छ । २०४७ सालको संविधान, अन्तरिम संविधान र नेपालको संविधानले समेत जीवन रक्षाको अधिकारलाई सुनिश्चित गर्दै यो अधिकार संकटकालीन अवस्थामा समेत निलम्बन हुन नसक्ने अहरणीय मौलिक हकका रूपमा व्यवस्थित गरेको छ ।[२९] यो व्यवस्थाले नेपालको नागरिक अधिकार तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लगायतका अन्तर्राष्ट्रिय कानून र संयन्त्रद्वारा गैरन्यायिक हत्यालाई प्रतिबन्धित गरी आपराधीकरण गर्ने दायित्व एकहदसम्म बहन भएको देखिन्छ । यस अर्थमा हेर्दा नेपालमा गैरन्यायिक हत्यामा विद्यमान दण्डहीनताको अपसंस्कृति केवल यसलाई आपराधीकरण नगरिएको कारणले मात्र भएको भन्न मिल्दैन । तर, अन्य कानूनमा भएका उन्मुक्तिसम्बन्धी प्रावधानले सुरक्षाकर्मीले असल नियतले गरेको काममा निजलाई दोषी नठहऱ्याइने भन्ने कानूनी व्यवस्थाले गर्दा सो हदसम्म कानूनले नै दण्डहीनतालाई संरक्षण प्रदान गरेको तर्क गर्न सकिन्छ । त्यसरी नै मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ र ६ नम्बरमा भएको भवितव्य ज्यानसम्बन्धी व्यवस्थाले समेत उल्लिखित प्रकारका गैरन्यायिक हत्यालाई भवितव्य घटनाका रूपमा परिभाषित गरी अदालतबाट समेत सोही व्यवस्थाबमोजिम कारबाही गरेको देखिएकाले उक्त मुलुकी ऐनको ज्यानसम्बन्धी महलको उक्त ५ र ६ नम्बरले समेत एकहदसम्म दण्डहीनतालाई कानूनी संरक्षण प्रदान गरेको देखिन्छ । ज्यानसम्बन्धीको ६ नम्बरको देहाय दफा २ मा भएको सजायसम्बन्धी व्यवस्थासमेत अत्यन्त न्यून सजाय हुन गई गैरन्यायिक हत्याको सन्दर्भमा सो अनुसार सजाय गर्दा दण्डहीनताले प्रोत्साहन पाउने अवस्था रहेको छ ।[३०]

नेपालको सन्दर्भमा गैरन्यायिक हत्या धेरै पहिलादेखि नै अभ्यास हुँदै आएको पाइन्छ । राणाकालमा राणाहरूको ठाडो आदेशमा मृत्युदण्ड दिने र मानिस मरिसकेपछि यदि ऊ निर्दोष थियो भनी कसैले विश्वसनीय ढंगले भनेमा जसले आरोप लगाई मार्न लगाएको हो, सोही मान्छेलाई मृत्युदण्ड दिने

२७ Principle 2 of EJ Principle.
२८ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, धारा ७
२९ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ र अन्तरिम संविधान २०६३ को धारा १४३
३० ने.का.प. २०३६, पृष्ठ २७।

प्रचलन रहेबाट गैरकानूनी हत्या र त्यसमा दण्डहीनताको अपसंस्कृति रहिआएको थियो भन्ने देखिन्छ। राणाकालमा हत्या गरिएका सहिद दशरथ चन्द, धर्मभक्त, गंगालाल, शुक्रराज शास्त्री यस्ता गैरन्यायिक हत्याका शिकार भएका केही उदाहरणीय पात्र हुन् । २०१७ सालपछि राजा महेन्द्रद्वारा लागू गरिएको एकदलीय पञ्चायती व्यवस्था अन्तर्गत दलीय राजनीतिक विचार राख्ने मानिसलाई पक्राउ गरी हत्या गर्ने वा बेपत्ता पार्ने गरी गैरन्यायिक हत्यालाई संस्थागत गरिएको थियो । २०४७ सालको संविधानले मृत्युदण्ड हुने गरी कानून बनाउन नपाइने व्यवस्था गरेपछि नेपालमा पहिलोपटक जीवनको अधिकारलाई सैद्धान्तिक रूपमा संवैधानिक संरक्षण प्रदान गरियो । यसबाट नेपालमा गैरन्यायिक हत्याको अन्त्य हुने अपेक्षा गरिएको थियो । तर, २०५२ सालमा नेकपा (माओवादी)ले शुरु गरेको सशस्त्र द्वन्द्वपश्चात् राज्य र विद्रोही दुवै पक्षबाट गैरन्यायिक हत्या व्यापक, व्यवस्थित र योजनाबद्ध ढंगले अभ्यास गर्न थालियो । सरकारका तर्फबाट विद्रोही दबाउने फौजी कारबाहीमा गैरन्यायिक हत्या राज्यको नीतिकै रूपमा देखियो भने विद्रोही पक्षले जनयुद्धको विरोध गरेको वा सुराकी गरेको वा फरक विचार राखेको नाउँमा व्यक्तिहत्याको शृंखला चलाई युद्धअस्त्रकै रूपमा गैरन्यायिक हत्यालाई प्रयोग गरेको पाइन्छ ।

विगतमा भएका केही गैरन्यायिक हत्याहरूको अध्ययनबाट त्यस बीचमा भएका गैरन्यायिक हत्याका प्रवृत्तिहरू केलाउँदा धेरैजसो गैरन्यायिक हत्याहरू दोहोरो भीडन्तका नाममा भएका देखिन्छन् । यस्ता घटनाहरू प्रायःजसो विगतमा नेकपा (माओवादी)द्वारा सुरक्षा निकायमा आक्रमण गर्ने क्रममा र सो आक्रमणपछि सुरक्षाफौजले चलाएको सुरक्षा कारबाहीका क्रममा भएको पाइन्छ । यस्ता घटनामा लडाकूहरूका अतिरिक्त गैरसैनिक नागरिक र युद्धमा प्रत्यक्ष संलग्न नभएका मानिसहरूसमेतको हत्या भएको पाइएको छ । त्यस्तै अकस्मात् झडप वा मुठभेडका नाममा गैरन्यायिक हत्याको अर्को प्रवृत्ति देखिन्छ । सुरक्षाकर्मीले माओवादीको आशंकामा पक्राउ गरेका व्यक्तिहरूलाई निश्चित समयसम्म केरकार गरी सूचनाहरू प्राप्त गरिसकेपछि त्यस्ता व्यक्तिहरूलाई हत्या गरी मुठभेडमा मृत्यु भएको भन्ने विज्ञप्ति निकाल्ने गरेको पाइएको छ ।

त्यस्तै सुरक्षा घेरा तोडेर भाग्दा सुरक्षाकर्मीबाट गरिएको कारबाहीमा क्रममा पनि हत्या भएको पाइन्छ। २०५८ सालमा संकटकाल घोषणा भई सेना परिचालन भएपश्चात् भएका अधिकांश गैरन्यायिक हत्याहरू पक्राउपछि गरिएका हत्याहरू अन्तर्गत पर्छन् । यस्ता हत्याहरूले अन्तर्राष्ट्रिय चासो पाउन थालेपछि र त्यस्ता घटनाहरूको मानव अधिकार संस्था र सञ्चारकर्मीहरूले अनुसन्धान गरी पक्राउ स्थापित हुने यथेष्ट प्रमाणका आधारमा ती व्यक्तिहरूको व्यापक खोजी हुन थालेपछि सुरक्षा निकायले त्यस्ता हत्याहरूलाई सुरक्षा घेरा तोडेर भाग्दा गरेको कारबाहीमा मृत्यु भएको घटनाका रूपमा स्पष्टोक्ति दिने गरेको पाइयो । जस्तै, काभ्रेकी मैना सुनुवार र बर्दियाकी रूपा चौधरीको गैरन्यायिक हत्या यसका उल्लेख्य उदाहरण हुन् ।[३१]

त्यस्तै विभिन्न अभियोगमा सुरक्षाकर्मीको नियन्त्रणमा सोधपुछ तथा आवश्यक सूचना प्राप्त गर्नका लागि

---

३१ नेपालमा दण्डहीनताको अपसंस्कार : एक विश्लेषण, मानव अधिकार सन्धि अनुगमन समन्वय समिति, चैत २०६५

यातना दिई हिरासतमा गरिने हत्या गर्ने प्रवृति पनि देखिन्छ । सशस्त्र विद्रोहका क्रममा माओवादीको आशंकामा प्रक्राउ परेका केही व्यक्तिहरू गैरकानूनी थुनामा रहँदाको अवस्थामा दिइएको चरम यातनाको कारणबाट हिरासतमै मृत्यु भएको पाइन्छ । त्यसैगरी शसस्त्र द्वन्द्वको पछिल्लो चरणमा माओवादीविरुद्ध स्थानीय प्रतिकार समिति बनाउने र स्थानीय बासिन्दालाई हतियार उपलब्ध गराई माओवादीसँग मुठभेड गर्न प्रोत्साहन गर्ने काम तत्कालीन सरकारको सुरक्षा नीतिअन्तर्गत रहेको पाइयो । यस क्रममा त्यस्ता भिजिलान्ते समूहहरूबाट माओवादी समर्थक भएको नाउँमा हतियारविहीन सर्वसाधारणहरूलाई हत्या गर्ने गरेको पाइयो । माओवादीहरूले निजहरू विरुद्ध सुराकी गरेको अभियोगमा देशव्यापी रूपमा योजनाबद्ध र व्यापक ढंगले सुराकीको आरोप लगाई जो कोहीको पनि हत्या गर्ने गरेको पाइयो ।

गैरन्यायिक हत्याका सम्बन्धमा अनुसन्धान नभएको र नगरिएको विषयलाई लिएर केही पीडितहरूले सर्वोच्च अदालतमा परमादेशको रिट निवेदन दायर गरेका थिए ।[३२] त्यसरी परेका मुद्दाहरूमा मूलतः प्रहरीले गैरन्यायिक हत्याको जाहेरी दर्खास्त दर्ता गर्न इन्कार गरेको, जाहेरी दर्खास्त दर्ता भएकामा अनुसन्धान गर्नै नचाहेको र अनुसन्धान गरिएकामा समेत फितलो अनुसन्धान गरी दोषीलाई मुक्ति दिने गरी कम सजायको मागदाबी गरी अदालतमा मुद्दा दायर गरिएको जस्ता प्रश्नहरू समाविष्ट थिए । अदालतले उल्लिखित मुद्दाहरूमा उपस्थित प्रश्नहरूको विवेचना गर्दै गैरन्यायिक हत्यामा जाहेरी दरखास्त पर्न आएको अवस्थामा त्यस्तो जाहेरी दरखास्त दर्ता गर्नुपर्ने, दर्ता भएका जाहेरीउपर प्रचलित कानूनबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गरी मुद्दा चल्ने भए सम्बन्धित अदालतमा मुद्दा दायर गर्नुपर्ने जस्ता कुराहरू राज्यका तर्फबाट नेपाल प्रहरी र न्यायाधिवक्ताको कानूनद्वारा निरोपित दायित्व भएको ठहर गर्दै गैरन्यायिक हत्याका घटनाहरूमा आवश्यक अनुसन्धान गर्न परमादेशको आदेश जारी गरेको थियो । उल्लिखित आदेशपछि प्रहरी कार्यालयहरूले जाहेरी दर्खास्त दर्ता गरे तापनि सो जाहेरीउपर कारबाही भएको पाइँदैन ।

तर, सर्वोच्च अदालतले फैसला गर्दा उल्लिखित दुवै प्रश्नहरूको निरूपण गर्दै गैरन्यायिक हत्याका घटनाहरू, त्यस्ता घटनाको प्रकृतिको हिसाबले के हो भन्ने विषय अनुसन्धान गर्दै जाँदा पछि ठहरेबमोजिम हुने र प्रचलित सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ३ अन्तर्गतको अपराधको सूचना प्राप्त भएपछि सो सूचना कानूनबमोजिम दर्ता गरी अनुसन्धान गर्ने दायित्व नेपाल प्रहरीको भएकाले त्यस्तो दायित्वबाट नेपाल प्रहरी अन्य कुनै बहाना गरी उम्कन नसक्ने ठहर गर्दै नेपाल प्रहरी र सरकारी वकीलको कार्यालयका नाउँमा जाहेरी दर्खास्त दर्ता गरी आवश्यक अनुसन्धान अगाडि बढाउन परमादेशको आदेश जारी गरेको थियो ।[३३]

अदालतले आदेश गरेका विभिन्न मुद्दामध्ये हालसम्म मैना सुनुवारको मुद्दा मात्र अनुसन्धानपश्चात् सम्बन्धित जिल्ला अदालतमा अभियोगपत्र दायर भएको पाइन्छ । यो मुद्दामा समेत अनुसन्धान अधिकारीहरूले नेपाली सेनामा कार्यरत अभियुक्त सैनिक अधिकृतहरूलाई पक्राउ गरी अभियोगपत्र

३३ नेपाल : न्यायको पर्खाइमा, एडभोकेसी फोरम र ह्युमन राइट वाच, पृ. २५

३३ अर्जुन लामा वि. जिल्ला प्रहरी कार्यालय काभ्रेसमेत भएको परमादेश मुद्दा अप्रकाशित ।

साथ अदालतसमक्ष उपस्थित गराउन सकेको पाइएन । त्यति मात्र होइन, अदालतले उक्त मुद्दामा जारी गरेको समाह्वान हालसम्म तामेल हुन नसके पनि फैसला भई अभियुक्तहरूलाई सजाय गरिएको छ । घटनाले गैरन्यायिक हत्यामा अनुसन्धान भई अभियोगपत्र दायर भए पनि त्यस्ता व्यक्तिहरूलाई कानूनको दायरामा ल्याउने राजनीतिक इच्छाशक्ति प्रवल नहुँदासम्म अनुसन्धान, अभियोजन र अदालतले जारी गरेको आदेशले मात्र दण्डहीनता अन्त्य हुन नसक्ने देखाउँछ ।

अदालतको आदेशको पालना नहुँदा दण्डहीनता संस्थागत हुनुका अतिरिक्त कानूनको शासनमा समेत गम्भीर चुनौती सिर्जना भएको छ । अदालतभित्रै आफ्नो आदेशको पालन भए/नभएको हेरी सो आदेशको कार्यान्वयनका लागि उचित कदम चाल्न सक्ने स्पष्ट कानूनी व्यवस्था नभएकाले पनि फैसला कार्यान्वयनमा अदालतको सक्रियताको अभाव देखिन्छ । आफ्नो आदेशको अवज्ञा भएको अवस्थामा अदालतले मानहानि मुद्दामार्फत आफ्नो आदेशको पालना गराउन सक्ने भए पनि यो उपायलाई अदालतले अदालत विरुद्धको टीकाटिप्पणी र न्यायाधीशको व्यक्तिगत मर्यादामा आँच पुग्ने मनोगत अवस्थामा मात्र उपयोग गरेको पाइन्छ । अतः दण्डहीनताको अन्त्यका लागि अदालत स्वयंले पनि आफ्नो आदेशको पालना गराउन प्रभावकारी हस्तक्षेपको नीति अवलम्बन गर्नु आवश्यक देखिन्छ ।
त्यसरी नै गैरन्यायिक हत्यामा रहेको विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न फौजदारी न्याय प्रणालीका अवयवहरू जस्तो प्रहरी, सरकारी वकील, अदालत र प्रतिरक्षी कानून व्यवसायीको क्षमतामा सुधार हुनुपर्ने देखिन्छ । विद्यमान फौजदारी न्यायप्रणाली उल्लिखित प्रकृतिका अपराधहरूको संबोधन गर्न सक्षम नहुँदासमेत दण्डहीनताले प्रोत्साहन पाउने भएकाले यसतर्फ पनि उचित ध्यान दिनु आवश्यक छ । यसका अतिरिक्त अन्य कानूनी, प्रशासनिक र न्यायिक उपायहरू अपनाई गैरन्यायिक हत्यामा रहेको दण्डहीनतालाई अन्त्य गर्नुपर्ने देखिन्छ ।

## ७. यौनजन्य हिंसा र दण्डहीनता

यौनजन्य हिंसा तथा दुर्व्यवहार सामान्यतया महिलाप्रति गरिने एक प्रकारको गम्भीर प्रकृतिको लैंगिक अपराध हो । यो कतिपय अवस्थामा महिलाविरुद्ध केवल निज महिला भएका कारणले मात्रै पनि हुने गर्दछ ।[३४] नेपालमा महिलाविरुद्ध हुने यस्ता प्रकारका हिंसाहरू विभिन्न खाले छन् । बलात्कार, यौन दुर्व्यवहार, यौनशोषण, जबरजस्ती वेश्यावृत्ति र बदलाको भावनाले गरिने यौनशोषण यसका केही उल्लेख्य उदाहरण हुन् । अन्य मुलुकमा जस्तै नेपालमा पनि यौनजन्य हिंसाहरू विगतदेखि नै हुँदै आएका छन् । त्यस्तै विगतमा सशस्त्र द्वन्द्वका क्रममा यस्ता घटनाहरू थुप्रै भएको तथ्यहरू फेला परेका छन् । तर, यस्ता घटनाको अनुसन्धान गर्ने र दोषीलाई कानूनको दायरामा ल्याउने काम हुन सकेन । यो नै यस क्षेत्रमा रहेको दण्डहीनताको मुख्य कारण हो ।

त्यस्तै विभिन्न समयमा महिलाप्रति हुने यौनिक हिंसात्मक घटना घटिसकेपछि पनि महिलामथि सामाजिक

३४ The LS Committee on the Elimination of All Fonns of Discrimination Against Women (CEDAW) has states in its General recommendation \"o. 19 that 'gender-based violence' is violence that is directed against a women because she is a women or (because violence) affects women disproportionately .. . 'therefore, women who experience infringement upon their human rights due to anncd conflict arc not under an equal protection of the law.'

रुपमा पर्नसक्ने असहज अवस्थाका कारण यस्ता घटनाहरू सार्वजनिक हुन नसकिरहेका छन् । सार्वजनिक भइहाले पनि प्रहरी प्रशासन तथा पीडक पक्षबाट विभिन्न प्रलोभन, डर, त्रास तथा धम्कीले यस्ता घटनाहरूलाई गुपचुप राख्न खोजिएका उदाहरणहरू प्रशस्त छन् । त्यस्तै पीडितलाई न्याय दिलाउन सकहयोग पुऱ्याउने निकाय नै यस्त घटनाका दोषीलाई उम्काउन खोज्दा समाजमा यौनजन्य हिंसालाई बढावा दिँदै दण्डहीनताको अवस्था पनि मौलाउँदै गएको देखिन्छ । पछिल्लो समय महिलाप्रति भइरहेका यौनजन्य हिंसात्मक क्रियाकलाप बढ्दै जानुमा यौनजन्य हिंसाका पीडकलाई दण्ड सजाय नदिइनु पनि एउटा प्रमुख कारक रहेको छ ।

अन्तर्राष्ट्रिय कानूनले मानव समुदायका सबै सदस्य समान हुने र सबैको अस्तित्व र आत्मसम्मानको समान ढंगले कदर गर्नुपर्ने व्यवस्था गर्दै ती अधिकारको उल्लंघन हुन नहुने कुराको सुनिश्चितता प्रदान गरेको छ ।[३५] त्यसरी नै अन्तर्राष्ट्रिय मानवीय कानूनले समेत यौनजन्य हिंसालाई प्रतिबन्ध लगाएको छ ।[३६] यौनजन्य र लैंगिक हिंसा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रतिबन्धित महिला तथा बालबालिका विरुद्धको अपराध हो । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले सशस्त्र द्वन्द्वका बेलामा हुने त्यस्ता प्रकारका हिंसालाई अन्तर्राष्ट्रिय शान्तिसँग सरोकार राख्ने निष्कर्ष निकाल्दै त्यसलाई पूर्ण प्रतिबन्धित गर्नुपर्नेतर्फ अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ ।[३७]

नेपालको कानूनी इतिहास हेर्दा अभिलेखमा मात्र सीमित रहेको र प्रचलनमा नै नआएको नेपाल सरकार वैधानिक कानून, २००४ मा महिला शब्दसम्म पनि उल्लेख छैन । नेपाल अन्तरिम शासन विधान, २००७ को निर्देशक सिद्धान्तमा महिला तथा केटाकेटीको कलिलो उमेरको दुरूपयोग हुन नदिने तथा स्त्री जाति र बालबालिकाका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था भए पनि कुनै विशेष व्यवस्था भने गरिएन । नेपाल अधिराज्यको संविधान, २०१५ ले पनि यस विषयमा कुनै खास व्यवस्था गरेको पाइँदैन । नेपालको संविधान, २०१९ मा राज्यले बालक वा स्वास्नीमानिसको हितको संरक्षण गर्न मौलिक हकमा बन्देज

३५ The Preface to the C:\ Declaration of Human Rights emphasizes 'the in herent dignity and ... the equal and inalicnab:e rights of all members of the human fami ly'; Article One states that '(a)ll human beings arc born free and equal in dignity and rights'; and Article Two states that '(c) everyone is entitled to all the rights and freedoms set forth in this Declaration, without distinction of any kind, such as race,.colour, sex, language, religion, political or other opinion. national or social origin, prope1ty, birth or other status.' The Human Rights Committee of the Cnitcd :\ations has recognized that 'sex' in this Article, and as it is referred to in the nondiscrimination clauses of the International Covenant on Civil and Poli tical Rights, includes sexual orientation.

३६ Common article 3 of the all the Four Geneva Conventions 19/49, prohibi ts acts against non-cor.ibatants including 'murder of all kinds', 'violence to life and person'. torture, the taking hostages, and outrages upon personal dignity, in particular humiliating and degrading treatment. Protocol I of the 1949 Geneva Conventions, addressing civilian and/or military authorities who involved themselves in cases of international armed conflict as well as colonial domination and racist rcg11ncs, states women 'shall be protected in particular against rape. forced prostitution and any form of indecent assault.'

३७ UN Security Council Resolution 1820 states: 'Sexual violence, when used or commissioned as a tactic of war in order to deliberately target civilians or as a part of a widespread or systematic attack against civilian populations, can significantly· exacerbate situations of am1cd conflict and may impede the restoration of international peace and security, affirms in this regard that efTectivc steps to prevent and respond to such acts of sexual violence can significantly contribute to the maintenance of international peace and security, and cxprcss~s its read iness. when considering situations on the agenda of the Council, to ,- where necessary, adopt appropriate steps to address widespread or systematic sexual violence.'

लगाउन सक्ने बाहेक अरू कुनै व्यवस्था भए गरेको देखिँदैन ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा महिला र बालबालिकाको संरक्षण र विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने अमूर्त व्यवस्थामात्र सीमित देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ मा महिला हकको व्यवस्था गरेको छ । १९१० मा जारी पाँच भाग मुलुकी ऐनमा पनि महिलामाथि हुने यौनिक हिंसाविरुद्ध कुनै ठोस कानूनी व्यवस्था भएको पाइँदैन । नेपालमा २०२० सालमा मुलुकी ऐन बनेपछि कानूनी रूपमा महिलाको संरक्षणको शुरुवात भएको देखिन्छ । नयाँ मुलुकी ऐनका नामले परिचित यो कानूनी संग्रह २०२० भदौ १ गतेदेखि लागू भएको हो ।

२०२० सालको मुलुकी ऐनमा लोग्नेस्वास्नीको महल, स्त्री अंशधनको महल, कुटपीटको महल, जीउ मास्ने बेच्नेको महल, आशय करणीको महल, जबरजस्ती करणीको महल, हाडनाता करणीको महल, जारीको महलहरूमा महिलासँग बढी सम्बन्ध राख्ने कानूनी व्यवस्था छन् । त्यसमध्ये पनि आशय करणीको महल र जबरजस्ती करणीको महलको ८ नम्बर विशेष छन् ।[३८]

२०५२ बाट देशमा शुरु भएको सशस्त्र युद्धका दौरान विद्रोही र राज्यपक्ष दुवैतर्फबाट महिला हिंसा भएका छन् । खासगरी सुरक्षाकर्मीद्वारा पक्राउपछि बलात्कार गर्ने, हत्या गर्ने, अघोषित पत्नी बनाएर राख्ने, गर्भवती बनाउने, सन्तान जन्मिएपछि लखेटिदिने वा घरठेगाना नबताएका कारण थाहा पत्ता नभएर ती सन्तानले अवैध हुनु परेको पीडा बताइनसक्नुको छ ।[३९] यति मात्र होइन- बाबु, दाजु, पति, छोराछोरी र परिवारका सदस्यहरू पक्राउ, हत्या र बेपत्ता पारिएका कारणले समेत महिलाहरू हिंसाको शिकार भएका छन् । त्यसैगरी सशस्त्र विद्रोहका क्रममा १० महिनाकी बालिकादेखि ७० वर्षे प्रौढ महिलासम्म बलात्कार तथा यौनिक हिंसाको शिकार भएका छन् ।

ओएचसिएचआर र इन्सेकको अध्ययन अनुसार सन् २००७ मा मात्र देशभर बलात्कारका २ सय ३ घटना भए, जसमा २ सय १६ जनाको संलग्नता देखिएको छ । एकै वर्षभित्र १० वर्षमुनिका १६ जना बालिका बलात्कारको शिकार भएका छन् ।[४०] अझ कतिपय बलात्कारका घटना या त घरपरिवारले नै लुकाउने गर्दछन् या परिवारको समेत जानकारीमा आउँदैनन् । कतिपय घटनामा जाहेरी दरखास्त परे पनि अभियुक्त पक्राउ नै पर्दैनन् । यसले गर्दा पनि हिंसापीडितलाई न्याय दिलाउनु र पीडितले न्याय पाउनु भनेको हिमाल चढ्नुभन्दा पनि कठिन कार्य भएको छ ।

केही गैरसरकारी संस्थाले गरेको अध्ययनले विगत सशस्त्र द्वन्द्वका क्रममा नेपालमा बलात्कार युद्धअस्त्रका रूपमा द्वन्द्वरत् दुवै पक्षद्वारा प्रयोग भएको देखाइएको छ ।[४१] अन्तर्राष्ट्रिय मानवीय कानूनले बलात्कारलाई युद्धको अस्त्रका रूपमा प्रयोग गर्नु युद्धअपराध मानिन्छ । तर, यस्ता घटनाहरूको अध्ययन गर्ने र अनुसन्धान गर्ने काम भने हालसम्म पनि हुन सकेको छैन ।

३८ मुलुकी ऐन, २०२० जबर्जस्ती करणीको ८ नं.
३९ मैना सुनुवार काभ्रे, सपना गुरुङ बेलवारी मोरङ घटना
४० INSEC Human Rights Book, 2008, Kathmandu, 19 Feb 2008.
४१ Nepal : a gender view of the armed conflict and the peace processQUADERNS DE CONSTRUCCIO DE PAU N 4 p.

मुलुकी ऐन जबरजस्ती करणिको महलले कुनै पनि १६ वर्ष उमेर पुगेकी स्वास्नीमानिसलाई उसको मञ्जूरीबेगर वा जोरजुलुम वा धाक धम्की वा अनुचित प्रभावमा पारी र नाबालिकालाई मञ्जूरीले पनि करणी गर्न नपाइने व्यवस्था गरेको छ। त्यसरी नै सोही ऐनको आशय करणीको महलले 'आफ्नी स्वास्नी बाहेक जुनसुकै 'स्वास्नीमानिसलाई' करणीका आशयले शिरदेखि पैतालासम्मका अंगमा छुन-समात्न प्रतिबन्ध लगाई त्यस्ता कार्यलाई दण्डनीय अपराध बनाएको छ। तर, ती दुवै कानूनमा क्रमशः सो कुरा भएगरेको मिति र प्रकाशमा आएको मितिले ३५ दिनभित्र नालिस नदिए लाग्न सक्दैन' भन्ने व्यवस्थाले गर्दा सशस्त्र द्वन्द्वको अवस्थामा भएका यस्ता घटनाहरू संबोधन हुन नसकेको अवस्था छ । र, हाल आएर ती घटनाहरू विरुद्ध उजूरी गर्न सकिने अवस्था पनि छैन। यसले गर्दा बलात्कार र अन्य आशय करणीमा दण्डहीनताको अवस्था रहिरहेको छ।

यद्यपि, यस वर्ष नेपाल ऐन संशोधन गर्ने ऐनमा महिलाका विषयमा विभेदकारी मानिएका ३३ वटा कानून संशोधन वा खारेज गरिएका छन् । बलात्कारको मुद्दामा ३५ दिनभित्र उजूरी दिनुपर्ने हदम्याद बढाएर ६ महिना बनाइएको छ भने पीडकले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा पीडितलाई क्षतिपूर्ति दिने दायित्व राज्यले लिएको छ । घरभित्र हुने हिंसा, कार्यस्थलमा हुने यौन शोषण, बोक्सीजस्ता कुप्रथाका लागि छुट्टै कानून बनेका छन्। वैवाहिक बलात्कारमा सजाय बढेको छ। यसै गरी हिंसापीडित महिलाको समस्या संबोधन गर्न केही संयन्त्र पनि बनाइएको छ । पीडित महिला न्यायिक, स्वास्थ्यलगायतका उपचार खोज्न छुट्टाछुट्टै ठाउँ भौतारिन नपरोस् भन्ने उद्देश्ले २१ वटा जिल्लामा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिएको छ । यो विस्तार हुने क्रममा छ । हिंसापीडित महिलाको संरक्षण गर्न १७ वटा जिल्लामा सुरक्षा आवास छन्। तर यहाँ ४५ दिनभन्दा धेरै राख्ने व्यवस्था छैन। नेपाल प्रहरीमा देशैभर २ सय ७० वटा महिला तथा बालबालिका सेवा केन्द्र पनि छन्। तर यी सेवा केन्द्रमा सबै ठाउँमा महिला प्रहरीको व्यवस्था छैन भने कतिपय ठाउँमा हिंसापीडित महिलाले आफ्ना कुरा भन्न सक्ने वातावरण छैन अर्थात गोप्य स्थानको अभाव छ।[४२]

प्रचलित नेपाल कानूनले बलात्कार र आशय करणीलाई अपराधका रूपमा परिभाषित गरेपनि यौन दुर्व्यवहार, घरेलु हिंसा र युद्धको अस्त्रका रूपमा गरिने यौनजन्य हिंसालाई अपराध नमानेका कारण पनि यी विषयमा कानूनी दण्डहीनताको अवस्था रहेको छ। त्यस्तै बलात्कार र आशय करणीमा समेत उजुर गर्ने हदम्यादका कारण सोही अवस्था विद्यमान छ। अन्य अवस्थामा यस्ता प्रकृतिका मुद्दाहरू सार्वजनिक गरिदा पीडितको भविष्यमा पर्ने नकारात्मक असर, बलात्कार प्रमाणित गर्न नसक्दा पर्ने असर र जटिल र लामो कानूनी प्रक्रियाले गर्दा महिलाविरुद्ध हुने यौनजन्य हिंसाका घटनाहरू संबोधन हुन नसकी दण्डहीनता विद्यमान रहन गएको अवस्था सिर्जना हुन्छ।

## ८. अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन र दण्डहीनता

नेपालमा विद्यमान दण्डहीनताको अर्को कारण अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन पनि हो। अन्तर र्राष्ट्रिय मानवीय कानून खासगरी युद्ध वा सशस्त्र द्वन्द्वको बेला लागू हुन्छ र द्वन्द्वरत् पक्षहरूले यसको पालना

४२ इन्सेकको मानव अधिकार वर्ष पुस्तक २०१८

गर्नुपर्ने हुन्छ । द्वन्द्वरत् पक्षहरूद्वारा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन भएमा त्यस्तो कानूनको उल्लंघन गर्ने व्यक्तिलाई जवाफदेही बनाइने व्यवस्था गरिएको छ। सामान्यतया मानव अधिकार कानूनले परिभाषित गरेको दण्डहीनताको दायराभित्र गैरराज्य पक्षद्वारा गरिएका ज्यादतीहरू पर्दैनन् । तर सशस्त्र द्वन्द्वका बेलामा विद्रोहीहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्नुपर्ने भएकाले त्यस्तो कानूनको उल्लंघन भएको अवस्थामा राज्य पक्षका अतिरिक्त विद्रोहीहरू पनि जवाफदेही हुनुपर्ने हुन्छ ।

विगतमा नेपालको सशस्त्र द्वन्द्वको अवस्थामा द्वन्द्वरत् राज्यपक्ष र विद्रोही पक्षले मानवीय कानूनको उल्लंघन गरेका तथ्यहरू विभिन्न अनुसन्धान र अध्ययनले देखाएका छन्। तर त्यस्तो उल्लंघनमा संलग्न व्यक्तिहरूलाई जवाप꞉देही बनाउने काम भने हालसम्म हुन सकेको छैन। यसले नेपालमा हाल विद्यमान दण्डहीनताको अवस्थालाई थप संस्थागत गरेर लैजाने खतरा उत्पन्न भएको छ।

नेपालमा विगत एक दशकसम्म चलेको सशस्त्र द्वन्द्व गैरअन्तर्राष्ट्रिय प्रकृतिको आन्तरिक सशस्त्र द्वन्द्व भएको तथ्य निर्विवाद छ। अतः यस्तो अवस्थामा अन्तर्राष्ट्रिय मानवीय कानून आकर्षित हुन्छ। अन्तर्राष्ट्रिय मानवीय कानूनको केन्द्रीय सरोकार युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको संरक्षण गर्नु हो । चारवटै जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ ले युद्धका पक्षहरूको दायित्व सिर्जजना गरेको छ र यो व्यवस्था गैरराज्यपक्षको हकमा समेत लागू हुन्छ । यसले युद्धमा प्रत्यक्ष वा सक्रिय ढंगले भाग नलिएका, घाइते र बिमारीको संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रावधानअन्तर्गत द्वन्द्वरत् पक्षलाई युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको हत्या गर्न, बेपत्ता पार्न, कुटपीट वा यातना दिई शारीरिक क्षति पुऱ्याउन, दुर्व्यवहार गर्न प्रतिबन्ध लगाएको छ। साथै यसले बिमारी वा घाइते व्यक्तिहरूको संरक्षण गर्नुपर्ने सकारात्मक प्रकृतिको दायित्वसमेत सम्बन्धित पक्षउपर निरोपित गरेको छ।[४३]

विगत १० वर्षे जनयुद्धका क्रममा द्वन्द्वरत् दुवै पक्षद्वारा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन भएका तथ्यहरू विभिन्न अध्ययनबाट फेला परेका छन् । यस्ता घटनाहरू खासगरी २०५८ सालपछि उल्लेख्य ढंगले भएको पाइन्छ। नेपाली सेनाले गरेको दोरम्बा र कोटबाडा, माओवादीले गरेको बाँदरमुढे र नौमूले आक्रमण वा दोहोरो भीडन्तका नाउँमा भएका थानकोट, फापरबारी, पनौती, तानसेन, अर्घाखाँची, अनेकोट आदि त्यस्ता घटनाका उदाहरणहरू हुन् । यी घटनाहरूमा प्रायः जसो आत्मसमर्पण गरेका वा युद्धमा प्रत्यक्ष संलग्न नभएकाहरूलाई कब्जामा लिएपश्चात् हत्या गरिएको, गैरसैनिक क्षेत्रमा आक्रमण गरिएको, सर्वसाधारणको घर, विद्यालयलाई ढालको रूपमा प्रयोग गरिएको, नेपाली सेनाको तर्फबाट जथाभावी हवाई आ्क्रमण गरिएको, नेकपा (माओवादी) घरेलु विस्फोटक पदार्थ वा गैरपरम्परागत हतियार प्रयोग गरिएको, भीडन्तको क्रम वा त्यसपछि माओवादीद्वारा सर्वसाधारणलाई अपहरण गरेको, सार्वजनिक सम्पत्ति वा संरक्षित बस्तुउपर आक्रमण र नष्ट गरेको, युद्धमा संलग्न नभएका सुरक्षाकर्मीको जानाजान हत्या गरेको, युद्धमा बालबालिकाको प्रयोग भएको जस्ता कुराहरू पर्दछन् ।

४३ The International Court of Justice has opi1ied that Common Article 3 represents customary international law in both international and non-international anncd conflict. Military and Paramilitary Activities in and against :\ica·ragua (:S:icar. v. U.S .), Merits, 1986 !CJ Rep. 4 (June 27), at paras. 118-120.

## ९. श्रमिक अधिकारमाथि विद्यमान दण्डहीनता

वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाउने व्यवसायीले विभिन्न प्रलोभन देखाई आर्थिक उपार्जन गर्ने काम बढाउँदै गएका छन् । सरकारले लागू गरेको भनिएको निःशुल्क भीसा, निःशुल्क टिकट नीति पनि नाममात्रैको सीमित हुनपुग्यो । त्यस्तै वैदेशिक आप्रवासी श्रमिकलाई प्रभावकारी संरक्षण दिलाउन र श्रमिक भर्नासम्बन्धी गैरकानूनी र आपराधिक अभ्यासहरूमा विद्यमान दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न सरकार विफल भयो । आप्रवासी श्रमिकहरू उपर वैदेशिक रोजगार व्यवसायी र एजेन्टहरूले विधिवत रूपमा गैरकानूनी र कसूरजन्य व्यवहार गरिरहे । वैदेशिक रोजगार व्यवसायीले आप्रवासी श्रमिकबाट नियमित रूपमा गैरकानूनी र अत्यधिक शुल्क लिए, विदेशमा गर्ने कामको सेवा शर्तहरूका बारेमा उनीहरूलाई झुक्काए र भर्ना प्रक्रियाका क्रममा लिएको ऋण सञ्चितीकरण गरेर विदेशमा काम गर्न जानका लागि श्रमिकहरूले दिएको सहमतिलाई तोडमरोड गरे ।

केही व्यवसायीहरू सीधै श्रम शोषणका लागि बेचविखनमा संलग्न भएका थिए जुन कुरा नेपालको मानव बेचविखन र ओसारपसार नियन्त्रण ऐनअन्तर्गत दण्डनीय छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को परिच्छेद् २ मा मानव बेचबिखन र ओसारपसार गर्न नहुने उललेख छ । कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन । सोही ऐनको परिच्छेद् ४ मा त्यस्ता कार्यमा संलग्नलाई दण्ड सजायको व्यवस्था गरिएको छ । किन्त, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए १५ वर्षदेखि २० वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ ।[४४]

सयौं हजार श्रमिकहरू कामका लागि विदेश गइरहेका भए पनि आप्रवासी श्रमिकहरूको संरक्षण गर्ने कार्यादेश पाएका सरकारी विभागहरूका लागि नेपालको कूल बजेटको एक प्रतिशत मात्र बजेट विनियोजन गरियो । जबर्जस्ती श्रमको अवस्थामा विदेशमा फसेका आप्रवासीहरूले घर फर्कनका लागि नेपाली राजदूतावासबाट सहयोग प्राप्त गर्नमा धेरै कठिनाइ व्यहोरे । विदेशमा समस्या भोगेका श्रमिकलाई स्वदेश फिर्तिका लागि रोजगार व्यवसायीहरूले सहयोग गर्नुपर्ने प्रावधान वैदेशिक रोजगार ऐनमा रहेको भए पनि उनीहरूले बिरलै त्यस्तो सहयोग गरे । वैदेशिक रोजगारीका समयमा हुने श्रमिकहरूको बड्दो मृत्युका बारेमा शव परीक्षण लगायत विधिबाट अनुसन्धान गर्न अधिकारीहरू विफल भए ।

सरकारको निःशुल्क भीसा, निःशुल्क टिकट नीति कार्यान्वयनमा कुनै सुधारहरू गरिएनन् । जसले रोजगार व्यवसायीहरूले लिने भर्ना शुल्कमा संकुचन आउने ठानिएको थियो । सरकारले लगातार श्रमिकहरूको आप्रवासन खर्च घटाउने र ऋण हासिल गर्नबाट उनीहरूलाई संरक्षण गर्ने सार्वजनिक प्रतिबद्धता गरेता पनि प्रस्थान गर्नु अघि लाग्ने खर्चहरू बढाएर आप्रवासी श्रमिकमाथिको बोझ बढायो । जुलाईमा वैदेशिक रोजगार प्रवर्धन बोर्डले सरकारी सञ्चालनमा रहेको कल्याणकारी कोषमा आप्रवासी श्रमिकहरूले योगदान गर्नुपर्ने रकम बढायो । आठ हजारभन्दा धेरै आप्रवासी श्रमिकहरूले श्रमिक भर्ना गर्ने रोजगार

४४ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

व्यवसायीहरूविरुद्ध उजूरी हालेका भए पनि एक सय भन्दा कम एजेन्सीलाई मात्र जरिवाना तिराउने वा वैदेशिक रोजगार ऐन उल्लंघन गरेकोमा वैदेशिक रोजगार न्यायाधीकरणमा पठाउने काम भयो ।

वैदेशिक रोजगारीका व्यवसाय मध्ये ११ प्रतिशतको मात्र अनुगमन भ्रमण भयो । वैदेशिक रोजगार ऐन २०६४ अनुसार पीडितहरूले वैदेशिक रोजगार विभागमा उजूरी हाल्ने व्यवस्था छ र यसले वैदेशिक रोजगार व्यवसायीहरूले गरेको नेपालका फौजदारी कानूनहरूको उल्लंघनका प्रश्नमा प्रहरीलाई सक्रियताका साथ छानवीन गर्न बन्देज लगाएको छ । आप्रवासी श्रमिकहरूले आफूले भोगेको आर्थिक क्षति वा हानिको दाबी गरेको भन्दा निकै कम क्षतिपूर्ति पाए । वैदेशिक रोजगार व्यवासायीहरूले उनीहरूद्वारा नियमित रूपमा हुने आप्रवासी श्रमिकमाथिको ज्यादती र शोषणमाथि छानवीन, अभियोजन, न्याय सम्पादन कार्य हुन नदिन आ-आफ्ना राजनीतिक प्रभावलाई उपयोग गरिनै रहे ।[४५]

## १०. निर्वाचनकेन्द्रित हिंसा र दण्डहीनता

त्यस्तै निर्वाचनका दौरान भएका हिंसाका घटना र ती घटनामा संलग्नहरूबारे सरकारले चित्त बुझ्दो जवाफ दिन सकेन । चुनावको मुखमा देशैभरि शृंखलाबद्ध बिष्फोटका घटना भए तर कसैले पनि यसलाई गम्भीर रूपमा लिएनन् । दाङमा भएको बम विष्फोटमा म्यादी प्रहरी २३ वर्षीय विनोद चौधरीको मृत्यु भयो भने सात जनाभन्दा बढी घाइते भए । नुवाकोटमा नेपाली कांग्रेसका नेता रामशरण महतलक्षित आक्रमण भयो भने काठमाडौँमा गगन थापालक्षित आक्रमणको घटना सार्वजनिक भयो । भोजपुरमा एमाले नेता शेरधन राई तथा इलाममा एमाले नेताहरू लक्षित आक्रमणका घटना सार्वजनिक भए । त्यस्तै उदयपुरमा नेपाली कांग्रेसका उम्मेदवार नारायण कार्की लक्षित एम्बुस वष्फोटको घटनामा कांग्रेस नेतृ मीरा कटुवालले घुँडामुनिको भाग नै गुमाउनु पर्‍यो ।

यसैगरी रौतहटको चन्द्रनिगाहपुरमा सर्वसाधारण लक्षित विष्फोटको घटनामा परी धेरै घाइते भए । तर विडम्बना, निर्वाचन सकिएलगत्तै यस्ता विषय ओझेलमा परेका छन् । निर्वाचनअघि भएका हिंसात्मक घटना र त्यसमा कसको संलग्नता थियो भन्नेबारे चर्चा नै हुन छाडेको छ । चुनाव विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा स्थानीय प्रशासनले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका केही कार्यकर्ता पक्राउ गरेको थियो । धेरैजसो निर्वाचनलगत्तै रिहा भए भने केहीलाई मात्र मुद्दा चलाइएको छ । यस्ता घटनामा संलग्नहरू कारबाहीको दायरामा नआउनुले देशमा व्याप्त दण्डहीनतालाई नै प्रश्रय पुग्नेछ । पहिलो र दोस्रो संविधान सभाको निर्वाचनका क्रममा पनि चुनावकेन्द्रित हिंसाका घटना भएका थिए । चुनाव नचाहनेले पनि हिंसा मच्चाएका थिए । यसबेला पनि यस्ता घटनामा संलग्नहरू कानूनी दायरामा समेटिएनन् । पछिल्लो चुनावमा देखिएको हिंसा र दण्डहीनता त्यसैको निरन्तरता हो भन्न सकिन्छ ।

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०१७ मा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा ६ हजार ५९ जना पीडित भए । सन् २०१६ मा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा ४ हजार ५ सय २ जना पीडित भएका थिए । सन् २०१७ को तथ्यांक गत वर्षको तुलनामा १ हजार ५ सय ५७ ले बढी हो । गत वर्ष राज्य पक्षबाट ३ सय ५८ जना र गैरराज्य पक्षबाट ४ हजार १ सय ४४ जना मानव

४५ एम्नेस्टी इन्टरनेसनल नेपालको वार्षिक प्रतिवेदन २०१७/२०१८

अधिकार उल्लंघन तथा ज्यादतीबाट पीडित भएका थिए । यस वर्षराज्य पक्षबाट ८६ महिलासहित ७ सय ७७ जना तथा गैरराज्य पक्षबाट ४ हजार ५ सय ७९ महिलासहित ५ हजार २ सय ८२ जना पीडित भए । गत वर्षको तुलनामा राज्य पक्ष र गैरराज्य पक्ष दुवैबाट मानव अधिकार उल्लंघन र ज्यादतीका घटना बढी भएको अभिलेख गरियो । २०७३ फागुन २३ गते सप्तरीको राजविराजमा नेकपा एमालेले गरेको आमसभा सकिएपछि मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपका क्रममा पाँचजनाको मृत्यु भयो । एमालेको मेची-महाकाली अभियानलाई मधेसी मोर्चाले अवरोध गर्ने कार्यक्रम राखेपछि सुरक्षाकर्मीले त्यसलाई रोक्ने प्रयत्न गर्दा घटना भएको जनायो । तर, एमालेले भने कार्यक्रम सकिएर अन्यत्र लागिसकेपछि घटना भएको जनायो । सन् २०१७ मा सुरक्षाकर्मीको गोली प्रहारबाट ११ जनाको मृत्यु भयो । यो वर्ष राज्य पक्षबाट भएका यातनाका घटनामा सात, गोली प्रहारबाट घाइते ३७, भेला तथा संगठित हुने अधिकार नदिएर भएका घटनामा १ सय ६७ र कुटपीटका घटनाबाट ७९ जना पीडित भए ।[४६]

## ११. संस्थागत दण्डहीनता

दण्डहीनतालाई संस्थागत गर्ने क्रमको निरन्तरता स्वरुप अदालतमा दायर भएका मुद्दाहरू फिर्ता लिने सरकारी कदमलाई अझ अर्को गम्भीर रुपमा हेर्न सकिन्छ । हत्या लगायत जघन्य अपराधका घटनामा संलग्न भनी अदालतले दोषी प्रमाणित गरी सजाय तोकेका व्यक्तिलाई आममाफी दिने प्रक्रिया अघि बढाइयो । यो काम स्वयं कानूनको रक्षक सरकारले गरेबाट दण्डहीनताले संस्थागत रुप धारण गरेको छ । हुन त सरकारले द्वन्द्वकालका ‘राजनीतिक’ प्रकृतिका मुद्दा फिर्ता लिएको बताए पनि हत्या, अपहरण, यातना, बेपत्ता पार्ने कार्य जस्ता घटनामा संलग्नहरूका मुद्दासमेत फिर्ता लिने निर्णय भएका छन् र हत्या, अपहरण, यौनजन्य ज्यादती, यातना जस्ता घटनाहरू कुनै पनि हालतमा राजनीतिक प्रकृतिको नभएर आपराधिक प्रकृतिका हुन् ।

अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानूनहरूले हत्या, अपहरण, बेपत्ता, यौन ज्यादती, यातना लगायतका घटनाका दोषीलाई उन्मुक्ति दिन नहुने र दोषीलाई कारबाही एवं पीडितलाई परिपूरण सुनिश्चित गर्नु पर्ने कुरा उल्लेख गरेका छन् । त्यस्ता अन्तर्राष्ट्रिय कानून नेपालको लागि बाध्यकारी छन् । चाहे त्यस्ता घटना द्वन्द्वकालका हुन् वा अन्य अवस्थामा, अपराधको कोटिमा पर्ने घटनामा सजायबाट उन्मुक्ति दिन मिल्दैन । आपराधिक कार्यका घटनामा दोषीलाई कानूनी कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्नु अनिवार्य छ भने यदि त्यसो नगरिएमा देशमा दण्डहीनता मौलाउँदै गएर अराजकता बढ्दै जान्छ ।

यसरी अन्तर्राष्ट्रिय कानूनको प्रावधान र विस्तृत शान्ति सम्झौता वा अन्य अधिलेखमा दण्डहीनताको अन्त्य गर्ने एवं मानव अधिकारको सम्मान गर्ने भनी व्यक्त गरिएका प्रतिबद्धतालाई समेत वेवास्ता गर्दै दोषीलाई कानूनी कारबाही गरिनु त कता हो कता दायर भएका मुद्दा समेत फिर्ता लिनुले वा अदालतले छिनोफानो गरी सजाय तोकिसकेका व्यक्तिको सजाय माफीको प्रक्रिया अघि बढाइनुले दण्डहीनतालाई थप संस्थागत गर्दछ । संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले नेपालभरमा द्वन्द्वका क्रममा भएका मानव अधिकार हनन् का घटनाहरूको विवरण संलग्न गरी अक्टोबर २०१२ मा एक प्रतिवेदन सार्वजनिक गरी नेपाल सरकारलाई

४६ इन्सेकको मानव अधिकार वर्ष पुस्तक २०१८

त्यस्ता घटनाहरूमा संलग्न द्वन्द्वका दुबै पक्षका दोषिहरूलाई फौजदारी कानून बमोजिम अभियोजन गर्न आग्रह गरिएको थियो । सो प्रतिवेदनमा त्यस्ता मानव अधिकार हननका ३० हजारभन्दा घटनाहरूको आधार प्रमाणका अभिलेखहरू समेत संलग्न राखिएको थियो । त्यसलाई स्वीकार गरेर छानवीन अगाडि बढाउनुको साटो तत्कालीन नेपाल सरकारका केही मन्त्रीहरूले उल्टै संयुक्त राष्ट्रसंघको आलोचना गरेको थिए ।[४७]

सरकारले सबैभन्दा बढी मुद्दा फिर्ता आर्थिक वर्ष २०६५/०६६ मा लिएको छ । सो आर्थिक वर्षमा १ सय ८४ मुद्दा फिर्ता लिइएकामा आर्थिक वर्ष २०६६/०६७ मा ४२ वटा मुद्दा फिर्ता लिएको महान्यायाधिवक्ताको प्रतिवेदनमा उल्लेख छ ।[४८] सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारले प्रचलित कानून बमोजिम सरकार वादी भई हेरिने वा सरकारको तर्फबाट चलाइएको वा सरकार उपर परेको मुद्दा सरकारी वकीलमार्फत अन्य पक्षहरूको सहमतिले मिलापत्र गर्न वा अदालतको मञ्जुरीले सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्ने कानूनी व्यवस्था रहेको छ ।[४९] मुद्दा फिर्ता लिने सम्बन्धमा भएको नेपाल सरकारको निर्णयलाई अदालत समक्ष मञ्जूरीका लागि प्रस्तुत गरी कार्य रुपमा ल्याउने काम सरकारी वकीलको हो । सम्बन्धित अड्डा अदालतहरूबाट मुद्दा फिर्ता लिन सहमति भएपछि मात्र विधिवत रुपमा ती मुद्दाहरू फिर्ता हुन्छ । नेपालको संविधानको धारा १५८ को उपधारा (३) मा नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने संवैधानिक व्यवस्था गरेको छ ।[५०]

## १२. मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८

नागरिकका अधिकार सुनिश्चितता गर्न मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ जारी गरिएको हो । नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्नका लागि त्यसको प्राप्तिमा मार्ग सहज गर्न र उपभोगमा भेदभाव नहुने कुराको व्यवस्थापन गर्न यी दुवैखाले अधिकारका बारेमा दुई महासन्धि संयुक्त राष्ट्रसंघमार्फत विश्वले जारी गऱ्यो । नेपाल मानव अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हो । हालसम्म नेपालले मानव अधिकार र मानवीय कानूनसँग प्रत्यक्षतः सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय गरी ५९ वटा महासन्धि/सन्धिको पक्षराष्ट्र बनेको छ ।[५१]

जसमध्ये संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी २२, मानवीय कानूनसम्बन्धी ७, वातावरण सम्बन्धी १४, श्रमसम्बन्धी १२ र क्षेत्रीय तहमा (सार्क बालबालिका, मानव बेचबिखन तथा ओसारपसार, खाद्य र वातावरण गरी ४ रहेका छन् । महासन्धिको अनुमोदनपश्चात् सरकारबाट सम्बन्धित समितिहरूमा पेश गर्नुपर्ने प्रतिवेदनहरू समय-समयमा पेश हुँदै आएका छन् । प्रतिवेदनको छलफलपछि प्राप्त सुझावहरूको

४७ नेपाल: पूर्ण दण्डहीनताको अवस्थामा, एम्नेस्टी इन्टरनेसनल नेपालको अवधारणापत्र

४८ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनहरू

४९ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९

५० नेपालको संविधान

५१ बिस्तृत जानकारीका लागि : List of Multilateral Treaties to which Nepal is a party and A sighatory; Government of Nepal, Ministry of Law, Justice, Constituent Assembly and Parliamentary Affairs; July 2014 चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१ साउन) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

कार्यान्वयनमा सरकारबाट पहल पनि भएको छ । व्यक्तिगत रूपमा संयुक्त राष्ट्रिय मानव अधिकार समितिमा पीडितहरूबाट परेका उजूरीहरूउपर समितिले दिएका सिफारिशहर कार्यान्वयनको पहल भएको छ । यसक्रममा केही पीडितहरूले क्षतिपूर्ति प्राप्त गरेका छन् ।

महासन्धिअनुरूप कानूनहरूलाई घरेलुकरण तथा नीति र कार्ययोजनाहरूको तर्जुमा गर्ने कार्य पनि भएका छन् । संविधानमा मानव अधिकार संरक्षणका लागि संरचनागत व्यवस्थासमेत गरिएको छ। यस अवस्थामा मानव अधिकारको राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समग्रमा सन्तोषजनक रूपमा लिन सकिन्छ । उल्लिखित सकारात्मक पहलका बाबजुद् नेपालले संयुक्त राष्ट्रसंघीय प्रमुख ९ मध्ये ७ महासन्धि मात्र अनुमोदन गरेको अवस्था छ । महासन्धिहरूको अनुमोदनपछि सरकारले तोकिएको अवधिमा बुझाउनुपर्ने कुनै पनि आवधिक प्रतिवेदनहरू समयमा बुझाउन सकेको छैन । राष्ट्रसंघीय यातनाविरुद्धको समितिमा प्रत्येक ४-४ वर्षमा पेश गर्नुपर्ने प्रतिवेदन सन् २००४ पछि पेश भएको छैन । प्रत्येक २-२ वर्षमा पेश हुनुपर्ने जातीय विभेदविरुद्धको महासन्धिको कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदनको पनि सोही अवस्था भएकोमा १७ औं देखि २३ औं प्रतिवेदन सन् २०१७ मा एकैपटक संयुक्त रूपमा बुझाएको छ । यस विषयमा आयोगले सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । अन्य महासन्धिहरूमा पनि तोकिएको अवधिमा प्रतिवेदन समयमा नै पेश हुन सकेको छैन ।[५२]

त्यस्तै सन् १९९३ को भियनामा सम्पन्न राष्ट्रसंघीय विश्व मानव अधिकार सम्मेलनले गरेको आह्वानसँगै नेपालमा मानव अधिकार राष्ट्रिय कार्ययोजना २०६१ सालबाट तर्जुमा गरी लागु गर्न थालियो । हाल चौथो पञ्चवर्षीय राष्ट्रिय कार्ययोजना (२०७१/०७२-०७५/०७६) कार्यान्वयनको चरणमा छ । विगतका कार्ययोजनाका कमजोर पक्षहरूमा समेत सुधार गरी मानव अधिकारका मुद्दालाई राज्यले कसरी संबोधन गर्दछ र गरिरहेको छ भन्ने सन्दर्भलाई यस कार्ययोजनामा विस्तृतरूपमा समेटिएको छ। मानव अधिकार राष्ट्रिय कार्ययोजना नेपाल सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धतास्वरूप विकास भएको दृष्टिकोण हो । कार्ययोजनाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, विभिन्न अन्तर्राष्ट्रिय महासन्धिका विषयवस्तु, सन्धिजनित निकायका सिफारिशसमेत संबोधन हुनेगरी तयार पारिएको हुनाले यसको प्रभावकारी कार्यान्वयनमा सरकारी निकायहरू नै बढी जिम्मेवार हुनुपर्नेमा दुईमत देखिँदैन ।

मुलुकका अधिकांश जिल्लामा राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनबाट प्राप्त तथ्यअनुसार विगतको तुलनामा समग्रमा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा केही सकारात्मक परिणाम देख्न सकिन्छ। समग्रमा हेर्दा नागरिकका अधिकार र आफ्नो दायित्वप्रति सरकारका निकाय सजग हुँदै गएको अवस्था छ । मानव अधिकार शिक्षामा व्यापकता, साक्षरता दरमा वृद्धि, वातावरण र विकासमा सचेतना वृद्धि, घरेलु तथा महिला हिंसाका घटना उजागर, द्वन्द्वपीडितहरूले सरकारबाट अन्तरिम राहत प्राप्ति एवं संस्थागत सुधारका कामहरूले केही हदसम्म गति लिँदैछ भन्न सकिन्छ ।[५३]

---

५२ राष्ट्रिय मानव अधिकार आयोग वार्षिक प्रतिवेदन २०७३/७४

५३ इन्सेकको मानव अधिकार वर्ष पुस्तक २०१८

## १३. संक्रमणकालीन न्याय

शान्ति प्रक्रियाअन्तर्गत दण्डहीनतालाई संबोधन गर्ने प्रश्नमा राजनीतिक तहमा केही सहमतिहरू भएको पाइन्छ । दशक लामो सशस्त्र द्वन्द्व अन्त्य गर्ने क्रममा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति-सम्झौताको पूर्ण कार्यान्वयन अझै पनि बाँकी रहेको छ । सशस्त्र द्वन्द्वको क्रममा हत्या, अंगभंग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपीट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवं नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूले शान्तिसम्झौता भएको १० वर्ष बितिसक्दा पनि न्याय एवं परिपूरण प्राप्त गर्न सकेका छैनन् । न त सर्वोच्च अदालतबाट सन् २०१४ र २०१५ मा आदेश भएअनुसार सरकारले बेपत्ता पारिएका व्यक्तिको छानवीन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ संशोधन हुन सकेको छ ।

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानवीन एवं सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ पारित भई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानवीन आयोग गठन भई एक वर्ष म्याद पनि थप भएकोमा फेरि एक वर्षका लागि दोस्रोपटक पनि म्याद थप भइसकेको छ । ऐनमा रहेका केही प्रावधानहरूका कारण आफूहरूले पीडितको पक्षमा काम गर्न नसकेको गुनासो ती आयोगका आयुक्तहरूबाट सार्वजनिक हुने गरेको छ । जसका कारण पीडितहरूलाई न्याय प्रदान गर्ने कुरा सुनिश्चित हुन सक्ने वातावरण बन्न सकेको छैन् ।

करीव चार वर्षअघि फेब्रुअरी २०१५ मा गठन भएको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानवीन आयोगले दुई वर्षको समयावधिभित्र छानवीन कार्य सम्पन्न गर्ने र आवश्यक परेमा एक वर्षको म्याद थप गर्न सकिने भनिएकोमा आयोगले हालसम्म आएर उजूरी लिने काममा नै आफूलाई सिमित राखेको र अब यी उजूरीहरूको छानवीन प्रकृया कसरी अगाडि बढाएर न्याय दिलाउने बारेमा केही योजना र रणनीतिहरू नहुनु, साथै बेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधनको प्रक्रियामा नै रहनु, द्वन्द्वपीडितहरूसँग समन्यवन नहुनु र द्वन्द्वकालिन घटनाका दोषिहरूलाई कारबाही गर्नेका लागि आवश्यक कानूनहरू जस्तै जबरजस्ती बेपत्तालाई आपराधीकरण नगरिनु आदिले सत्य, न्याय र परिपुरणको प्रक्रिया अझै पनि अन्योलमा रहेको अवस्था छ ।[५४]

संक्रमणकालीन न्यायको विषयमा काम गरिरहेका आयोगमा हाल ६० हजार नौ सय २६ (६०,९२६) उजूरी रहेको देखिन्छ । दर्ता उजूरीमध्ये दुई हजार आठ सय ७४ (२,८७४) उजूरी बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे छानवीनका लागि बनेको बेपत्ता आयोग र बाँकी ५८ हजार ५२ (५८०५२) उजूरी सत्य निरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित छन् । पीडितमध्ये कतिपयले आर्थिक राहत पाइसके पनि पीडकहरू कानूनी कारबाहीको दायरामा आउन सकेका छैनन् ।[५५]

द्वन्द्वकालमा राज्यपक्ष वा द्वन्द्वपक्षद्वारा मारिएका हरेक परिवारलाई सरकारले १० लाख रुपैयाँ राहत

५४ नेपाल : पूर्ण दण्डहीनताको अवस्थामा, एम्नेस्टी इन्टरनेसनल नेपालको अवधारणापत्र
५५ राष्ट्रिय मानव अधिकार आयोग वार्षिक प्रतिवेदन २०७३/७४

दिइसकेको छ । त्यसैगरी विस्थापित हुन बाध्यप्रति परिवारलाई २५ हजार रुपैयाँ क्षतिपूर्ति दिएको छ । कतिपय पीडित परिवारले राहत, क्षतिपूर्ति नपाएको गुनासो गरेका छन् । द्वन्द्वपीडित परिवारका १८ वर्षमुनिका ३ जना बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । शिक्षाका लागि प्राविमा अध्ययनरत बालबालिकालाई १० हजार, निमाविमा १२ हजार र मावि तहमा अध्ययन गर्नेलाई १४ हजार रुपैयाँका दरले सरकारले परिपूरण दिँदै आएको छ ।[५६]

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगमा परेका क्रमशः ६० हजार र तीन हजारभन्दा बढी हत्या, यातना, बलपूर्वक बेपत्ता जस्ता राज्यका सुरक्षा फौज र माओवादी पक्षबाट सन् १९९६ देखि २००६ को द्वन्द्वकालमा भएका मानव अधिकार उल्लंघनसँग सम्बन्धित उजूरीहरू संकलन भए पनि ती उजूरीहरूउपर प्रभावकारी अनुसन्धान कार्य हुन सकेको छैन । आवश्यक स्रोत र क्षमताको अभावले यी दुई निकायहरूको सत्य, न्याय र परिपूरण प्रदान गर्ने क्षमतामा प्रतिकुल असर पुऱ्याएको पाइन्छ ।[५७] त्यस्तै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगले प्रभावकारी रुपमा काम कारबाही गर्न नसकिरहेको आरोप लागिरहेका बेला विभिन्न मानव अधिकारवादी संघसंस्थाले आवश्यक ऐन, कानून सशोधन गर्न सरकार तथा राजनीतिक दलहरूले कञ्जुस्याई गरेको आरोप लगाइरहेका छन् । सत्य, न्याय र परिपूरण लगायत भविष्यमा मानव अधिकार उल्लंघनका घटनाहरू पुनः नदोहोरिने सुनिश्चितता गर्नेतर्फ भन्दा मेलमिलाप र आर्थिक क्षतिपूर्तिलाई प्राथमिकतामा राख्न खोजिएको व्यापक बुझाइमाझ राजनीतिक दलहरूले संक्रमणकालीन न्यायका ऐन/कानूनहरू संशोधन गर्न प्रतिरोध गरे ।[५८]

## १४. संक्रमणकालीन न्यायका चुनौती

एक दशक लामो सशस्त्र द्वन्द्व अन्त्य गर्ने क्रममा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति-सम्झौताको पूर्ण कार्यान्वयन अझै पनि बाँकी रहेको छ । सशस्त्र द्वन्द्वको क्रममा हत्या, अंगभंग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपीट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवं नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूले शान्तिसम्झौता भएको १० वर्ष बितिसक्दा पनि न्याय एवं परिपूरण प्राप्त गर्न सकेका छैनन् ।

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानवीन एवं सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ पारित भई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानवीन आयोग गठन भई एक वर्ष म्याद पनि थप भएको छ । ऐनमा रहेका केही प्रावधानहरूका कारण आफूहरूले पीडितको पक्षमा काम गर्न नसकेको गुनासो ती आयोगबहरूबाट सार्वजनिक हुने गरेको छ । जसको कारण पीडितहरूलाई न्याय प्रदान गर्ने कुरा सुनिश्चित हुन सक्ने वातावरण बन्न सकेको छैन् । पीडितहरूको तर्फबाट सर्वोच्च अदालतमा दायर रिटमाथि अदालतले त्यस्ता प्रावधानहरू खारेज गरी अन्तर्राष्ट्रिय

५६ नागरिक दैनिक २०७५ वैशाख ११
५७ एम्नेष्टी इन्टरनेसन नेपालको वार्षिक प्रतिवेदन २०१७/२०१८
५८ एम्नेष्टी इन्टरनेसन नेपालको वार्षिक प्रतिवेदन २०१७/२०१८

मापदण्डको आधारमा नयाँ कानून बनाउन निर्देशन गरे पनि ऐन बन्न सकेको छैन । यस सम्बन्धमा आयोगले पनि नेपाल सरकारलाई सुझावहरू उपलब्ध गराउँदै आएको छ ।

## १५. निष्कर्ष र सुझाव

विगत एक दशक लामो सशस्त्र द्वन्द्वका समयमा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन गर्ने व्यक्तिउपर कारबाही नगरिएको र गर्ने ईच्छासमेत नराखिएको भन्ने देखिन्छ । यस्तो कार्यको अनुसन्धान हुन नसक्नु वा नहुनुका पछाडि विभिन्न कारण रहेको पाइयो । त्यसमध्ये कतिपय प्रश्नहरूमा जस्तो यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई दण्डित गर्ने कानूनको अभाव भएको भन्ने देखिन्छ भने अत्यधिक बल प्रयोग, गैरन्यायिक हत्याजस्ता विषयमा कानून हुँदाहुँदै पनि सो कानून कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्तिको अभाव रहेको पाइन्छ ।

अर्कोतिर, त्यस्ता अपराधहरूमा सुरक्षाकर्मीलाई कानूनले प्रदान गरेको असल नियतसम्बन्धी केही निश्चित उन्मुक्तिका प्रावधानका कारण अनुसन्धान र अभियोजन भएकै अवस्थामा समेत पनि उल्लंघनकर्ताहरूले सो प्रावधानको गलत ढंगले प्रतिरक्षा गर्न पाउने गरी नेपाल कानूनले नै ठाउँ छोडिदिएको पाइन्छ । यसले सुरक्षाकर्मीहरूलाई उल्लिखित कसूरका लागि व्यक्तिगत फौजदारी दायित्व बहन गराउन कठिन हुने देखिन्छ । र, यसै कारणले गर्दा दण्डहीनता थप मौलाएको छ ।

बलपूर्वक बेपत्ता पारिनुको मुख्य कारण गैरकानूनी पक्राउ र थुनामा दण्डहीनता रहनु हो भन्ने देखिन्छ । त्यसैले बलपूर्वक बेपत्ता पार्ने कार्यका अतिरिक्त गैरकानूनी पक्राउ र थुनालाई समेत आपराधीकरण गरी दण्डनीय फौजदारी अपराध घोषणा गरी त्यस्तो गर्नेलाई व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही बनाउन तथा त्यसरी गैरकानूनी पक्राउ वा थुनामा पर्ने वा प्रकारान्तरले बेपत्ता पारिने व्यक्तिलाई उचित र पर्याप्त परिपूरण दिलाउने प्रयोजनार्थ प्रचलित नेपाल कानूनमा सुधार गर्न आवश्यक देखिन्छ । त्यसका निम्ति मूलतः सर्वोच्च अदालतले २०६४ जेठ १८ गते दिएको आदेशबमोजिम बेपत्ता विरुद्धको महासन्धि अनुरूप बेपत्तासम्बन्धी छुट्टै कानून तर्जुमा गरी विगतमा भएका बेपत्तासम्बन्धी घटनाहरूको छानवीन गरी दोषीहरूलाई कानूनको दायरामा ल्याउन आवश्यक देखिन्छ ।

शान्ति सम्झौतादेखि हालसम्म बनेका सरकार त्यस्ता अपराधहरूमा अनुसन्धान गरी दोषीलाई जवाफदेही बनाउनेतर्फ नलागी त्यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई माफी मिनाहा दिनेतर्फ केन्द्रित हुने हो भने समस्याको समाधान हुने छैन । यसले नेपालमा हाल विद्यमान दण्डहीनताको अवस्थालाई थप संस्थागत गरेर लैजाने र यस्ता प्रकृतिका घटनाहरूको छानवीन नगर्ने र दोषीलाई कानूनको दायरामा नल्याउने हो भने हाल चालु शान्ति प्रक्रियाले पूर्णता पाउन नसक्ने र यसको असन्तुष्टिबाट निकट भविष्यमा फेरि अर्को द्वन्द्व निम्त्याउने सम्भावना रहन्छ ।

विगतको द्वन्द्वका क्रममा भएका बेपत्ता लगायत मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा सत्य, न्याय र परिपूरण सुनिश्चित गर्ने भनी गरिएका प्रतिबद्धतालाई त्यस्तो प्रतिबद्धता गर्ने पक्षहरू क्रमशः राज्य, माओवादी र अन्य राजनीतिक दलहरूले बिर्सनै लागेको बखत द्वन्द्वका पीडितहरूसँग ऐक्यवद्धता

व्यक्त गर्न र उनीहरूकालागि न्याय स्थापनार्थ सञ्चालन गरिने जुनसुकै अभियानमा सबै सचेत वर्गले साथ दिनु जरुरी रहेको छ । विगतमा भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा दोषीलाई कारबाही एवं पीडित र तिनका परिवारहरूलाई परिपूरण उपलब्ध गराउन र भविष्यमा पुनः यस्ता घटनाहरू नदोहोरिऊन् भन्नका लागि नेपालमा धेरै कामहरू हुन बाँकी छ । सबै कामहरू एकैपटक सम्भव हुन नसक्ने भए पनि केही कामहरू प्रारम्भ गरेर यस कार्यको थालनी गर्न र बिस्तारै जनविश्वास उचो राख्न सकिन्छ । यदि राज्यका तर्फबाट तत्काल केही कामहरू प्रारम्भ गरिएमा नागरिकहरूमा केही आशा पलाउन सक्ने थियो । तसर्थ विद्यमान दण्डहीनता अन्त्यका लागि मानव अधिकार उल्लंघन र ज्यादतीमा संलग्न जो कोहीलाई पनि अविलम्ब न्यायिक कारबाहीको प्रक्रिया थालनी गरिनु पर्दछ र यस्ता आरोपमा मुद्दा चलाइएकाहरूको सम्बन्धमा अदालतका आदेशहरको पालनामा सहयोग गर्नु पर्दछ।

व्यक्ति हत्या, अपहरण, यातना, यौनजन्य हिंसा, बेपत्ता पार्ने कार्य लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनले अपराध भनी किटान गरेका घटनाका दोषीहरूको मुद्दा फिर्ता र सजाय माफी नगरिने सुनिश्चित गर्नु पर्दछ । द्वन्द्वपीडितलाई सेवासुविधा प्रदान गर्नका लागि आवश्यक व्यवस्था गर्न २०६२ माघ २८ मा, द्वन्द्वबाट पीडित नागरिक तथा विस्थापितको स्थिति पत्ता लगाई सुझाव दिन समिति बनाई राहत प्रदान गर्न २०६४ पुस २ मा र द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गराउने व्यवस्था मिलाउन २०६५ पुस २३ मा दिइएका आदेश लगायत द्वन्द्वकालमा भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाका सम्बन्धमा र द्वन्द्व पीडितलाई राहत, परिपूरण र न्याय सुनिश्चित गर्ने सम्बन्धमा सर्वोच्च अदालतले सरकारलाई दिएका आदेशहर पालना गरिनु पर्दछ ।

बेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ विस्तृत शान्ति सम्झौता, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून एवं सर्वोच्च अदालतको २०७० पुस र २०७१ फागुन १४ को आदेशको भावना अनुरुप रही तत्काल निष्पक्ष, स्वतन्त्र र पारदर्शी तवरले कार्य गरी विगतमा राज्य र माओवादीबाट बेपत्ता बनाइएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरिनु पर्दछ । तत्काल सत्य निरुपण तथा मेलमिलाप आयोगले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघन र ज्यादतीमा संलग्नहरूलाई आममाफीको सिफारिश नगर्ने सुनिश्चित गरिनुपर्दछ। पीडित र तिनका परिवारलाई उचित परिपूरणको व्यवस्था गरिनु पर्दछ । यहाँ हुन सक्ने मानवता विरुद्धको अपराध, युद्ध अपराध र आमसंहारका घटनाका दोषीहरू भविष्यमा उम्कन नपाउन् भन्नका लागि अविलम्ब अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तथा व्यक्ति बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरिनु पर्दछ ।

विगत एक दशक लामो सशस्त्र द्वन्द्वका समयमा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन गर्ने व्यक्तिउपर कारबाही नगरिएको र गर्ने ईच्छासमेत नराखिएको भन्ने देखिन्छ । यस्तो कार्यको अनुसन्धान हुन नसक्नु वा नहुनुका पछाडि विभिन्न कारण रहेको पाइयो । त्यसमध्ये कतिपय प्रश्नहरू, जस्तो यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई दण्डित गर्ने कानूनको अभाव भएको भन्ने देखिन्छ भने अत्यधिक बल प्रयोग, गैरन्यायिक हत्याजस्ता विषयमा कानून हुँदाहुँदै पनि सो कानून कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्तिको अभाव रहेको पाइन्छ ।

अर्कोतिर, त्यस्ता अपराधहरूमा सुरक्षाकर्मीलाई कानूनले प्रदान गरेको असल नियतसम्बन्धी केही निश्चित उन्मुक्तिका प्रावधानका कारण अनुसन्धान र अभियोजन भएकै अवस्थामा समेत पनि उल्लंघनकर्ताहरूले सो प्रावधानको गलत ढंगले प्रतिरक्षा गर्न पाउने गरी नेपाल कानूनले नै ठाउँ छाडिदिएको पाइन्छ । यसले सुरक्षाकर्मीहरूलाई उल्लिखित कसूरका लागि व्यक्तिगत फौजदारी दायित्व बहन गराउन कठिन हुने देखिन्छ । यी यस्तै कारणले गर्दा दण्डहीनता थप मौलाएको छ ।

माथि विश्लेषण र विवेचना गरिएका घटना र ती घटनालाई वर्तमान कानून र राज्य संरचनाले गरेको व्यवहारका आधारमा नेपालमा विद्यमान दण्डहीनताको अवस्थाको पहिचान गरी त्यसलाई संबोधन गर्ने उपायहरू अपनाउन आवश्यक छ । बलपूर्वक बेपत्ता पारिनुको मुख्य कारण गैरकानूनी पक्राउ र थुनामा दण्डहीनता रहनु हो भन्ने देखिन्छ । त्यसैले बलपूर्वक बेपत्ता पार्ने कार्यका अतिरिक्त गैरकानूनी पक्राउ र थुनालाई समेत आपराधीकरण गरी दण्डनीय फौजदारी अपराध घोषणा गरी त्यस्तो गर्नेलाई व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही बनाउन तथा त्यसरी गैरकानूनी पक्राउ वा थुनामा पर्ने वा प्रकारान्तरले बेपत्ता पारिने व्यक्तिलाई उचित र पर्याप्त परिपूरण दिलाउने प्रयोजनार्थ प्रचलित नेपाल कानूनमा सुधार गर्न आवश्यक देखिन्छ । त्यसका निम्ति मूलतः सर्वोच्च अदालतले २०६४ जेठ १८ गते दिएको आदेशबमोजिम बेपत्ताविरुद्धको महासन्धि अनुरूप बेपत्तासम्बन्धी छुट्टै कानून तर्जुमा गरी विगतमा भएका बेपत्तासम्बन्धी घटनाहरूको छानवीन गरी दोषीहरूलाई कानूनको दायरामा ल्याउन आवश्यक देखिन्छ ।

बल प्रयोगसम्बन्धी प्रचलित नेपाल कानून र बेलबारी हत्याकाण्डको अध्ययन गर्दा यसमा दण्डहीनताको अवस्था रहनुमा मुख्य रूपमा दुईवटा कारण रहेको देखियो । पहिलो, बल प्रयोगसम्बन्धी व्यवस्था गर्न बनेको स्थानीय प्रशासन ऐन २०२८ नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय कानूनले निर्धारण गरेको मापदण्डअनुकूल देखिएन भने दोस्रो त्यो कानून पनि सुरक्षा निकायहरूले व्यवहारमा पालना गर्ने नगरेको पाइयो । बेलबारी र त्यस्ता प्रकृतिका सबै घटनामा दण्डहीनता विद्यमान रहनुको अर्को कारण सुरक्षाकर्मीले वर्षौंदेखि उपभोग गर्दै आएको प्रहरी ऐन २०१२ को दफा ३७ मा भएको व्यवस्था र सोही अनुकूलका अन्य प्रचलित नेपाल कानूनमा भएको कर्तव्यपालना अन्तर्गतका असल नियतले गरेको कार्यमा जवाफदेही बन्नु नपर्ने भन्ने उन्मुक्तिसम्बन्धी कानूनी व्यवस्था नै मुख्य रूपमा जिम्मेवार रहेको देखियो ।

तसर्थ, राज्यले जनताको जीउधनको सुरक्षाको प्रत्याभूति दिन, कानूनी राज्यको अनुभूति दिलाउन, शान्तिसुरक्षा कायम राख्न र लोकतन्त्रको संस्थागत विकास गर्न अत्यधिक बल प्रयोगलाई फौजदारी अपराध घोषणा गर्ने, बल प्रयोगसम्बन्धी प्रचलित स्थानीय प्रशासन ऐन, २०२८ र सुरक्षासँग सम्बन्धित अन्य प्रचलित नेपाल कानूनलाई संशोधन गरी उन्मुक्तिसम्बन्धी व्यवस्था हटाई तत्तत् कानूनलाई नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय कानून निर्धारण गरेको मापडण्डअनुकूल बनाउने र कानूनविपरीत र अत्यधिक बलप्रयोग भएका बेलबारीजस्तै अन्य घटनाहरूको छानवीन गरी मानिसको ज्यान मर्न गएकामा मुलुकी ऐन ज्यानसम्बन्धीको महलअन्तर्गत र अन्य अवस्थामा प्रचलित अन्य नेपाल कानून अन्तर्गत कारबाही गर्ने व्यवस्था गरी त्यस्तो अत्यधिक बल प्रयोग गर्नेलाई व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही बनाउनु आवश्यक देखिन्छ ।

संविधान र प्रचलित नेपाल कानूनमा गरिएको यातनासम्बन्धी प्रावधानहरूले नेपालद्वारा अन्तर्राष्ट्रिय दायित्व बहन हुन नसकेको कारणले समेत नेपालमा यातनामा दण्डहीनताको अवस्था रहेको छ । अतः त्यसको अन्त्य गर्न यातनालाई अन्तर्राष्ट्रिय कानूनको भावना अनुरूप आपराधीकरण गरी दण्डनीय गर्नु अनिवार्य छ । त्यसरी नै यातनासम्बन्धी उजूरीहरूमा अनुसन्धान र अभियोजन गर्न तथा त्यसका दोषीहरूलाई कानूनको दायरामा ल्याउन आवश्यक व्यवस्थापकीय, न्यायिक र प्रशासनिक बन्दोवस्त मिलाउनु नेपालको दायित्वअन्तर्गत पर्न आउँछ । तर, हालसम्म यातनाको अभियोगमा अनुसन्धान गर्ने कुनै संरचना बन्न सकेको छैन ।

सुरक्षा निकायहरूमा भएका मानव अधिकार एकाइ र राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाले मात्र राज्यले यातनासम्बन्धी उजूरीहरूमा अनुसन्धान र अभियोजन गर्न तथा त्यसका दोषीहरूलाई कानूनको दायरामा ल्याउन आवश्यक पर्ने व्यवस्थापकीय, न्यायिक र प्रशासनिक बन्दोवस्त मिलाएको मान्न सकिँदैन । त्यसैले यातनाको अनुसन्धान गर्ने अलग्गै निकायको व्यवस्था गरी यातनाका दोषीहरूलाई जवाफदेही बनाउनु पर्ने हुन्छ । अतः यातनामा रहेको दण्डहीनताको अन्त्यका लागि यसलाई फौजदारी अपराध घोषित गर्ने, व्यवस्थित र व्यापक रूपमा गरिएका यातनालाई मानवता विरुद्धको अपराध हुने व्यवस्था गर्ने, यातनाको आदेश दिने, उक्साउने, दुरुत्साहन गर्ने, मतियार, उद्योगी, सहयोगी एवम् प्रत्यक्ष-अप्रत्यक्ष लाभग्राहीसमेतलाई जवाफदेही बनाउने, यातनाको कसूरमा विश्वव्यापी क्षेत्राधिकार ग्रहण गर्ने, पीडितहरूलाई पर्न गएको पीडाको हिसाबले तत्कालीन र दीर्घकालीन परिपूरण र पुनःस्थापनाको व्यवस्था गर्ने कुराहरूलाई पनि सो कानूनले स्पष्ट व्यवस्था गर्नु आवश्यक छ ।

गैरन्यायिक हत्यामा रहेको दण्डहीनताको अवस्थालाई अन्त्य गर्न विगत सशस्त्र द्वन्द्वका क्रममा गराइएका गैरन्यायिक हत्याका घटनाहरू प्रचलित नेपाल कानूनद्वारा निषेधित र दण्डनीय कार्य भएकाले सत्य निरूपण तथा मेलमिलाप आयोगले यस्ता प्रकृतिका दण्डनीय कार्यको फौजदारी अनुसन्धान गरी अभियोजन गर्न नसक्ने भएकाले यी विषयलाई प्रचलित नेपाल कानूनबमोजिम अपराध अनुसन्धानको माध्यमबाटै संबोधन हुन आवश्यक देखिँदा आवश्यक संयन्त्रको विकास र संस्थागत सुधारसमेत गरी पीडितलाई न्याय र अपराधीलाई दण्डसजाय दिनुपर्ने देखिन्छ । त्यसरी नै हाल विद्यमान मुलुकी ऐन ज्यानसम्बन्धीको १ नं.ले गैरन्यायिक हत्यालाई पूर्ण प्रतिबन्ध गरी फौजदारी अपराध घोषित गरे तापनि सोही महलको ५ र ६ नं.का व्यवस्था र सर्वोच्च अदालतले विकास गरेको विधिशास्त्रले समेत गैरन्यायिक हत्यालाई भवितव्य ज्यानतर्फ लैजाले खतरा रहेकाले मुलुकी ऐनमा आवश्यक संशोधन गरी गैरन्यायिक हत्यामा कसूरको मात्रा र परिमाण हेरी सजाय गर्नसक्ने गरी छुट्टै व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ ।

नेपालमा मानवीय कानूनको उल्लंघनमा दण्डहीनता विद्यमान रहनुका पछाडि मूलतः अन्तर्राष्ट्रिय मानवीय कानूनअनुकूल नेपाल कानून नहुनु, सर्वोच्च अदालतको आदेशको कार्यान्वयन नहुनु, नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानलाई अनुमोदन नगर्नु र विगतमा भएका मानवीय कानूनको उल्लंघनको जाँचबुझ गर्ने काम राजनीतिक नेतृत्वले निर्णय गर्ने विषय हो भन्ने सुरक्षा निकायका जिम्मेवारहरूको गैरजिम्मेवार मनोविज्ञानलगायत विभिन्न कारणहरू रहेको पाइन्छ । त्यसैले यस

अवस्थाको अन्त्यका लागि अन्तर्राष्ट्रिय कानूनले अपराधको कोटीमा राखेको जस्तै मानवता विरुद्धको अपराध र युद्ध अपराधमा पाश्चात्दर्शी असर हुने गरी कानून तर्जुमा गर्ने र भविष्यमा यस्ता अपराध हुनबाट रोक्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्नु अत्यन्त आवश्यक देखिन्छ। यस अध्ययनका क्रममा विगतको सशस्त्र द्वन्द्वमा युद्ध अपराध र मानवता विरुद्धको अपराधसमेत हुनसक्ने केही तथ्यहरू देखा परेकाले युद्ध अपराध र मानवता विरुद्धको अपराध भएको थियो वा थिएन भन्नेबारे त्यसतर्फ नै केन्द्रित भई छुट्टै र व्यापक अध्ययन अनुसन्धान हुन सान्दर्भिक देखिन्छ।

यौनजन्य हिंसा विद्यमान दण्डहीनता अन्त्यका लागि मुलुकी ऐनमा बलात्कार र आशय करणीको महलमा हाल भएको हदम्यादसम्बन्धी व्यवस्थालाई परिवर्तन गरिएको छ भने विगतको द्वन्द्वमा भएका त्यस्ता हिंसाहरूको हकमा समेत हाल उजुर गर्न सकिने कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ। साथै यौनजन्य हिंसाको अनुसन्धान पीडितमुखी, प्रभावकारी बनाउने तथा गलत अनुसन्धान गर्ने अधिकारीलाई समेत पदीय जिम्मेवारी पूरा नगरेकामा जवाफदेही बनाउनु पर्ने देखिन्छ।

सबै किसिमका दण्डहीनता अन्त्यका लागि आवश्यक व्यवस्थापकीय, न्यायिक र प्रशासनिक बन्दोबस्त मिलाउनु पर्दछ। अर्थात्, कानून नभए बनाउने, कमजोर र अपुग कानूनमा समयानुकूल सुधार र थप गर्ने, आवश्यक निकायहरूको स्थापना गर्ने, अनुसन्धान अधिकारीहरूलाई सक्षम र व्यक्तिगत र पदीय रूपमा सम्पन्न पार्नु जरुरी छ। त्यति मात्र होइन, सुरक्षाकर्मीहरूले कामको तहगत र आवधिक अनुगमन र मूल्यांकन, दण्ड र पुरस्कारको पारदर्शी व्यवस्था पनि त्यत्तिकै जरुरी छ। जटिल र खर्चिलो अदालती कार्यविधिमा सुधार तथा फैसलाहरूको छिटोछरितो कार्यान्वयन र अदालतले दिएका निर्देशनको परिपालना गर्न/गराउन त्यत्तिकै जरुरी छ।

त्यसरी नै राजनीतिक इच्छाशक्ति, संस्कार र मूल्य-मान्यतामा आधारित राजनीति भएन भने पनि राजनीतिक स्थायित्व कायम हुन सक्दैन। राजनीतिमा आपराधीकरण र सिद्धान्तहीनताले अवसरवादी नीति अवलम्बन हुन जान्छ। यसले व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका सबै क्षेत्र प्रभावित हुन जान्छन्। तसर्थ, प्रत्यक्षतः यो अध्ययनको विषय राजनीतिक विषयवस्तु नभए पनि मूल्य-मान्यतामा आधारित दिगो राजनीति राज्ययन्त्रको मियो भएकाले मूल्य-मान्यतामा आधारित राजनीति पनि दण्डहीनताका लागि आवश्यक देखिन्छ। त्यसो हुनसकेमा मात्र दण्डहीनता अन्त्य हुन्छ। यसले लोकतन्त्रको भविष्य सुदृढ गर्दै विश्व समुदायसामु मानव अधिकार, कानूनी राज्य र लोकतन्त्रका लागि नेपालले समय-समयमा गरेका वाचा पूरा हुनेछन्।

## अनुरोध

राष्ट्रिय मानव अधिकार आयोगले गराएको प्राज्ञिक अनुसन्धानको पूर्ण प्रतिवेदन केन्द्रीय कार्यालयको मानव अधिकार स्रोत केन्द्रमा रहन्छ। इच्छुक महानुभावहरूले त्याहाँ सम्पर्क राखी अध्ययन गर्न सक्नुहुनेछ।

## राष्ट्रिय मानव अधिकार आयोगबाट आ.ब. २०७४/०७५ मा भैरहेका प्राज्ञिक अनुसन्धानहरू

| क्र.स. | अध्ययन कर्ता/सस्था | अध्ययनको विषय |
|---|---|---|
| १. | श्री ऋषिकेश वाग्ले | मानव अधिकारको दृष्ट्रिमा फौजदारी कार्यविधि संहिता, २०७४ : एक विश्लेषण |
| २. | मध्यपश्चिम विश्वविद्यालय | मध्यपश्चिम क्षेत्रमा व्याप्त सामाजिक कुरीतिहरु र यसले मानव अधिकार उपभोगमा पार्ने असर |
| ३. | रेवतीराज त्रिपाठी | जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनको अवस्था |
| ४. | सूर्यप्रसाद पराजुली | नेपालमा व्यापारिक कारोवार सम्बद्ध मानव अधिकारको संरक्षणमा सर्वोच्च अदालतको भूमिका |

### लेखकहरूसँग अनुरोध

१. संवाहकका लागि लेख पठाउँदा नेपाली भाषामा प्रीति र अंग्रेजीमा Times New Romen वा Calibri फन्टमा टाइप हुनु पर्नेछ ।
२. लेखसँग बढीमा १०/१२ हरफमा त्यसको सार संक्षेप पनि हुनुपर्नेछ ।
३. लेख मानव अधिकारका कुनै पनि पक्षसँग सम्बन्धित हुनुपर्नेछ ।
४. लेख कम्तीमा पाँच हजार शब्दको हुनुपर्नेछ ।
५. लेख नेपाली वा अंग्रेजी भाषामा अनुसन्धानमूलक रुपमा लेखिएको हुनुपर्नेछ ।
६. संवाहकका लेखकलाई हामी प्राज्ञिक अनुसन्धानको प्रयोजनको लागि सूचीकृत गर्दछौं ।
७. लेख मौलिक हुनुपर्नेछ ।
८. लेखकको फोटोको साथै आफ्नो - (१) शैक्षिक योग्यता, (२) हाल कार्यरत् क्षेत्र (संक्षिप्तमा), (३) विशेष अनुभव, (४) इमेल र (५) फोन नं. पनि पठाउनु हुन अनुरोध गर्दछौ । तर, लेखकले यीमध्ये कुनै कुरा प्रकाशित गर्न नरुचाउनु भएमा त्यसलाई खाली छाडिदिनु भए पनि हुनेछ ।
९. लेख पठाउने ठेगाना निम्नानुसार छ :-

इमेल मार्फतः sambahak@nhrcnepal.org
फ्याक्स मार्फतः ९७७-१-५५४७९७३,
हुलाक मार्फतः पो.ब.न. ९१८२, काठमाडौं, नेपाल
कार्यालयः राष्ट्रिय मानव अधिकार आयोग,
हरिहर भवन, ललितपुर, नेपाल

# नेपालमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध र पीडितको न्यायमा पहुँच

– टेकनारायण कुँवर


## सार संक्षेप

*श्रम शोषण, यौन शोषण, मानव अङ्ग विक्री र वेश्यावृत्ति जस्ता कार्यहरूका कारण विश्व बजारमा मानव बेचबिखन तथा ओसारपसारको आयाममा दिनानुदिन परिवर्तन आइरहेको छ । बैदेशिक रोजगार, मनोरञ्जन, शिक्षाको प्रलोभन, विदेशीसँगको विवाह, सरोगेट मदर आदि स्वरुपको रूपमा यो समस्या अझ झाँगिदै छ । सँगठित अपराधका रूपमा फष्टाउँदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई निर्मूल गर्न समयानुकूल नीतिगत व्यवस्था, कानून परिमार्जन एवं संस्थागत संरचनाहरूको सुदृढीकरण गर्न आवश्यक देखिन्छ । मानव सभ्यताको कलङ्क एवं आधुनिक दासताको रूपमा समाजमा विद्यमान यस जघन्य अपराधलाई परास्त गर्न सम्बन्धित सम्पूर्ण सरकारी निकायहरू, गैरसरकारी क्षेत्र तथा नागरिक समाजका बीच प्रभावकारी साझेदारी, सहकार्य र समन्वयको खाँचो छ ।*


## १. विषय प्रवेश

मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी र बहुआयामिक समस्या हो । हातहतियार र लागू औषधको अवैध कारोबारजस्तै मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय आपराधिक सँगठित गिरोहद्वारा सञ्चालित धन्दाका रूपमा विश्वमा फष्टाउँदै गएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा अन्य आपराधिक क्रियाकलापको तुलनामा जोखिम कम र धेरै नाफा आर्जन हुने कालो अमानवीय धन्दाको रूपमा यस अपराधले व्यापकता पाउँदै गएको अवस्था छ । एकातिर शहर बजारमा व्यावसायिक यौन धन्दा, सस्तो श्रम, शहरी मस्ती, आरामको जीवन शैली र नक्कल गर्ने प्रवृत्ति युवा युवति र बालबालिकाका लागि मानव “आकर्षित गर्ने शक्ति (Pull factor)” बनेका छन् भने अर्कोतिर स्थानीय परिवेशमा गरीवी, अशिक्षा, बेरोजगारी, आयआर्जनको अवसरमा कमी, सामाजिक असुरक्षा, द्वन्द्व राजनीतिक अस्थिरता तिनै व्यक्तिहरूलाई “धकेल्ने शक्ति (Push factor)” बनेका छन् । यो नै एउटा

बेचबिखन अपराधका लागि समय र परिस्थितिले ल्याएको सहज सामाजिक परिवेश हो । यसरी आज यो समस्या विश्वका कुनै भागमा सम्पन्नता र विलासिताको जीवन शैलीका लागि बढ्दो माग पक्षसँग केन्द्रित समस्या बनेको छ भने कुनै भागमा जीवन निर्वाहका अन्य विकल्प नपाएर आफ्नै नजिकका व्यक्तिहरूको छलकपट र ललाइफकाईमा परी बेचिनु परेको स्थितिसँग सम्बन्धित छ ।

लहैलहैमा अरुको विश्वासमा परी रोजगार वा व्यवसायमा लगाई दिने बहानामा फसी गाउँबाट शहर केन्द्रित श्रम, यौन तथा अन्य प्रकारका शोषणसँग जोडिएको बढ्दो आपूर्ति पक्षको समस्याका रूपमा पनि यो समस्या देखा परिरहेको अवस्था छ । वस्तुतः बढ्दो शहरीकरण, आधुनिकीकरण, विश्वव्यापीकरण र बजारीकरणसँगै ऐश, आराम र मोजमस्तीको जीवनसँग गाँसिएको उपभोक्तावादले मानव बेचबिखनको समस्यालाई बढाएको देखिन्छ । यसका अतिरिक्त विश्वका शहरी भागहरूमा केन्द्रित रहने उद्योग, व्यापार, व्यवसाय र रोजगारीलगायतका विभिन्न पेशाका लागि घरपरिवारबाट टाढा रहने वर्ग विशेषगरी समाजमा अवैध कमाईबाट आम्दानी गर्ने वर्गद्वारा आफ्नो कथित खुशी पूरा गर्नका लागि जति पनि धन खर्च गर्न सक्ने र उनीहरूबाट माग हुने मनोरञ्जन र यौन कार्यले पनि प्रत्यक्ष वा परोक्ष रूपमा मानव बेचबिखन तथा ओसारपसारको अपराधलाई बढाइरहेको पाइन्छ ।

यो अपराध समाजको अस्तित्वसँगसँगै विकसित भएको देखिन्छ । यस अपराधको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा श्रमको लागि गरिने दास व्यापार र यौन शोषणको लागि महिला वेचविखन गर्ने कार्यलाई मात्र समेटिएको देखिन्छ । ऐतिहासिक कालदेखि संसारभरि नै दासता र शोषणको रूपमा चल्दै आएको मानव बेचबिखनको अपराधले आजको आधुनिक युगको विकास र सभ्यताको युगमा पनि नयाँ स्वरुप ग्रहण गरी रुप बदल्दै निरन्तरता पाउनु र अझ बढ्दै जानु विडम्बनाको कुरा हो । यसरी यो अपराध नियन्त्रित हुनुभन्दा पनि हुर्किंदो अवस्थामा देखिएको छ । राज्यहरूको लागि कानूनी, सामाजिक, आर्थिक, राजनीतिक तथा मानवताको दृष्टिकोणबाट समेत यो एक निन्दनीय कार्य हो । यसबाट हाम्रो समाजमा ठूलो चुनौती खडा भएको छ । वास्तवमा यो एउटा मानव सभ्यताकै लागि कलंक हो ।

समाजको विकासक्रमसँगै मानव अधिकारसम्बन्धी मान्यताको उच्चतम् विकास भएको छ । महिला तथा बालवालिकाको अधिकारप्रति अन्तर्राष्ट्रिय जगतले गम्भीर सरोकार देखाएको छ । यसैले मानव बेचबिखनजन्य कार्यलाई वर्तमान अवस्थामा मानव अधिकारको गम्भीर उल्लघंनको रुपमा हेरिन थालिएको छ । यस्तो बेचबिखनजन्य कार्यबाट मूलतः मानवको सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकार र महिलाको यौनिक स्वायत्ततासम्बन्धी अधिकारको अतिक्रमण भएको छ । तसर्थ, यस्तो गतिविधिलाई मानव अधिकारको गम्भीर उल्लघंनको दृष्टिकोणबाट हेरिन थालिएको हो ।

यो समस्यालाई नियन्त्रणमा लिनको लागि विश्वमा धेरै सकारात्मक प्रयासहरू भएका छन् । अन्तर्राष्ट्रिय क्षेत्रमा संयुक्त राष्ट्रसंघीय महासन्धि तथा विभिन्न घोषणापत्र, मापदण्ड र प्रोटोकलहरू जारी भएका छन् । राज्यहरूले ती अन्तर्राष्ट्रिय कानूनको परिपालना हुने गरी कडा कानून बनाई लागू गर्ने प्रयास जारी राखेका छन् । यसका अतिरिक्त विश्वव्यापी रूपमा यस समस्याको विरूद्ध लड्ने रणनीतिक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिंदै आएका छन् । तथापि यो समस्याको आकार अझै पनि घटेको

छैन । समाजभित्र यसका बहुआयामिक असरहरू अद्यापि विद्यमान रहेका छन् । यसका विरूद्ध अभियान चलाउने अन्तर्राष्ट्रिय समुदायदेखि राष्ट्रिय सरकारहरू एवं संस्थाहरूको कोसिस भइरहेको पाइन्छ । तापनि यसको बारेमा अवधारणागतस्तरदेखि कानूनको तर्जुमा, कानूनको कार्यान्वयन र सामाजिक, आर्थिक संरचनाको क्षेत्रसम्म धेरै समस्याहरू कायमै भएको देखिन्छ । यसका लागि मानवहरू खासगरी श्रमजीवी व्यक्तिहरू तथा महिला, बालबालिका र उनीहरूको बेचबिखन गर्ने अपराधबीचको सामाजिक सम्बन्धलाई नै समग्रमा विचार गर्नु जरूरी देखिन्छ । नेपालले पनि यी यावत पक्षहरूमा सक्रियतापूर्वक विचार गर्दै मानव बेचबिखनसम्बन्धी अपराधको रोकथाम र नियन्त्रणको लागि काम गर्दै आएको छ ।

## २. मानव बेचबिखन विरुद्धका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाहरू

मानव बेचबिखन तथा ओसारपसार विरुद्ध थुप्रै अन्तर्राष्ट्रिय महासन्धिहरू पारित भएका छन् । केही महासन्धिहरू विशेष कानूनको रुपमा मानव बेचबिखन विरुद्धमा नै निर्माण भएका छन् भने केही अन्तर्राष्ट्रिय महासन्धिहरू मानव अधिकारका समग्र विषयमा केन्द्रित छन् । नेपाल ती अन्तर्राष्ट्रिय कानूनहरूमध्ये धेरैजसो महासन्धिहरूको पक्ष राष्ट्र भएको छ । यस प्रकारका अन्तर्राष्ट्रिय कानूनहरूको अधीनमा रहेर नेपालले मानव बेचबिखनविरुद्धका राष्ट्रिय कानूनहरू निर्माण गरी लागू गरेको अवस्था छ । नेपाल मुख्यतः पालेर्मो प्रोटोकल, २००० को भने पक्ष राष्ट्र बनिसकेको छैन ।[१] मानिसको बेचबिखन अत्यन्त घृणित अपराध हो । त्यसमा पनि वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको किनबेच त अमानवीयताको पराकाष्टा नै हो । यौन शोषण र वेश्यावृत्तिका लागि नेपाली महिला र बालबालिकाहरूको किनबेचका घटनाहरू बृद्धि हुँदै गएको सन्दर्भमा मुलुकी ऐनको व्यवस्थाले मात्र नपुगी त्यस्ता आपराधिक कार्यलाई नियन्त्रण गर्न २०४३ सालमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन जारी गरिएको थियो । जीउमास्ने बेच्ने सम्बन्धी मुलुकी ऐनको भाग ४ मा रहेको कानूनी व्यवस्था अझै पनि कायमै रहेको छ । यी विद्यमान कानूनका कमी कमजोरीहरूलाई हटाई, अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धिमा उल्लिखित व्यवस्थाहरूले निर्देश गरेबमोजिम र मानव बेचबिखन विरूद्धका कार्यमा संलग्न नागरिक समाजका सदस्यहरूले उठाएका कुराहरू समेतलाई सम्बोधन गर्ने अभिप्रायले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लागू भएको अवस्था छ । यसरी मानव बेचबिखनसम्बन्धी यी विविध अन्तर्राष्ट्रिय कानूनहरूको परिपालना गर्नुपर्ने राज्यको अन्तर्राष्ट्रिय कानूनी दायित्वअन्तर्गत नेपालले आफ्नो राष्ट्रिय कानून निर्माण गरी सो कानून कार्यान्वयनका लागि आवश्यक राज्य संयन्त्र, योजना तथा नीति निर्देशनहरू समेत स्पष्ट रुपमा अघि सारी कार्यान्वयन गर्दै आएको छ । मानव बेचबिखनसम्बन्धी मुख्य मुख्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाको संक्षिप्त चर्चा तल प्रस्तुत गरिएको छ :

### २.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

अन्तर्राष्ट्रिय कानूनको सन्दर्भमा हेर्दा वीसौं शताब्दिको प्रारम्भदेखि नै मानव बेचबिखन तथा ओसार पसारको कार्यलाई निषेध गर्ने अभियानको थालनी भएको पाइन्छ । दोस्रो विश्वयुद्धपश्चात् खासगरी

१ Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime Adopted and opened for signature, ratification and accession by General Assembly resolution 55/25 of 15 November 2000.

संयुक्त राष्ट्रसङ्घको बडापत्र, १९४५ लगायतका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिलेखहरूले यस्ता कार्यहरूलाई महिला तथा बालबालिकाविरुद्ध हुने अपराधको कोटीमा राखी निन्दनीय अपराधको रुपमा परिभाषा गर्न थालिएको हो । तत्पश्चात् यस्ता अपराधहरूलाई महिला तथा बालबालिकाकै विरुद्ध हुने अपराध भनी वर्गीकरण गर्न थालिएको हो । मूलतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि निम्नबमोजिमका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धिहरू प्रचलनमा रहेको देखिन्छन् ।[२]

## २.१.१ जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको नियन्त्रणको लागि बनेको महासन्धि १९४९ (Convention for Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of Others 1949)[३]

महिलाविरूद्ध हिंसा संरक्षणको लागि शुरूको समयमै आएको यो महासन्धिले वेश्यावृत्ति तथा वेश्यावृत्ति उद्देश्यको लागि जीउ मास्ने बेच्ने कार्य मानवीय मूल्य र प्रतिष्ठा विपरीत भएको र यसले परिवार, व्यक्ति र समुदायलाई नै संकटमा पार्ने हुँदा दासत्व सम्बन्धी महासन्धिले मात्र महिलाको शोषण अन्त्य नहुने हुँदा छुट्टै महासन्धिको प्रादुर्भाव गरेको थियो । यस महासन्धिले महिलाहरूको मञ्जूरी बिना वेश्यावृत्तिमा लगाउने जस्ता कार्यहरूलाई अपराधको रूपमा राखेको छ । यसमा बेश्यालय संचालन गर्ने, लगानी गर्ने वा स्थान भाडामा दिने र लिने व्यक्तिलाई कसूरदार मानी सजाय गर्ने प्रावधान रहेको छ । यस अभिलेखमा उल्लिखित कसूर गर्ने कसूरदारलाई कुनै एक पक्षले अर्को पक्षबीच हुने कुनै सुपुर्दगी सन्धिमा सुपुर्दगी योग्य कसूरका रूपमा लिइने व्यवस्था छ। वेश्यावृत्ति प्रयोजनका लागि महिलाहरूको खरिदबिक्री कार्यमा रोक लगाउन अध्यागमन स्थलमा आवश्यक जाँच तथा सुरक्षाको व्यवस्था गर्नुपर्ने दायित्व यस महासन्धिले राज्य पक्षलाई दिएको छ । रोजगारी खोजिरहेका व्यक्तिहरू खासगरी महिला तथा बालबालिकाहरूलाई वेश्यावृत्तिको खतरातर्फ उन्मूख हुनबाट रोक्नको लागि रोजगारदाता संस्थाहरूको सुपरीवेक्षणको लागि आवश्यक उपाय पक्ष राष्ट्रहरूले अपनाउनुपर्ने व्यवस्थासमेत गरेको छ । देशको कानूनले बेचबिखनलाई अपराध मानेको अवस्थामा पीडित पक्ष विदेशी भए तापनि नागरिक सरह उपचारको व्यवस्था गर्नुपर्ने दायित्व राज्यलाई दिएको छ ।

यसको साथै यस अभिलेखले वेश्यावृत्तिको रोकथामको निमित्त सार्वजनिक, निजी, सामाजिक, स्वास्थ्य, आर्थिक र अन्य उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गर्दै पीडित पक्षको सामाजिक पुनर्स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ । बेचबिखन रोकथामको निमित्त वा कारवाहीको निमित्त न्यायिक निकायबीच सीदा पत्राचार गरी द्विपक्षीय समझदारीको व्यवस्था गर्नुपर्ने दायित्वसमेत राज्यलाई दिएको छ ।

यो महासन्धिको व्यापक टिका टिप्पणी भएको हुँदा केही राष्ट्रहरूले यो महासन्धिको अनुमोदन पनि गरेका छैनन् । यसको मुख्य कारण यस महासन्धिमा अधिकारवादी दृष्टिकोण नहुनु हो । यो महासन्धिले बेचबिखन र ओसारपसारलाई वेश्यावृत्तिको निमित्त मात्र हेरी बेचबिखनलाई सीमित घेराभित्र राखेको छ । स्वेच्छा र बलपूर्वकको/करकापको यौन कार्यलाई छुट्याउन सकेको छैन । निरीक्षण गर्ने प्रणालीको

२ यी महासन्धिहरू मध्ये नेपालले मानव विशेषगरी महिला तथा बालबालिका विरुद्धको बेचबिखनलाई रोक्न, दबाउन र सजाय गराउन अन्तर्राष्ट्रिय रुपमा सँगठित अपराधविरुद्धको महासन्धिको उपलेख २००० को अनुमोदन गर्न बाँकी रहेको छ ।

३ सम्मेलन भएको २७ डिसेम्बर १९९५ ।

व्यवस्था छैन, साथै राष्ट्र भित्र हुने बेचबिखन र ओसार पसारलाई हेर्न सकेको छैन ।

## २. दासत्वसम्बन्धी महासन्धि (Slavery Convention, 1926)

मानव बेचबिखन तथा ओसारपसार दासत्व व्यवहारको रूपमा रहेको हुन्छ । मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि बनेको दासत्वसम्बन्धी महासन्धि अन्य अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये पुरानो महासन्धि मानिन्छ । दासत्वलाई समाजबाट पूर्ण रूपमा निर्मूल गर्ने अभिप्रायले यो महासन्धि पारित भएको हो । दासत्व हटाउन गरिएका प्रयासहरूका क्रममा सन् १९२६ सेप्टेम्बर २६ मा यो महासन्धि पारित भएको थियो । यस महासन्धिमा नेपाल ७ जनवरी १९६३ मा सम्मिलन भएको हो । यस महासन्धिको मुख्य उद्देश्य मानव जातीलाई वस्तुसरह बिक्री वितरण गर्ने वा बलयुक्त श्रमद्वारा शोषण गर्ने क्रियाकलापको अन्त्य गर्नु हो ।

यस महासन्धिले दासत्वको परिभाषाअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार समावेश गरेको छ । कुनै प्रकारको शक्ति वा बलको प्रयोगबाट कसैमाथि अधिकारको नियन्त्रणमा राख्ने कार्यलाई दासत्व मानेको छ । दासत्व व्यापार भन्नाले कुनै व्यक्तिमाथि कब्जा गर्ने उद्देश्यले प्राप्त गर्ने वा बिक्री गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरूलाई जनाएको छ ।[४]

## ३. मानव विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्न, दबाउन र सजाय गर्न अन्तरदेशीय रूपमा सँगठित अपराधविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको उपलेख २००० (UN Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000)

मानव बेचबिखन तथा ओसारपसारविरूद्धमा बनेका अन्तर्राष्ट्रिय अभिलेखहरूमा यो उपलेख एउटा महत्वपूर्ण महासन्धि हो । यो बेचबिखन क्षेत्रको पहिलो विस्तृत परिभाषा समेटेको उपलेख हो । यसले ओसारपसारको प्रष्ट परिभाषा गर्नुको साथै सँगठित र अन्तर्राष्ट्रिय अपराधको रूपमा मान्यता दिएको छ । मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनविरूद्ध लड्न र प्रभावकारी कार्य गर्नका लागि उद्गम स्थल, मार्ग र गन्तव्य राज्यहरूमा बेचबिखन गर्ने, अपराधीहरूलाई सजाय गर्न र पीडितहरूलाई उनीहरूको मानव अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय कानूनबाट बनेको यो एक महत्वपूर्ण उपलेख हो ।

मानिसहरूको ओसारपसार भन्नाले "शोषण गर्ने उद्देश्यले मानिसहरूलाई धम्की, बल प्रयोग गरेर वा अन्य तरीकाले जवरजस्तीपूर्वक बन्धक बनाएर, जालसाजी गरेर, ढाँटेर, शक्ति वा ओहदाको दुरूपयोग गरी, लोभ देखार, पैसा दिएर वा अन्य कुनै फाइदाको आशा देखाएर भर्ती गर्ने, सहमति गराई अर्को व्यक्तिमाथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, लगेर राख्ने, आश्रयमा लिने कार्यलाई बुझाउँदछ । शोषण भन्नाले "न्यूनतम् मूल्यमा अरूलाई देहव्यापारमा लगाई शोषण गर्ने वा अन्य प्रकारको यौन शोषण, जवरजस्ती श्रम वा सेवा दासता वा त्यस्तै प्रकृतिका

४ दासत्व सम्बन्धी महासन्धि, १९२६ को धारा १ ।

काम, नोकर/दास बनाउने, अंगहरू निकाल्ने कार्यलाई" समेट्दछ भन्ने परिभाषा गरेको छ ।[५] माथि जेसुकै कुरा उल्लेख गरिएको भए पनि शोषण गर्ने उद्देश्यले कुनै पनि बालबालिकाको निकृष्ट भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रयमा लिने वा उनीहरूलाई आफ्नो नियन्त्रणमा राखी छोड्ने जस्ता कार्यले मानव ओसारपसारलाई नै बुझाउनेछ[६] भनी स्पष्ट गरेको छ ।

बेचबिखनका मुद्दाहरूमा घरेलु कानूनले भ्याएसम्म, प्रत्येक देशले बेचबिखनमा परेका व्यक्तिहरूको व्यक्तिगत, परिचयलगायत यससँग सम्बन्धित प्रक्रियाहरूलाई गोप्य राख्नेछ । राज्यले बेचबिखनबाट पीडितहरूलाई शारीरिक, मानसिक र सामाजिक रूपले स्वास्थ्य लाभ प्रदान गर्ने गरी उपायहरूमा ध्यान दिनेछन् । साथै उपयुक्त बसोबास, पीडितहरूको कानूनी हक अधिकारहरूबारे बुझ्ने भाषामा परामर्श जानकारी, औषधि, मनोवैज्ञानिक र भौतिक सामग्रीको सहयोग, रोजगारी, तामीमका अवसरहरू दिई पीडितहरूलाई सहयोग गर्नेछन् ।[७] प्रत्येक राज्यले बेचबिखनमा परेको व्यक्तिहरूको शारीरिक सुरक्षाका लागि प्रयास गर्नेछन् र आन्तरिक कानूनी प्रक्रियामा पीडित व्यक्तिको अङ्ग-भङ्ग भएमा क्षतिपूर्ति पाउने व्यवस्था सुनिश्चित गरेको छ ।[८]

राज्यले मानव बेचबिखनबाट बचाउने र बेचबिखनविरूद्ध लड्ने र बेचबिखनबाट पीडित विशेषगरी महिला तथा बालबालिकाहरूलाई पुनः पीडित हुनबाट संरक्षण गर्ने उपायहरूमा ध्यान दिनुपर्ने बताएको छ ।[९] राज्यहरूले द्विपक्षीय र बहुपक्षीय सहयोग मार्फत मानिसको विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखनको सम्भावित जोखिममा पुऱ्याउने तत्वहरू जस्तैः गरीवी, अल्पविकास र समान अवसरको अभाव आदिलाई न्यूनीकरण गर्ने विविध उपायहरू अवलम्बन र सवलीकरण गर्ने प्रयास गर्नेछन् ।[१०] यस उपलेखमा पीडितलाई संरक्षण गर्न आवश्यक कानून निर्माण र बेचबिखनबाट पीडित व्यक्तिलाई बेचिएको देशमा स्वीकार्न वा आफ्नो देशमा फर्किन सहयोग गर्न साथै पीडित व्यक्तिलाई पुनः पीडित हुन नदिन राज्यले नीति, कार्यक्रम र उपायहरू निर्माण गर्ने प्रावधान राखिएका छन् । साथै मानव बेचबखिनबाट बचाउने र बेचबिखनविरूद्ध लड्न पनि नीति, कार्यक्रम राज्य पक्षले निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ ।

## ४. बाल अधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लीलता प्रदर्शनसम्बन्धी इच्छाधीन आलेख, २००० (Optional Protocol to the Convention on the Right of Child on the Sale of Children, Child Prostitution and Child Pornography, 2000)

**आलेखअन्तर्गत बालबालिका बेचबिखनको परिभाषा :** पारिश्रमिक वा अन्य कुनै प्रतिफलको लागि एक व्यक्तिबाट अर्को व्यक्तिलाई गर्ने बालबालिकाको हस्तान्तरणको कार्य वा ओसारपसारलाई बालबालिकाको

५ धारा ३(१) ।
६ धारा ३(३) ।
७ धारा ३(क)(ख)(ग) र (घ) ।
८ धारा ५ र ६ ।
९ धारा ९(१) को (क) र (ख) ।
१० धारा ९(४)

बेचबिखनका रूपमा परिभाषित गरेको छ ।[११]

**बाल वेश्यावृत्तिको परिभाषा :** आलेखले पारिश्रमिक वा अन्य कुनै प्रतिफलको लागि बालबालिकालाई यौनजन्य क्रियाकलापमा प्रयोग गर्नुलाई बाल वेश्यावृत्तिको रूपमा परिभाषित गरेको छ ।[१२]

**अपराधीकरण :** आलेखले यौन शोषण, मानव अग प्रत्यारोपण, बलपूर्ण श्रमको लागि बालबालिकालाई प्रस्तावित गर्नु, पुऱ्याउनु वा स्वीकार्नु लगायत बालबालिका बेचबिखनलाई पक्ष राज्यले अपराधीकरण गर्नुपर्ने दायित्व दिएको छ ।[१३]

**पीडित बालबालिकाको अधिकारको संरक्षण :** आलेखले पीडित बालबालिकाको अधिकारको फौजदारी न्याय प्रणालीको दौरानमा संरक्षण गर्नुपर्ने दायित्व राज्यलाई दिएको छ। जसअन्तर्गत विशेषगरी साक्षीको रूपमा बालबालिकाको विशेष आवश्यकताहरूलाई मान्यता दिने आवश्यक सुरक्षा सेवा प्रदान गर्ने, बालबालिकाको गोप्यता र पहिचान संरक्षण गर्ने र बिना कुनै ढिलाई क्षतिपूर्तिको व्यवस्था मिलाउने आदि पर्दछ । [१४]

**आवश्यक तालीमः** आलेखले पीडित बालबालिकासँग काम गर्ने व्यक्तिहरूलाई बाल सहयोगी व्यवहारसम्बन्धी आवश्यक तालीमहरू दिनुपर्ने दायित्व पक्षराज्यलाई दिएको छ ।[१५]

## ५. वेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचबिखन विरूद्धको सार्क महासन्धि, २००२ (SAARC Convention on Preventing and Combatting Trafficking in Women and Children for Prostitution, 2002)

- बेचबिखन तथा ओसारपसारमा सँगठित आपराधिक संलग्नता हुने हुँदा यसको नियन्त्रण गर्न कुनै एक राष्ट्रको प्रयासले मात्र हुन सक्दैन । यसको लागि क्षेत्रीयस्तरमा सहयोग र समन्वय आवश्यक भएको महसूस गरी सार्क राष्ट्रमा बेचबिखनलाई उल्लेख गरी निर्माण भएको यो पहिलो क्षेत्रीय कानून हो । यो महासन्धि सार्कका सातवटै सदस्य राष्ट्रहरूले २०५८।९।२१ मा हस्ताक्षर गरी सबै सदस्य राष्ट्रहरूको अनुमोदन भई कार्यान्वनमा आइसकेको छ ।

- कुनै आर्थिक वा अन्य प्रतिफल प्राप्त गरी बेचबिखन गरिएको व्यक्तिको सहमति प्राप्त गरी वा नगरी वेश्यावृत्तिमा लगाउने उद्देश्यले महिला वा बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने, बिक्री गर्ने वा खरिद गर्ने कार्यलाई बेचबिखन भनी परिभाषा गरेको छ र बेचबिखनकर्ता भन्नाले छलकपट, धम्की, दवाव, अपहरूण, बिक्री, कपटपूर्ण विवाह, बालविवाह वा अन्य कुनै गैरकानूनी तवरले वेश्यावृत्तिमा लगाएका वा पीडित महिला वा बालबालिकालाई बेचबिखन गरिएको व्यक्ति भनी सम्झनु पर्दछ भनी परिभाषित गरेको छ ।[१६]

- महासन्धिले वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन गर्ने, बेचबिखनका लागि कुनै ठाउँको व्यवस्था गर्ने, राख्ने, जानी-जानी लगानी गर्ने वा लगानीमा भाग लिने र कुनै घर वा त्यसको

११ धारा २(क) ।
१२ धारा २(ख) ।
१३ धारा ३ ।
१४ धारा ८(१) ।
१५ धारा ८(४) ।
१६ धारा १ ।

भाग भाडामा दिने वा उपलब्ध गराउने तथा उल्लिखित अपराधको उद्योग गर्ने वा त्यस्तो कार्य गर्न प्रोत्साहित गर्ने वा उक्साउने कार्यलाई समेत दण्डनीय बनाएको छ।[१७]

- महासन्धिले सदस्य राष्ट्रहरूका न्यायिक निकायहरूले कसूरको सुनुवाईको क्रममा महिला तथा बालबालिकाको गोपनीयता कायम गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तै महासन्धिले उनीहरूलाई उचित परामर्श तथा कानूनी सहायता उपलब्ध गराउनुपर्ने कुरामा समेत जोड दिएको छ।[१८]
- महासन्धिले पीडित व्यक्तिहरूको पुनर्स्थापनाका लागि संरक्षण गृह र आवास गृहहरू स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ। यसका साथै महासन्धिले पीडित व्यक्तिहरूको स्वास्थ्य उपचार तथा कानूनी सहयोगको व्यवस्था गरेको छ।[१९]
- राष्ट्रहरूले एक आपसमा महासन्धिअन्तर्गतका अपराधहरूको अनुसन्धान, तहकिकात, सुनुवाई वा अन्य कार्यविधिमा पारस्परिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था महासन्धिमा गरिएको छ। महासन्धिले यस क्षेत्रका महिला तथा बालबालिकालाई वेश्यावृत्तिको अन्तर्राष्ट्रिय संजालबाट मुक्त पार्न तथा खासगरी सार्क क्षेत्रका देशहरलाई यस अपराधबाट मुक्त पार्न सार्कका सदस्य राष्ट्रहरूबीच सहयोग प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ।[२०]
- यस महासन्धिले महिला तथा बालबालिकाको बेचबिखनलाई सुपुर्दगीयोग्य अपराध मानेको छ। कुनै पक्ष राष्ट्रबाट सुपुर्दगीको अनुरोध प्राप्त भएमा त्यस्तो राष्ट्रले कसूरदारलाई अनुरोध गर्ने राष्ट्रसमक्ष सुपुर्दगी गर्नुपर्नेछ। सुपुर्दगी गर्न कानून नमिल्ने भएमा वा नगरेमा आफ्नो राष्ट्रको अदालतबाट सजाय दिलाउनु पर्ने व्यवस्था गरेको छ।[२१] महासन्धिले पक्ष राष्ट्रहरूले पीडित व्यक्तिलाई निजको उत्पत्तिको देशमा पठाउनुपर्ने व्यवस्था गरेको छ। यस्तै प्राप्त गर्ने राष्ट्रले पीडितलाई फिर्ता नगरेसम्म हेरविचार र खान लाउने प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ।[२२] महासन्धिले पीडित व्यक्तिहरूको पुनर्स्थापना गर्ने कार्यमा गैरसरकारी संस्थाहरूलाई प्रोत्साहन तथा अनुमति प्रदान गर्ने व्यवस्था गरेको छ।[२३] महासन्धिले पक्ष राष्ट्रहरूले महासन्धि अन्तर्गतका अपराधहरूमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपण गर्ने निकायहरूलाई अपराधसँग सम्बन्धित कुराहरूका सन्दर्भमा तालीम दिने, महासन्धिका व्यवस्थाबारे सचेत गराउने तथा ती निकायहरूलाई सक्षम बनाउन आवश्यक स्रोत, साधन र सहयोग प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ।[२४]

### २.१.६ अन्य महासन्धिहरू

यनका अतिरिक्त सन् १९०४ मा सम्पन्न गोरा दासहरूको बिक्री रोकथाम गर्ने अन्तर्राष्ट्रिय सम्झौता,

१७ धारा ३।
१८ धारा ५।
१९ धारा ९(२)।
२० धारा ६।
२१ धारा ७।
२२ धारा ९(१)।
२३ धारा ९(३)।
२४ धारा १०।

सन् १९२१ को महिला तथा बालबालिकाको बेचबिखन रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सन् १९३३ को वयष्क महिलाको बेचबिखन तथा ओसारपसार रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल, १९५३, दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पुरक महासन्धि, १९५६ ले पनि यस विषयमा परोक्ष रूपमा केही प्रावधान समेटेका छन् ।

### २.१.२ अरु विभिन्न महासन्धिहरूमा भएको मानव बेचबिखनसँग सम्बन्धित व्यवस्था

### १. नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (International Convention on Civil and Political Rights, 1966)

यो महासन्धि संयुक्त राष्ट्र संघको महासभाले १६ डिसेम्बर १९६६ मा ग्रहण गरी २३ मार्च १९९६ देखि लागू भएको छ । यसमा नेपाल १४ मे १९९१ मा सम्मिलन भएको थियो । यो प्रत्यक्ष रूपमा महिला बेचबिखनसँग सम्बन्धित नभए तापनि यसमा समेटिएका कतिपय अधिकारहरू महिला तथा बालबालिकाको ओसारपसार तथा बेचबिखनविरूद्धको अधिकारसँग निकट सम्बन्ध राख्दछन् । जस्तैः कसैलाई पनि यातना अथवा क्रूर, अमानवीय अथवा निर्दयी वा अपमानजनक व्यवहार अथवा सजाय गर्न नपाउने व्यवस्था राज्य पक्षले गर्नुपर्ने छ ।[२५] दास, दासत्व व्यापारलाई निषेध गर्दै बलपूर्वक श्रम अथवा अनिवार्य श्रममा कसैलाई लगाउन नपाउने व्यवस्था राज्य पक्षले गर्नुपर्नेछ ।[२६] कानूनको दृष्टिमा समान र भेदभाव बिना कानूनको समान संरक्षणको हकदार हुनेछ । जाति, वर्ण, लिङ्ग, भाषाका आधारमा भेदभाव नगरी समान र प्रभावकारी संरक्षण राज्य पक्षले गर्नुपर्ने छ ।[२७] व्यक्तिको स्वतन्त्रता र व्यक्तिको सुरक्षाको व्यवस्था गर्नुपर्ने कुरामा यो महासन्धि निकै संवेदनशील रहेको छ ।

**२.आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र, १९६६ (ICESCR, 1966)**

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धनको लागि आएको आर्थिक सामाजिक र सांस्कृतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध पत्रले बेचबिखन र ओसारपसार सम्बन्धमा पनि व्यवस्था गरेको छ । जसअनुसार, व्यक्तिको आधारभूत स्वतन्त्रताको सुरक्षा भएको अवस्थामा आफूले रोजेको काम गर्न पाउने अधिकार[२८], न्यायपूर्ण र अनुकूल वातावरणमा काम गर्न पाउने अधिकार[२९] तथा महिला र पुरूष दुवै जनाको सहमतिमा विवाहको अधिकार[३०] आदिलाई संरक्षण गर्न पाउनुपर्ने अधिकारको संरक्षण गरेको छ । महासन्धिले पक्ष राष्ट्रका नागरिकले महासन्धिले अघि सारेका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग गर्ने समान अधिकार दिनुपर्ने कुराको सुनिश्चितता गरेको छ ।[३१]

### ३. महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women, 1979)

२५ ऐ. धारा ७ ।
२६ ऐ. धारा ८ ।
२७ ऐ. धारा २६ ।
२८ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्रको धारा ६ ।
२९ ऐ. धारा ७ ।
३० ऐ. धारा १० ।
३१ ऐ. धारा ३ ।

महिला समानता र विकाससम्बन्धी सबै पक्षहरू एकीकृत रूपमा समेटी संयुक्त राष्ट्र संघको महासभाले सन् १९७९ मा पारित गरेको महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि महिलाहरूको सम्पूर्ण मानव अधिकारहरूलाई वैधानिक मान्यता दिई समाहित गरेको एक महत्वपूर्ण अभिलेख हो । यसलाई नेपालले २२ अप्रील १९९१ मा अनुमोदन गरेको छ। यस महासन्धिअन्तर्गत महिलाको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने व्यवस्थाको विश्लेषण गर्दा महिला महासन्धिले अन्य महासन्धिहरूले जस्तो लिङ्गको आधारमा हुने असमान व्यवहारलाई मात्र भेदभावको रूपमा परिभाषित नगरी भेदभावको विस्तृत परिभाषा गरेको छ। महासन्धिको धारा १ अनुसार महिलाविरूद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै पनि क्षेत्रमा वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्धलाई जनाउँदछ[३२] भनी परिभाषित गरिएको छ। महिलाको सबै प्रकारको बेचबिखन र महिलालाई वेश्यावृत्तिमा लगाई शोषण गर्ने कार्य अन्त्य गर्ने सम्बन्धी आवश्यक उपायहरू अवलम्बन गर्ने जिम्मेवारी सबै राज्य पक्षलाई हुनेछ।[३३] रोजगारीको क्षेत्रमा महिलालाई पुरूषसरह समानताको आधारमा समान हक प्रत्याभूति गराउनको लागि महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्न राज्य पक्षले आवश्यक कदम चाल्नेछ।[३४] महिलाहरूलाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य स्याहार सेवासम्बन्धी कुराहरू पुरूषसरह समानताको आधारमा उपलब्ध गराउनुका साथै आवश्यकताअनुसार निःशुल्क सेवा समेतको आवश्यक व्यवस्था पक्ष राष्ट्रहरूले गर्ने[३५] गरी दायित्वहरूको सिर्जना गरेको छ।

## ४. सिडा (CEDAW) समितिको सिफारिश नं.: १९

यसले महिला तथा बालबालिकाविरूद्ध हुने हिंसाका सम्बन्धमा राज्यका दायित्वहरू परिपालन गर्न स्पष्ट दिशाबोध गराएको छ। समितिको सिफारिशअनुसार पक्ष राष्ट्रहरूले महिलाविरूद्ध लैङ्गिक आधारमा हुने हिंसाको लागि प्रभावकारी संरक्षण उपलब्ध गराउन आवश्यक पर्ने देहाय बमोजिमका कुराहरू सहित सबै कानूनी तथा अन्य कदमहरू चाल्नु पर्दछ :-

१. महिलाविरूद्ध हुने सबै प्रकारका हिंसाबाट बचाउन दण्ड सजायहरू, देवानी उपचारहरू तथा क्षतिपूर्तिसम्बन्धी प्रावधानहरू सहितको प्रभावकारी कानूनी व्यवस्था,
२. महिला तथा पुरूषको भूमिका तथा स्थितिसँग सम्बन्धित धारणामा परिवर्तन ल्याउन सार्वजनिक सूचना तथा शैक्षिक कार्यक्रमसहितका प्रतिरोधात्मक उपायहरू, हिंसाका शिकार भएका पीडित वा हिंसाको जोखिमपूर्ण स्थितिमा रहेका महिलाहरूको लागि उद्धार, परामर्श, पुनर्स्थापना, सहयोग सेवालगायतका संरक्षणात्मक उपायहरू,
३. महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा विशेष गरी मानव बेचबिखन तथा ओसारपसार तथा यौन शोषण रोकथामको लागि लिएको कानूनी तथा अन्य उपचारको व्यवस्थाबारे प्रतिवेदन पेश गर्नुपर्ने, जसमा बेचबिखन तथा ओसार पसारको स्थिति, रोकथाम, पुनर्स्थापना, न्याय दिनको लागि राज्यले अपनाएको विशेष उपायहरू तथा वेश्यावृत्ति

---

३२ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा १ ।
३३ ऐ. धारा ६ ।
३४ ऐ. धारा ११ ।
३५ ऐ. धारा १२ ।

र अन्य प्रकारको यौन शोषणमा संलग्न महिलाहरूको संरक्षणको लागि अपनाइएको उपायहरू उल्लेख गर्नुपर्ने ।

## ५. बाल अधिकार महासन्धि, १९८९ (Convention on the Rights of the Child, 1989)

संयुक्त राष्ट्र संघको महासभाले २० नोभेम्बर १९८९ मा पारित भई २ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको बाल अधिकार महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ । महासन्धिले गरेको व्यवस्थाअनुरूप बालबालिकालाई अवैध रूपमा विदेशमा स्थानान्तरण र विदेशबाट नफर्काउने कुराको विरूद्ध लड्न पक्ष राष्ट्रहरूले पाइला चाल्नुपर्नेछ ।[३६] आर्थिक शोषण र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा खलल पुऱ्याउने वा आफ्नो स्वास्थ्य, शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानीकारक हुनसक्ने कुनै पनि कार्यबाट संरक्षण गर्नु पक्ष राष्ट्रहरूको दायित्व बनाएको छ ।[३७] यसले बालबालिकालाई गैरकानूनी यौनकार्यहरूमा संलग्न गराउनका लागि दिइने प्रलोभन वा दवाव वेश्यावृत्ति र अश्लील चित्रणका कार्यमा प्रयोग गर्न नदिन राज्य पक्षलाई रोक लगाउन निर्देशन दिएको छ । यसका साथै बालबालिकाको संरक्षणका लागि राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनु पर्ने कुरामा जोड दिएको छ ।[३८] कुनै पनि उद्देश्यका लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन र ओसारपसारमा रोक लगाउन वा पक्ष राष्ट्रहरूले राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनु पर्ने व्यवस्था गरेको छ ।[३९] कुनै पनि बालबालिकालाई यातना दिने वा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्न नपाउने व्यवस्था गर्नुपर्ने पक्ष राष्ट्रहरूको दायित्व हुनेछ ।[४०]

## ६.सबै प्रकारका जातीय भेदभावको उन्मूलनसम्बन्धी महासन्धि, १९६५ (ICERD, Dec. 21, 1965)

जातीय भेदभावको उन्मूलन गर्न सबै प्रकारका जातीय भेदभावको उन्मूलनसम्बन्धी महासन्धिले मानव अधिकार र आधारभूत स्तवन्त्रताहरूको समान उपभोगको लागि निश्चित जातीय समूह वा त्यस समूहसँग सम्बन्धित व्यक्तिहरूको रक्षाको अधिकार[४१] संरक्षण गर्नुपर्ने कुरामा जोड दिएको छ ।

कानूनी समानताको अधिकारअन्तर्गत सबै न्यायिक संयन्त्रबाट समान व्यवहार, सरकारी अधिकारी वा व्यक्ति/समूह वा संस्थाबाट हुन सक्ने शारीरिक हिंसाबाट व्यक्तिको सुरक्षा र राज्यबाट रक्षा, आफ्नो देश छाड्ने वा फर्कने राष्ट्रियतामा समानता, विवाह र जीवन साथी रोज्न पाउने समान अधिकार, काम, कामको लागि न्यायपूर्ण अनुकूल अवस्था र वातावरण तथा पारिश्रमिकमा समानताको अधिकार[४२] को संरक्षण गर्नुपर्ने तथा कुनै पनि व्यक्तिको मानव अधिकारहरू हनन् गर्ने जातीय भेदभावपूर्ण गतिविधिहरू विरूद्ध प्रभावकारी सुरक्षा र रोकथामको अधिकार[४३]को व्यवस्था महासन्धिले गरेको छ ।

## ७. बलयुक्त श्रमसम्बन्धी महासन्धि १९३०

अन्तर्राष्ट्रिय श्रम सँगठनको प्रयासबाट सन् १९३० मा बलयुक्त श्रमसम्बन्धी महासन्धि १९३० (जसलाई आईएलओ सम्मेलन नं. २९ भनिन्छ) लागू गरियो । यो महासन्धिले कुनै पनि मानिसलाई जवरजस्ती

३६ बाल अधिकार महासन्धि, १९८९ को धारा ११ ।
३७ ऐ. धारा ३२ ।
३८ ऐ. धारा ३४ ।
३९ ऐ. धारा ३५ ।
४० ऐ. धारा ३७ ।
४१ सबै प्रकारको जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको धारा २ ।
४२ ऐ. धारा ५ ।
४३ ऐ. धारा ६ ।

अथवा बाध्यात्मक रूपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ । बलयुक्त श्रम भन्नाले कुनै पनि मानिसको इच्छाविरूद्ध गराइने सबै कार्यलाई जनाउँदछ । इच्छाविरूद्ध कसैलाई कुनै सेवा गर्न लगाउनु पनि बाध्यात्मक श्रम नै हो ।[४४] महिला तथा बालिका बेचबिखनको अवस्था सिर्जना गर्ने अर्को कारकतत्व बाध्यात्मक इच्छाविरूद्धको श्रम पनि एक हो । सन् १९५७ को बलयुक्त श्रम निर्मूल गर्ने महासन्धि (ILO Convention No 105) ले राज्य पक्षले यस्ता बलयुक्त श्रम हटाउन आवश्यक उपायहरू अपनाउनु पर्ने भनी व्यवस्था गरेको छ । यिनका अतिरिक्त सन् १९०४ मा सम्पन्न गोरा दासहरूको बिक्री रोकथाम गर्ने अन्तर्राष्ट्रिय सम्झौता, सन् १९२१ को महिला तथा बालबालिकाको बेचबिखन रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सन् १९३३ को वयष्क महिलाको बेचबिखन तथा ओसारपसार रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल, १९५३, दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पुरक महासन्धि, १९५६ मा पनि मानव वेचविखन निरुत्साहित गर्ने केही प्रावधानहरु रहेका छन् ।

### २.१.३ मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सम्मेलन तथा घोषणापत्र

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी भएका अन्तर्राष्ट्रिय महासन्धिको व्यवस्थालाई कार्यान्वयन गर्न विभिन्न सम्मेलनमार्फत घोषणापत्र जारी गर्ने र सन्धिका व्यवस्थाहरूलाई सरलीकृत रुपमा परिभाषित गरी लागू गर्ने दिशामा थुप्रै अन्तर्राष्ट्रिय प्रयासहरू भएका छन् । केही प्रमुख प्रयासहरू निम्नबमोजिम छन् :

### १. महिला विरूद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९३

महिलाविरूद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्रले महिलाविरूद्ध हिंसाको परिभाषा गरी यसलाई उन्मूलन गर्नुपर्ने घोषणा गरेको छ । घोषणापत्र अनुसार महिलाविरूद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने संभावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दवाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज समेत पर्दछ ।[४५]

### २. बालबालिकासम्बन्धी व्यावसायिक यौन शोषणसम्बन्धी पहिलो विश्व कांग्रेस, १९९६ [४६]

स्टकहोममा भएको पहिलो विश्व कांग्रेसले बाल वेश्यावृत्ति, बाल बेचबिखन, बाल अश्लीलता प्रदर्शनमा जिम्मेवार सेवा प्रदानकर्ता, ग्राहक र माध्यमको रूपमा संलग्न व्यक्तिहरूलाई आपराधिक दायित्व स्थापना गर्ने राष्ट्रिय कानूनहरू कार्यान्वनय गर्न राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थालगायत समाजको सबै वर्गलाई अनुरोध गरेको छ । साथै यसले विशेषगरी बालबालिकाको बेचबिखनको सन्दर्भमा बालबालिकालाई देशभित्र वा बाहिर बेचबिखन हुनबाट संरक्षण गर्न एवं बेचबिखनकर्तालाई सजाय गर्न राष्ट्रिय कानून, नीति र कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्न सुझाव दिएको छ ।**३.**

### बालबालिकासम्बन्धी व्यावसायिक यौन शोषणसम्बन्धी दोस्रो विश्व कांग्रेस, २००१[४७]

---

४४ बलयुक्त श्रम सम्बन्धी महासन्धिको धारा २ को उपधारा १ ।

४५ Declaration on the Elimination of violence against of women, 1993

४६ First World Congress, Stockholm, Sweden, 1996.

४७ Second World Congress Yokohama, Japan 2001.

योकोहामामा भएको दोस्रो विश्व कांग्रेसले यौनज न्य उद्देश्यको लागि हुने बाल वेश्यावृत्ति, बाल अश्लीलता प्रदर्शन तथा बाल बेचबिखनको विरूद्ध बालबालिकालाई यौनजन्य शोषणबाट संरक्षण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीति कार्ययोजना बनाउने, यसलाई बर्हिक्षेत्राधिकार प्रभाव लागू हुने गरी अपराधीकरण गर्ने कानूनहरू निर्माण गर्ने लगायतको कार्यहरू गर्न प्रोत्साहित गरेको छ । यसले अझ विशेषगरी बाल वेश्यावृत्ति, बाल अश्लीलता प्रदर्शन र बालबालिकाको बेचबिखनका रूपमा हुने बालबालिकाको व्यावसायिक यौन शोषणबाट संरक्षण गर्नका लागि जोड दिएको छ । यसले राज्य पक्षहरूलाई नयाँ प्रविधिहरूको नकारात्मक पक्षहरू विशेषगरी इन्टरनेटको माध्यमबाट हुन सक्ने बाल अश्लीलता प्रदर्शनलाई एवं बालबालिकाको व्यावसायिक यौनजन्य शोषणको लागि सूचना वितरण वा साझेदारहरूबीचको समन्वय जस्ता कुराहरूलाई सम्बोधन गर्न जोड दिएको छ ।

### ४. चौथो विश्व महिला सम्मेलन तथा बेइजिङ कार्ययोजना, १९९५[४८]

बेइजिङ घोषणापत्र कार्ययोजनाले महिलाको बेचबिखन तथा ओसार पसारलाई गम्भीर प्रकृतिको महिलाविरूद्धको हिंसाको रूपमा लिएको छ । यसले अन्तर्राष्ट्रिय अभिलेखहरूको पुनरावलोकन र सुदृढीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने सुझाव दिएको छ । त्यस्तै महिलाको बेचबिखन र वेश्यावृत्ति अन्तर्राष्ट्रिय सँगठित अपराधको रूपमा भएको हुँदा मानव अधिकार समितिको महिलाविरूद्ध हिंसा सम्बन्धी विशेष प्रतिवेदकलाई यस विषयमा प्राथमिकता पूर्वक मुद्दा उठाउनुपर्ने कुरामा जोड दिएको थियो र ती महिलाहरू बेचबिखनको क्रममा बलात्कार, यौन शोषण, जवरजस्ती वेश्यावृत्ति तथा यौन पर्यटनमा लगाइने, एच.आई.भी./एड्स लगायत यौन संक्रमित रोगहरूबाट प्रभावित रहेको तथ्य समेत अगाडि ल्याएको थियो ।

### ५. बेइजिङ +५ को अवसरमा पारित अभिलेख[४९]

बेइजिङ घोषणापत्रमा व्यक्त गरेको प्रतिवद्धताको कार्यान्वयनको स्थितिलाई समीक्षा गर्ने सन्दर्भमा भएको संयुक्त राष्ट्र संघको २३ औं विशेष सत्रबाट पारित विशेष अभिलेखले महिला र बालबालिका विरूद्धको हिंसालाई मानव अधिकारको मुद्दाको रूपमा स्वीकार गरेको छ । उक्त अभिलेखले महिला र बालबालिकाहरूलाई सबै प्रकारको शारीरिक, मानसिक र यौनजन्य हिंसाबाट बचाउन र न्याय दिलाउनका लागि प्राथमिकताका साथ कानूनमा सुधार गर्ने तथा अन्य आवश्यक उपायहरू अपनाउने सुझाव दिएको छ । यस्तै महिला र बालबालिकालाई वेश्यावृत्तिको लागि बेचबिखन गर्ने, जवरजस्ती विवाह गराई दिने तथा जवरजस्ती काममा लगाउने जस्तो कार्यहरू रोक्न तिनीहरूको मूल कारण पहिचान गरी त्यसलाई सम्बोधन गर्नका लागि कानून तर्जुमा वा संशोधन वा अन्य उपायहरूबाट प्रभावकारी कदम चाल्नुपर्ने सुझाव दिएको छ ।

### ६. संयुक्त राष्ट्र संघको स्रहशताब्दीको घोषणा, २०००[५०]

यसले पनि महिला तथा बालबालिकाविरूद्ध हुने हिंसाका सम्बन्धमा राज्यका दायित्वहरू परिपालन गर्न

---

४८ चौथो विश्व महिला सम्मेलन, बेइजिङ, १९९५ ।

४९ 23rd Special Session of General Assembly of UN entitled "Women 2000: Gender Equality, Development and Peace of the 21 Century" Held on 5-9 June, 2000.

५० September 2000.

स्पष्ट दिशाबोध गराएको छ । राष्ट्रहरूले महिला विरूद्ध लैङ्गिक आधारमा हुने हिंसाको लागि प्रभावकारी संरक्षण उपलब्ध गराउन आवश्यक पर्ने देहायबमोजिमको कुराहरू सहित सबै कानूनी तथा अन्य कदमहरू चाल्नु पर्दछ :-

१. अन्तरदेशीय अपराधको रूपमा रहेको महिलाको बेचबिखन तथा ओसारपसार र मानव तस्करीको अन्त्य गर्न सम्पूर्ण सदस्य राष्ट्रहरूको पूर्ण प्रयास गर्ने,[51]
२. महिलाविरूद्धको सबै प्रकारको हिंसाको अन्त्य गर्ने, मानव बेचबिखन तथा ओसार पसारलाई महिलाको विरूद्धको गम्भीर हिंसाको रूपमा लिने तथा,
३. सबै राष्ट्रहरूलाई बालबालिकासम्बन्धी महासन्धि तथा बालबालिका बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लीलता प्रदर्शनसम्बन्धी इच्छाधीन आलेख अनुमोदन गर्न प्रोत्साहित गर्ने काम यो घोषणापत्रले गरेको छ ।

## २.२ राष्ट्रिय कानूनी व्यवस्था

### १ मुलुकी ऐन जीउमास्ने बेच्नेको महलः

मानव बेचबिखन र ओसारपसार सम्बन्धी नेपालको प्रचलित कानूनी व्यवस्थाहरू अझैपनि सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी स्तरसँग हुबहु पालना भएको नभई मध्यम रुपमा मात्र अनुपालन भएको कुराहरू विभिन्न अध्ययनहरूले उजागर गरेको पाइन्छ । वस्तुतः मानव बेचबिखनको कार्यलाई नेपालले २०२० को मुलुकी ऐन लागू गरेबाटै अपराधको रुपमा स्थापित गरेको हो । मानव बेचबिखन बाहेक मुलुकी ऐनले कसैलाई कमारा कमारी बनाउन, दास बनाउन, बँधुवा दास बनाउन, जवरजस्ती वा बाल विवाहको परिपञ्च मिलाउन वा जवरजस्ती बाल विवाह गराउन लगायत मानव बेचबिखनलाई प्रोत्साहित गर्ने विभिन्न सन्दर्भका कार्यहरू जस्तैः अपहरूण र जवरजस्ती करणीलाई पनि अपराध कायम गरेको छ ।

हाम्रो मुलुकमा वि.सं. १९८२ मा दास प्रथाको उन्मूलन भएपछि पनि कुनै न कुनै रूपमा मानिसलाई बिक्री गर्ने धर्म वा परम्पराको नाममा शोषण गर्ने आदि परिपाटी कायम रहेको र त्यसमा उपेक्षित वर्ग, समूह र लिङ्ग पर्ने भएर नै “जीउ मास्ने बेच्ने” कार्यलाई मुलुकी ऐनले अस्वीकार गऱ्यो । मुलुकी ऐनले मूलतः देहायको कार्यहरूलाई अपराध मानेको छ ।

१. बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद बाहिर लैजाने वा लगी बिक्री गर्ने,
२. सोह्र वर्ष नपुगेका नाबालक वा उमेर पुगेको भए पनि मगज बिग्रेका मानिसलाई संरक्षकको मञ्जूरी बेगर संरक्षकत्वबाट छुटाउने वा छुटाउनको लागि ललाउने फकाउने,
३. कमारा कमारी बनाउने, दास तुल्याउने वा बाँधा बनाउने ।

मुलुकी ऐनमा मानिसको बिक्री गर्नेलाई बीस वर्ष कैदको व्यवस्था गरिएको छ भने सोको उद्योग गर्नेलाई दश वर्ष, संरक्षकत्वबाट छुटाउनेलाई पाँचसय रूपैयाँसम्म जरीवाना वा तीन वर्षसम्म कैद र दास बनाउनेलाई तीन वर्षदेखि दश वर्षसम्म कैदको व्यवस्था गरी पीडितलाई अदालतले पिडकद्वारा क्षतिपूर्ति

५१ स्रह-शताब्दी घोषणापत्र परिच्छेद ९ ।

भराउने समेत सक्ने व्यवस्था रहेको छ ।[५२] जीउ मास्ने कार्यलाई गम्भीर सरकार वादी भई चल्ने मुद्दाको रूपमा लिइएता पनि अपराध बारेको अधुरो बुझाई, यसको बर्हिक्षेत्रीय प्रभावको राम्रो आँकलन हुन नसकेको र प्रमाण जुटाउने क्रममा हुने कठिनाई आदि कारणले यो ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेन भन्नुपर्ने अवस्था रह्यो ।

## २. नेपालको संविधान (२०७२)

नेपालको संविधान २०७२ को धारा १६(१) ले नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ । त्यस्तै धारा २१ मा पहिलो पटक संविधानमा अपराध पीडितको हक स्थापित गरिएको छ । सोअनुसार अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ ।[५३] त्यस्तै अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।[५४] संविधानको धारा २९ मा शोषणविरुद्धको हक उल्लेख छ। संविधानको यस धारा अन्तर्गत प्रदत्त यी अधिकारहरू यस प्रकार छन् :[५५]

(१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन ।
तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यसका अतिरिक्त संविधानमा महिलाको हक[५६] अन्तर्गत महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने उल्लेख छ। त्यस्तै बालबालिकाको हक[५७] अन्तर्गत कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । साथै कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक

---

५२ मुलुकी ऐन जीउ मास्ने बेच्नेको १, २, ३ नं. ।
५३ नेपालको संविधान धारा २१ (१)
५४ ऐ धारा २१(२)
५५ नेपालको संविधान धारा २९
५६ ऐ धारा ३८(३)
५७ ऐ धारा ३९ को उपधारा (४) (५) (७) र (१०)

वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक समेत प्रदान गरिएको छ ।

## ३ जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३

मुलुकी ऐनका कमी कमजोरीहरूलाई सुधार गरी जीउ मास्ने बेच्ने कार्यलाई प्रभावकारी कानून कार्यान्वयनमार्फत निरूत्साहित गर्न जारी गरिएको यो ऐनले देहायका चार प्रकारका कार्यहरूलाई जीउ मास्ने बेच्ने कार्य मानेको छ :[५८]

१. कुनै पनि उद्देश्यले मानिसको बेचबिखन गर्ने,
२. बेचबिखन गर्ने उद्देश्यले विदेशमा लैजाने,
३. स्वास्नी मानिसलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर त्रास वा दबावमा पारी वेश्यावृत्तिमा लगाउने,[५९]
४. माथि लेखिएको कुनै कार्य गर्न परिपञ्च मिलाउने, सहयोग पुऱ्याउने, दुरूत्साहन वा उद्योग गर्ने ।

यसरी यस ऐनमा मानव बेचबिखन तथा ओसारपसार अपराधको परिभाषा नै अधुरो भए पनि ऐनका केही उल्लेखनीय पक्षहरू रहेको छन् । तर, ती प्रावधानहरूको कार्यान्वयन पक्षहरू पनि जटिल नै रहेको पाइन्छ। ऐनको बहिर्क्षेत्रीय प्रयोग जुन कसैले नेपाल बाहिर बसी कसूर गरेपनि सो कार्य नेपालभित्र बसी गरे सरह मानी कारवाही र सजाय हुने भन्ने व्यवस्था हो । त्यस्तै विशिष्ट अनुसन्धान पद्धति जसमा उजूरी परेपछि त्यस्तो उजूरी अदालतसमक्ष पेश गरी अदालतको अनुमतिले मात्र अनुसन्धान र तहकिकात गर्न सकिने,[६०] उजुर गर्ने व्यक्ति पीडित स्वयं भएमा निजले सरकारी वकीलको रोहवरमा गरेको बयान न्यायाधीशबाट प्रमाणित गराउन निजलाई २४ घण्टाभित्र अदालतमा उपस्थित गराउनुपर्ने,[६१] प्रमाणको भार अभियुक्तमा रहने आदि ।[६२] दण्ड सजायको हकमा पनि यो ऐन कठोर नै देखिन्छ । कसूरको मात्रा अनुसार बढीमा बीस वर्षसम्म कैद सजाय हुने व्यवस्था यस ऐनले गरेको थियो ।

## ४ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानव बेचविखनसम्बन्धी अपराध नियन्त्रणको लागि बनेको २०४३ सालको ऐनलाई खारेज गरी जारी गरिएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन र ओसारपसार सम्बन्धमा विद्यमान कानूनका कमी कमजोरीहरूलाई हटाउने, अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धिमा उल्लिखित व्यवस्थाहरूले निर्देश गरेबमोजिम र मानव बेचबिखनविरूद्धका कार्यमा संलग्न नागरिक समाजका सदस्यहरूले उठाएका कुराहरू समेतलाई धेरै हदसम्म सम्बोधन गर्ने प्रयास गरेको छ । यति हुँदाहुँदै पनि यस ऐनमा सुधारको अवश्यकता भने अझै पनि बाँकी रहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ ले समग्रतामा मानव बेचबिखन तथा ओसारपसार

५८ यद्यपि ऐनले वेश्यावृत्तिमा लगाइएका आधार कारणहरू खोज्न थालेको छ, यी अझै अपूरा छन् ।
५९ जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण ऐन, २०४३ दफा ४)
६० यो किसिमको अनुसन्धान महाद्वितीय पद्धति अनुशरण गर्ने केही देशहरमा छ भने फौजदारी कसूरहरूमा अभियुक्त पक्राउ गर्नु अघि अदालतको अनुमति लिनुपर्ने हदसम्म यस्तो प्रक्रिया कमन ल अनुशरण गर्ने देशहरमा पनि विद्यमान छ ।
६१ जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण ऐन, २०४३ दफा ६)
६२ ऐ. दफा ७

कार्यलाई आपराधीकरण गरेको छ । बालबालिकाको ओसारपसार र बेचबिखनको छुट्टै परिभाषा नगरेपनि वयष्कविरुद्धको बेचबिखन र ओसारपसारसँगै नाबालकको बेचबिखन र ओसारपसारसम्बन्धी विषयलाई समेटेको छ । यसका अतिरिक्त उक्त ऐनमा व्यवस्थित निम्न व्यवस्थाहरू महत्वपूर्ण रहेका छन् :

- पीडित तथा साक्षीको सुरक्षा, संरक्षणको प्रबन्ध गरेको छ ।
- बन्द इजलासको व्यवस्था गरेको छ ।
- पीडितलाई दोभाषे र अनुवादकको सुविधा प्रदान गरेको छ ।
- पीडितको आत्मरक्षाको अधिकार सुनिश्चित गरेको छ ।
- पीडकलाई कडा सजायको व्यवस्था गरेको छ ।
- पीडितको गोपनीयताको अधिकार सुरक्षित गरेको छ ।
- प्रभावितले छुट्टै कानून व्यवसायी राख्न पाउने व्यवस्था गरेको छ ।
- प्रमाणको भार दोषीमा रहने व्यवस्था गरेको छ ।
- प्रभावितको उद्धार, पुनःस्थापना, पुनर्मिलन र संरक्षणको व्यवस्था गरेको छ ।
- पीडितलाई पीडकबाट क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ ।
- पीडकले क्षतिपूर्ति दिन नसक्ने भएमा राज्यबाट दिनुपर्ने व्यवस्था छ ।
- उजूरी दिनेलाई पुरष्कारको व्यवस्था गरिएको छ ।
- सामान्य कानूनको भन्दा फरक थप सजाय र छुट्टाछुट्टै सजायको व्यवस्था गरेको छ ।
- बालबालिकाको ओसारपसारमा वयष्कको ओसारपसारको भन्दा फरक र कडा सजायको व्यवस्था गरेको छ ।
- प्रभावितले प्रहरीसमक्ष गरेको बयान जिल्ला अदालतको न्यायाधीशबाट प्रमाणीकरण भएपश्चात् पछिको कानूनी कारवाहीमा पीडितको बकपत्र अनिवार्य नहुने व्यवस्था छ ।
- बेचबिखनमा सरकारी अधिकारी, नातेदार, वा अभिभावक नै संलग्न भएमा थप सजायको व्यवस्था गरेको छ ।
- बहिर्क्षेत्रीय अधिकार आकर्षित हुने र परस्पर कानूनी सहायता ऐनको व्यवस्था लागू हुने कुरा छ ।

## ५ बालबालिका सम्बन्धी ऐन, २०४८

यस ऐनले बालबालिकाहरूलाई अनैतिक पेशामा लगाउन र प्रयोग गर्न निषेध गरेको छ । साथै बालबालिकाको चरित्रमा आघात पार्ने किसिमको कुनै पनि व्यक्तिगत घटना विवरण वा तस्वीर प्रकाशन, मुद्रण, प्रकाशन, प्रसारण वा वितरण गर्न र मादक पदार्थ, लागू औषध वा त्यस्तै अन्य नशालु पदार्थको विक्री वितरण वा ओसारपसार गर्ने काममा लगाउन नपाउने कानूनी व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाविपरीत कार्य गरेमा सो गर्नेबाट सजाय र उचित क्षतिपूर्ति समेत भराई दिनुपर्ने कानूनी व्यवस्था रहेको छ ।[६३]

## ६ विद्युतीय कारोवार ऐन, २०६३

यस ऐनले विद्युतीय स्वरुप जस्तै : कम्प्युटर, इन्टरनेट लगायत विद्युतीय संचारका माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामाग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति वा सम्प्रदाय

६३ बालबालिका सम्बन्धी ऐन, २०४८ दफा १६

बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामाग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न रोक लगाएको छ । सो व्यवस्था उल्लंघन गरेमा एक लाख रुपैयाँसम्म जरीवाना वा ५ वर्षसम्म कैद वा दुबै सजाय हुने कानूनी व्यवस्था रहेको छ ।

### ७ वैदेशिक रोजगार ऐन, २०६३

यस ऐनले मानव बेचविखनलाई रोक्ने उद्देश्यले केही कानूनी व्यवस्था गरेको पाइन्छ । जस अनुसार इजाजत पत्र नलिई वैदेशिक रोजगारीको काम गर्न नपाउने, वैदेशिक रोजगारीमा हुनसक्ने शोषणबाट संरक्षण गर्नुपर्ने र यस्तो विषयमा सरकार वादी मुद्दा चलाउन सकिने व्यवस्था गरिएको छ ।

### ८ सँगठित अपराध नियन्त्रण सम्बन्धी ऐन, २०७०

मानव बेचबिखनसम्बन्धी अपराध सँगठित अपराधको कोटीमा पर्ने अपराध पनि हो । नेपालसमेत पक्ष राष्ट्र भैसकेको महासन्धि UN Convention on Transnational Organized Crime, 2000 अन्तर्गतका तीन छुट्टाछुट्टै प्रोटोकल मध्ये मानव ओसारपसार (Human Trafficking) सम्बन्धीको एउटा महत्वपूर्ण प्रोटोकल रहेको छ। यसै परिवेशसमेतमा बनेको यस कानूनले खासगरी कसूरको प्रकृति, प्रमाणको मूल्यांकन, पीडित तथा साक्षी संरक्षण सम्बन्धका विषयवस्तुहरूमा सान्निध्यता देखिन्छ । तथापि नेपालमा छुट्टै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली, २०६५ विशेष कानूनका रुपमा रहेका हुनाले यस प्रकृतिका अपराधहरूमा सोही बमोजिम हुने देखिन्छ ।

### ९ श्रमसँग सम्बन्धित ऐनहरू

मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण गर्ने विशेष ऐनको रुपमा २०६४ सालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन भएतापनि श्रम ऐन, २०४८, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८ समेत प्रचलनमा रहेका छन् । श्रम शोषण पनि मानव बेचबिखनको एक मुख्य स्वरुप भएको हुनाले यी ऐनहरू विपरीत भएका कार्यहरू सोही ऐनको मातहतमा अपराधीकरण गरी दण्ड सजायको व्यवस्था गरेको पाइन्छ ।

## २.१० अन्य राष्ट्रिय कानूनी व्यवस्था

यिनका अतिरिक्त पारस्परिक कानूनी सहायता ऐन, २०७०, सँगठित अपराध नियन्त्रण सम्बन्धी ऐन, २०७०, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८, श्रम ऐन, २०४८, भिक्षा माग्ने (निषेध) ऐन, २०१८, बाल न्याय (कार्यविधि) नियमावली, २०६३, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५, श्रमजीवी महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र नियमावली २०६७, आपतकालिन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७ र लैगिंक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ कानूनमा पनि मानव बेचविखनसम्वन्धी केही परोक्ष प्रावधान रहेका छन् ।

## २.३. राष्ट्रिय कार्ययोजना

कानूनको प्रभावकारी कार्यान्वयनका लागि निर्मित राष्ट्रिय कार्य योजनाहरू निम्न छन् :-

१. यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, २०५६
२. मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८
३. बालबालिका १० वर्षे राष्ट्रिय कार्ययोजना (२००४-२०१४)
४. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० (२००४)
५. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/०६८-२०७१/०७२)
६. लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक शसक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९/०७०-२०७३/०७४)
७. बालश्रम उन्मूलनका लागि गुरु योजना, २००१

## २.४. राष्ट्रिय निर्देशिका, कार्यविधि र मापदण्ड

कानूनको प्रभावकारी कार्यान्वयनका लागि निर्मित निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

१. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित, प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम् मापदण्ड, २०६८
२. मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाही सम्बन्धी कार्य संचालन निर्देशिका, २०६८
३. पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८
४. पुनर्स्थापना कोष संचालन निर्देशिका, २०६८
५. मनोसामाजिक परामर्श निर्देशिका, २०६९
६. आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
७. मानव बेचबिखन विरुद्धको गाउँ समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०
८. बाल हेल्प लाईन सञ्चालन कार्यविधि, २०६४
९. वैदेशिक रोजगारसँग सम्बन्धित कसूरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७

## नेपालमा मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था

मानव बेचविखन सम्बन्धी अमेरिकी मापदण्डले विश्वभरका मुलुकहरूलाई तीन स्तरमा विभाजन गरेको छ। वार्षिक रुपमा प्रकाशित हुने अमेरिकी प्रतिवेदनअनुसार मानव बेचबिखन ईन्डेक्समा नेपाल हालसम्म पनि दोश्रो तह (Tier 2) मा पर्दछ।[६४] अमेरिकी TIP प्रतिवेदन अनुसार नेपाल शुरुदेखि नै अर्थात सन् २००० देखि नै दोश्रो तहमा रहँदै आएको छ। संसारका अधिकतर मुलुकहरू यसै स्थितिमा छन्। पहिलो तहमा पुग्नको लागि यस क्षेत्रमा राज्यले धेरै कामहरू गर्नुपर्ने हुन्छ। राम्रो गर्न नसकेमा तेस्रो तहमा झर्ने खतरा रहन्छ।

६४ TIP Report 2017, *see,* https://www.state.gov/j/tip/rls/tiprpt/countries/2017/271250.htm

## संवाहक

नेपाल पुरुष, महिला र बालबालिकाको जवरजस्ती श्रम र यौनका लागि ओसारपसार गरिने श्रोत, मार्गस्थ र गन्तव्य मुलुकको रुपमा रहेको छ। नेपाली महिला र बालबालिकाहरू नेपालभित्रै पनि यौन कार्यका लागि बेचविखन वा ओसारपसारमा पर्ने गर्दछन् । खासगरी वयष्कहरूको लागि मनोरञ्जन, उद्योग र मसाज पार्लरहरूमा काममा लगाइन्छ। उनीहरूलाई भारत र मध्यपूर्व, चीन, मलेसिया, हङ्कङ्ग, दक्षिण कोरिया र स्वीडेनसम्म यस्तै कामको लागि ओसारपसार गरिएको पाइन्छ। नेपाली पुरुष, महिला र बालबालिकाहरू स्वदेशमा मात्र होइन, भारत, मध्यपूर्व, चीन, मलेसिया, दक्षिण कोरिया, इजराइल र अमेरिकासम्म निर्माण, उद्योग, खानी, घरेलु काम, माग्ने तथा वयष्क मनोरञ्जन उद्योगमा समेत लगाईएको पाइन्छ। धेरैजसो अवस्थामा यस्तो किसिमको जवरजस्ती श्रमशोषणका लागि जालसाजी, धोकाबाट लोभ्याई, अत्याधिक रकम असूल गरी, दलाल र मेनपावर संस्थाहरूले शोषण गरेका छन्। ठूलो संख्याका नेपालीहरू भारतमा बिना दर्ताका आप्रवासीको रुपमा बिना दर्ताका दलालहरूले पुऱ्याएका छन्। उनीहरू नै सबैभन्दा बढी श्रमशोषणमा पर्ने जोखिम रहेको छ। केही आप्रवासीहरू बंगलादेश, बर्मा र अन्य राष्ट्रहरूबाट नेपाललाई माध्यम बनाएर रोजगारीको निमित्त मध्यपूर्वसम्म जाने गरेका छन्, जसले कीर्ते कागजपत्रहरू तयार गरी त्यस्तो गर्दछन्। उनीहरू पनि मानव बेचविखनका शिकार बनेका छन्।

नेपालमा नेपाली र भारतीय बालबालिकाहरू जवरजस्ती श्रमको शोषणमा परेका छन्। खासगरी घरेलु काम, इटाभट्टाको काम र लुगामा जरी भर्ने उद्योगमा उनीहरूलाई जवरजस्ती काममा लगाइएको पाइन्छ । जरी उद्योगमा बालबालिकाहरूलाई गम्भीर शारीरिक दुर्व्यवहार गरिएको पाइन्छ । उनीहरू माथि बाँधा मजदूरको रुपमा कृषि, इटाभट्टा, गिट्टी कुट्ने र घरेलु कामदारको रुपमा समेत शोषण भएको पाइन्छ । यद्यपि सन् २००० मा नेपाल सरकारले कमैया मुक्तिको घोषणा जारी गरेको थियो तापनि उनीहरूलाई सरकारद्वारा योजनावद्ध पुनर्स्थापनाको कार्यक्रम लागू नगरेको हुँदा सँधै मानव बेचविखनको जोखिममा रहेको पाइन्छ।

मानव बेचविखनका न्यूनतम् मापदण्डहरूलाई निर्मूल गर्ने दिशामा नेपाल सरकारले पूर्ण रुपमा काम गर्न नसकेतापनि त्यसका लागि पर्याप्त प्रयासहरू भने गरिरहेको पाइन्छ। नेपालले मानव बेचविखनलाई रोकथाम गर्न आफ्ना प्रयासहरूमा सुधार गरेको छ। आवश्यक पर्दा मानव बेचविखनसम्बन्धी मुद्दाहरू अनुसन्धान गर्न नयाँ अनुसन्धान निकाय सिर्जना गरेको छ । मेनपावर एजेन्सी र शैक्षिक केन्द्रको दुरासयपूर्ण कार्यहरूलाई रोक लगाएको छ । जनचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरूमा लगानी र सहभागिता बढाएको छ। त्यस्तै यस कार्यको सिलसिलामा हुने भ्रष्टाचारजन्य कार्यलाई रोक्न सार्वजनिक अधिकारीहरू र व्यक्तिहरूलाई गैरकानूनी श्रममा भर्ना गर्ने गतिविधिहरूलाई नियन्त्रण गर्ने प्रयास गरेको छ । त्यस्तै सरकारले पीडितहरूको संरक्षण र कानूनको प्रभावकारी कार्यान्वयनको लागि खासगरी श्रमसँग सम्बन्धित मानव बेचविखनको नियन्त्रणका लागि प्रयासहरू जारी राखेको छ।

तथापि मानव बेचविखन विरुद्धमा काम गर्ने निकायहरू पूर्ण रुपमा प्रभावकारी अझै हुन सकेका छैनन् भने बेचविखनबाट पीडितहरूले सरकारबाट चाहे जति सहयोग पाउन नसकेको अवस्था पनि छ। मानव बेचविखनविरुद्धका कानूनहरूको प्रयोगमा असमानता रहेको छ । सरकारले पीडितहरूको लागि छुट्

याएको कोषको प्रभावकारी प्रयोग हुन सकेको छैन। पीडितहरूको पहिचान गर्ने कार्य कमजोर देखिएको छ। यौनका लागि बेचविखनमा परेका पीडितहरू र बालबालिकाहरू प्रहरीले छापा मारिसकेपछि पनि पुनः पीडकहरूकै साथमा पुगेको अवस्था समेत छ। धेरैजसो सरकारी अधिकारीहरूले मानव बेचविखन, घरेलु यौन र श्रम शोषणका पीडितहरू तथा अन्तर्राष्ट्रिय श्रम शोषणमा परेका पुरुषहरूको पीडा न्यून रुपमा मात्र सम्बोधन भएको वा ज्यादै कमले मात्र संरक्षण पाएको अवस्था छ। जसले गर्दा पीडितले गर्दा पुनः पीडित हुने जोखिमबाट मुक्ति पाउन सकेको अवस्था छैन।

अन्तर्राष्ट्रिय जनसंख्या आयोग (UNFPA) ले गरेको एक सर्वेक्षणका अनुसार प्रतिवर्ष लगभग १२,००० नेपाली महिला तथा बालबालिका भारतीय वेश्यालयमा यौन शोषणका लागि बेचिने गरेको तथ्याङ्क देखिन्छ। यसै गरी यौन शोषणका लागि नै नेपालभित्र पनि बेचिने गरेको देखिएको छ। नेपालबाट भारतीय वेश्यालयमा बेचिने महिलाहरूको ३८ प्रतिशत महिलाहरू एडस (HIV/AIDS) लगायत अन्य यौनजन्य रोगबाट संक्रमित देखिएको छ। त्यस्तै नेपाल सरकारले पहिला लगभग २६ वटा जिल्लाहरूलाई सम्भावित मानव वेचविखनका लागि प्रयोग गरिने जिल्लाको रुपमा औल्याएकोमा अब आएर नेपालका सबै जिल्लामा यो समस्या कुनै न कुनै स्वरुपमा रहेको पाइन्छ।

राष्ट्रिय मानव अधिकार आयोगको सन् २०१२ मा प्रकाशित प्रतिवेदनले सन् २०११ को जनवरीदेखि डिसेम्बरसम्ममा लगभग ११,५०० जना मानिसहरू नेपालबाट विभिन्न प्रयोजनका लागि बेचबिखन हुने गरेको भन्ने देखिएको थियो भने सो आयोगको सन् २०१३ को प्रतिवेदनअनुसार यस अपराधबाट प्रभावित २९,००० मानिसहरूमध्ये १३,००० व्यक्तिहरू बेचबिखनमा पर्ने गरेको उल्लेख छ।[६५] जबकि आयोगको यो तथ्यांक सन २०१५/२०१६ को प्रतिवेदन अनुसार यो संख्या २३,२०० यस अपराधबाट प्रभावित, ६,१०० व्यक्तिहरू बेचबिखनमा परेका, ३?९०० हराएको र १३,६०० व्यक्तिहरू ओसारपसार गर्ने प्रयास attempt to trafficking victims मा रहन गएको देखिन्छ।[६६]

आ.व. २००६।०७ देखि २०१०।११ सम्म विगत पाँच वर्षको मुद्दाको आधारमा अपराधबाट पीडित र अपराधमा संलग्न महिला पुरुषको औसत संख्यामा हेर्दा जम्मा १३१ वटा मुद्दामा पुरुष प्रतिवादीको रुपमा जम्मा १३५ जना र महिला प्रतिवादीको रुपमा ५२ गरी कूल १८७ जनाको मानव बेचविखनसम्बन्धी अपराधमा संलग्नता रहेको देखिन्छ। यसै गरी पीडिततर्फ महिला १४६ जना र पुरुष १९ जना गरी जम्मा १६५ जना मानव बेचबिखन तथा ओसारपसारमा परेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले समेत महिला तथा बालबालिका बढी मात्रामा वेचविखनजन्य कार्यबाट पीडित भएको देखिन्छ।

मानव बेचबिखनअन्तर्गत महिला, पुरुष र बालबालिकाहरूको कुनै पनि प्रकारले गरिने बेचबिखन र ओसारपसार कार्य पर्दछ। त्यसमा पनि बालबालिकाहरूको ओसारपसार र बेचबिखन पछिल्ला दिनहरूमा अत्याधिक रहेको तथ्याङ्कहरूले देखाएका छन्। एक अध्ययनअनुसार विश्वमा सम्पूर्ण मानव बेचबिखनको ८० प्रतिशत महिला र बालबालिका बेचबिखनमा पर्ने र त्यसमा पनि १८ वर्ष नपुगेका १६ वर्ष माथिका ५० प्रतिशत बालबालिका रहेको पाइन्छ। अन्तर्राष्ट्रिय श्रम सँगठनको तथ्याङ्कअनुसार १.२ मिलियन

६५ http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/TIP_National_Report_2011_2012
६६ http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/TIP_National_Report_2015_2016

बालबालिका हरूेक वर्ष बेचबिखन र ओसारपसारको शिकार हुने गरेका छन् ।

नेपालको सन्दर्भमा बँधुवा मजदुरको रुपमा आजीवन श्रम शोषणमा परेका कमराकमारी, रैती, कमैया, हलिया, गोठालो, देउकी, झुमा, वादी र कम्लहरी जस्ता विद्यमान प्रथाहरू मानव दासता तथा बेचबिखनका विविध स्वरुप हुन् । यसको साथै घरमा रखैल राख्नेदेखि यौन व्यवसायको रुपमा बालिका एवम् महिलाको अन्तरदेशीय बेचबिखन मानव बेचबिखनको अत्यन्त डरलाग्दो पछिल्लो अवस्था हो । विगत पच्चीस वर्षमा नेपालमा मानव अधिकार एवम् बालअधिकारका क्षेत्रमा धेरै सकारात्मक कार्यहरू भएका छन् । जनचेतना स्तर बढेको छ । कानूनमा सामयिक सुधार एवम् आवश्यक परिवर्तनहरू भएका छन् । यति हुँदाहुँदै पनि मानव बेचबिखनको क्षेत्रमा खासगरी महिला तथा बालबालिकाको बेचबिखन र ओसारपसारमा ती प्रयासहरू नेपालको विशिष्ट सन्दर्भमा अझै पर्याप्त छैनन् । बालअधिकारका सन्दर्भमा र अझ विशेषतः बालबालिकाको ओसारपसार र बेचबिखनका सन्दर्भमा गर्नु पर्ने कार्यहरू आज पनि थुप्रै रहेका छन् ।

मानव बेचबिखनको दासतासम्बन्धी विश्वव्यापी सूचकाङ्क २०१३ अनुसार २,५०,००० देखि २,७०,००० नेपालीहरू दासतामा परेको देखिन्छ । नेपाली बालबालिकाको तत्थ्याङ्क अध्ययनगर्दा विशेष गरी यौन र श्रम शोषणको लागि ठूलो संख्यामा बालबालिका बेचबिखनको शिकार हुने गरेका छन् । नेपालमा बालबालिका ओसारपसार तथा बेचबिखनको अवस्था निम्नबमोजिम रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् :

- आइआइडिएस र युनिफेमको प्रतिवेदन, २००४ अनुसार बेचबिखनका लागि बढी जोखिममा रहेका उमेर समूहमा ११-१८ वर्ष उमेर समूहका बालिकाहरू ७५.६ प्रतिशत र आइएलओ र ओरेकले सन् २००२ मा गरेको अध्ययनअनुसार ६-१२ वर्ष उमेर समूहका बालकहरू ८० प्रतिशत र १२-१८ वर्ष उमेर समूहका बालकहरू २० प्रतिशत रहेको देखिन्छ ।
- केन्द्रिय बालकल्याण समितिको प्रतिवेदन, २०६५ अनुसार सन् २००४ देखि २००७ सम्म भारतका विभिन्न शहरका सर्कसबाट २१७ जना बालबालिकाहरूको उद्धार गरिएकोमा सन् २००८ को मेसम्म यो संख्या २९२ पुगेको थियो । त्यसमा १२ वर्ष मुनीका ७०.२ प्रतिशत जनजातिबाट र १४.०४ प्रतिशत दलित समुदायबाट लगिएको थियो ।
- राष्ट्रिय बाल श्रम प्रतिवेदन २०११ अनुसार नेपालमा ५ वर्षदेखि १७ वर्ष उमेर समूहका १६ लाख बालबालिकाहरू बालश्रममा संलग्न छन् ।
- सोही प्रतिवेदनअनुसार ६,२०,००० बालबालिकाहरू तत्काल उद्धार गरिनुपर्ने जोखिमपूर्ण बालश्रममा संलग्न छन् ।
- अन्तर्राष्ट्रिय श्रम सँगठन र सिविनको २०११ को प्रतिवेदनअनुसार वार्षिक रुपमा लगभग १२,००० केटीहरू यौन शोषणका लागि भारतमा बेचिएका छन् ।
- सन् २०१२ को लागू पदार्थ र अपराधको लागि मानव बेचबिखनको सम्बन्धमा संयुक्त राष्ट्रसंघको कार्यलयले प्रकाशित गरेको विश्व प्रतिवेदन अनुसार नेपालमा जम्मा मानव बेचबिखनका

प्रभावितहरू मध्ये ३६ प्रतिशत बालबालिका रहेका छन् । त्यसमध्ये पनि ३३ प्रतिशत बालिकाहरू र ३ प्रतिशत बालकहरू रहेका छन् ।

- राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनअनुसार हराएका, बेचबिखन तथा ओसारपसारमा परेका बालबालिकाबीच सम्भावित सम्बन्ध रहेको छ । नेपाल बाहिरको अध्ययनअनुसार हराएका बहुसंख्यक बालबालिका बेचबिखनमा पर्ने गरेका छन् ।
- बालबालिका खोजतलास केन्द्र (१०४) का अनुसार आर्थिक वर्ष २०७०/२०७१ मा हराएका बालबालिकाको संख्या ८३७ र त्यसमध्ये अझै हराइरहेको संख्या ३७४ रहेको छ ।

## ३. पीडितको न्यायमा पहुँचको स्थिति

मानव बेचबिखनसम्बन्धी अपराधका सम्बन्धमा नेपालमा भरपर्दो तथ्यांकीय सूचनाको अभाव, भार तसँग खुल्ला र जोडिएको सिमाना एवम सँगठित तथा गोप्य रुपमा गरिने प्रकृतिको अपराध भएको कारणले गर्दा मानव बेचबिखनसम्बन्धी अपराधमा पीडितको न्यायमा पहुँचको क्षेत्र निश्चित गर्न कठिन छ । अपराध हुने स्थानको हिसाबले नेपालमा मानव बेचबिखन आन्तरिक र अन्तरदेशीय दुवै रुपमा हुन्छ । यो अपराध विभिन्न लुकेका क्षेत्रहरूमा पनि आफैँमा देखिन्छ । यो एकआपसमा अन्तर्सम्बन्धित विषयहरू जस्तै गरीवी, बेरोजगारी, लैंगिक विभेद, सामाजिक बहिकरण, आन्तरिक रुपमा विस्थापन, विश्वव्यापीकरण र आप्रवासनसँग जोडिएको सवाल हो । यसलाई अझै पनि नीतिगत रुपमा राज्यको विकास योजना र नीतिको मूलधारमा ल्याउन सकिएको छैन । यो अझै पनि एउटा नितान्त एकांकी विषयको रुपमा रहेको छ । जसको फलस्वरुप पीडितको न्यायमा पहुँचको स्थिति कठिन परिस्थितिमा रहेको छ । सँगठित अपराधको रुपमा हुने आपराधिक कार्य भएकाले मानव बेचबिखनसम्बन्धी कार्य प्रहरी हुँदै अदालतसम्म मुद्दाको रुपमा आईपुग्न निकै कठिन छ । आइहालेमा पनि एकातिर पीडितले भोग्नुपर्ने समस्याहरू त्यत्तिकै गम्भीर छन् भने अर्कोतिर अनुसन्धान र अभियोजनमा देखिने समस्याहरूले गर्दा पीडितले सहज न्याय प्राप्त गर्न सक्दछन् भनी विश्वास गर्न सकिने अवस्था छैन । जसले गर्दा पीडितको न्यायमा सहज पहुँच हुन सकेको पाइँदैन ।

यति हुँदाहुँदै पनि पीडितको न्यायका लागि सम्बद्ध निकायहरूबाट पीडितको न्यायमा पहुँचको निम्ति धेरै प्रयासहरू भएको पाइन्छ । मुद्दाको जाहेरीदेखी फैसला कार्यान्वयनसम्म नागरिक समाज सम्बद्ध संस्थाहरू अनुसन्धान निकाय, अभियोजन निकाय र न्यायिक निकायबाट खेलेको भूमिका महत्वपूर्ण छ । बेचबिखनमा परेका पीडितहरूको उद्धार कार्यमा संघसंस्था र नागरिक समाजको योगदान रहेको छ । उनीहरूलाई सुरक्षित गृहमा राख्ने र सीपमुलक क्रियाकलापमा सहभागी बनाउने एवं मनोसामाजिक परामर्श दिने कार्यमा विभिन्न संघसंस्थाहरूले सरकारी निकायसँग समन्वय गरी काम गरेका छन् । प्रहरीमा आउने अधिकांश उजूरीहरू त्यस्ता सहयोगी निकाय र पीडितको चाहनाअनुसार नै भएका छन् । अनुसन्धान गर्ने निकाय प्रहरीले पनि पीडितको संरक्षण, गोपनीयताको रक्षा र उद्धार तथा पुनर्स्थापनामा सक्रिय भूमिका निर्वाह गरेको छ । अभियोजन गर्ने निकाय सरकारी वकीलले अनुसन्धानमा आवश्यक निर्देशन दिई अपराधीलाई कडाभन्दा कडा सजायको माग दावी प्रस्तुत गर्ने र पीडितको बयान तथा बकपत्रको अवस्थामा साक्षी संरक्षणका उपायहरू अवलम्बन गर्न सहयोग गरी पीडितको न्यायमा

पहुँचको स्थिति प्रभावकारी बनाउँदै आएको छ । अदालतमा पीडितको बयान प्रमाणित गर्नेदेखी न्यायमा पीडितको सहभागिताका प्रत्येक चरणमा अदालतले पीडितको न्यायमा पहुँचका लागि पीडित तथा साक्षी संरक्षणको व्यवस्था, भिडियो कन्फ्रेन्सबाट बकपत्र गराउने परिपाटीको थालनी, बन्द इजलास, पीडितको स्वास्थ्य परीक्षण र संरक्षकको जिम्मा लगाउने कार्य, परामर्श तथा कानूनी सहायता, दोभाषेको व्यवस्था, मुद्दालाई निरन्तर सुनुवाईमा राखी छिटो न्याय प्रदान गर्ने कार्य, अपराधीलाई कडा सजाय, पीडितलाई उचित क्षतिपूर्ति र पीडितको सामाजिक पुनर्स्थापनाका लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन इत्यादि माध्यमबाट पीडितको न्यायमा सहज पहुँचको प्रत्याभूति दिँदै आएको छ । यति हुँदाहुँदै पनि संस्थागत र स्थायी रुपमा पीडितलाई न्यायमा ढुक्कसित सहभागी गराई सुरक्षित रुपमा सहज पहुँचको वातावरण तयार गर्ने कार्यमा कानून कार्यान्वयन गर्ने निकायहरूले गर्नुपर्ने सबै उपायहरू सबै प्रकारका पीडितलाई सहज रुपमा उपलब्ध गराउन सकिएको अवस्था छैन । यसै सिलसिलामा अदालतबाट भएका विभिन्न फैसलाको आधारमा पीडितको न्यायमा पहुँचको स्थिति मूयांकन गर्न सकिन्छ, जुन तल प्रस्तुत गरिएको छ .

## ४. मानव बेचविखनको मुद्दामा न्यायिक दृष्टिकोण

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरमा जिल्ला अदालरावेदन अदालत र सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा प्रचलित मानव बेचबिखनसँग सम्बन्धित ऐन कानूनहरूको सिर्जनात्मक ब्याख्या गरी सर्वोच्च अदालतबाट यस अपराधलाई गम्भीर रुपमा लिई विभिन्न सिद्धान्त प्रतिपादन भएको छ । खासगरी संविधान प्रदत्त महिलाको हक[६७], लैङ्गिक समानताको विषय,[६८] महिला तथा बालबालिकाको शोषणसम्बन्धी विषय, मानव बेचबिखन अपराधको ब्याख्या, पीडितको प्रमाणित बयानको कानूनी मान्यता, पीडितशास्त्रको सिद्धान्तको प्रयोग, सहअभियुक्तको पोल, पीडितलाई क्षतिपूर्ति दिलाउने विषय, पीडित र साक्षीको संरक्षण र पीडितको न्यायमा सहज पहुँचका लागि अपनाउनुपर्ने उपायहरू लगायतका धेरै विषयमा अदालतले सिद्धान्त प्रतिपादन गरी मार्गदर्शन प्रदान गरेको पाइन्छ । प्रतिपादित सिद्धान्तहरूमा प्रतिवादीको स्वच्छ सुनुवाईको अधिकारको संरक्षणका साथै पीडितको न्यायसम्बन्धी अधिकारलाई उत्तिकै महत्वकासाथ स्थान दिइएको देखिन्छ । केही उदाहरणहरू निम्नबमोजिम उल्लेख गरिएको छ :-

### १.अन्य प्रमाणबाट पुष्टि नभएसम्म पीडितको प्रमाणित बयान प्रमाण नलाग्ने सम्बन्धमा

कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरुप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएको तर्फ नहेरिने हो भने दफा ७ को कानूनी प्रावधानको दुरुपयोग हुनसक्ने भएकाले उक्त दफा ७ को प्रावधानलाई एकतर्फी रुपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउनेको सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र वस्तुस्थितितर्फ अदालतको ध्यान जानुपर्ने ।[६९]

६७ मीरा ढुङ्गाना समेतको २०५० सालको रिट नं.३३९२

६८ निवेद सपना प्रधान मल्ल भएको २०६१ सालको रिट नं.५२

६९ शान्ता तामाङको जाहेरीले वादी नेपाल सरकार वि. रविन्द्र सिलवाल ने.का.प.२०६६ नि.नं.८०७३ पृ.२२७

## २. पीडितको बकपत्रको ग्राह्यता सम्बन्धमा

१ जाहेरवालाले जाहेरी दरखास्त आफूले दिएको होइन भनेको र पीडित बकपत्रको लागि उपस्थित नै नभएको हुँदा कसूरदार ठहराउन नमिल्ने ।[७०]

२ प्रतिवादी मौकामा र अदालतमा कसूरमा इन्कार रहेका र मुद्दाको प्रमुख गवाहको रुपमा रहेकी पीडित पक्ष स्वयं जाहेरवालासमेत अदालतमा आई आफ्नो जाहेरी समर्थन गर्न नसकेकाले कसूरदार ठहऱ्याउन नमिल्ने ।[७१]

३ पीडितलाई अदालतमा बकपत्रको लागि उपस्थित नगराएका हुँदा प्रतिवादीमा प्रमाणको भार सरेको मान्न नसकिने । जाहेरवालाले प्रतिवादीले नै बिक्री गरेको भन्ने किटानी बकेको लेखाएको नदेखिएबाट बिक्री गरेको तथ्य नै स्थापित हुन नसकेको ।[७२]

४ पीडितले अदालतमा गरेको बकपत्रमा यी प्रतिवादीहरूले आफूहरूलाई विदेशमा लगी बिक्री गरेको होइन, अपरिचित मानिसहरूद्वारा भारतमा लगिएको भनेकोबाट प्रतिवादीहरूले दावीको कसूर गरेको भन्ने शङ्कारहित प्रमाणबाट पुष्टि नभएको ।[७३]

५ जाहेरी दरखास्त, प्रहरीमा गरेको कागज र अदालतको बकपत्रमा एकरूपता नरहेकाले सफाई सदर हुने ।[७४]

६ प्रतिवादीले बिक्री गरी गएको र बद्री सिँहले आफूलाई जवरजस्ती करणी गरेको भनी देखाएको यदि जाहेरवालाको यी सबै कुरा साँचो भए मौकामा नै यी सबै लेखी लेखाउनुपर्नेमा सो नदेखाई बकपत्रमा मात्र देखाएकोबाट जाहेरी र बकपत्रमा मौलिक रूपमा फरक पर्न गएको ।[७५]

## ३. प्रतिवादीको बयान सम्बन्धमा

जाहेरी दरखास्त र सरजमीन मात्र अभियोग पुष्टि गर्ने मजबुत प्रमाण मान्न सकिन्न । सोका लागि वारदातको स्थिति र प्रतिवादीहरूको कसूर प्रमाणित गर्ने प्रमाणहरूको भूमिका महत्वपूर्ण हुन्छ । केवल प्रतिवादीको मौकाको साविती बयान बाहेक केही प्रमाण नभएबाट साविती प्रमाण ग्राह्य नहुने ।[७६]

## ४. सहअभियुक्तको पोल सम्बन्धमा

प्रतिवादीहरूको प्रहरीमा भएको साविती बयान अन्य कुनै स्वतन्त्र प्रमाणबाट समर्थित नभएको अवस्थामा सो साविती बयान र अभियुक्तहरूले प्रहरीमा परस्पर पोल गरेको मात्र आधारमा कसूरदार ठहर्याउन न्यायोचित नहुने ।[७७]

---

७० गोकुलबहादुर दमैको जाहेरीले श्री ५ को सरकार वि. शान्ति तामाङ्नीसमेत, संवत् २०४५ सालको फौ.पु.नं.५६४, फैसला मिति २०४६।३।२५ सन्तमाया दमिनीको जाहेरीले श्री ५ को सरकार वि.सुरेश कार्की समेत, २०४५ सालको फौ.पु.नं.५००, फैसला मिति २०४८ ९।२१

७१ सन्तमाया दमिनीको जाहेरीले श्री ५ को सरकार वि.सुरेश कार्की समेत, २०४५ सालको फौ.पु.नं.५००, फैसला मिति २०४८।९।२१

७२ शुकबहादुर तामाङ्गको जाहेरीले श्री ५ को सरकार विरुद्ध धमानसिंह मगर, २०५५ सालको फौ.पु.नं.१९६४, फैसला मिति २०५८।५।२५

७३ छिरिङ्ग तामाङ्गनीको जाहेरीले श्री ५ को सरकार वि. कालुबहादुर समेत, २०५२ सालको फौ.पु.नं.१२५९, फैसला मिति २०५५।६।९

७४ कृष्णमाया तामाङको जाहेरीले श्री ५ को सरकार वि. हरिप्रसाद उप्रेती, २०५३ सालको फौ.पु.नं.१४४८, फैसला २०५८।४।१९

७५ नन्को पाण्डे वि. श्री ५ को सरकार २०४४ सालको फौ.पु.नं. ४१४, फैसला मिति २०४५।७।१७

७६ सूर्य बहादुर गुरुङ्गको जाहेरीले श्री ५ को सरकार वि. चिमुरिया बाहुन समेत, २०४३ सालको फौ.पु.नं.५५५, फैसला मिति २०४६।३।८

७७ राम बहादुर माझीको जाहेरीले वादी श्री ५ को सरकार वि. रन बहादुर गुरुङ्ग समेत, २०४९ सालको फौ.पु.नं.४८३ फैसला मिति २०५२।६।२९

## ५. प्रमाणको भार सम्बन्धमा

१) ऐनको दफा ७(२) बमोजिम अदालतद्वारा प्रमाणित भएको पीडितको बयानमा उल्लिखित कुरा झूठो हो भन्ने प्रमाण प्रतिवादीले पुर्‍याउनुपर्ने हुँदा पीडितले आफूलाई प्रतिवादीले भारतको बम्बैमा लगी बिक्री गरेको भन्ने सो बयान व्यहोरा झुट्ठा हो भन्ने कुरा प्रतिवादीले कुनै प्रमाणबाट प्रमाणित गर्न नसकेबाट कसूर ठहराएको फैसला सदर हुने ।[७८]

२) पीडितहरूले प्रतिवादीहरू उपर किटानी जाहेरी, प्रमाणित बयान र बकपत्र गरेको र प्रतिवादीले अदालतमा बयान गर्दा बेच्ने उद्देश्यले भारतको दिल्लीसम्म लगेको कुरामा आफू अनभिज्ञ रहेको र आफूउपरको अभियोग झूठा हो भनी बयान गरे तापनि निजले त्यसले त्यसको कुनै तथ्ययुक्त प्रमाणद्वारा प्रमाणित गर्न नसकेबाट कसूरदार ठहर हुने ।[७९]

३) मौकाको बयान स्वतन्त्रपूर्वक नभई कुटपीट गरी भएको भन्ने जिकीर लिएतर्फ विचार गर्दा यी प्रतिवादीहरू उपर कुटपीटपूर्वक दवाब दिई बयान गराइएको भए मौकामा नै घाउजाँचको माग गर्नुपर्नेमा सो माग गर्न सकेको देखिन्न । घाउजाँचको माग गर्न नसकेको अवस्थामा कुटपीटको कारण साविती बयान गरेको हो भन्ने प्रतिवादीहरूको जिकीरसँग सहमत हुन नसकिने ।[८०]

४)किटानी जाहेरी दरखास्त तथा अदालतमा भएको बयानबाट समेत समर्थित भइरहेको स्थिति मिसिल संलग्न कागजातबाट देखिन्छ । दफा ७ अनुरुप आफ्नो निर्दोषितताको प्रमाण प्रतिवादी पक्षबाट प्रस्तुत हुन सक्नुपर्ने प्रावधानअनुरूप प्रतिवादी पक्षबाट आफ्नो प्रमाण जुटाई समर्थित गराउन नसकेकाले कसूर ठहर हुने ।[८१]

## ६. पीडितको बयान प्रमाणित भएमा कसूर ठहर हुने सम्बन्धमा

१) जीउ मास्ने बेच्ने अपराधमा मौकामा फेला परेका पीडितहरूले अनुसन्धानको क्रममा गरेको वयानलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ६(२) मा उल्लेख भएबमोजिम सम्बन्धित जिल्ला न्यायाधीशबाट तत्काल फेला परेका पीडितहरूको वयान प्रमाणित गर्नुपर्ने व्यवस्था गरिएको देखिन्छ । मौकामा जिल्ला अदालतका न्यायाधीशसमक्ष वयान प्रमाणित भएपछि पीडित अदालतमा वकपत्र गर्न उपस्थित नभएकै आधारमा त्यस्तो अदालतमा प्रमाणित भएको वयान महत्वहीन र निष्प्रभावी हुन नसक्ने ।

२) जाहेरवालाले आफ्नो जाहेरी र बयानमा प्रतिवादीले आफूलाई खरिद गरेर वेश्यावृत्तिमा लगाएको भनी किटानी उल्लेख गरेकी । उक्त बयान अदालतबाटसमेत प्रमाणित भइरहेको । प्रतिवादी मौकामा सावित र अदालतमा इन्कार रहेकी । प्रतिवादीको मौकाको साविती बयान जाहेरवालाको किटानी बयानसमेतबाट प्रमाणित भइरहेकोमा प्रतिवादीले आरोपित कसूर गरेको देखिने ।[८२]

---

७८ ध्रुव नेपाली वि. श्री ५ को सरकार, २०५८ सालको फौ.पु.नं.२६१९, फैसला मिति २०५९।१।५

७९ ढकबहादुर तामाङ्ग वि. श्री ५ को सरकार २०५९ को फौ.पु.नं.२९४०, फैसला मिति २०६०।२।१६

८० राजदेव हजारा दुसाध वि. नेपाल सरकार ने.का.प. २०६७ अङ्क ७ नि.नं.८४२१ पृ.१२२६

८१ गौरीमाया परियार समेत वि. श्री ५ को सरकार २०५१ सालको फौ.पु.नं.११६४, फैसला मिति २०५२।१२।२८

८२ मिठु तामाङ्गनीको जाहेरीले श्री ५ को सरकार वि. विमला तामाङ्गनी समेत २०४९ सालको फौ.पु.नं.४८४, फैसला मिति २०४९।१२।१०

३) प्रतिवादीले पीडित बालिकाहरूलाई रोजगारमा लगाइदिन लगेको भन्ने पुष्टि गर्न नसकेको र पीडितको बयान अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको कसूर पुष्टि हुने ।[८३]

## ७. विपरीत बकपत्रको मान्यता सम्बन्धमा

१) जाहेरवालाले हुलाकद्वारा प्रेषित गरी सनाखत गरिदिएको भनिएको निवेदन अ.बं.७७(१) तथा ९० नं. को प्रकृति एवम् परिधिभित्र पर्ने पनि देखिँदैन । त्यस्तो निवेदनलाई कुन कानूनले प्रमाणमा लिएको भन्ने पुनरावेदन अदालतको फैसलामा उल्लेख भएको पनि पाइँदैन । यसका साथै उक्त निवेदन र सोलाई सनाखत गरिदिएको भनिएको जाहेरवालाको बयान प्रमाण लाग्न सक्ने कानूनी आधार प्रतिवादीतर्फका कानून व्यवसायीहरूबाट पनि प्रष्ट हुन सकेको नदेखिँदा यस्तो अवस्थामा सो निवेदनलाई प्रमाणको रुप दिई त्यसैलाई अकाट्य मानी प्रतिवादीलाई सफाई दिएको मिलेको नदेखिने ।[८४]

२)जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ विशेष प्रकृतिको ऐन भएकोले पछि जाहेरवाला पीडित हुनसक्ने महसूस गरी अदालतबाटै पीडितको बयान प्रमाणित गराउनुपर्ने कानूनी प्रावधान र सोबमोजिम नै प्रमाणितसमेत भएको बयान व्यहोरालाई पछि आएर होइन भनिदिएकै भरमा प्रमाण ग्राह्य नहुने भन्ने नहुने ।[८५]

## ८. बेचबिखन र उद्योग ठहर हुने अवस्था

१) प्रतिवादी र पीडित नेपाल(भारत सीमा दशगजा नजिक फेला परेको र विदेश भारत लगी बिक्री गर्ने उद्देश्यले लगेकोमा पक्राउ परेको भन्ने देखिएको तर बिक्री भई नसकेको हुँदा जीउ मास्नेबेच्ने महलको १ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद हुने ।[८६]

२) पीडित रेलमै छुट्टिएको भए बम्बई पुग्नुपर्ने कारण पनि कहि कतैबाट खुल्न नआएको । बिक्री गर्ने उद्देश्यले नेपाल सरहद बाहिर लैजानु नै जीउ मास्नेबेच्नेको १ नं. का लागि निषेधित कार्य भएकाले २० वर्ष कैद हुने ।[८७]

३) प्रतिवादीले पीडितलाई भारतको सिलगढीसम्म लगेको तर बिक्री गरेको नदेखिएकोले निजहरूले बेचबिखन गर्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कसूरसम्म गरेको देखिँदा दफा ८(२) बमोजिम ५ वर्ष कैद हुने ।[८८]

## ९. बहिरक्षेत्रीय क्षेत्राधिकारको प्रयोग सम्बन्धमा

ऐनमा प्रयोग भएको बहिर्क्षत्रीय शब्दले राज्यको भौगोलिक सीमा मात्र नसमेटी राज्यको सीमा बाहिर पनि जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को कसूरलाई स्पष्ट रूपमा समेटेको छ । नेपालकोकानून विपरीतको अपराधमा विदेशमा विदेशी अदालतले नेपालको कानूनबमोजिम सजाय दिने अवस्था रहँदैन । भारतीय दण्ड संहिता नेपाल अधिराज्यभित्र लागू हुने नेपालको कानून नभएको हुँदा भारतमा भारतीय कानूनबमोजिम कारवाही चलेको अवस्थालाई नेपालको कानूनबमोजिम कारवाही

८३ सर्वोच्च अदालत बुलेटिन, २०७०, असार पृ.१२ नेपाल सरकार वि. मधु यादव परियार

८४ क कुमारी र ख देवीको जाहेरीले नेपाल सरकार वि. पारसनाथ पाठक समेत ने.का.प. २०६५, नि.नं.८०१४ अङ्क ९ पृ.१११७

८५ रुपबहादुर क्षेत्री वि. नेपाल सरकार, ने.का.प.२०६८ अङ्क १२ नि.नं.८७३२ पृ.२०२४

८६ लिलामाया चापागाईंको जाहेरीले श्री ५ को सरकार वि. रञ्जन हुसेनमिया, २०४५ सालको फौ.पु.नं.४१६, फैसला २०४६।२।९

८७ कृष्णबहादुर धलान वि. श्री ५ को सरकार, २०४५ सालको फौ.पु.नं.५३१।५८० फैसला मिति २०४९।३।२१

८८ सावित्री वि.क. को जाहेरीले नेपाल सरकार वि. शेर बहादुर लामा समेत, ने.का.प. २०६५ नि.नं.७९८६, अङ्क ७ पृ.९०८

चलेको भन्न नमिल्ने ।[८९]

## १०. अदालतबाट अभियोजन सम्बन्धमा भएका निर्देशन सम्बन्धमा

पीडितले सनाखत गर्दा भारतमा लगी बेच्ने उद्धव आचार्य हो भन्ने उल्लेख गरेको, प्रतिवादीले मौकामा बयान गर्दा कसूरदार भएको स्वीकार गरेकोमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को प्रकृति विद्यमान देखिँदा देखिँदै शुरु र पुनरावेदन अदालतले प्रतिवादीलाई सफाई दिएउपर पुनरावेदन नगरी लाग्दै नलाग्ने दोहोर्‍याई पाऊँ भन्ने निवेदन दर्ता गरी खारेज भएको परिप्रेक्ष्यमा यसतर्फ महान्यायाधिवक्ताको ध्यान आकर्षित गरिएको ।[९०]

## ११. कार्यविधिका हकमा पछिल्लो कानून लागू हुने सम्बन्धमा

साविकको ऐनले सजायभागी नबनाएकोमा हालको ऐनले सजायको भागी बनाएको अवस्था देखिन नआई मुलुकी ऐन, जीउ मास्नेबेच्ने महल र जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ समेत दुवै ऐनले मानिस बेचबिखन गर्ने कार्यलाई अपराध मानी सजायको व्यवस्था गरिराखेको र सजायको हकमा केही फरक देखिए पनि प्रतिवादीलाई मुलुकी ऐन, जीउ मास्नेबेच्नेको महलको १ नं. ले हुने सजायको हदभन्दा कम अर्थात् जीउ मास्नेबेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ८(१) ले व्यवस्था गरेको न्यूनतम् हदको सजाय गरेको देखिएकोले जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को व्यवस्थाले मात्र प्रतिवादीलाई  प्रतिकूल असर परेको अर्थात् दण्ड सजाय गरेको भन्ने अवस्था देखिन नआएको तथा मुद्दाको दायरी अभियोजन तथा प्रमाणको भारको निर्धारण लगायतका कार्यविधी कुरा मुद्दा कारवाही चल्दाको अवस्थामा विद्यमान रहेको कानूनअनुसार हुने कुरा हो ।[९१]

## १२. कसूरको प्रकृति, मात्राको आधारमा सजाय निर्धारण हुने सम्बन्धमा

सजायको प्रयोजन सम्बन्धित व्यक्तिलाई अपराधबोध गराउनु हो, बदला लिनु होइन । कसूरको प्रकृति र अपराध गर्नेको प्रवृत्ति तथा अवस्थाका आधारमा सजायको हद तोकिने हो । न्यायकर्ताले सजायको तल्लो हद तोक्दैमा कानूनको उल्लङ्घन नै भएको मान्न नमिल्ने ।[९२]

## १३.क्षतिपूर्ति भराउने सम्बन्धमा

मानव बेचबिखनसम्बन्धी मुद्दामा कानूनतः पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था रहेको छ । तर यथार्थमा पीडितले कुनै क्षतिपूर्ति पाउन सकेको देखिँदैन । यसका केही व्यवहारिक समस्याहरू छन् । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा पछिल्लो संशोधन हुनु अगाडि रहेको क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्थाअनुसार पीडितलाई पीडकबाट जरीवानाको आधा रकमभन्दा कम नहुने गरी क्षतिपूर्ति दिलाइदिनुपर्ने व्यवस्था रहेको थियो । सोही व्यवस्थाको आधारमा आम रुपमा यस्ता मुद्दाहरूमा क्षतिपूर्ति फैसलामा तोकिने गरे तापनि व्यवहारमा पीडितले सो तोकिएको रकम भरीपाएको अवस्था थिएन । यसै क्रममा मकवानपुर जिल्ला अदालतबाट परिवर्तित नाम विन्दियाको जाहेरीले नेपाल

८९ रामप्रसाद सिटौला वि.नेपाल सरकार, ने.का.प.२०६४ अङ्क ९ नि.नं.७८७८ पृ.११८१
९० नरबहादुर गुरुङ्ग वि. गुरुङ्ग वि. श्री ५ को सरकार, २०५८ सालको फौ.पु.नं.३१०२, फैसला मिति २०६०।०२।२३
९१ पासाङ दावा तामाङ (लोप्चन) वि. श्री ५ को सरकार, ने.का.प.२०५८ नि.नं.६९९२ पृ.१८८
९२ नेपाल सरकार वि. शान्ति सार्की वली, ने.का.प. २०७० अङ्क १ नि.नं.८९४७ पृ.१०१

सरकारविरुद्ध सीताराम थिङ समेत भएको मानव बेचबिखनसम्बन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट पीडितलाई रु.तीन लाख क्षतिपूर्ति तत्काल भराइदिनु भनी फैसला भएको थियो । यसै क्षतिपूर्तिको सवालमा सर्वोच्च अदालतमा दायर भएको निवेदक मीरा ढुङ्गाना वि. नेपाल सरकार समेत भएको रिट निवेदनमा सर्वोच्च अदालतबाट पीडितलाई राज्यले नै क्षतिपूर्ति दिनुपर्ने गरी कानून बनाउन निर्देशात्मक आदेश जारी भएको पाइन्छ । अदालतको निर्देशनपश्चात क्षतिपूर्ति सम्बन्धमा व्यापक मात्रामा छलफल भई संविधानसभाले निर्माण गरेको नेपालको संविधानमा पीडितको हक नै मौलिक हकको रुपमा लेखबद्ध गरियो । साथै पीडितले क्षतिपूर्ति पाउने हकसमेत समावेश भयो । फलस्वरुप मिति २०७२।११।१३ मा केही नेपाल ऐन संशोधन गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा संशोधन गरी पीडितलाई पीडकबाट तत्काल क्षतिपूर्ति भराई दिनुपर्ने र यदि पीडकको न्यून आर्थिक स्थिति भई क्षतिपूर्ति तिर्न नसकेमा नेपाल सरकारले नै पुनर्स्थापना कोषबाट पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था गरेको पाइन्छ ।

## १४. सजाय थप हुने सम्बन्धमा

कुनै व्यक्तिलाई शोषण गर्ने उद्देश्यले बेचबिखन गर्ने अपराधमा किन्ने वा बेच्नेलाई ऐनको दफा १५(१)(क) बमोजिम बीस वर्ष कैद हुने र त्यसरी किन्ने वा बेच्ने व्यक्ति र वेश्याबृत्ति कार्यमा लगाउने व्यक्ति एउटै भएमा सोही दफा १५(२)(क) बमोजिम छुट्टाछुट्टै सजाय गर्नुपर्ने कानूनी व्यवस्था अनुसार उक्त ऐनको दफा १५(१)(ङ) (१) अनुसार विदेशमा लगेमा दशदेखी पन्ध्र वर्षसम्म कैद हुने कानूनी व्यवस्थालाई नेपाल सरकार विरुद्ध राजकुमार सोनार भएको मानव बेचबिखन सम्बन्धी मुद्दामा मकवानपुर जिल्ला अदालतबाट प्रतिवादीलाई चौंतिस वर्ष कैद हुने ठहर्याएकोमा यसरी सजाय थप गर्न सामान्य कानूनले मिल्ने होइन भन्ने जिकिर प्रतिवादी पक्षबाट लिइएको सम्बन्धमा सर्वोच्च अदालतबाट अन्तिम फैसला हुँदा ब्याख्या हुने स्थिति रहेको पाइन्छ ।

## १५.पीडित तथा साक्षीको संरक्षण सम्बन्धमा

नेपालमा पीडित र साक्षीको संरक्षणसम्बन्धी छुट्टै कानूनी व्यवस्था अझै भएको छैन । जोखिममा रहेका साक्षीहरूलाई र पीडितलाई उचित संरक्षण दिई न्यायमा उनीहरूको सहज पहुँचको अधिकारलाई सुरक्षित गर्न सर्वोच्च अदालतले विभिन्न मानव बेचबिखन तथा महिला र बालबालिका हिंसामा परी पीडित भएका मुद्दाहरूमा उनीहरूको संरक्षण गर्नुपर्ने प्रशासनिक तथा कानूनी व्यवस्था गर्न निर्देशन जारी गरेको पाइन्छ ।

## १६. निरन्तर सुनुवाई गर्ने सम्बन्धमा

मानव बेचबिखन लगायतका महिला बालबालिका पीडित भएका एवं बालन्यायसँग सम्बन्धित मुद्दाहरूलाई जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग अनुसार लगातार सुनुवाई गरी छिटो छरितो न्याय सम्पादन गर्ने कार्यलाई आफ्नो अदालतको वार्षिक कार्ययोजनामा समावेश गरी पहिलो पटक मकवानपुर जिल्ला अदालतले २०६९ सालदेखि निरन्तर सुनुवाई पद्धति लागू गरेको थियो । यस पद्धतिलाई सबै अदालतहरूले लागू गर्नुपर्दछ भनी परेको उमा तामाङ्ग विरुद्ध सर्वोच्च अदालत समेत भएको रीट निवेदनमा

सर्वोच्च अदालतबाट सर्वोच्च अदालतका रजिष्ट्रार, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय समेतका नाउँमा जिल्ला अदालत नियमावलीको उपर्युक्त व्यवस्था अनिवार्य रुपमा लागू गर्नू भनी परमादेश जारी भएको पाइन्छ। यसपश्चात् न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनामा समेत निरन्तर सुनुवाई पद्धतिलाई अदालतहरूले अनिवार्य रुपमा अवलम्बन गर्नुपर्ने र सोको प्रगति प्रतिवेदन प्रत्येक महिना सर्वोच्च अदालत योजना तथा अनुसन्धान महाशाखामा प्रस्तुत गर्नुपर्ने प्रबन्ध गरियो ।

**१७ शीघ्र कारवाही अदालत सम्बन्धमा**

महिला बालबालिका पीडित भएका महिला हिंसासम्बन्धी मुद्दाहरूको सुनवाई गर्न शीघ्र कारवाही अदालत गठन गर्नुपर्ने र त्यसको लागि आवश्यक कानूनी तथा भौतिक व्यवस्थापनको प्रबन्ध मिलाउन सरोकारवालाहरूको नाउँमा परमादेश जारी गर्ने कार्य अधिवक्ता ज्योति पौडेल विरुद्ध नेपाल सरकार समेत भएको मुद्दामा सर्वोच्च अदालतले गरेको छ। सो आदेशानुसार छुट्टै शीघ्र कारवाही अदालत गठन गर्नेतर्फ हालसम्म कुनै पहल भएको पाइँदैन । बरु निरन्तर सुनुवाई पद्धतिको अनिवार्य अवलम्बनद्वारा त्यस्ता मुद्दाहरू प्राथमिकतामा राखी हेर्ने पद्धति संस्थागत भएको अवस्था छ ।

## ५. विद्यमान कानूनमा रहेका कमी कमजोरीहरू

नेपालले मानव बेचबिखन विरुद्धको कसूरलाई सम्बोधन गर्न पृथक मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६४ जारी गरेको छ । यो ऐन र नियमावली मूलतः लैंगिक रुपमा तटस्थ रहेको कानूनको रुपमा स्थापित छ । यसले आन्तरिक र अन्तरदेशीय मानव बेचबिखनलाई नियन्त्रण तथा निषेध गर्छ। साथै यौन एवम श्रम शोषणका स्वरुप दुवैलाई समेट्ने प्रयास गरेको छ तापनि त्यसमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार पूर्णता भने छैन । सरोकारवालाहरूले यस कानूनलाई सशक्त र प्रगतिशील कानूनको रुपमा नै लिने गरेको पाइन्छ। तथापि, व्यवहारिक प्रयोगमा यसमा धेरै कमिकमजोरीहरू रहेका छन् । जसको फलस्वरुप सो कानूनको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेको छैन । मूलतः यस ऐनका कमी कमजोरीहरू निम्न बमोजिम छन् :

१. हाम्रो प्रचलित मानव बेचबिखन विरुद्धको कानूनमा रहेको मानव बेचबिखनको परिभाषा अझै पूर्ण छैन। यस कानूनले यौन शोषण र श्रम शोषणको स्पष्ट परिभाषा गरेको छैन। जबकि राष्ट्र संघिय प्रोटोकल (UN Trafficking Protocol 2000) ले अन्तर्राष्ट्रिय कानूनअनुसार मानव बेचबिखन भएको हो भनी प्रमाणित गर्नको लागि कसैलाई प्रलोभन वा दबाबमा पारी जस्तोसुकै अवस्थामा बेचबिखन गरिएको भएपनि त्यसलाई बेचबिखन हो भनी परिभाषित गरेको छ। स्वीकृती वा दबाबमा पारी, झुक्काई, अनुचित प्रभावमा पारी प्रयोग तथा दुरुपयोग हुनुपर्दछ भन्ने छैन । पालेर्मो प्रोटोकल अनुसार मानव बेचबिखन भन्नाले शोषण गर्ने उद्देश्यले गरिएको भर्ती, परिवहन, स्थानान्तरण, आश्रय ग्रहण अथवा प्राप्ति भन्ने बुझिन्छ भने हाम्रो कानूनमा सो कुरा प्रष्ट रुपमा परिभाषित छैन ।

२. पीडितको मञ्जूरीलाई बेचबिखनको सन्दर्भमा अप्रासङ्गिक मानिन्छ । हाम्रो विद्यमान कानूनमा पीडितको मञ्जूरीलाई बेचबिखनको सन्दर्भमा अप्रासङ्गिक मानिएको छैन ।

३. अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अभिभावकको मञ्जूरीलाई बेचबिखनको आरोपमा बचावको रुपमा लिन नमिल्ने कुरा कानूनमा व्यवस्था गरिएको हुन्छ । हाम्रो कानूनमा अभिभावकको मञ्जूरीको सवालमा कानूनी व्यवस्था मौन रहेको छ ।

४. मानव बेचबिखन विरुद्धको कानूनमा जवरजस्ती श्रम र श्रम शोषणको कुरालाई पनि प्रष्ट रुपमा अपराधीकरण गरिएको हुन्छ । तर हाम्रो कानूनमा यौन व्यवसायको लागि ओसारपसार तथा बेचबिखनलाई मात्र बढी प्राथमिकता दिइएको छ ।

५. अन्तर्राष्ट्रिय मापदण्डअनुसार मानव बेचबिखनविरुद्धको कानूनमा कानूनी व्यक्तिको दायित्वलाई समेत समावेश गर्नुपर्ने हुन्छ । हाम्रो वर्तमान कानूनमा सो गरिएको छैन ।

६. मानव बेचबिखन सम्बन्धी अपराधमा Protection, Prevention and Prosecution (3Ps) को सिद्धान्त महत्वपूर्ण छ । तर हाम्रो वर्तमान कानूनमा सो मध्ये Prevention (रोकथाम) को पाटोलाई समुचित सम्बोधन तथा प्राथमिकता दिन नसकेको देखिन्छ ।

७. हाम्रो वर्तमान कानूनमा बेचबिखनबाट प्रभावितहरूका साक्षी एवम् मानव अधिकार रक्षकको सुरक्षाका लागि विशेष कानूनी व्यवस्थाको अभाव रहेको छ ।

८. हाम्रो कानूनमा बेचबिखनबाट प्रभावित वा जोखिममा परेका व्यक्तिहरूको प्रत्यावर्तन (Repatriation), पुनर्स्थापना (Rehabilitaion) एवम् पुनर्एकीकरण (Reintegration) को विषयमा प्रभावकारी कार्यान्वयन व्यवस्थाको अभाव रहेको छ ।

९. अन्तर्देशीय मानव बेचबिखन रोकथामका विषयमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहमा सरकारले अनिवार्य रुपमा सन्धि, सम्झौता गरी समन्वय गरिनुपर्ने र सीमासम्बद्ध निश्चित नीति (Border measures) अपनाउनु पर्नेमा हाम्रो कानूनमा तत्सम्बन्धी कानूनी व्यवस्थाको अभाव रहेको छ ।

१०. OHCHR Recommended Principles and Guidelines on Human Rights and Human Trafficking Principle 10, CRC, General Comment no. 6 अनुसार प्रभावितहरू मध्ये बालबालिकाको विशेष पहिचानको सवालमा हाम्रो कानूनमा स्पष्ट व्यवस्था छैन । जबकि प्रभावित बालबालिकालाई समयमै प्रभावितका रुपमा पहिचान हुनु उनीहरूका लागि अब अगाडि गरिने (Further assistance) सहयोगको निमित्त महत्वपूर्ण पक्ष हो ।

११. कानूनमा प्रभावितको उमेरको अनुमान सम्बन्धमा पनि प्रष्टता हुनु आवश्यकता छ । बेचबिखन प्रभावित तथा जोखिममा परेका बालबालिकाको पहिचानको क्रममा उमेरको निर्क्यौल गर्दा बालबालिकाको उमेर पहिचानमा अनिश्चितता देखिएमा र त्यसको साथसाथै सम्बन्धित व्यक्ति बालबालिका हो होइन भन्ने आशंका भएको स्थितिमा त्यस व्यक्तिलाई अन्यथा प्रमाणित नभएसम्म बालबालिका नै हो भनी तदनुसार व्यवहार गर्नुपर्दछ भनी विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरूले उल्लेख गरेका छन् । बेचबिखनको सन्दर्भमा प्रभावित बालबालिकासँग आवश्यक कागजातहरू जस्तै जन्म दर्ताको प्रमाणपत्र तथा अन्य भरपर्दा कागजातहरू उपलब्ध हुन नसकेको स्थितिमा निश्चित रुपमा उमेर पत्ता लगाउन गाह्रो हुन्छ । मानव बेचबिखन विरुद्धको हाम्रो कानूनले उमेरको अनुमान एवम् निश्चितीकरण सम्बन्धमा कुनै स्पष्ट कानूनी व्यवस्था गरेको छैन ।

१२. महिला तथा बालबालिकालाई देह व्यापारमा संलग्न गराइएको जीउ बेचबिखनको सवालमा पनि प्रष्ट कानूनी व्यवस्था छैन । मानव बेचबिखन विरुद्धको कानूनले देह व्यापारमा जवरजस्ती वा कुनै कारणबस संलग्न गराइएका बेचबिखनमा परेका महिला तथा बालबालिकालाई दोषीका रुपमा व्यवहार नगरी “बेचबिखन प्रभावित” को रुपमा पहिचान गरेर तदअनुरुप व्यवहार गर्ने व्यवस्था गरेको छैन । नेपालको कानूनले महिला तथा बाल देहव्यापारलाई बेचबिखनको रुपमा परिभाषित नै गरेको छैन ।

१३. विद्यमान कानूनमा नेपाल भित्रै बेचबिखनमा परेका वा नेपालबाट बाहिर विदेशमा बेचबिखनमा परेर नेपालमा फर्काइएका व्यक्तिका लागि सकेसम्म छिटो कानूनी अभिभावक (संरक्षण) नियुक्त गर्नुपर्ने कानूनी व्यवस्थाको अभाव रहेको छ ।

१४. हाम्रो समग्र न्याय पद्धतिलाई हेर्ने हो भने व्यवहारिक रुपमा अझ “बेचबिखन प्रभावित” महिला तथा बालबालिकाका लागि महिला तथा बालमैत्री न्यायिक प्रक्रियाको अभाव नै रहेको देखिन्छ ।

१५. विद्यमान न्याय प्रणालीमा प्रभावित व्यक्ति तथा बालबालिकाको मनोसामाजिक परामर्शको बारेमा कानूनी व्यवस्थाको अभाव छ ।

१६. हाम्रो मानव बेचबिखन कानूनले बेचबिखनमा परेका वा प्रभावित, अभिभावकविहीन, परित्यक्त महिला तथा बालबालिकाको विशेष हेरचाह, उचित भरणपोषण एवम् शिक्षाका लागि कुनै व्यवस्था गरेको छैन ।

१७. क्षतिपूर्तिको सम्बन्धमा पीडकले क्षतिपूर्ति दिन नसकेमा राज्यको तर्फबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सकिने भन्ने कानूनी व्यवस्थाको अभाव रहेकोमा हाल पुनर्स्थापना कोषबाट दिने भन्ने कानूनी व्यवस्था भए पनि पुनर्स्थापना कोषको रकम पीडितका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न समेत खर्च हुने हुँदा क्षतिपूर्ति कोष स्थापना नगरेसम्म सोको प्रभावकारी कार्यान्वयन हुन कठिन छ ।

१८. प्रभावितलाई क्षतिपूर्तिका अतिरिक्त परिपूरण (Reparetion) को कानूनी व्यवस्था हुनुपर्नेमा सो को अभाव रहेको छ ।

१९. प्रभावितलाई तत्काल अन्तरिम संरक्षणका लागि राहत स्वरुप राज्य कोषबाट अन्तरिम क्षतिपूर्ति प्रदान गर्ने कानूनी व्यवस्थाको खाँचो रहेको छ ।

२०. यस ऐनले खासगरी मानव बेचबिखनको रोकथाम, साक्षीको संरक्षण, पीडितको घर फिर्ती, नेपालमा विदेशी पीडितको अध्यागमन स्थिति, बेचबिखन विरुद्ध अन्तर्राष्ट्रिय सहयोग र सीमा उपायहरू जस्ता सवालहरूको समुचित संबोधन गर्न सकेको छैन ।

२१. यसले मानव बेचबिखनबाट पीडितहरूको लागि क्षतिपूर्तिसम्बन्धी कोष र देवानी मुद्दा दायर गर्न सक्ने व्यवस्था गरिएको छैन । तसर्थ यस ऐनका क्षतिपूर्तिसम्बन्धी व्यवस्थाहरू त्रुटीपूर्ण छन् ।

२२. कानूनले प्रमाणको भार प्रतिवादीमा सारेको छ, जसले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त स्वच्छ सुनुवाई र दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने मान्यतालाई उल्लंघन गरी सावितिकेन्द्रित न्याय प्रणाली सिर्जना गरेको छ ।

२३. यस ऐनले गरेको मानव बेचबिखनको परिभाषाले संयुक्त राष्ट्रसंघीय मानव बेचबिखनविरुद्धको प्रलेखसँग आंशिक रुपमा मात्र अनुपालन गरेको छ । यस ऐनले यौन कार्यको लागि हुने बेचबिखनलाई

बढी जोड दिएको छ भने श्रमको लागि गरिने बेचबिखन उल्लेख गरिएको छैन ।

२४. गम्भीर सवाल त के छ भने यस ऐनले अरु कुराका अतिरिक्त अन्य प्रकारका यौन शोषण, जवरजस्ती श्रम वा सेवा, दासता समानको अभ्यास र बाँधा बनाउने कार्यलाई शोषणको स्वरुपको रुपमा स्पष्टसँग उल्लेख गर्न सकेको छैन ।

२५. यसका साथै, कानूनले यदि अपराधमा परिभाषित गरिएका कुनै माध्यम प्रयोग गरिएको छ भने बेचबिखनका पीडितको सहमति खोजिने कुरा असान्दर्भिक छ भन्ने व्यवस्था समावेश गर्न सकेको छैन ।

## ६. सुझाव र निष्कर्ष :

### क) सुझावहरू

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा ऐन, नियम, कार्ययोजना, न्यूनतम् मापदण्ड तथा कार्यविधिहरू तयार भएतापनि यस विषयमा समष्टिगत राष्ट्रिय नीति बनाई तदनुरूप कानून, कार्ययोजना तथा मापदण्डहरूमा परिमार्जन हुनु पर्ने ।

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा सरकारी तथा गैर सरकारी संस्थाहरूबाट केही कार्यक्रमहरू सञ्चालन भइरहेतापनि उच्च प्राथमिकता दिलाउनका साथै सरोकारवालाहरू बीच प्रभावकारी समन्वयको व्यवस्था मिलाउन एवं कार्यक्रममा दोहोरोपन हटाउन राष्ट्रिय समितिको भूमिकालाई अझ बढी प्रभावकारी बनाउनु पर्ने ।

३. मानव बेचबिखन तथा ओसारपसारको समस्याको आयामहरूमा परिवर्तन आइरहेको सन्दर्भमा सो को निराकरणका लागि बैदेशिक रोजगारसम्बन्धी कानून, श्रम कानून, अपहरूण, शरीरबन्धक र जवर्जस्ती करणी सम्बन्धी कानून, ठगीको कानून, विद्युतीय अपराध, अध्यागमन म्बन्धी कानून तथा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानूनहरूको समग्रतामा अध्ययन गरी ती कनूनहरूको बीचमा सामञ्जस्य कायम गरी समय सापेक्ष रूपमा परिमार्जन गर्नुपर्ने ।

४. सर्वोच्च अदालतबाट मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा समय समयमा जारी भएका निर्देशनात्मक आदेशहर तथा प्रतिपादित सिद्धान्तहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि नीतिगत, कानूनगत तथा कार्यक्रमगत सुधार हुनुपर्ने ।

५. सम्भावित सामाजिक तथा पारिवारिक बहिष्करण, असुरक्षा, समयमा क्षतिपूर्ति नपाउने, न्याय पाउनमा ढिलाई, कानून कार्यान्वयन निकायमा पीडित मैत्री वातावरण नहुनु आदि कारणले मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको जाहेरीको संख्या कम देखिएकोले ती प्रतिकूलतालाई हटाई पीडित केन्द्रीत वातारण निर्माणमा जोड दिनुपर्ने ।

६. मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी घटनाहरू सम्बन्धी तथ्याङ्कको अभावलाई मनन् गरी एकीकृत अभिलेख प्रणालीको विकास गर्नुपर्ने ।

७. मानव बेचबिखत तथा ओसारपसार नियन्त्रणका लागि तयार भएका कानून, कार्ययोजना, मापदण्ड तथा कार्यविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि विशेष गरी कानून कार्यान्वयन निकाय तथा सम्पर्क बिन्दुका रूपमा कार्यरत् कर्मचारीको क्षमता अभिबृद्धिमा जोड दिनुपर्ने ।

८. मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले बढी जोखिम भएका क्षेत्रहरूमा स्थानीय समितिहरू समेत गठन गरी समुदायमा सचेतना बढाउनु पर्ने ।

## ख) निष्कर्ष

मूलतः श्रम शोषण, यौन शोषण, मानव अङ्ग विक्री र वेश्यावृत्ति जस्ता कार्यहरूका कारण विश्व बजारमा मानव बेचबिखन तथा ओसारपसारको आयाममा दिनानुदिन परिवर्तन आइरहेको छ । बैदेशिक रोजगार, मनोरञ्जन, शिक्षाको प्रलोभन, विदेशीसँगको विवाह, सरोगेट मदर आदि स्वरुपको रूपमा यो समस्या अझ झाँगिदै छ । सँगठित अपराधका रूपमा फष्टाउँदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई निर्मूल गर्न समयानुकूल नीतिगत व्यवस्था, कानून परिमार्जन एवं संस्थागत संरचनाहरूको सुदृढीकरण गर्न आवश्यक देखिन्छ । मानव सभ्यताको कलङ्क एवं आधुनिक दासताको रूपमा समाजमा विद्यमान यस जघन्य अपराधलाई परास्त गर्न सम्बन्धित सम्पूर्ण सरकारी निकायहरू, गैरसरकारी क्षेत्र तथा नागरिक समाजका बीच प्रभावकारी साझेदारी, सहकार्य र समन्वयको खाँचो छ । विपन्नता तथा वेरोजगारी, बजारको माग तथा आपूर्ति, सुशासनको अभावद्वारा सिर्जित यस समस्यालाई समाधान गर्न उच्चस्तरीय राजनीतिक तथा प्रशासनिक प्रतिबद्धता आवश्यक देखिन्छ ।

### मानव अधिकार चिन्तक तथा लेखक समूहमा अहिलेसम्म आवद्ध संवाहकका लेखकहरू

**अङ्क-१**
(१) राजुप्रसाद चापागाइं (+अङ्क-४)
(२) विष्णुप्रसाद तिमिल्सेना (+अङ्क-५)
(३) विनोदकुमार वि.क.(+अङ्क- ४)
(४) डा. शङ्करकुमार श्रेष्ठ
(५) ओमप्रकाश अर्याल (+अङ्क-७)
(६) डा. हरिहर वस्ती
(७) डा. रंजीतभक्त प्रधानाङ्ग
(८) डा. श्रीप्रकाश उप्रेती (+अङ्क-७)
(९) डा. लोकनाथ भुषाल
(१०) विशाल खनाल
(११) माधव रेग्मी (+अङ्क-३)
(१२) पुष्पा पोखरेल (+अङ्क-४)
(१३) जायश्वर चापागाइ
(१४) मोहना अन्सारी

**अङ्क-२**
(१५) ललितबहादुर बस्नेत
(१६) तेजमान श्रेष्ठ (+अङ्क-६)
(१७) माधवकुमार बस्नेत
(१८) सूर्यबहादुर देउजा
(१९) महेश शर्मा पौडेल (+अङ्क- ३, ५ र ८)
(२०) डा. गोविन्द सुवेदी
(२१) टेकनारायण कुंवर (+अङ्क-५)
(२२) सलिना काफ्ले (+अङ्क-६)
(२३) उदयन रेग्मी
(२४) डा. चन्द्रकान्त ज्ञवाली (+अङ्क-४)
(२५) सोम लुइंटेल (+अङ्क- ७)
(२६) लोकेन्द्र पनेरु (+ अंङ्क ८)

**अङ्क-३**
(२७) मोहन बन्जाडे
(२८) संजीवराज रेग्मी (+ अंङ्क ८)
(२९) गोविन्द शर्मा वन्दी
(३०) कृष्णजीवी घिमिरे (+अङ्क- ७)
(३१) श्रीराम अधिकारी
(३२) डा. टीकाराम पोखरेल
(३३) डा. अश्वस्थामा खरेल (+अङ्क-६)
(३४) शोभाकर बुढाथोकी
(३५) रेवतीराज त्रिपाठी
(३६) नवराज थपलिया
(३७) करुणा पराजुली
(३८) रामकान्त तिवारी (+अङ्क- ६)

**अङ्क-४**
(३९) सुदर्शन रेग्मी
(४०) मनिष प्रसाइ
(४१) कैलाशकुमार शिवाकोटी (+ अङ्क ८)
(४२) डा. महेन्द्रजंग शाह
(४३) शारदा तिमिल्सेना
(४४) शिवप्रसाद पौडेल
(४५) नीतु पोखरेल
(४६) सोम निरौला

**अङ्क-५**
(४७) राष्ट्रिय जेष्ठ नागरिक महासंघ
(४८) लिप्तबहादुर थापा
(४९) भक्त विश्वकर्मा
(५०) ऋषिकेश वाग्ले
(५१) डा. हरिवंश त्रिपाठी

**अङ्क-६**
(५२) डा. नारायणप्रसाद घिमिरे
(५३) कोषराज न्यौपाने
(५४) वीरबहादुर बुढा मगर
(५५) श्यामबाबु काफ्ले (+अङ्क-७)
(५६) बुद्धिनारायण श्रेष्ठ
(५७) घनश्याम खड्का
(५८) सूर्य पराजुली

**अङ्क-७**
(५९) बेद भट्टराई

**अङ्क-८**
(६०) प्रा.डा. श्रीरामप्रसाद उपाध्याय
(६१) नवराज सापकोटा

# ऐतिहासिक विकासक्रममा नेपालको  मानव अधिकारको अवस्थाः एक अवलोकन

– प्रा.डा. श्रीरामप्रसाद उपाध्याय


## सार संक्षेप

*विश्वव्यापी रुपमा नै मानव अधिकार चुनौतीको रुपमा रहेको छ । विकसित मुलुकहरूमा पनि मानव अधिकारको पूर्ण प्रत्याभूति हुन सकेको छैन । समय र परिस्थितिअनुसार मानव अधिकारसम्बन्धी धारणामा पनि परिवर्तन हुँदै आएको छ । सती प्रथा तथा दास प्रथाको अन्त्यबाट मानव अधिकारको संरक्षणमा मद्दत पुग्न गएको छ । प्राचीन तथा मध्यकालीन समाज पितृसत्तात्मक भएको हुनाले निर्णय गर्ने कुरामा पुरुष वर्गकै हालीमुहाली हुने गरेको प्रमाण पाइन्छ । तर, नेपालको इतिहासमा केही महिलाहरूले रुढीवादी परम्परालाई एकातिर पन्छाएर भए पनि नेतृत्वदायी भूमिका निर्वाह गरेको देखिन्छ । नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भएपछि र नेपालको कुटनीतिक सम्बन्ध विस्तार हुँदै जाँदा नेपालीहरूमा मानव अधिकारप्रतिको सचेतनाको विकास भएको छ । कतिपय अवस्थामा महिला मात्र होइन पुरुषहरूले पनि सामन्त वर्ग तथा शासक वर्गको प्रताडना खप्नु परेको थियो । लोककल्याणकारी राज्यले सार्थक रुप लिँदै गएमा मानव अधिकारको अवस्थामा पनि निश्चय नै सुधार हुँदै जानेछ ।*


## परिचय

विश्वकै इतिहासमा प्राचीन तथा मध्यकालमा मानव अधिकारको अवस्था संकटग्रस्त रहेको पाइन्छ। नेपाल पनि त्यसको अपवादमा जान सकेन । नेपालको प्राचीन तथा मध्यकालीन समाज पितृसत्तात्मक भएको हुनाले महिलाहरूले भन्दा पुरुषहरूले मानव अधिकारको बढी उपभोग गरेको पाइन्छ । लिच्छवीकालीन एक महिलाले आफूले गरेको पुण्य प्राप्तिमा अर्को जन्ममा पुरुष भएर जन्मन पाऊँ भन्ने चाहना राखेकी थिइन् । चाबहिलको बुद्धचैत्यमा रहेको कमलाकार आशनमा ती महिलाले उक्त इच्छा व्यक्त गरेकी थिइन ।[१] तर, तत्कालीन कुनै पनि शिलालेखमा कुनै पुरुषले आफूले गरेको पुण्यमा अर्को जन्ममा महिला भएर जन्मने इच्छा व्यक्त गरेको पाइँदैन ।

१ धनवज्र बज्राचार्य २०३० असार लिच्छवीकालका अभिलेख काठमाडौं, नेपाल, नेपाल र एसियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय, पृ. २

मध्यकालीन समाजमा पनि लैङ्गिक विभेद विद्यमान थियो । सती प्रथा, दास प्रथा, बालविवाह तथा बहुविवाह जस्ता कुरीतिहरूबाट समाज आक्रान्त थियो । भारतमा मुगल साम्राज्यको विस्तार, धर्मको त्त्अपव्याख्या, राजनीतिक प्रतिष्पर्धा र धनको लोभले गर्दा मध्यकालदेखि आधुनिक कालसम्म पनि सती प्रथा कायमै रहेको थियो । बालविवाहले गर्दा पनि सतीप्रथामा वृद्धि भएको थियो । प्रारम्भमा सती प्रथा राजपरिवारमा मात्र सीमित थियो । यसले पछि क्रमशः विस्तारित रुप लिदै गयो र यस प्रथाको दुष्चक्रबाट ब्राह्मण, क्षेत्री र वैश्य जाति पनि बच्न सकेनन् ।[२]

मध्यकालको अन्त्यतिर सती प्रथाले उग्र रुप लियो । सती बिना राजाको दाहसंस्कार पनि नहुने भयो । राजाको मृत्यु भएमा रानी मात्र होइन राजाका सुसारे र दासदासीहरू पनि सती जान थाले । मानिसको मृत्युपछि पनि उनको आवश्यकता पर्न सक्दछ भन्ने अन्धविश्वासको आधारमा सतीप्रथा मौलाएको थियो । यसका साथै राजाका साथमा राजाकी आमा र बहिनीहरू पनि सती गएको अनेक प्रमाणहरू पाइन्छन् ।[३]

कान्तिपुरका राजा महेन्द्र मल्लसँग यिनकी आठजना रानीहरू सती गएका थिए । यसैगरी ललितपुरका राजा विश्वजीत मल्ल पाटनका छ प्रधानहरूबाट काटिएपछि यिनकी माता पनि छोरासँगै सती गएकी थिइन । कान्तिपुरका राजा प्रताप मल्लसँग नौ जना रानीहरू सती गएका थिए । त्यसैगरी कान्तिपुरका राजा नृपेन्द्र र पाटनका राजा श्रीनिवास मल्लको मृत्यु हुँदा यी दुवै राजाका ९/९ जना रानीहरू सती गएका थिए । राजा पार्थिवेन्द्र मल्लका साथमा २४ जना रानीहरू सती गएका थिए । पाटनका राजा योगनरेन्द्र मल्लको मृत्यु भएपछि यिनका ३३ जना रानीहरू सती गएका थिए । यसरी सती जानेको संख्यामा वृद्धि हुँदै जानुको मुख्य कारण बहुविवाह र बालविवाह नै थिए । प्रताप मल्लका ३०० रानीहरू थिए तैपनि यिनका साथमा नौ जना रानीहरू सती गएका थिए ।

नेपालको इतिहासको आधुनिक कालमा पनि मानव अधिकारको चरम उल्लङ्घन भएको पाइन्छ । नेपालको एकीकरणका नायक पृथ्वीनारायण शाहको राज्यकालमा पनि सतीप्रथाको अन्त्य हुन सकेको थिएन । यिनको कार्यकालमा पाटनका ६ प्रधानका पत्नीहरू सती गएका थिए ।[४] पृथ्वीनारायण शाहको मृत्युपछि यिनकी रानी नरेन्द्रलक्ष्मी सती गएकी थिइन । यसको साथै यिनकी नौ जना सुसारेहरू पनि सती गएका थिए । राजा पृथ्वीनारायण शाहका पुत्र प्रतापसिँह शाहको अल्पायुमै मृत्यु भएपछि यिनका साथमा सात जना दासीहरू र दुई जना ल्याइते रानीहरू पनि सती गएका थिए । यी दुई ल्याइते रानीहरूमा पाटनकी मैजु रानी पनि एक थिइन । राजा प्रताप सिँह शाहको मृत्यु हुँदा मैजु रानी गर्भिणी थिइन् । गर्भिणी महिलालाई सती पठाउनु हुँदैन भन्ने मान्यता थियो । त्यसै हुनाले मैजु रानीबाट शेरबहादुर शाहको जन्म भएपछि मात्र यिनलाई सती पठाइयो । मैजु रानीमाथि यसरी घोर अन्याय भएको थियो । सबभन्दा आश्चर्य लाग्ने कुरा के भयो भने प्रताप सिँह शाहकी जेठी रानी राजेन्द्रलक्ष्मीलाई

२ प्रा.डा.श्रीरामप्रसाद, उपाध्याय(चौथो संस्करण २०६९) नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास भोटाहिटी, काठमाडौं, रत्न पुस्तक भण्डार पृ. ९४

३ ऐजन

४ Six Pradhan were put to death and their wives became sati, Daniel, Wright (first edition 1877, Third edition 1966) **History of Nepal**, Calcutta, Ranjan Gupta p.158

सती पठाइएन । तिनी सक्रिय राजनीतिमा लागिन । आफ्ना छोरा रणबहादुर शाहको नायबी ग्रहण गरेर नेपालको एकीकरणमा तिनले महत्त्वपूर्ण भूमिका खेलेकी थिइन । तिनलाई सती जानबाट बचाउनमा पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहको पनि योगदान रहेको थियो ।

शेरबहादुर शाहबाट रणबहादुर शाहको हत्या भएपछि यिनकी रानी राजराजेश्वरीसँगै १६ जना रानी तथा सुसारेहरू सती गएका थिए । तत्कालीन मुख्तियार तथा जनरल भीमसेन थापाले हेलम्बुमा निर्वासित जीवन विताइरहेकी राजराजेश्वरीलाई साँखुको साली नदीमा ल्याएर सती जान बाध्य पारेका थिए । तर भीमसेन थापाले आफ्नो नाता पर्ने रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुर सुन्दरीलाई सती जानबाट रोकेका थिए । भीमसेन थापाले गीर्वाण युद्ध विक्रम शाहको मृत्यु भएपछि यिनकी रानी सिद्धिलक्ष्मी देवीलाई सती पठाइदिएका थिए । नेपालमा सती जाने यी अन्तिम रानी थिइन् । यसरी आफ्नो राजनीतिक स्वार्थको निम्ति शासक वर्गबाट सती प्रथाको उपयोग हुने गर्दथ्यो ।

राणा शासन काल मानव अधिकारको घोर उल्लङ्घनबाट प्रारम्भ हुन्छ । जंगबहादुर राणाको उदयको कारण बनेको कोतपर्व, भण्डारखाल पर्व र अलौपर्वमा नरसंहारको चरम उत्कर्ष पुगेको थियो । १९०३ असोज २ गते जंगबहादुरद्वारा सिर्जना गराइएको कोतपर्वमा अनेक निर्दोष व्यक्तिहरूको निर्मम हत्या गरिएको थियो । यसमा मारिनेको यकीन तथ्याङ्क थाहा हुन नसके पनि कोतपर्वमा मारिएका ५५ जनाको नाम भने सार्वजनिक गरिएको थियो । कोतपर्व भएको डेढ महिनापछि १९०३ कार्तिक १७ गते गराइएको अर्को हत्याकाण्डमा २३ जनाको एकै ठाउँमा हत्या गरिएको थियो । भण्डारखाल पर्व नाम दिइएको यस पर्वमा बस्नेतहरू बढी संख्यामा मारिएका हुनाले यसलाई बस्नेत पर्व पनि भनिन्छ । यसपछि जंगबहादुर राणाको प्रधानमन्त्रित्व कालमा भएको अर्को हत्याकाण्डलाई अलौपर्व भनियो । २८ जुलाई १८४७ मा वीरगंज नजिक अलौ भन्ने ठाउँमा राजेन्द्रविक्रम शाह र जंगबहादुरको फौजको बीचमा भएको भीडन्तमा राजेन्द्रविक्रम शाह पक्षका २०० जना मारिएका थिए । यी हत्याकाण्डहरूमा अनेक नेपाली वीर योद्धाहरूले अनाहकमा ज्यान गुमाउनु परेको थियो ।

१८१४-१६ को नेपाल-अंग्रेज युद्धमा पनि यी मारिनेहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जंगबहादुरका यी कामहरूले गर्दा मानिसहरूमा घोर निराशा र आक्रोश व्याप्त थियो । यसरी अनेक हत्याकाण्ड गराएर सत्तामा पुगेका जंगबहादुरको विरुद्धमा बराबर षडयन्त्र र बिद्रोह भइरह्यो । उनकै समयमा गोरखा वारपाकका क्रान्तिकारी योद्धा लखन थापाले बिद्रोह शुरु गरेका थिए । यिनले गोरखाका मानिसहरूलाई भेला गरी सशस्त्र क्रान्ति प्रारम्भ गरे । तर जंगबहादुरले यस क्रान्तिलाई निर्ममतापूर्वक दमन गरे । यस क्रान्तिको नेतृत्व गर्ने प्रथम शहीद लखन थापालाई यिनकै जन्मस्थल वारपाकमा झुण्ड्याएर मारियो ।

१८५० मा बेलायतबाट फर्किएपछि जंगबहादुरको मनमा सती प्रथाप्रति बितृष्णा उत्पन्न भएको थियो । उनले सती प्रथाको अन्त्य गर्न नसके पनि यसलाई निरुत्साहित गर्न कानून निर्माण गरेका थिए ।[५] राजा सुरेन्द्रको पालाको मुलुकी ऐन नाम दिइएको सती जान्याको महलमा सती प्रथामा बन्देज लगाउन खोजेको पाइन्छ । सती जान्याको महलमा निम्नलिखित कुराहरू परेका छन् :

५ Tulsi Ram Vaidya, Tri Ratna Manandhar (1985) Crime and Punishment in Nepal, A Historical Perspective Kathmandu, Bini Vaidya & Purna Devi Manandhar P. 191

**कसैले विवाहिता वा भात खाजा चल्न्या जातका कन्या ल्यायाका स्वास्नीले सती जान्छु भन्या १६ वर्ष मुनिकालाई जान नदिनु, विवाह गरेका भात खाजा चल्ने नचल्ने जातका कन्या ल्यायाका स्वास्नी १६ वर्ष नाघेकी भए कान्छी छोरी १६ वर्ष पुगेकी रहिनछ भने सती जान नदिनु, विवाह गरेका भात खाजा चल्ने नचल्ने जातका कन्या ल्यायाका स्वास्नी १६ वर्ष नाघेको भए कान्छी छोरी ५ वर्ष नपुगेकी भए सती जान नदिनु, दोस्रो पोइ भएका वा दोस्रो देखि बढ्ता पोइ भयाका स्वास्नीले सती जान्छु भने जान नदिनु, गद्दीनसिन महाराजका रानी स्वर्गीय हुँदा र उमराव भारदार रैयत गैरका स्वास्नीहरू मर्दा सती जान्छौँ भनी चाकर, केटी, कमारी गैह्रलाई सती जान नदिनु यस्तालाई सती जा भनी वचन दिई पोल्न्यालाई ५०० रुपैयाँ, पोल्न्या अरु मलामीलाई जनही २५० रुपिया डण्ड गर्नु, बालक गर्भमा छँदा, लोग्ने मरे स्वास्नीले गर्भ पैदा भएपछि सती जान्छौँ भन्या जान नदिनु, गर्भिणी स्वास्नीले गर्भ रहेको थाहा भए पछि १ महिना मात्रै गर्भ भएपनि गर्भिणी स्वास्नीलाई सती जान नदिनु, विवाह गर्याका र भात चल्न्या नचल्न्या जातका कन्या ल्यायाका स्वास्नीले १६ वर्ष नाघेकीले आफ्ना खुशी राजीसँग सती जान्छु भन्या छोराको उमेर १६ वर्ष पुगेको रहेछ भने भरसक सम्झाउने बुझाउने गरी थाम्नु, थाम्न सकिएन हद गर्न थाली भने सती जान दिनु, आगो दिन्या र पोल्न्यालाई बात लाग्दैन, लडाइमा लोग्ने मरेमा ब्राह्मण बाहेक अरुलाई सती जान दिनु, ब्राह्मण मुर्दा जलाएपछि दुइ चिता हुँदैन नगर्नु, आफ्ना घरकी कमारी कन्यादेखि खसमले स्वास्नी तुल्याई राखेकी १६ वर्ष नाघेको रहेछ र छोरा १६ वर्ष र छोरी ५ वर्षकी भए सती जान दिनु, ऐनले सती जान भनी पाउने भात चल्ने जातकी सती पोलिँदा एकै सलो गरी नपोल्नु, बेग्लाबेग्लै सलो गरी पोल्नु, आफ्ना लोग्ने मर्दा ऐनले सती जान पाउने स्वास्नीले सती जान्छु भनी पानी खन्याई सोलामा चढी सागरमा पुगी उस ठाउँमा गर्नु पर्ने गौरी पुजा गैह्र जातको विधि गरी सक्यापछि ऐन बमोजिम प्रायश्चित दिलाई भात पानीमा चलाई दिनु थामिइन् भन्या सती जान दिनु, सती जान्छु भनी पानी खन्याई सोलामा चढी आगो समेत लगाईसकेपछि सोलाबाट खसी बलगरी उठी भागी गया सतीलाई लाठा ढुङ्गाले नहानी जबरजस्ती नगरी कसैले नसमाति तिमी आफ्ना खुशीले सती जान्छ्यौ भने मात्र हामी पोल्छौँ जान्नौ भने सही सम्भार गरी इलाज गराई पतिया दिलाई घरमा राख्छौँ भन्नु, खुशीले सती जान्छु मलाई पोल भनी भने साछी, गवाही राखी सतीको मुचुल्का नलेखाई पोलेको ठहरे आगो दिने पोल्नेलाई ऐन बमोजिम सजाय गर्नु, सती जान्न भन्नेको इलाज गराई सही सम्भार गरी पानी मात्र पत्या पाउछे, आगो लागी बाँचेको हुँनाले भातको पत्या पाउदिन, सती जान्छु भनी पानी खन्याई सोलामा चढी आगो नदिदासम्म सती जान्न भनी वा बल गरी सोलाबाट खसी भागी जाने स्वास्नीलाई कसैले मारौ भनी लाठा ढुङ्गाले हानी पक्रिइ पोले मारे भने पहिले वचन दिने, हान्ने र समाउनेको ऐन बमोजिम अंश सर्वस्व गरी दामल गर्नु यी देखि बाहेक अरु जान्या समाउन्यालाई अवल २०, द्वयमलाई १५, सिमलाई १० र चाहारलाई ५ रुपैयाका दरले दण्ड गर्नु, सती जाने स्वास्नीले सती जान्छु भनी पानी खन्याई सोलामा चढी आगो नदिदासम्म सोलाबाट खसी लडीबडी बल गरी उठी भागी मलाई नपोल डर लाग्यो भनी भन्या त्यस्तालाई नपोल्नु ऐन बमोजिम भातपानि पत्या दिलाई दिनु ।**

जंगबहादुरको यस कानूनले सती प्रथामा पूर्णविराम लगाउन सकेन । यिनले आफ्ना भाइबुहारीहरूलाई सती जान नदिए पनि स्वयं यिनका मृत्यु हुँदा यिनकी तीन जना पत्नीहरू सती गएका थिए । जंगबहादुर

पछि प्रधानमन्त्री भएका रणोद्विप सिँह आफ्ना भाउजुहरूबाट शासनमा हस्तक्षेप हुनसक्ने आशंका गर्दथे ।

रणोद्विप सिँहपछि प्रधानमन्त्री भएका वीरशमशेरले सती प्रथामाथि नियन्त्रण गर्न सती जान चाहनेले प्रधानमन्त्री वा तिनको अनुपस्थितिमा उच्च न्यायिक वा कानून अधिकारीबाट सती जान अनुमति प्राप्त गर्नुपर्दछ भनी आदेश जारी गरेका थिए । तैपनि यिनको शासनकालमा पनि सती प्रथा रोकिएन । चन्द्र शमशेरको प्रधानमन्त्रित्वकालमा पनि हरिमाया नाम गरेकी एक विधुवा महिलाले सती जान अनुमति मागेकी थिइन ।

भारतका प्रसिद्ध समाज सुधारक राजा राममोहन रायलाई आफ्नो भाउजुलाई सानै उमेरमा सती गएको देखेर यस प्रथाको अन्त्य गर्ने चाहना बढेर आयो । यिनले ब्रह्म समाज नामको सामाजिक संस्था स्थापना गरेर सती प्रथाको बिरोध र विधुवा विवाहको समर्थन गरेका थिए । यसै आन्दोलनको परिणाम स्वरुप ५ डिसेम्बर १८२९ मा अंग्रेज गभर्नर जनरल लर्ड विलियम बेन्टिकले सती प्रथाको अन्त्य गरेका थिए ।[६] नेपालमा पनि त्यसै बखतदेखि सती प्रथाको अन्त्य भएको भए लाखौं नेपाली महिलाले अनाहकमा सतीको नाममा आत्मदाह गर्नुपर्ने थिएन । भारतमा सतीप्रथाको अन्त्य भएको झण्डै नब्बे वर्षपछि ८ जुलाई १९२० (२५ असार १९७७) मा चन्द्र शमशेरले आफ्नो जन्मदिन पारेर सतीप्रथाको कानूनी रुपमा अन्त्य भएको घोषणा गरेका थिए ।

मानव अधिकारको विकासमा दास प्रथाले पनि प्रतिकूल असर पारेको थियो । मानिसले आफ्नो सुखभोगको निम्ति मानिसलाई नै दासदासीको रुपमा प्रयोग गर्दै आएका थिए । विजयी राष्ट्रले पराजीत राज्यका जनतालाई दासदासीको रुपमा राख्ने गर्दथे । यस बाहेक धनी जमिन्दारहरूले आफ्ना कृषि व्यवसायमा सहयोग गर्न ठूलो संख्यामा दासदासीहरू राख्ने गर्दथे । शासक वर्गहरूबाट दासदासीको प्रयोग युद्धको समयमा पनि हुने गर्दथ्यो । दासदासीहरू जन्तु जनावर जस्तै गरी बजारमा बेचिन्थे । यिनको वस्तु सरह मोलमोलाई हुने गर्दथ्यो । सरकारले नै दासदासीको मोल तोकिदिएको हुन्थ्यो ।

१ डिसेम्बर १८३६ मा काठमाडौंको बजारमा दासको मोल ८० रुपिया र दासीको मोल १०० रुपिया निर्धारण गरिएको थियो । तर, काठमाडौं उपत्यका भन्दा बाहिर दूर्गम क्षेत्रमा दासदासीहरू थोरै मूल्यमा बिक्री हुने गर्दथे । त्यस बखत जुम्लामा १ दासको मोल २० रुपिया मात्र पर्दथ्यो ।

**राणा प्रधानमन्त्री जंगबहादुरको शासन कालमा दासदासीको मूल्य**

| क्र.सं. | दासदासीको उमेर | पुरुषको मूल्य रु. | महिलाको मूल्य रु. |
|---|---|---|---|
| १ | तीन वर्ष मुनि | २० | २५ |
| २ | तीनदेखि छ वर्ष | ३० | ३५ |
| ३ | सातदेखि बाह्र वर्ष | ५० | ५५ |
| ४ | तेह्रदेखि चालीस वर्ष | १०० | १२० |
| ५ | एकचालीसदेखि पचास वर्ष | ६० | ६० |
| ६ | एकाउन्नदेखि साठी वर्ष | ५० | ५० |

*स्रोत : राष्ट्रिय अभिलेखालय*

६ प्रा.डा. श्रीरामप्रसाद उपाध्याय पाँचौ संस्करण २०५७) ब्रिटिसकालीन भारतको इतिहास भोटाहिटी काठमाडौं रत्न पुस्तक भण्डार, पृ. १६५

यसमा ६० वर्षदेखि माथिका उमेरको मोल तोकिएको छैन । त्यस बखत मानिसको औसत उमेर पनि ६० वर्षभन्दा माथि कमै हुने गर्दथ्यो । साथै गरीबी, चेतनाको अभाव र अस्वस्थ्य खाने कुराले गर्दा मानिसहरू चाँडै मर्ने गर्दथे । माथिको तालिकाबाट पुरुष दासभन्दा महिला दासीको मूल्य प्रायः बढी भएको पाइन्छ । त्यस बखत घरेलु कामदारको रुपमा महिलाको बढी माग हुने गर्दथ्यो । नेपालको सीमावर्ती क्षेत्र भारतबाट बढी दासदासीहरू बेचिन नेपाल आउने गर्दथे । भारतमा प्रायः अनिकाल परिरहने र मानिसहरू पनि निकै गरीब हुनाले यिनीहरू आफूलाई बेचिन नेपाल भित्रने गर्दथे । कुनै कुनै आमाबाबुले आफ्ना छोराछोरीलाई सानै उमेरमा बेचबिखन गर्न नेपाल ल्याउँथे ।[७] यिनले आफ्ना आमाबाबु र घर बिर्सिने मात्र होइन आफ्नो नाम पनि बिर्सिने गर्दथे । नयाँ घरमा यिनको नयाँ नाम राखिन्थ्यो । यिनले जुन घरमा बसेको हो त्यसै घरका मानिसलाई आमा बाबु, दिदी बहिनी, दाजुभाई ठान्दथे ।

बेलायत सरकारले सीमानामा हुने गरेका यस्ता व्यापारलाई रोक्न भारतको चम्पारनमा रहेका अंग्रेज मजिष्ट्रेट जे. बिम्सलाई अनुरोध गर्दा यिनले भारतमा अनिकालमा परेर मर्नु वा वेश्यावृत्तिमा लाग्नु भन्दा नेपालमा कुनै संरक्षकको संरक्षणमा राम्रोसँग बस्न पाउनु उत्तम कुरा हो भन्ने जवाफ दिएका थिए ।[८]

राणा प्रधानमन्त्री देवशमशेरले आफ्नो छोटो प्रधानमन्त्रित्व कालमा दास प्रथाको अन्त्य गर्ने प्रयास गरेका थिए । यिनले दासदासीको लगत संकलन गर्न आफ्ना मानिसलाई लमजुङ्ग र कास्की पठाएका थिए । त्यहाँका सामन्तहरूले यो काम हुन दिएनन् । तर, प्रधानमन्त्री चन्द्र शमशेरले बेलायतबाट फर्किएपछि दास प्रथाको उन्मूलन गर्ने विचार गरे । त्यसै बखत राष्ट्रसंघले विश्वव्यापी रुपमा दास प्रथाको अन्त्य गर्न स्लेभ कमिसनको गठन गरेको थियो । यस कमिसनले काम गर्नु भन्दा पहिले नै चन्द्र शमशेरले दास प्रथाको अन्त्य गरेका थिए ।[९]

२८ नोभेम्बर १९२४ मा राजा त्रिभुवनको उपस्थितिमा चन्द्र शमशेरले सार्वजनिक समारोह गरेर दास प्रथाको अन्त्य भएको भाषण पढ्न लगाएका थिए । २० हजार शब्दमा लेखिएको उक्त भाषण पण्डित हेमराजले पढेका थिए । उक्त भाषणमा नेपालमा दासदासीहरू स्वतन्त्र हुने, कसैले पनि कसैलाई दासदासी बनाउन नपाइने, विदेशबाट ल्याएर पनि दासदासी बेचबिखन गर्न नपाइने, यदि कसैले यस आदेशको विपरीत काम गरेमा उसलाई ७ वर्ष कैदको सजाय हुने कुरा उल्लेख गरिएको थियो । त्यस बखत नेपालमा ५९ हजार ५ सय ७३ दासदासीहरू थिए । त्यसमध्ये सरकारले क्षतिपूर्ति दिएर ५१ हजार ७ सय ८२ दासदासीहरूलाई मुक्त गरियो ।

चन्द्र शमशेरले दासदासीलाई मुक्त गर्ने उदारता देखाए पनि उनी कृष्णलाल अधिकारीप्रति सहिष्णु हुन

---

७ Shreeramprasad Upadhyaya (1992) Indo Nepal Trade Relation, A Historical Analysis of Nepal's Trade with British India JaipurNirala Publication P.174

८ It Would be very mistaken kindness to take them away from their rich protectors, who kept them in comfort, and restore them to poverty-stricken parents with whom they would starve, and on whose resources they would be a heavy burden. The result of such a measure with females would be that they would be sold for purposes of prostitution in British territories and I submit that of the two fates that wait them, that of being the slave concubine of a Nepalese official, is less revolting to morality and less prejudicial to the individual than that of public prostitution. Proceeding of Bengal Government in political department for August 1867. No. 30.J.Beams, Magistrate of Champaran, to the commissioner of Patna Division, No.76 dated 11 July 1867

९ प्रा.डा. श्रीरामप्रसाद उपाध्याय (२०५५) नेपालको समीक्षात्मक इतिहास पुल्चोक, ललितपुर साझा प्रकाशन पृ.३२२

सकेनन् । नायब सुब्बा कृष्णलाल अधिकारीले मकैको खेती नामको पुस्तक लेखे बापत चन्द्र शमशेरबाट कठोर दण्ड पाएका थिए । उक्त पुस्तकमा मकैको खेतीलाई नोक्सान पार्नेहरूमा राता टाउके र काला टाउके कीरा मुख्य हुन्छन् । यस पुस्तकमा दूध खाने बेलायती कुकुरभन्दा संकटको घडीमा स्वदेशी कुकुर काम लाग्ने हुन्छ भनी लेखिएको थियो । साथै उक्त पुस्तकमा बालकलाई आमाको दूधले जति फाइदा गर्छ चन्द्रोदयले गर्दैन भन्ने वाक्य पनि परेको थियो । यस पुस्तकको रातो टाउके भनेको चन्द्र शमशेर र कालो टाउके भनेको भीम शमशेर भन्ने अर्थ लगाइयो । साथै उक्त पुस्तकको बेलायती कुकुर र चन्द्रोदय भनेको चन्द्र शमशेर भन्ने अर्थ लगाइयो । यसबाट क्रुद्ध भएका चन्द्र शमशेरले कृष्णलाल अधिकारीलाई कोर्राले हिर्काउनुका साथै ६ वर्षको कैद सजाय सुनाएका थिए । एउटा पुस्तक लेखेको अपराधमा कृष्णलाल अधिकारीलाई हातखुट्टामा नेल र सिक्रीले बाँधेर भद्रगोल जेलमा कष्टपूर्वक राखिएको थियो । कृष्णलाल अधिकारीलाई जेलमा नै क्षयरोग लाग्यो र त्यसै रोगबाट ४६ वर्षको उमेरमा उनको जेलमा नै मृत्यु भयो ।[१०]

चन्द्र शमशेरले आर्य समाजका प्रचारक तथा शुक्रराज शास्त्रीका पिता माधवराज जोशीसँग पनि ज्यादै क्रूर व्यवहार गरेका थिए । माधवराज जोशीको धर्म सुधार आन्दोलनबाट तर्से र चन्द्र शमशेरले उनलाई टाउको फुटाउनुको साथै दुई वर्ष जेलको सजाय दिएका थिए । उनका दुई भाई छोरा शुक्रराज र अमरराज दरबार स्कूलमा पढ्थे । यिनलाई दरबार स्कूलबाट पनि निष्काशित गरियो ।[११]

चन्द्र शमशेरले योङ्ग हज्वेन्ड मिसनलाई सहयोग गरेको कुरालाई मुन्सी खाना (विदेश विभाग) का सुब्बा देवीप्रसाद सापकोटाले बिरोध गरेका थिए । यिनलाई चन्द्र शमशेरले देशबाट निष्काशन गरे । यिनले बनारसमा रहेर गोर्खाली नामको साप्ताहिक पत्रिका प्रकाशित गरेका थिए । यस पत्रिकाको मार्फत यिनले चन्द्र शमशेरको क्रूर शासनको आलोचना गरेका थिए । चन्द्र शमशेरले अंग्रेज सरकारलाई उक्त साप्ताहिक पत्रिका बन्द गरिदिन अनुरोध गरे ।

त्यसको परिणामस्वरुप सुब्बा देवीप्रसाद सापकोटाको गोरखा साप्ताहिक पत्रिका बन्द गरियो । चन्द्र शमशेरले कवि तथा साहित्यकारको लेखनमा नियन्त्रण गर्न गोरखा भाषा प्रकाशन समिति स्थापना गरेका थिए ।

नेपाली काँग्रेसका नेता वी.पी.कोइरालाका पिता कृष्णप्रसाद कोइराला भारतमा भएको अंग्रेज विरोधी आन्दोलनमा लागेका थिए । यिनी नेपालमा पनि राणा विरोधी अन्दोलन गर्न सक्रिय थिए । यिनले चन्द्र शमशेरलाई फाटेको लुगा पार्सल गरेर पठाई धेरै नेपालीको अवस्था यस्तै छ भनी लेखेका थिए । यिनको क्रान्तिकारी गतिविधिबाट तर्सेर चन्द्र शमशेरले यिनलाई काठमाडौं झिकाई भद्रगोल जेलमा कैद गरेर राख्न लगाएका थिए । कैदकै अवस्थामा ५७ वर्षको उमेरमा उनको मृत्यु भयो ।[१२]

चन्द्र शमशेरको मृत्युपछि उनका भाई भीम शमशेर नेपालका प्रधानमन्त्री भएका थिए । यिनको मानव अधिकारको पक्षमा भएको एउटा कामलाई सार्थक मान्न सकिन्छ । १९३१ (४, साउन १९८८) मा यिनले मृत्युदण्ड निरूत्साहित गरेका थिए ।[१३] यिनले गम्भीर प्रकृतिका अपराधबाहेकका अपराधमा मृत्युदण्ड

१० खगेन्द्र थपलिया "नेपाली साहित्यका प्रथम सहिद कृष्णलाल" मधुपर्क वर्ष २५ अङ्क ११ पूर्णाङ्क २८६ चैत्र २०४९ पृ.२५
११ ऐ. ऐ.
१२ Kiran Misra (1994) BP Koirala , Life and Times New Delhi, Wishwa Prakashan P. 8.
१३ शेषराज, सिवाकोटी (२०४८) नेपालको कानूनी इतिहासका केही पृष्ठ, काठमाडौं, ज्ञानगुन रिसर्च इन्टिच्युट पृ. ५ ।

नदिन सनद जारी गरेका थिए । त्यसैले यिनले प्रचण्ड गोरखाका नेताहरूलाई मृत्युदण्ड दिएनन् । त्यैपनि यिनको शासन कालमा चर्खा प्रचारक आन्दोलन माथि प्रतिबन्ध, लाइब्रेरी पर्व, बसन्त शमशेर पर्व र दीक्षित परिवारप्रतिको दुर्व्यवहारलाई मानव अधिकार प्रतिकूल कामको रुपमा लिन सकिन्छ । यिनले तुलसी मेहरको चर्खा प्रचार अन्दोलन माथि प्रतिबन्ध लगाएका थिए । यिनको विचारमा तुलसी मेहरले चर्खा प्रचारको आवरणमा राणा शासनको विरुद्धमा जनचेतना फैलाएका थिए । यिनले चर्खा प्रचार अभियानमा प्रतिबन्ध लगाउनुको साथै तुलसी मेहरलाई कैद गर्न लगाएका थिए । भारतमा महात्मा गान्धीको चर्खा प्रचार अभियानकै रुपमा नेपालमा पनि यस्तो आन्दोलन चलाइएको थियो ।[१४]

भीम शमशेरको शासनकालमा पुस्तकालय खोल्ने जस्तो शैक्षिक अभियानमा प्रतिबन्ध लगाएर ज्ञान प्राप्त गर्ने अधिकार माथि दमन गरिएको थियो । लाइब्रेरी पर्व नाम दिइएको यस अभियानमा सबै युवाहरूलाई कैद गरिएको थियो । पछि यिनीहरूलाई जनही १०० रुपयाँ जरीवाना गरेर कैद मुक्त गरियो । यस अभियानमा लाग्ने एक युवाहरूमध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि पर्दथे ।[१५]

भीम शमशेरको अर्को मानवता विरोधी काम बसन्त शमशेर पर्व पनि थियो । बसन्त शमशेर पद्म शमशेरका छोरा र भीम शमशेरका नाति थिए । यिनले आफ्नो हजुरबुवाको कोठामा प्रवेश गर्दा हतियार ल्याएको आशंका गरियो र यिनीसँगै यिनका सहयोगी यज्ञ शमशेर समेत कैद गरिएका थिए । भीमशमसेरको मृत्यु भएपछि मात्र यिनीहरू कैद मुक्त भएका थिए ।[१६]

काठमाडौंका दीक्षित परिवार चन्द्र शमशेरका भक्त थिए । भीम शमशेर आफ्नो दाजु चन्द्र शमशेरलाई मन पराउदैनथे । त्यसै हुनाले यिनले दीक्षित परिवारलाई विना कारण देश निकाला गर्नुका साथै नेपालमा रहेका यिनको सम्पत्ति पनि जफत गरिएको थियो । दीक्षित परिवारलाई राणा शासन विरोधी भएको आरोप पनि लगाइएको थियो ।[१७]

राणाशासनको विरुद्धमा आन्दोलन गर्ने पहिलो राजनीतिक संस्था प्रचण्ड गोरखा थियो । यस दलको मुख्य उद्देश्य हिंसात्मक आन्दोलनको माध्यमबाट राणा शासनको अन्त्य गर्नु थियो । भीम शमशेरले यस दलको विषयमा सुनेपछि यसका सबै नेताहरू कैद गरिएका थिए । यस दलका दुई जना सदस्य खण्डमान सिँह र मैनाबहादुर जेलभित्रै क्षयरोग लागेर मरेका थिए । अन्यले कठोर कारावासको सजाय भोगेका थिए ।[१८]

दाजु भीम शमशेरको मृत्युपछि प्रधानमन्त्री भएका जुद्ध शमशेरले केही सामाजिक तथा आर्थिक सुधार गरे पनि मानव अधिकारको हेराईबाट यिनको शासनकाल आलोच्य रहेको थियो । यिनले महावीर स्कूलको स्थापनामा प्रतिबन्ध, नेपाली नागरिक अधिकार समिति, नेपाल प्रजा परिषद् जस्ता क्रान्तिकारी संस्थाहरू माथि दमन र सी. बर्गका राणाहरूको निष्कासन गरेर मानव अधिकारको उपहास गरेका थिए ।

१९३६ मा नेपाली युवाहरूले शिक्षाको माध्यमबाट राणा शासनविरुद्धमा जनचेतना फैलाउन सकिन्छ भन्ने

१४ उही, समीक्षात्मक इतिहास पृ. ३२९ ।
१५ ऐ.ऐ. ३३०
१६ ऐ. ऐ. ३३०
१७ ऐ.ऐ. ३३१ ।
१८ ऐ.ऐ.

विचार गरेर काठमाडौंको खिल्ह टोलमा महावीर स्कूलको स्थापना गरेका थिए । यस स्कूलको स्थापना गर्नमा चिनियाँमान, फत्तेबहादुर, रामेश्वर, र आनन्दको मुख्य भूमिका रहेको थियो । यस स्कूलमा शहीद गंगालाल श्रेष्ठ, कवि सिद्धिचरण श्रेष्ठ, पूर्णबहादुर, टंक विलास, बाकपतिराज, इन्द्रप्रसाद प्रधान जस्ताले शिक्षण गरेका थिए । महावीर स्कूलको स्थापनाको उद्देश्य थाहा पाएपछि राणा शासकहरूले यससँग सम्बन्धित व्यक्तिहरूलाई थुनछेक गर्न थाले । यस स्कुलका २८ जना शिक्षकहरू समातिए । तिनीहरू मध्ये फत्तेबहादुर र चिनियामानलाई आजीवन कैदको सजाय दिइयो । चिनियामानको कैदखानामा नै मृत्यु भयो । यस स्कूलसँग सम्बन्धित पूर्णनारायण र चन्द्रमान मास्केलाई १८, १८ वर्ष र कवि सिद्धिचरणलाई १२ वर्षको कैदको सजाय दिइएको थियो । महावीर स्कूलसँग सम्बन्धित अन्यलाई १० रुपिया ४ पैसाको दरले दण्ड गरिएको थियो ।

महावीर स्कूल खोलिएको एक वर्षपछि नै शुक्रराज शास्त्री, केदारमान व्यथित, मुरलिधर शर्मा जस्ता २१ जना युवाहरूले नागरिक अधिकार समितिको स्थापना गरेका थिए । यस समितिका अध्यक्ष शुक्रराज शास्त्री र संगठन मन्त्री केदारमान व्यथित थिए । यस समितिले पुराण र गीताको व्याख्याद्वारा राणा शासनको विरुद्धमा जनचेतना विस्तार गर्न थाले । शुक्रराज शास्त्रीले इन्द्रचोकमा गीताको कर्मयोगमा सार्वजनिक रुपमा भाषण दिन लाग्दा कैद गरिएका थिए । यस समितिका सदस्यहरूको घरमा खानतलासी पनि गरिएको थियो ।[१९]

महावीर स्कूल स्थापना गरेकै समयमा क्रान्तिकारी युवाहरूले ओमवहालस्थित धर्मभक्त माथेमाको फुपुको घरमा नेपाल प्रजा परिषद् नामको गोप्य संस्थाको स्थापना गरेका थिए । यसका संस्थापक सदस्यहरूमा दशरथचन्द, टङ्कप्रसाद आचार्य, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्मा गरी पाँच जना थिए । पछि क्रमशः त्यसको सदस्य संख्यामा वृद्धि हुँदै गयो । यस संस्थामा चूडाप्रसाद शर्मा, गोविन्द्र प्रसाद उपाध्याय, हरिकृष्ण श्रेष्ठ, गंगालाल श्रेष्ठ, गणेशमान सिँह र पुष्करनाथ उप्रेती जस्ता क्रान्तिकारी युवाहरू सामेल भएका थिए । यस संस्थाले राणा शासनको अन्त्यको निम्ति सशस्त्र आन्दोलन गर्न काठमाडौंमा पर्चा छरेको थियो । राणा शासकहरूले यस संस्थाका सदस्यहरूलाई कैद गर्‍यो । यस संस्थाको सदस्य भएको हुनाले दशरथ चन्द, गंगालाल श्रेष्ठ र धर्मभक्त माथेमालाई मृत्युदण्ड दिने फैसला गर्‍यो । शुक्रराज शास्त्री त्यस समयमा जेलमा नै थिए । यिनी प्रजा परिषदका सदस्य थिएनन् । तैपनि यिनलाई मृत्युदण्डको सजाय सुनाइयो । २२ जनवरी १९४१ (९ माघ १९९७) मा शुक्रराज शास्त्रीलाई टेकुको एउटा रुखमा भुन्ड्याएर मारियो र त्यसको दुई दिनपछि धर्मभक्त माथेमा लाई सिफलमा एउटा रुखमा झुन्ड्याएर मारियो । धर्मभक्तलाई मारेको तीन दिनपछि काठमाडौंको शोभा भगवती नजीक विष्णुमतिमा गोली हानेर गंगालाल श्रेष्ठ र दशरथचन्दलाई निर्ममतापूर्वक मारिएको थियो । यी बाहेक प्रजा परिषद्का अन्य सदस्यहरूलाई सर्वस्वसहित जन्म कैदको सजाय दिइयो । यी बाहेक पनि केहीलाई विभिन्न अवधिको कैदको सजाय दिइएको थियो । क्रान्तिकारीहरू मध्ये केहीलाई आर्थिक दण्ड, केहीलाई जाती च्यूत र अन्यलाई देश निकाला गरियो । राणा शासकहरू आफ्नो इच्छाअनुसार व्यक्तिलाई माथिल्लो जातमा पुर्‍याउने र जाति च्यूत गर्ने गर्दथे । बाह्मण भएको हुनाले टङ्कप्रसाद आचार्य, रामहरि शर्मा जस्ता नेताहरू मृत्युदण्डबाट

१९ ऐ.ऐ. पृ. ३५२ ।

बचेका थिए । राणा शासकहरू आफ्नो देशमा बस्न पाउने व्यक्तिको अधिकारबाट पनि बञ्चित गर्दथे । राणाहरूले कयौं देशभक्त क्रान्तिकारीहरूलाई देश निकालाको सजाय दिएका थिए ।[२०]

राणा शासकहरू स्वजनहरू प्रति पनि उदार थिएनन् । चन्द्र शमशेरले आफ्ना सन्तानलाई शासनको उत्तराधिकारी बनाउन राणाहरूलाई ए. बी. सी. गरेर तीन वर्गमा विभाजित गरेका थिए । यिनको विभाजनअनुसार आफ्नै जातको विवाहिता पत्नीबाट जन्मेको सन्तानलाई ए वर्ग, अर्को जातको विवाहिता पत्नीबाट जन्मेका सन्तानलाई बी वर्ग र ल्याइते पत्नीबाट जन्मेका सन्तानलाई सी वर्गमा राखेका थिए । यस विभाजनअनुसार बी र सी वर्गका राणाहरू प्रधानमन्त्रीको रोलक्रममा पर्न सक्दैनथे । यसरी राणा शासकहरू जातको आधारमा योग्यताको निर्धारण गर्दथे । जुद्ध शमशेर आफ्ना स्वजनहरू प्रति अझै अनुदार देखिए । यिनले सी. वर्गका राणाहरूलाई देश बाहिर निष्काष्शन गरिदिएका थिए । यसरी देश बाहिर निष्काशन गरिएका प्रमुख राणाहरू मध्ये सुवर्ण शमशेर र महावीर शमशेर पनि पर्दथे । यी दुवैले राणा शासन विरोधी अन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए ।[२१]

नेपालमा बसेर अंग्रेज विरोधी आन्दोलनमा लागेका भारतीय नेताद्वय जयप्रकाश नारायण र डा. राम मनोहर लोहियालाई राणा सरकारले समातेर सप्तरी जेलमा राख्यो । राणा सरकारले यो काम अंग्रेज सरकारलाई खुसी पार्न गरेको थियो । सप्तरीका युवाहरूले जेलको ढोका फुटाएर राजनीतिक बन्दीहरूलाई मुक्त गरिदिए । राणा सरकारले जेलको ढोका फुटाउने विरुद्ध मुद्धा चलायो । यी मध्ये २२ जनालाई कैदको सजाय सुनाइएको थियो । यसरी कैद गरिएका मध्ये कृष्णवीर कामी र अब्दुल मियाँको जेलमा नै मृत्यु भयो ।[२२]

राणा शासनकालमा विद्यार्थीहरूले आफूले चाहेको विषय पढ्न पाउदैनथे । संस्कृतका विद्यार्थीहरूले आफ्ना पाठ्यपुस्तक सुधार गरी भूगोल, अर्थशास्त्र, इतिहास, नागरिक शास्त्र र राजनीतिक शास्त्र जस्ता विषय राख्नु पर्ने र आचार्य परीक्षाको निम्ति बनारस आउनेको छात्रवृत्ति बढाउनु पर्ने भन्ने माग राखेर आन्दोलन गरेका थिए । यस आन्दोलनलाई जयतु संस्कृतम् नाम दिइयो । सरकारले यस आन्दोलनलाई दवाउन खोज्यो तर यसको विपरीत आन्दोलन चर्कदै गयो अन्त्यमा राणा सरकार झुक्यो र माग पूरा गर्ने आश्वासन दिनु पऱ्यो ।[२३]

जुद्ध शमशेरले प्रधानमन्त्रीको पद त्याग गरेपछि भीम शमशेरका जेष्ठ पुत्र पद्म शमशेर उक्त पदमा पदासीन भएका थिए । पद्म शमशेर माथि शासन सुधार गर्न चौतर्फी दवाव पर्न थाल्यो । राणा शासन विरोधी आन्दोलनलाई कमजोर बनाउन यिनले म जनताको नोकर हुँ भनी घोषणा गरे । यसको साथै यिनले २००४ सालको संविधानको घोषणा पनि गरे । नेपालको इतिहासमा यो पहिलो संविधान थियो । यो संविधान कहिले पनि लागू भएन । जनताको मौलिक अधिकार माथि कुठाराघात भई नै रह्यो ।[२४]

२० ऐ.ऐ. पृ. ३५३-५४
२१ राजेश, गौतम (२०५५) नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस, काठमाडौं, श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी पृ.४८-४९
२२ ऐ.ऐ. ३५८
२३ पो. ढुण्डिराज, भण्डार (२०२७) नेपालको आलोचनात्मक इतिहास, वाराणसी, बाबु माधवप्रसाद शर्मा पृ.१६७ ।
२४ ऐ.ऐ. पृ. ३६७

४ मार्च १९४७ देखि तारणीप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी जस्ता नेताहरूको नेतृत्वमा बिराटनगरमा जुट मिलका मजदूरहरूले पारिश्रमिक तथा आवास सुविधाको माग गर्दै हड्ताल प्रारम्भ गरेका थिए । यस हड्ताललाई दमन गर्न काठमाडौंबाट साढे दुई सय सेना बिराटनगर पठाइएको थियो । यसका नेताहरू समातेर काठमाडौं पठाइए । आफ्ना नेताहरूलाई तत्काल रिहा गर्न आन्दोलनकारीहरूले आन्दोलनलाई अझ चर्काए । यो आन्दोलन विराटनगर बाहेक इलाम, जनकपुर, वीरगंज, नेपालगंज र काठमाडौंको तीन वटै शहरमा फैलियो । अन्त्यमा पद्म शमशेरले आत्मसमर्पण गर्नु पर्‍यो ।[२५]

२६ अप्रिल १९४८ मा पद्म शमशेरले राजीनामा गरेपछि मोहनशमशेर नेपालका प्रधानमन्त्री भए । मोहन शमशेरले आफ्नो शासनकालमा बेलायत बाहेक चीन, फ्रान्स, नेदरल्याण्ड, ब्राजिल, बेल्जियम जस्ता देशहरसँग कुटनीतिक सम्बन्ध स्थापना गर्ने चाहना राखेका थिए । यिनले नेपाललाई संयुक्त राष्ट्र संघको सदस्य बनाउन निवेदन साथ पद्मबहादुर खत्रीलाई न्यूयोर्क पठाएका थिए । तर उनी यस काममा सफल हुन सकेनन् ।

१९५० को नेपाल-भारतको सन्धि गरेर मोहन शमशेरले नेपाली जनताको भावनामा ठूलो आघात पुऱ्याएका थिए । सुगौली सन्धिपछि नेपालले गरेको यो दोस्रो अपमानजनक सन्धि थियो । नेपाली जनताले शुरुदेखि नै यस सन्धिको विरोध गर्दै आएका छन् ।[२६] अहिले आएर भारतीय पक्ष यो सन्धिमा संशोधन गर्न सहमत भएको छ । नेपाल भारतका प्रबुद्ध वर्गले यसमा काम गरिरहेका छन् ।

नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीले संयुक्त रुपमा मोहन शमशेरको विरुद्धमा आन्दोलनलाई चर्काएका थिए । मुक्ति सेनाले देशव्यापी रुपमा सशस्त्र आन्दोलन प्रारम्भ गऱ्यो । राजा त्रिभुवनले आन्दोलको समर्थन गर्दै ६ नोभेम्वर १९५० मा राजदरवार त्याग गरेर भारतीय राजदूतावासमा शरण लिन पुगे ।[२७]

मोहन शमशेरले तत्कालीन परिस्थितिको फाइदा उठाउँदै राजा त्रिभुवनका माहिला छोरा ज्ञानेन्द्र विक्रम शाहलाई राजा बनाई दिए । मोहन शमशेरको यस कामलाई कुनै पनि देशले मान्यता दिएन । भारतीय दूतावासमा शरण लिएको पाँच दिनपछि राजा त्रिभुवनको भारतीय वायु सेनाको विमानद्वारा दिल्ली प्रस्थान भयो । १२ फ्रेब्रुअरी १९५१ मा राजा त्रिभुवन, नेपाली कांग्रेस र राणा सरकारको बीचमा त्रिपक्षीय सम्झौता भयो । २००७ फागुन ७ गते राजा त्रिभुवनबाट देशमा प्रजातन्त्रको घोषणा भयो । २००७ साल चैत १७ गते नेपाल अधिराज्यको अन्तरिम संविधान लागू गरियो । यस संविधानमा  सात भाग, तीन अनुसूची राखिएका थिए । यस विधानको भाग २ को धारा १४ देखि २१ सम्म नागरिकहरूको हक र अधिकारको उल्लेख गरिएको थियो । यसअन्तर्गत राजनीतिक, सामाजिक व्यवस्था, कलात्मक स्मारकको सुरक्षा, धर्म, जाति, वर्ण, लिंगको भेदभाव गर्न नपाइने, नागरिकहरूको समानताको आधारमा व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, छापाखाना स्वतन्त्रताका साथै चौध बर्षभन्दा कम उमेरका वालबालिकालाई कारखाना वा अन्य कुनै कार्यालयमा काममा लगाउन नपाइने कुरा लेखिएको थियो ।[२८]

२५ ऐ.ऐ. पृ. ३७४
२६ ऐ.ऐ. पृ. ३७९
२७ Murlidhar, Dharma Dasini, August 1976, Indian Diplomacy in Nepal, MI Road, Jaipur, Aalakh Publisher P.110.
२८ उही समीत्क्षमक इतिहास पृ. ३९८ ।

नेपालको अन्तरिम शासन विधान नाम दिइएको यस संविधानमा देशको सर्वोच्च न्यायपालिकाको रुपमा प्रधान न्यायालय, व्यक्तिको योग्यताअनुसार सरकारी पदहरूमा नियुक्तिको निम्ति लोकसेवा आयोग, लेखा परीक्षणको निम्ति महालेखापरीक्षकको साथै राज्यको नीति निर्देशक सिद्धान्त र उद्देश्य, अन्तर्राष्ट्रिय सम्बन्ध र नागरिक अधिकारको पनि उल्लेख गरिएको थियो ।[२९]

दिल्ली सम्झौताबाट असन्तुष्ट डा.के.आई. सिँहले पश्चिम नेपालमा विद्रोह प्रारम्भ गरे। यिनले भैरहवालाई आफ्नो नियन्त्रणमा लिए र त्यहाँ जेलमा रहेका सबै बन्दीहरूलाई मुक्त गरिदिएका थिए । यिनले काठमाडौंमा आएर सिँहदरवार र रेडियो नेपालमाथि पनि कब्जा गरे। ठूलो रक्तपात हुने सम्भावनालाई देखेर डा. के.आई. सिँह तिब्बततर्फ लागे । नेपाल सरकारले यिनलाई डाका घोषित गऱ्यो र पक्रेर ल्याउनेलाई तीन हजार पुरष्कार दिने घोषणा पनि गऱ्यो ।[३०]

दिल्ली सम्झौताका कट्टर विरोधी डा. के.आई. सिँहका समर्थक पश्चिम नेपालका क्रान्तिकारी युवा भीमदत्त पन्तले नेपालमा जनबादी सरकार स्थापना गर्न सशस्त्र क्रान्तिको शुभारम्भ गरे । यिनले आफ्ना २-३ सय योद्धाका साथ पश्चिम नेपालका चौकीहरू माथि अधिकार गरे । सरकारले यिनलाई पक्रेर ल्याउनेलाई पाँच हजार पुरष्कार दिने घोषणा गर्यो । सरकारले यस विद्रोहलाई दवाउन भारतसँग सहायता माग्यो । २४ अगष्ट १९५३ मा सरकारी फौजसँग लड्दा लड्दै डेडेलधुराको एक जंगलमा यिनले वीरगति प्राप्त गरेका थिए । यिनीसँग ५० जना सहयोगी पनि युद्धमा मारिएका थिए । यिनका २७० सहयोगी समातिएर कडा यातना साथ कैद गरिएका थिए ।[३१]

२०११ साल चैत ३० गते राजा त्रिभुवनको मृत्यु भएपछि राजा महेन्द्रको शासन प्रारम्भ भयो। २०१२ पुस २५ गते (१९५५ डिसेम्वर १४) मा नेपाल संयुक्त राष्ट्र संघको सदस्य भयो। मुलुकी ऐन, नेपाली भाषा तथा साहित्यको विकास, पूर्व पश्चिम राजमार्गको अवधारणा र देशभरि एउटै मुद्रा लागू गर्नु र २०१५ सालको महानिर्वाचन गराउनु राजा महेन्द्रका प्रमुख उपलब्धि थिए । तर, जननिर्वाचित प्रधानमन्त्री वी.पी. कोइरालालाई अपदस्त गरी पञ्चायती व्यवस्था लागू गर्ने कुरालाई जनताले रुचाएनन्। भारतमा प्रवासमा रहेका नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीका नेताहरूले भारत भूमिमा रहेर पञ्चायती व्यवस्थाको अन्त्यको माग गर्दै सशस्त्र आन्दोलन प्रारम्भ गरे । यस आन्दोलनमा अनेक युवा युवतीहरूले प्राणको आहुति दिएका थिए। २०१९ सालमा राजा महेन्द्रको जनकपुर भ्रमणको क्रममा बम प्रहार गरियो। यस अभियोगमा दुर्गानन्द झालाई मृत्युदण्ड दिइयो।

२०२८ माघ १७ गते चितवनको दियालो बंगलामा राजा महेन्द्रको मृत्यु भएपछि राजा वीरेन्द्रको शासन प्रारम्भ भयो। राष्ट्रिय शिक्षा पद्धतिको योजना, विकास क्षेत्रको अवधारण र गाउँ फर्क अभियान राजा वीरेन्द्रको शासन कालको मुख्य उपलब्धि थियो । तर, पञ्चायत व्यवस्थाको निरन्तरताले गर्दा देशमा असन्तुष्टि, विद्रोह र राजनीतिक क्रान्ति भई नै रह्यो ।

---

२९ ऐ.ऐ. पृ.
३० ऐ.ऐ. पृ. ४००
३१ ऐ.ऐ. पृ. ४०५

राजा वीरेन्द्रको शासनकालमा टिमुरबोटे काण्ड, बिराटनगर काण्ड, पूर्वमा कम्युनिष्ट आन्दोलन, इलामको सुखानी हत्याकाण्ड, २०३६ र ४६ को आन्दोलन मुख्य रुपमा घटेका राजनीतिक घटना थिए । यी घटनाहरूमा मानव अधिकारको चरम उल्लघन भएका थिए ।

क्रान्तिकारी युवाहरूले क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्वमा ओखंढुङ्गामाथि अधिकार गर्ने योजनाका साथ भारतको जयनगर हुँदै त्यस तर्फ लागेका थिए। यिनका साथमा ५३ जना सहयोगीहरू थिए। यी क्रान्तिकारीहरू ओखालढुङ्गातर्फ लागेको कुरा सरकारसमक्ष पुग्यो । २०३१ सालमा सरकारी फौजले ओखलढुङ्गाको टिमुरबोटे ओडारमा रहेका क्रान्तिकारीहरू माथि एक्कासी आक्रमण गऱ्यो । यस आक्रमणमा सिराहा बस्तीपुरका राम र लक्ष्मण नाम गरेका दुई जना जुम्ल्याहा दाजुभाई पनि मारिएका थिए । यस घटनामा ५० जना क्रान्तिकारीहरूको ज्यान गएको थियो । क्याप्टेन यज्ञबहादुर थापा समातिएर पछि मारिए ।[३२]

२०३० सालमा राजा वीरेन्द्रको विराटनगर भ्रमणको क्रममा बम विष्फोट भयो । यस बम विष्फोटबाट कुनै मानवीय क्षति भएन । तर, यस विष्फोटमा संलग्न भएको आरोपमा धनकुटाका भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिइयो । त्यसै बर्ष जनकपुरका नेपाली कांग्रेसका नेता सरोज कोइरालालाई भारतको मधुवनीमा कुनै अज्ञात व्यक्तिले दिउसै गोली हानी हत्या गरियो । २०३१ साल जेठ १५ मा झापा जिल्ला कमिटी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र क्रान्तिकारी कम्युनिष्ट संगठन मोरङले देशका सबै क्रान्तिकारीको नाममा सन्देश पठाई राष्ट्रिय स्तरको कोअर्डिनेसन कमिटी बनाएर क्रान्तिलाई अगाडि बढाउन आहवान गरेका थिए। कोशी प्रान्तीय कमिटी भोजपुर, इलाम, धनकुटा, मोरङ र झापा जिल्लामा बनाइएका थिए । यसका पहिलो जिल्ला सचिव गणेशबहादुर प्रसाई र सदस्यहरूमा गोपालकृष्ण प्रसाई , दलकृष्ण श्रेष्ठ, कृष्णप्रसाद ओली र डिल्लीराम पनेरु निर्वाचित भएका थिए । पछि जिल्ला सचिवमा गोपालकृष्ण प्रसाई र मोहनचन्द्र अधिकारी नियुक्त भएका थिए ।

मानव अधिकारको चरम उल्लंघन भएको घटनाको रुपमा इलामको सुखानी हत्याकाण्डलाई लिन सकिन्छ । भारतको नक्सलवाडी आन्दोलनको प्रभावले गर्दा झापाका युवाहरूले सामन्तवाद विरुद्धमा हिंसात्मक आन्दोलन गरेका थिए । यस हिंसात्मक आन्दोलनमा निक्कै मानिसहरू मारिए । तीमध्ये पूर्व राष्ट्रिय पञ्चायतका सदस्य धर्मप्रसाद ढकाल र यिनका पुत्र ज्ञानी ढकाल तथा ढुवागढीका ज्ञानेन्द्र बस्नेत पनि पर्दछन् । सरकारले यस हिंसात्मक आन्दोलनमा लाग्नेको खोजी गर्न थाल्यो । यस क्रममा झापाको अनारमनीबाट रामनाथ दाहाल, गरामनीबाट नेत्र घिमिरे, गौरादहबाट कृष्ण कुइकेल, वीरेन्द्र सिँह राजबंसी र नारायण श्रेष्ठलाई पक्राउ गरियो । २०२९ फागुन २१ गते मध्यरातको समयमा यिनीहरूलाई झापा जेलबाट इलाम सार्ने भन्दै बाटोमा पर्ने सुखानी जंगलमा गोली हानी मारियो । यीबाहेक पनि सरकारले विभिन्न ठाउँमा सिङ्धेश्वर पासवान, चन्द्रबहादुर डाँगी, खगेन्द्र राई, रामप्रसाद प्रधान, दुर्गा अधिकारी र रामपृत पाण्डेलाई पनि मारेको थियो ।[३३]

२०३५ चैत २२ (४ अप्रिल १९७९) पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकार अली भुट्टोलाई आफ्ना विरोधी महमद देजा कसुरीको हत्याको अभियोगमा मृत्युदण्ड दिइयो । त्यसको प्रभाव नेपालमा पनि पऱ्यो । त्यस

३२ प्रा.डा श्रीराम प्रसाद, उपाध्याया (२०७२) नयाँ नेपालको आधुनिक इतिहास, पुल्चोक, ललितपुर, साभा प्रकाशन पृ १६ ।

३३ प्रा.डा. सुरेन्द्र केसी. (२०६०) नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास भोटाहीटी काठमाडौं विद्यार्थी पुस्तक ण्डार पृ ३५२

मृत्युदण्डको विरोधमा पाकिस्तानी दूतावासमा विरोध पत्र दिन जाँदा प्रहरीबाट विद्यार्थीहरूमा लाठीचार्ज भयो । यस घटनाको देशव्यापी रुपमा विरोध भयो । यस आन्दोलनको क्रममा बाम्पन्थी नेता इलामका रत्नबहादुर बान्तवा, ताप्लेजुङ्गका हरि नेपाल, भीमानमा ऋषि देवकोटा आजाद, नेत्रलाल अधिकारी सैनिक कारवाहीमा मारिए । सिराहाबाट दिक्तेल सार्ने वाहनामा उदयपुरको जंगलमा सूर्यनाथ यादव पनि मारिए ।[३४]

२०४६ माघ २ गते नेपाली काँग्रेसको नेतृत्वमा सात बामपन्थी घटकहरूको संयुक्त जनमोर्चा गठन गरिएको थियो । सात बामपन्थी दलमा माले, मार्क्सवादी, वर्मा, मानन्धर, मसाल, चौथो महाधिवेशन र रोहित समूह पर्दथ्यो । अहिंसात्मक आन्दोलनले हिंसात्मक रुप लिदैं गयो । यस आन्दोलनले काठमाडौं उपत्यका भित्र र बाहिर प्रभाव पार्दै गरेको थियो । यस आन्दोलनको नेतृत्व नेपाली कांग्रेसका कृष्णप्रसाद भट्टराई र बाम घटककी साहना प्रधानले गरेकी थिइन । सरकारले साहना प्रधान  र विष्णुबहादुर मानन्धरलाई पहिले नै पक्राउ गरिसकेको थियो । बामपन्थी नेता द्वय मनमोहन अधिकारी र कृष्णराज बर्मा जुलुसको नेतृत्व गर्दागर्दै समातिएका थिए ।[३५]

काठमाडौं उपत्यका बाहिर चितवनमा भएको आन्दोलनमा प्रहरीको गोलीबाट गणेश पौडेल, राजेश बानिया, बलराम पौडेलको मृत्यु भयो । आन्दोलनकारीहरूले हेटौडामा प्रहरी जवान पुण्यबहादुर अधिकारीको हत्या गरिदिए । भक्तपुरमा भएको आन्दोलनमा प्रहरीको गोली लागी हरिकृष्ण भोजु, निर्मला शाक्य, कृष्णलाल दुवाल र राजकुमार दुवालको मृत्यु भयो । त्यसै दिन भक्तपुरमा सयौँ आन्दोलनकारीहरू पक्राउ परेका थिए । धनुषा जिल्लाको जदुकुहामा प्रहरीको गोली लागि सोनावती यादव, रामनारायण यादव, भुवनेश्वरी यादव, उमाशंकर मण्डल र जानकीदेवी यादवले साहदत प्राप्त गरेका थिए । ललितपुर पाटनमा प्रहरीको गोली लागेर सागर सिँह र ज्ञानबहादुर शाहीको मृत्यु भयो । त्यसै दिन प्युठानका टंकप्रसाद आचार्यले प्रहरीको गोली लागि साहदत प्राप्त गर्नु पऱ्यो । कीर्तिपुरमा भएको जनप्रदर्शनमा प्रहरी कार्वाहीमा लालबहादुर महर्जन, राजमान माली, राजेश मर्हजन र हिराकाजी महर्जन मारिएका थिए । मीनभवन क्याम्पस बानेश्वरमा वी.कम.मा अध्ययनरत कैलालीका लालबहादुरलाई प्रदर्शनकारीलाई छुटाउन खोजेको आरोपमा चरम यातना दिएर मारियो । बालाजुमा प्रहरी भ्यानबाट कुल्चिएर नुवाकोट निवासी २४ वर्षकी पम्फा खड्गीको मृत्यु भयो ।

कीर्तिपुरको जुलुसको नेतृत्व गर्दै काठमाडौंको कमलादी आइपुग्दा प्रहरीले चलाएको गोली लागी घाइते भएका २३ वर्षका महेश श्रेष्ठको ६ दिनपछि मृत्यु भयो । काठमाडौंको वटु टोलमा जन्मिएका सुरज शाक्यको प्रहरी कार्वाहीमा मृत्यु भयो । त्यसै दिन जनकपुरमा भएको प्रदर्शनीमा रामविलास ठाकुर प्रहरीको गोलीबाट मारिएका थिए । काठमाडौं नगरपालिकामा प्रहरीले चलाएको गोली लागेर गोपी महर्जन र शोभियतमान शाक्य मारिएका थिए । काभ्रे खनालथोकका २१ बर्षका बुद्धिनाथ खनाल प्रहरी कार्वाहीमा भोटाहिटीमा मारिएका थिए । त्यसै दिन भोटाहिटीमा प्रहरीले चलाएको गोली लागेर निर्गुण स्थापित पनि मारिएका थिए ।

२०४६ चैत २५ मा सरकारले काठमाडौं र ललितपुरमा कर्फ्यु जारी गऱ्यो । त्यसै बखत आफ्नो घरको झ्याल खोलेर बाहिर हेर्दा सेनाको गोली लागेर ज्ञानशोभा बज्राचार्यको मृत्यु भयो । २०४६ चैत २६ मा

३४ उही, नयाँ नेपालको आधुनिक इतिहास, पृ १८
३५ ऐ.ऐ. पृ. ३३-३९

कर्फ्युको समयमा काठमाडौंको चुच्चेपाटीबाट साइकल चढेर आउन लाग्दा प्रहरीको गोली लागि कुमार उदासको मृत्यु भयो ।

आन्दोलनले उग्र रुप लिइरहेको बखत कर्फ्युकै समयमा कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सहाना प्रधान र राधाकृष्ण मैनाली राजा वीरेन्द्रसँग वार्ता गर्न दरबार गए । जनताले कर्फ्यु हटेको ठानेर बाहिर आउँदा निकै मानिसहरू मारिए । यसै समयमा काठमाडौं भिनाजुको घरबाट भक्तपुर फर्कन लाग्दा सेनाको गोली लागेर पुष्परत्न शाक्यको मत्यु भयो । नेताहरूसँगको वार्तापछि दलमाथि लागेको प्रतिबन्ध समाप्त भयो । जनता सार्वभौम भए । राजाले संवैधानिक राजाको रुपमा भूमिका निर्वाह गर्नुपर्ने भयो ।

तत्कालीन राजनीतिबाट असन्तुष्ट नेकपा माओवादीले सशस्त्र जनयुद्ध प्रारम्भ गऱ्यो । २०५२ फागुन १ गतेदेखि प्रारम्भ भएको दश वर्षे जनयुद्धमा सरकारी र माओवादी पक्षका अनेक व्यक्तिहरू मारिए । १० वर्षे द्वन्द्वको समयमा राज्य पक्षबाट ६,४२४ र नेकपा माओवादीबाट ३,२५० जना मारिएका थिए । २ हजारभन्दा बढी बालबालिकाहरू अनाथ भए र ४ हजार व्यक्ति घरबारबिहीन भए । यस सम्बन्धमा छानवीन गर्न सत्य निरुपण र मेलमिलाप आयोग गठन भएको छ ।

माओवादी जनयुद्धकै समयमा २०५८ जेठ १९ (१ जुन २००१) को बेलुका ९:१५ बजे राजा वीरेन्द्रको वंश नास हुने गरी दरबार हत्याकाण्ड भयो । युवराज दीपेन्द्र पनि मारिएका हुनाले राजा ज्ञानेन्द्रबाट शासन सञ्चालन भयो । यिनको शासनकालमा संविधानका केही धारा संशोधन गर्नुका साथै दलमाथि प्रतिबन्ध पनि लगाइयो ।

माओवादी समेत सम्मिलित २०६२/०६३ को जनआन्दोलनले नेपालमा गणतन्त्रको स्थापना भयो । पूर्ण रुपमा आर्थिक र सामाजिक रुपान्तरण हुन नसक्दा मानव अधिकारको अवस्थामा सुधार हुन सकेन । देशमा गरीबी र अशिक्षा व्याप्त भएको हुनाले मानिसमा असन्तोष बढेको छ । हजारौं युवाहरू रोजगारीका निम्ति खाडी मुलुक तथा अन्य देशमा जाने क्रम बढिरहेको छ। दासप्रथा उन्मूलन भए पनि कमारा कमारी राख्ने प्रचलन अर्को नाममा कायम नै रहेको छ। पिछडिएका वर्गहरूमा बोक्सी र पश्चिम नेपालमा छाउपडी र देउकी प्रथा कायम नै रहेको छ । आधारभूत स्वास्थ्यको अभावमा मानिसहरू बाँच्न पाउने अधिकारबाट बञ्चित छन् । बढ्दो जनसंख्या, सडक सञ्जालको राम्रो व्यवस्था नभएको हुनाले हजारौं मानिसहरू दुर्घटनाको शिकार भइरहेका छन् । समाजमा व्याप्त महिला हिंसा, बालविवाह, अन्धविश्वास, बहुविवाह जस्ता कुरीतिहरू अहिलेसम्म व्याप्त छन् तर यसमा क्रमशः सुधार हुँदै गएको छ । शिक्षा विकासले गर्दा मानव अधिकारप्रतिको सचेतना बढेको छ ।

## निष्कर्ष

विश्वव्यापी रुपमा मानव अधिकारको पूर्ण रुपमा प्रत्याभूति चुनौतीको रुपमा रहेको छ । संसारका सभ्य तथा विकसित मुलुकहरूमा पनि सामाजिक संरचना र जीवनशैलीले गर्दा मानिसहरूले मानव अधिकारको उपयोग गर्न पाइरहेका छैनन् । पश्चिमा मुलुकहरूमा पनि एकल परिवार र बढ्दो सम्बन्ध विच्छेदले गर्दा पारिवारिक जीवन सुखमय बन्न सकेको छैन । नेपालको इतिहासमा पनि मानव अधिकारको अवस्थामा

क्रमशः सुधार हुँदै आएको छ । त्यही पनि लैङ्गिक विभेदले प्राचीनकालदेखि नै निरन्तरता पाउँदै आएको पाइन्छ । इतिहासका प्रत्येक कालखण्डमा महिलाप्रति विभेद भएका छन् । महिलाको कुरा आयो कि तिनको  हकमा निर्णय गर्ने कुरामा पुरुषहरू अगाडि बढेको देखिन्छ । राष्ट्र प्रमुख, सभामुख र प्रधान न्यायाधीशको रुपमा महिलाहरूले आफ्नो भूमिका सफलतापूर्वक सञ्चालन गरेको कुरा सर्वविदितै छ ।

तीनै तहको निर्वाचनमा महिलाहरूको सहभागिता उत्साहजनक रहेको पाइन्छ । यसलाई निरन्तरता दिँदै भविष्यमा पनि राज्यको सबै तहमा महिला सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । जाति, वर्ग, लिङ्ग, क्षेत्रको आधारमा गरिने सबै किसिमको भेदभावको अन्त्य हुँदै जाँदा मानव अधिकारको सुनिश्चितता गर्न सकिन्छ । नेपालको इतिहासमा विगतमा भएका असमान व्यवहार र अस्वस्थकर प्रतिस्पर्धाको पुनरावृत्ति नगरी मानव अधिकारको सुनिश्चितताबाट समृद्ध राष्ट्र र सुखी समाजको स्थापना गर्नु आजको आवश्यकता र जिम्मेवारी हो ।

## सुझावहरू

१. इतिहासमा भएका मानव अधिकार उल्लंघनका घटनाहरूबाट पाठ सिकेर त्यस्ता घटना घट्न नदिन सामाजिक जागरण अभियान प्रारम्भ गर्नुपर्ने हुन्छ ।

२. पिछडिएका वर्ग, जानजाति, तथा सम्प्रदायका बालबालिकाको विद्यालयसम्मको पहुँच बढाएर मानव अधिकार प्रति सचेत गराउनु पर्दछ ।

३. पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री तथा तालिम सामग्रीलाई वालमैत्री बनाई व्यवहारिक रुपमा प्रयोग गर्न लगाउनु पर्दछ ।

४. विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण विधि मानव अधिकार मैत्री छन् कि छैनन् भनी निरन्तर अवलोकन, निरीक्षण तथा अनुगमन गरेर सम्बन्धित निकायलाई त्यसमा सुधार गर्न उत्प्रेरित गर्नुपर्ने हुन्छ ।

५. विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्य सामग्रीहरू पाठकमैत्री नभएको कारणले विद्यालय तथा विश्वविद्यालय शिक्षामा रुची कम हुँदै गई रहेको बर्तमान अवस्थामा पढाईलाई निरन्तरता नदिने प्रवृत्तिको अन्त्य गरी समसामयिक सुधार गर्नुपर्ने आवश्यक देखिन्छ ।

६. बोक्सी, भूत प्रेत, छाउपडी जस्ता अन्धविश्वासलाई प्रोत्साहन दिने किसिमका चलचित्र, दृश्य तथा श्रब्य साम्रगीको आयात, निर्माण तथा प्रचार प्रसारमा पूर्ण रुपमा प्रतिबन्ध लगाउनु पर्दछ ।

७. सती प्रथाको अन्त्य भएपनि दाइजोको नाममा केही समुदाय र जातिका व्यक्तिहरूले महिला हिंसा गर्ने, जिउँदै जलाउने प्रवृत्ति बढ्दै गएको हुनाले त्यस्ता वर्ग र समुदायको पहिचान गरी तिनलाई स्वरोजगारको अवसर प्रदान गरेर त्यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक कदम चाल्नु पर्ने हुन्छ ।

८. समाजमा बढ्दो अपराध प्रति ध्यानाकर्षण गराएर मात्र समस्या समाधान नहुने भएको हुनाले त्यस्तो अपराध गर्ने प्रवृत्तिलाई समयमा नै रोकथाम गर्न सरकारी तथा गैह्रसरकारी संस्थाहरूलाई आवश्यक परामर्श तथा सहयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

९. राष्ट्रिय मानव अधिकार आयोग जस्ता मानव अधिकारसँग सरोकार राख्ने संघ संस्थाहरूले निरन्तर अध्ययन अनुसन्धान गराई समाजमा अपराध हुन नदिन समयमा नै उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ ।

१०. कैदखानामा अपराध गर्नेको संख्या बढाउनु भन्दा अपराध गर्ने प्रवृत्तिको रोकथाम गर्ने उपायको अवलम्बन गरी सुखी तथा समुन्नत समाजको निर्माणमा सबैको ध्यान आकृष्ट गर्नुपर्ने हुन्छ ।

११. राष्ट्रमा तीन तहको निर्वाचन सम्पन्न भई निर्वाचित प्रतिनिधिहरूले काम प्रारम्भ गरिसकेको अवस्थामा यिनलाई मानव अधिकारको पालन गर्न गराउन लगाउने कुरामा आ-आफ्नो क्षेत्रमा सक्रिय हुन प्रोत्साहन गरिनु पर्दछ ।

१२. काठमाडौं केन्द्रित मानव अधिकारसम्बन्धी सभा तथा सम्मेलनहरूलाई प्रदेश तथा गाउँ केन्द्रित गराई सबै समुदाय र वर्गलाई यस्ता कार्यक्रममा संलग्न गराउनु आवश्यक हुन्छ ।

१३. जानेर वा नजानेर गरेको अपराध छुट्याई दुवै किसिमका अपराध गर्नेलाई भविष्यमा यस्तो अपराध हुन नदिन आत्मनिर्भर तथा व्यावहारिक शिक्षातर्फ जोड दिने वातावरण बनाउनु पर्ने आवश्यकता देखिन्छ ।

१४. साँघुरो सडक र मदिरापान गरेर सवारी साधन चलाउनाले सवारी दुर्घटना भई हजारौं मानिसहरू बाच्न पाउने अधिकारबाट बञ्चित भई मृत्युवरण गर्न पुग्दछन् । ती मध्ये बाँचेकाहरू पनि अपांङ्ग वा भिन्न किसिमबाट सक्षम भई त्यसै बस्नु परेको अवस्था रहेको छ । त्यसै हुनाले सडकहरूको विस्तार गरी सवारी चालकहरूलाई मदिरापान गर्नबाट पूर्णरुपमा प्रतिबन्ध लगाउनु पर्दछ ।

१५. आफ्नो धर्म र संस्कृतिको पालन गरी शुद्ध र पवित्र जीवनशैलीको अवलम्बन गर्नु आदर्श नागरिकको लक्षण हो । तर धर्म र जातिको नाउँमा हिंसा भड्काउनु अपराध हो । यस्ता प्रवृत्तिहरूलाई निरुत्साहित गरिनु पर्दछ ।

१६. विद्यालय तथा विश्वविद्यालय तहका बालबालिका तथा विद्यार्थीहरूका परिवारका प्रत्येक सदस्यहरूको दैनिक जीवनको अभिलेख लेख्न लगाई प्रत्येक शिक्षण संस्थाले त्यसलाई सुरक्षित राख्ने र उदाहरणीय कामलाई सार्वजनिक गर्ने र सुधार गर्नुपर्ने कुरामा सहयोग पुऱ्याउनु पर्ने कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ ।

१७. अपराधलाई प्रोत्साहन दिने किसिमको सभा, सम्मेलन, जुलुस वा प्रचार सामग्री उत्पादन तथा वेचविखनमा प्रतिबन्ध लगाउनु पर्दछ ।

१८. अपराध गर्नु पर्ने परिस्थिति आउन नदिन आफ्ना नागरिकलाई सदा सक्रिय बनाई राख्नु पर्ने राज्यको उत्तरदायित्व हुन्छ । त्यसको निम्ति विकास निर्माणको काममा यिनलाई सक्दो संलग्न गराउनु पर्ने हुन्छ ।

१९. अनेक किसिमबाट छलछाम गरेर सोझा सीधा नागरिकहरूलाई भ्रष्टाचारजन्य झुटो आरोप लगाई दण्डित गर्ने प्रवृत्तिको राकथाम गर्नुपर्ने आवश्यकता रहेको छ ।

२०. जेल घटाउँ, विद्यालय बढाउँ अभियान प्रारम्भ गरी प्रत्येक वडामा एक-एक विद्यालय स्थापना गरी विद्यालयमा बालबालिकाको पहुँच बढाउन सकेमा मानव अधिकार उलंघनका घटनालाई कम गर्न सकिने छ ।

२१. संविधानमा उल्लेख गरिएका राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग जस्ता आयोगहरू अबिलम्ब गठन गरिनु पर्दछ । यस्ता अयोगहरूले पनि मानव अधिकारको संरक्षणमा सहयोग पुऱ्याउन सक्दछन् ।

# Reflections on the Right to Development in the scenario of Nepal

- Navaraj Sapkota

- Kailash Kurmar Siwakoti

**Abstract**

*The intention of this article is to outline the present status of people centered approach to development with examining some of the recent examples of development processes in Nepal. The main goal of this writing is to help change narrow lenses and putting new lenses to look at development. Dealing with this it also discusses on the issues like development, different approaches to development, progressive realization and impact of development on the environment. State is principal duty bearer as it has ratified several multilateral treaties which created obligation to states. Is our state accountable? This article tries to explore the development process of Nepal from the Human Rights Based Approach perspectives.*

### 1. What is Development?

Development is a process that creates growth, progress, positive change or the addition of physical, economic, environmental, social and demographic components. The purpose of development is a rise in the level and quality of life of the population, and the creation or expansion of local regional income and employment opportunities, without damaging the resources of the environment. Development is visible and useful, not necessarily immediately, and includes an aspect of quality change and the creation of conditions for a continuation of that change.

Development is the multi-dimensional process. The most important component of development is its dynamism. Development must signify continuous change in society for the betterment of various phases of life. Development is the conglomeration of all socio-economic, cultural, geographical, political, technological, educational administrative aspects. The general argument is that development can be defined as the dynamic change of a society from one state of being to another. The goal, values, strategies of change may vary but there always are generic process through which agreements on goals is reached and plans, policies, programs and projects are formulated and implemented. [1]

Amartya Sen describes development as a Process of expanding real freedoms that every people enjoy.

1 Bal Bahadur Mukhia, Comparative Jurisprudence: Theories and Recent Trends of Jurisprudences, Social, Economic and Political Dimensions of Law 2004:350.

Likewise World Bank defines development is a process that ends with freedom from poverty and from other social and economic deprivation. United Nations is near to the human rights and says development is a process of making better future with dignity for all. All the three definition agrees that development is a process and it never ends.

A narrower conception of international development evolved after the Second World War with the establishment of institutions, policies, disciplinary formulations and – most importantly – practices of intervention aimed towards the alleviation of poverty in the third world.

Earlier, narrower conception of development largely focused on indicators such as growth in GNP, rise in person incomes, industrialization, technological advance, or social modernization. This left little room for the inclusion of human rights, despite the fact that the overall aim of development was the improvement of the human condition, and in that respect development and human rights have always intersected. Significant evolution occurred in the 1980s to 1990s, alongside acknowledgement of the right to development as a stand-alone right. Over this time, growing acceptance of human rights discourse within the development community took place. In particular, the human development, or "capabilities" approach to development pioneered by Amartya Sen and Martha Nussbaum appeared against the backdrop of the relative backlash against purely economic models of development that previously dominated this arena.[2]

B.P. Koirala's view on development is still relevant in the present scenario of Nepal. 'I think development is not only some data of huge buildings, hotels, wide roads, motorcars, aero plane and some increased industrial production. We can only define development by raising the question development for whom? with the question what is development?'[3]

Development is a human right for all individuals and peoples. The formulation of development as a right is based on the idea that it is not merely an equivalent to economic growth. Human development is all about people - expanding their freedoms, enlarging their choices, enhancing their capabilities and improving their opportunities. It is a process as well as an outcome. Economic growth and income are means to human development but not ends in themselves because it is the richness of people's lives, not the richness of economies, that ultimately is valuable to people.[4]

**2. Development - people-centered approach**

According to United Nations (1995): Development is a process in which the significance of people centered development has been recognized as central to the needs and aspirations of the people throughout the world and also indispensable for outlining the responsibilities of government and all other sectors of civil society. It is assumed that people are primary to all concerns of sustainable and equitable development and they are supposed to entitle to healthy and productive life in harmony with their environment. Further more people centered development is believe to create a spirit of partnership between government and people that puts the needs rights and aspirations of the people at the center of all decisions and joint actions.[5]

Development is about acquiring more capabilities and enjoying more opportunities to use those capabilities. With more capabilities and opportunities, people have more choices, and expanding choices is at the core of the human development approach. But human development is also a process. Anchored in human rights, it is linked to human security. And its ultimate objective is to enlarge

2 Report of the Special Rapporteur on the right of everyone to the enjoyment of the highest attainable Standard of physical and mental health, Anand Grover

3 B.P. Koirala, Development for Whom?

4 The Human Development Report 2016, UNDP

5 Tika Bhattarai and Sajal Bhattarai. 2003. Perspectives on Social and Cultural Change and Development, National Books Center, Kathmandu

human freedoms. Human development is development of the people through the building of human resources, for the people through the translation of development benefits in their lives and by the people through active participation in the processes that influence and shape their lives. Income is a means to development but not an end in itself.[6]

In 1987, the World Commission on Environment and Development (the Brundtland Commission) defined sustainable development as:

"…development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs."

At the 1992 Earth Summit in Rio de Janeiro, the international community adopted Agenda 21, an unprecedented global plan of action for sustainable development. Agenda 21 was a landmark achievement in integrating environmental, economic and social concerns into a single policy framework. It identified three components of sustainable development – social development economic development, and environmental sustainability – as interdependent and mutually reinforcing pillars.[7]

**3. Approaches to Development**

Through the years, professionals and various researchers developed a number of definitions and emphases for the term "development." Amartya Sen, for example, developed the "capability approach," which defined development as a tool enabling people to reach the highest level of their ability, through granting freedom of action, i.e., freedom of economic, social and family actions, etc. This approach became a basis for the measurement of development by the HDI (Human Development Index), which was developed by the UN Development Program (UNDP) in 1990. Martha Nussbaum developed the abilities approach in the field of gender and emphasized the empowerment of women as a development tool.[8]

The field of social development has seen three major approaches to dealing with problems:

**4. The Charity Model**

Typically the Charity Model involved the donation of money, food, clothing, shelter and medical care to alleviate the immediate suffering. After their immediate needs were catered for, the poor and needy continued to be poor and needy and they became increasingly dependent on donations. In many cases, because the poor did not participate in identifying their real needs, they were not fully committed to changing their lives in the way that the donors expected or demanded. The Charity Model does little or nothing to make systemic changes to fix the causes of the problems.[9]

**5. The Needs Based Approach**

Around the middle of the 20th century, the development sector started to shift into a new model; the Needs-Based Approach. This approach was to base interventions on the needs as expressed by the poor themselves. This approach came with a very important change. The donors did not arbitrarily decide what the poor needed. Rather, the poor participated in the process of identifying their real needs and deciding on the means to alleviate those needs. For decades, the Needs-Based Approach to development prevailed. It was a huge improvement over the Charity Model as it helped establish a respectful dialogue between the donors and the needy. Although the Needs-Based Approach included the poor in the process, it stopped short of addressing policies and regulations that could make systemic change.

6 The Human Development Report 2016, UNDP

7 The Office of the High Commissioner for Human Rights: Human Rights, Poverty Reduction and Sustainable Development: Health, Food and Water: A Background Paper, World Summit on Sustainable Development, Johannesburg, 26 August – 4 September, 2002

8 www.sid-israle.org

9 www.replace-campaign.org/introduction to the right based approach

The prevailing view was (and in many cases still is) that NGOs should not engage in local or national politics. Donor agencies did not want to be accused of interfering in governance matters so many of the problems continued to re-surface decade after decade.[10]

7. **Human Rights Based Approach**

As preamble of the Declaration of the Right to Development states "recognizing that the human person is the central subject of the development process and that development policy should therefore make the human being the main participant and beneficiary of development." Preamble also clearly shapes the obligation of the states "recognizing that the creation of conditions favorable to the development of peoples and individuals is the primary responsibility of their states."[11]

The Declaration on the Right to Development describes development as "a comprehensive economic, social, cultural and political process, which aims at the constant improvement of the wellbeing of the entire population and of all individuals on the basis of their active, free and meaningful participation in development and in the fair distribution of benefits…."

Everyone is "entitled to participate in, contribute to, and enjoy economic, social, cultural and political development, in which all human rights and fundamental freedoms can be fully realized," the groundbreaking UN Declaration on the Right to Development proclaimed in 1986 that development is a right that belongs to everyone. [12]

"States have the duty to cooperate with each other in ensuring development and eliminating obstacles to development," says the Declaration. The right to development is not about charity, but enablement and empowerment. The Declaration identifies obstacles to development, empowers individuals and peoples, calls for an enabling environment and good governance at both national and international levels, and enhances accountability of duty bearers - governments, donors and recipients, international organizations, transnational corporations, and civil society. This declaration gave a strong boost to the Rights-Based Approach to development and marked a new era in social development.

Human rights based approach does not believe that mere charity is not enough from a human rights perspective. Under a human rights-based approach, the plans, policies and processes of development are anchored in a system of rights and corresponding obligations established by international law. This helps to promote the sustainability of development work, empowering people themselves - especially the most marginalized - to participate in policy formulation and hold accountable those who have a duty to act.

**8. Progressive realization benchmarks**

While the human rights approach imposes an obligation on duty-holders to work towards poverty reduction, it does not make the unreasonable demand that all human rights must be realized immediately. The international code of human rights recognizes that many human rights will be realized progressively and are subject to the availability of resources. Accordingly, the precise obligations arising from some human rights vary over time in relation to the same State (progressive realization) and from one State to another (because of differing resource availability). The idea of progressive realization has two major strategic implications. First, it allows for a time dimension in the strategy for human rights fulfillment by recognizing that full realization of human rights may have to occur in a progressive manner over a period of time. Second, it allows for setting priorities among

10 Ibid

11 Declaration of the Right to Development 1986: preamble

12 Declaration of the Right to Development 1986 (Article 1)

different rights at any point in time since the constraint of resources may not permit a strategy to pursue all rights simultaneously with equal vigor.[13]

**9. Nepalese Scenario of Development: Challenges**

The Human Rights Based Approach as the cornerstone of development policy and cooperation in quite the same way as we do in our new Development Policy Program. We are still in the early stages in terms of putting into practice the human rights based approach to development. All people have an equal right to have an influence on and to participate in the definition and implementation of development. The human rights-based approach to development includes civil and political rights and freedoms as well as economic, social and cultural rights. State should provide special emphasis to the rights of women, children, ethnic minorities and indigenous peoples, the rights of persons with disabilities, and the rights of sexual and gender minorities.

Economic and social inequality and exclusion prevent development in Nepali society. State policies increase equal opportunities for meaningful social, economic, and political participation, as well as access to basic services and social protection. Particular attention shall be paid to the rights and equal participation opportunities of people who are vulnerable, and those who tend to be socially excluded and discriminated as stated in the laws and policies of Nepal.

States should take steps to eliminate obstacles to development resulting from failure to observe civil and political rights, as well as economic, social and cultural rights.[14] Is our state taking the steps to eliminate obstacles? If we see the following examples and assess our state's duty towards human rights obligation, we can get the scenario in brief.

'Road digging has been going on in Kathmandu valley and outside nowadays. It is very much positive that access of transportation facilitates human beings and connection of roads opens the way to other developments but the lack of coordination among the government departments or agencies, it is dug again and again for the laying of telephone wires, pipes for drinking water, drain pipes and what not. The government departments or agencies tend to work at their own convenience. People are getting troubled by this.'

Similarly, in the name of road-widening, the Narayanghat-Mugling road has become a deathtrap for travelers that travel through the route. The expansion along the road has been a major reason behind the now frequent landslides. So far, five people have lost lives while many others experienced near-death experience.[15] According to Narayanghat-Mugling Road Project, there have been 141 cases of landslides on the road section following the initiation of the expansion project. Those accidents have claimed five lives, while one has disappeared and four persons have sustained injuries. The landslides have hit and destroyed 21 vehicles, informed the project office.[16]

Another very important gap in our context in the construction of road is expected condition of the level of drain line is at least 10 CM below the road surface in accordance with the RMG Guideline, performance Standards. But in Nuwakot the condition found was the level of drain line is higher than road surface.[17] This is only one example published in the government authority report. But due the drain line higher than road surface accidents have been increasing in the valley too. The contractor shall take all precautions for safeguarding the environment during the course of the construction of the works. He shall abide by all prevalent laws, rules and regulations governing pollution and environment protection mitigation

13 Human Rights and Poverty Reduction: A Conceptual Framework, OHCHR United Nations

14 The Declaration of Right to Development, Article 6 (3)

15 The Republica National Daily: Narayanghat Mugling road becoming the 'deathtrap', 4th August, 2017

16 Ibid

17 The Annual report of the National Vigilance Centre, Fiscal year 2073/074, Singadarbur, Kathmandu

measure specified in the latest publication of "Environmental Management Guidelines" published by the department of Roads as per the clause no. 109 of technical specification. But the condition found in many cases by NVC was no Initial Environmental Examination (IEE) or Environmental Impact assessment (EIA) has been conducted. No Environmental Management Action Plan (EMAP) and Environmental Mitigation Plan (EMP) have been prepared and implemented.[18]

Supreme Court of Nepal has also given clear directive that while expanding roads and constructing physical infrastructures in the historical, religious, cultural and ecological places conducting Environmental Assessment and Environment Impact Assessment in accordance with the Environment Protection Act 2053, implementation should be made only after the acceptance of the proposal by the concerned agency. [19]

Because of the ongoing widening of road, drinking water project and sewage management in the various parts of city and outskirts (mofesile) and in the meantime, upgrading activities include improvement carried out and pits' filling the roadways has created the loss of human life. General people as well as children are also facing problems in their everyday movement. Such incidents are happening due to lack of coordination among the agencies of development and construction, the trend of huge budget expenditure in the final of fiscal year and lack of proper monitoring from the concerned agencies. Not only the roadways condition is being critical every day, but also it is very painful being irresponsive to the rights of the general people by the municipalities, the Department of Water Supply and Sewerage and Melamchi Water Supply Project in such conditions. The facts like right to life is in vulnerable situation are being disseminated due to the lack of interrelationship between the human rights based approach and development administration. [20]

**10. Development transforms the environment**

Development is not simply about interactions between human groups, it also involves the natural environment. So, from another point of view, development is about the conversion of natural resources into cultural resources. This conversion has taken place throughout the history of human societies, although the process has generally increased in pace and complexity with time. If we use a system diagram to illustrate – in very general terms- what an economy does, we see that the basic function of an economy is to convert natural resources (in the forms of raw materials and energy) into products and services that are useful to humans. Inevitably, because conversion processes are never totally efficient, some waste is produced which is usually discarded into the environment as various forms of pollution. Therefore, the environment is both a source and a sink in relation to economic process: it is a source of raw materials and energy and a sink for pollution.[21]

Erik P. Eckholm comments upon the environmental degradation of Nepal as "There is no better place to begin an examination of deteriorating mountain environments than Nepal. Probably no other mountain countries are the forces of ecological degradation building so rapidly and visibly'.[22]

Road digging has been going on in Kathmandu ad nauseam. For lack of coordination among the government departments or agencies, it so happens that as soon as a road is completed, it is dug again for the laying of telephone wires, pipes for drinking water, drain pipes and what not. The government departments or agencies tend to work at their own convenience. They do not deem it necessary to

18 The Annual report of the National Vigilance Centre, Fiscal year 2073/074, Singadarbur, Kathmandu

19 NKP 2070, Number 12, DN 9090, Division Bench Rt, Honorable Acting Chief Judge Damodar Prasad Sharma and Honorable Judge Prakash Wasti.

20 National Human Rights Commission, press Release 17th July, 2017

21 (www.soas.ac.uk) The Challenges of Sustainable Development)

22 Tika Bhattarai and Sajal Bhattarai. 2003. Perspectives on Social and Cultural Change and Development, National Books Center, Kathmandu

have close rapport and coordination among them. Had they worked in close coordination with one another, frequent road digging would not have been necessary. This would have saved the budget on the one hand, while on the other the people would not have suffered so much as they do now. [23]

It is easy to tag Kathmandu as “Dustmandu” or “Maskmandu” which merely illustrates the tip of the iceberg. But underneath, a huge white core is hidden and we must responsively act before it is too late. Just imagine, one little spark of a pandemic can cause a huge loss.[24] All this has given rise to dust pollution in Kathmandu. It is hard to walk along the roads in Kathmandu without being affected by dust. Dust gives rise to several problems or ailments. Asthma, bronchitis, sore throat and other respiratory problems are among the major ones.

The government does not formulate any plan for improving air quality. In Kathmandu, dust, exhaust fumes from vehicles and smoke are among the major contributors to air pollution. Kathmandu has more vehicles that it can actually carry. The government has allowed the unrestricted import of vehicles. Heavy tax is imposed on the import of vehicles. Besides, annual vehicle tax is also hefty. Although pollution tests are mandatory for four-wheelers, even vehicles emitting heavy smoke can get green stickers.[25]

**11. Principal Duty Bearer: The State**

By ratifying the different United Nations human rights treaties, States automatically assume the principal roles of guaranteeing these rights, or, they become the ‘principal duty bearers’. States must take all necessary steps to ensure their citizens’ rights. Each state has the following obligations created by the International Human Rights Law. **The obligation to respect** requires the State to abstain from carrying out, sponsoring or tolerating any practice, policy or legal measure violating the integrity of individuals or impinging on their freedom to access resources to satisfy their needs. It also requires that legislative and administrative codes take account of guaranteed rights. **The obligation to protect** obliges the State to prevent the violation of rights by other individuals or non-state actors. Where violations do occur the State must guarantee access to legal remedies. **The obligation to fulfill** involves issues of advocacy, public expenditure, and governmental regulation of the economy, the provision of basic services and related infrastructure and redistributive measures. The duty of fulfillment includes those measures necessary for guaranteeing opportunities to access entitlements.

**12. Principle of Accountability in Human Rights Based Approach**

There are some of the principles that come with the new human rights framework for development. They are universality, non-discrimination and equality, indivisibility, interdependence and interrelatedness, participation, rule of law and accountability. Among for this purpose state accountability is relevant. This principle is another key one for human rights. The whole idea about rights is that they must be delivered. In other words, there is an *obligation* to give these rights to their right holders. All people have rights and are called *right holders.* The people or entities who are obliged to deliver and ensure these rights are called *duty bearers.*

We can think of anyone as a right holder as well as a duty bearer. However most of the time *duty bearers* are the governments and other bodies of state (hereafter referred to as the State). The Rights Based Approach also recognizes that other non-state parties could be *duty bearers.*

Accountability is achieved by having the State as the principal duty bearer do the following:

This last principle, *accountability*, is a central piece in the rights-based approach as a framework

23 The Himalayan Times, Kathmandu Valley: Dust Bowl of Population (February 17, 2017)
24 The Himalayan Times, Kathmandu Valley: Dust Bowl of Pollution, 17th February, 2017
25 Ibid

for social justice advocacy. The accountability principle has contributed the biggest part in helping development workers to establish their involvement in politics as a legitimate activity, engaging with citizen groups in the political process.

Accountability would expect the states to be resolute in the protection, promotion, fulfillment and respect of human rights. In case of violations of human rights state is accountable to redressing the victims through appropriate measures. However international and regional mechanisms that resolve issue of accountability and obligation of the states and non-state actors are still matter of expectations to various countries of different geographic regions.[26]

Roads in Nepal are treacherous and have rightly been dubbed as 'silent killers' as they claim lives of hundreds of people every year. Just on Friday, unmanaged road in the capital city's Nepaltar claimed the life of a child, while another child faced a near-death experience in Samakhusi of the valley due to the appalling condition of road.[27] Similar incident took place at Samakhusi of Kathmandu on the same day. Satya Spkota, a 13-year-old student of Brihaspati Vidyasadan was heading home toward Ranibari through water-logged roads when she fell inside a manhole in the road. She then got washed through a sewage pipe until some distance, but was luckily rescued by onlookers.[28] These two are the examples of Kathmandu metropolitan city, the capital city of Nepal.

Another panic incident occurred in Rautahat districe. Four girls aged 9 to 12 have drowned in pits dug on roadsides for construction works in Garuda area of Rautahat district. The torrential rains for four days had filled up several open pits alongside the under-construction road from Garuda to Pani Tanki. The incident had taken place when the girls jumped into the pits to bathe in the sunny day. Local police have informed that the girls were returning home after collecting grass from a nearby forest area. Meanwhile, locals have blamed the Road Division Office and contractors for the fatal incident.

These cases raised the question of state obligation. These cases show that right to life of the five people have violated. Principle assumes accountable state but who is responsible for these cases? State doesn’t seem to be obliged to deliver and ensure the rights preventing violations of right to life. State doesn’t seem to have adapted any precautionary measures so that such incidents would be prevented.

**13. Foreign Aids in the Development Sector**

According to K. B. Bhattachan the countries like Nepal is underdeveloped and less sign of rapid progress is seen because it has very few and less effective ‘people centered Development’ approaches and we can also find “Dollar-centered economies”. Though the economy is dollar centered the progress is not seen rapid. Hari Bahadur Thapa sees the foreign grants provided in the countries like Nepal critically.

He comments the foreign grants in Nepal critically. ‘Even if the project is only for two years, expensive vehicles are procured though the cheaper as well as the rented vehicles can be sufficient. If the grant is from Japan, Japanese materials and if the grant is from German, German materials should be procured. Foreigners do not have the culture of providing the grants saying ‘do yourselves’ for the full independent implementation of project. If European countries provide grants, the equipment should also be brought from the members of European Union - instead of bringing from the neighboring countries like India, China, Bangladesh. Consultants and the contractors should be from the same country of grants even if the Nepali people are capable, they cannot even participate in the competition.’

26 Bishal Khanal. 2006. Human Rights and Development.

27 The Republica Daily, Water logged Roads killed one child while another escape death 15th July, 2017

28 Ibid

Aren't they adapting the policy of providing jobs to their own semi-skilled manpower on own grants? A question raises listening to the donor's conditions to grants. Grants have a lot of conditions hovering which are to be obeyed. Therefore eighty percent of the grant money goes back to the donor's country. They show the data of providing the huge amount of money to poor countries; in fact, they themselves take that money in their own countries.[29]

**Conclusion**

Ugin Steli in his book "The future of the underdevelopment" mentioned the fact that if in any country contrary to social and economic development there are problems like poverty, unemployment, ignorance, superstitions, disease, development becomes futile and it cannot be said to have successful development. Steli adapting humanistic approach to development emphasized that development is successful when it affects the material situation of human beings and it is observable. If development is in its own progress and problems are also mounting that cannot be a successful development. [30]

Nepal is a country which became free from the Rana Regime. Other countries get development infrastructures made when they become free from the colonial rule. Rana rulers didn't put even the foundation of development. Education is most important step for development but Rana rulers restricted education. Most probably, our university is the latest university in the world. Similarly, the political instability created obstacle in the process of development from 2007 B. S. In other countries, in case of government changed in one to two years or even in 6 months, the development is going on. Japan and Thailand can be taken as strong examples. Politics and development is not linked with ruling the country. All the political parties have the same development framework and the bureaucracy as a permanent body is responsible for its implementation. So, when the government changes, there is not massive change in the programs and the implementation.

In Nepal, road is transformed in an ambush for years because one digs out the road to show the development and again another digs out in the name of widening the road. Roads are seasonal: sometimes covered in dust and sometimes mud-covered. There is no coordination among Drinking Water Projects and Department of Roads, in the meantime, negligence in upgrading activities carried out and pits' filling the roadways create the loss of human life. City is transformed in the city of depths of despair. If the offenders are not punished, we will continuously be losing the innocent human lives. In these cases defense can be taken as a mistake. Only reasonable mistakes as to defense elements would suffice to exempt from liability. Offenders should not be immune from the offences showing lack of law. Law is not only the pile of words; it is also the interpretation which sees the intention and act.[31] Road is dug, damaged and not maintained for a long time. Even the layman knows that at any time accidents can happen. Incidents are happening. If so how can it be said that there was no intention?

There are various issues. Right to life is the inalienable right of every individual. It is said that if a state cannot give birth to an individual, it cannot take the human life too. In the liberal governance system guarantee of the Civil and Political rights and in the socialist system guarantee of Economic, Social, Cultural and Collective rights secure the persons' right to dignified life. The international documents: Universal Declaration of Human Rights 1948, International covenant on Civil and Political Rights 1966 have ensured the right to life and personal security of persons. Similarly the article 16 of the Constitution of Nepal also ensures the right to dignified life. Therefore, the state should be accountable and responsible to ensure the right to life.

29 Hari Bahadur Thapa. 2006. Bideshi Sahayetaka Bisangati, National Books Center.

30 Tikaram Gautam. 2063. Perspectives on Development: Contemporary Debates in Nepal, Bidhyarthi Pustak Bhandar, Kathmandu.

31 Kailash Kumar Siwakoti, Sadaklai Ambush Nabanau, thahakhabar.com, 9th Shrawan, 2074.

## आयोगका केही नयाँ प्रकाशनहरू

१. वार्षिक प्रतिवेदन, आ. व. २०७०/७१, २०७१/७२, २०७२/७३, २०७३/७४
२. विद्यालय शिक्षकहरूका लागि मानव अधिकार स्रोत पुस्तिका, २०७१
३. रणनीतिक योजना (२०१५-२०२०), २०७१, दोस्रो संस्करण २०७३, तेस्रो संस्करण २०७४
४. राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७१
५. भूकम्प (२०७२) प्रारम्भिक अनुगमन प्रतिवेदन, २०७२
६. नेपालको संविधान घोषणाअघि र पछि भएका आन्दोलनको क्रममा मानव अधिकारको अवस्था अनुगमन प्रतिवेदन, २०७२
७. राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७२, दोस्रो संस्करण २०७४, तेस्रो संस्करण २०७४
८. संवाहक, अङ्क-१, २०७२, अङ्क-२, २०७३, अङ्क-३, २०७३, अङ्क-४, २०७४, अङ्क-५, २०७४, अङ्क-६, २०७४, अङ्क-७, २०७४, अङ्क-८, २०७५
९. भूकम्प र मानव अधिकार, २०७३
१०. Human Rights Situation during the Agitation Before and After
११. Promulgation of the Constitution of Nepal, Monitoring Report 2015
१२. मानव अधिकारसम्वन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्वायरी) निर्देशिका-२०७३
१३. Preliminary report on monitoring on Earthquake Report, 2072
१४. The NHRI Nepal joint submission for the second universal periodic review of Nepal, 2072
१५. Trafficking in Persons National Report 2013-15, 2072 / 2015/16
१६. Selected Decision of The NHRC, Nepal vol. 1
१७. मानव अधिकार सम्वन्धी महत्वपूर्ण निर्णयहरु बर्ष १ अंक (२०७३) अंक-२ (२०७३) अंक ३(२००४) अंक ४(प्रकाशोन्मूख
१८. Annual Progress Report 2072-73
१९. आयोगका केही सिफारिश कार्यान्वयन र पीडितको अवस्था अध्ययन प्रतिवेदन खण्ड १ (२०७३) खण्ड २ (२०७५)
२०. भूकम्प प्रभावितहरूको अनुगमन प्रतिवेदन, २०७४
२१. निर्वाचन अनुगमन भाग -१ (२०७४) भाग-२ (२०७५)
२२. मानव अधिकार पत्र अङ्क- १-५ (२०७४/०७५ अघि) आ.व. २०७४/०७५ अङ्क १-३
२३. Trafficking in Persons Especially on Women and Children in Nepal, National Report
२४. स्वर्गीय दयाराम परियार स्मारिका
२५. कारागारसम्बन्धी प्रतिवेदन २०७४
२६. मानव अधिकारसम्बन्धी जान्नै पर्ने कुरा (नेपाली भाषा, मैथिली भाषा, भोजपुरी भाषा, थारु भाषा, तामाङ्ग भाषा, नेपाल/नेवारी भाषा)
२७. मुलुक, प्रदेश र जिल्लाका मानव अधिकारका पाँच प्रमुख विषयः अध्ययन, प्रतिवेदन, २०७५
२८. छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव एक अध्ययनः २०७५
२९. नेपालमा अपाङ्गहरूका मानव अधिकारका अवस्था (प्रादेशिक तथा राष्ट्रिय सम्मेलन प्रतिवेदन सहित) (प्रकाशोन्मूख)
३०. नेपालका वृद्धाश्रम/जेष्ठ नागरिक हेरचाह केन्द्रको अध्ययन (प्रकाशोन्मूख)

# यस अङ्कका योगदानकर्ताहरू

१. शैक्षिक योग्यता  २. हाल कार्यरत संस्था/सेवा/ क्षेत्र  ३. विशेष अनुभव  ४. ई–मेल  ५. फोन नं.

**महेश शर्मा पौडेल**



१. स्नातकोत्तर-जन प्रशासन, राजनीतिशास्त्र र कानून
२. माननीय न्यायाधीश, उच्च अदालत, दाङ्ग
३. पूर्व सचिव, वेपत्ता पारिएका व्यक्तिहरुको छानवीन आयोग, २३ वर्षको सरकारी वकीलको अनुभव ।
४. mahesh_bsharma@yahoo.com
५. ९८५१०४६५०१

**संजीवराज रेग्मी**



१. स्नातकोत्तर-संवैधानिक कानून, राजनीतिशास्त्र
२. सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
३. संवैधानिक कानून तथा फौजदारी कानूनमा अधययन तथा खोजमूलक कार्य
४. sanjebregmi@yahoo.com
५. ९८४१३५९४६७

**लोकेन्द्र पनेरु**



१. स्नातकोत्तर-राजनीति शास्त्र
२. पत्रकार नागरिक राष्ट्रिय दैनिक
३.मानव अधिकार तथा नेपालको शान्ति प्रक्रिया सम्बन्धमा विभिन्न लेखन कार्य
४. editor@sajhakhabar.com
५. ९८५११३८४६२

**टेक नारायण कुँवर**



१. स्नातकोत्तर-मानव अधिकार तथा लैङ्गिक न्याय, राजनीति शास्त्र
२. न्यायाधीश उच्च अदालत, जनकपुर
३ मानव बेचविखन तथा ओसारपसार विरुद्ध अध्ययन तथा शोधकार्य
४. tnkunwar@yahoo.com
५. ९८५११२१२८७

**प्रा.डा. श्रीरामप्रसाद उपाध्याय**



१. विद्यावारिधि, स्नातकोत्तर-इतिहास, शिक्षा
२. निवृत्त प्राध्यापक, चार दशक भन्दा बढी त्रि.वि.मा प्राध्यापन
३. सेवा आयोगका पूर्व निमित्त अध्यक्ष तथा सदस्य (मध्यपश्चिम विश्वविद्यालय)
४. ushreeram@yahoo.com
५. ०१-४४१६३२२, ९८४३८२१०३७

**Nava Raj Sapkota**



1.Masters' Degree (English and Linguists)
2. National Human Rights Commission, Nepal
3. Research and Human Rights
4. navaraj.sapkota@nhrcnepal.org
5. 9851198165

**Kailash Kumar Siwakoti**



1.Masters Degree (Political Science)
2.National Human Rights Commission, Nepal
3.Research, Writing Articles and Editing Books
4.kailash.siwakoti@gmail.com
5.9841684443

## संवाहकको अर्को अङ्क
**भदौ, २०७५**

## Next Issue of Sambahak
**September, 2018**